# महालेखापरीक्षकको सातौं वार्षिक प्रतिवेदन २०८२

## लुम्बिनी प्रदेश




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# सातौँ वार्षिक प्रतिवेदन
# २०८२

## लुम्बिनी प्रदेश

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट, बक्स नं. १३३२८


पत्र सङ्ख्या : २०८१।८२

च.नं.: 906

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

विषय : वार्षिक प्रतिवेदन।

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), दाङ्ग।

नेपालको संविधानको धारा २४१ बमोजिम लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु।

भवदीय,

(तोयम राया)
महालेखापरीक्षक

२०८२ साल वैशाख ३१ गते, बुधवार
नेपाल सम्वत् ११४५


फोन नम्बर : ०१-५९१९१६३, ईमेलः oagnep@ntc.net.np/ag@oagnep.gov.np, वेबसाइटः www.oag.gov.np

# विषय-सूची


| परिच्छेद | शीर्षक | पृष्ठ |
|---|---|---|
| **महालेखापरीक्षकको भनाइ** | | |
| **लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति** | | |
| **एकीकृत वित्तीय विवरणमा राय** | | |
| **परिच्छेद १** | **लेखापरीक्षण गरिएका निकायको विवरण** | १ |
| **परिच्छेद २** | **लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति** | ५ |
| **परिच्छेद ३** | **लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश** | ९ |
| | **खण्ड - १ : मन्त्रालय र निकायगत बेहोरा** | |
| | १. प्रदेश सभा सचिवालय | १७ |
| | २. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २० |
| | ३. आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २८ |
| | ४. आर्थिक मामिला तथा योजना मन्त्रालय | ३३ |
| | ५. ऊर्जा, जलश्रोत तथा सिँचाई मन्त्रालय | ४३ |
| | ६. उद्योग, पर्यटन, यातायात तथा सहकारी मन्त्रालय | ४७ |
| | ७. कृषि तथा भूमि व्यवस्था मन्त्रालय | ५२ |
| | ८. भौतिक पूर्वाधार विकास मन्त्रालय | ५९ |
| | ९. सहरी विकास तथा खानेपानी मन्त्रालय | ६८ |
| | १०. वन तथा वातावरण मन्त्रालय | ७६ |
| | ११. सामाजिक विकास मन्त्रालय | ८१ |
| | १२. स्वास्थ्य मन्त्रालय | ८६ |
| | १३. प्रदेश योजना आयोग | ९२ |
| | १४. प्रदेश लोक सेवा आयोग | ९५ |
| | १५. मुख्य न्यायाधिवक्ताको कार्यालय | ९७ |
| | **खण्ड - २ : स्थानीय तह** | ९९ |
| **परिच्छेद ४** | **लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति** | १०५ |
| **परिच्छेद ५** | **भविष्यमा गर्नुपर्ने सुधार** | १०७ |
| | **अनुसूचीहरू** | ११३ |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ मा सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठित संस्था वा निकायको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। नेपालको संविधानको धारा २९४(३) र लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने व्यवस्था रहेको छ। सोका अतिरिक्त लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, निर्देशिका, वार्षिक लेखापरीक्षण योजना, २०८१, वार्षिक लेखापरीक्षण नीति तथा वार्षिक कार्यतालिका, २०८१, सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा अवलम्बन गरिएका असल अन्तर्राष्ट्रिय अभ्याससमेतको आधारमा लुम्बिनी प्रदेशका निकाय तथा कार्यालयको आर्थिक वर्ष २०८०।८१ को विनियोजन, राजस्व, धरौटी र अन्य कोष तथा बक्यौतासमेत लेखापरीक्षण सम्पन्न गरी यस प्रदेशको सातौं वार्षिक प्रतिवेदन तयार गरिएको छ।

प्रतिवेदनमा एकीकृत वित्तीय विवरणमा राय, लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणमा देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र भविष्यमा गर्नुपर्ने सुधार समावेश गरिएको छ।

यस वर्ष सूचकका आधारमा जोखिम विश्लेषण गरी निकायहरूलाई उच्च र न्यून जोखिममा वर्गीकरण गरिएको छ। उच्च जोखिमयुक्त निकायको विस्तृतरूपमा स्थलगत र न्यून जोखिमयुक्त निकायको प्रमाणित वित्तीय प्रतिवेदन र आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा लेखापरीक्षण गरिएको छ। नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत लेखापरीक्षणका कार्यहरूको व्यवस्थापन गरिएको छ। लेखापरीक्षणको गुणस्तर कायम गर्न प्रभावकारी सुपरीवेक्षण, गुणस्तर आश्वस्तता पुनरावलोकन, भर्चुअल बैठक मार्फत सरोकारवालासँग छलफल, टोल फ्रि नम्बर र इमेलमार्फत गुनासो सुनुवाइ, एफ.एम. रेडियो र कार्यालयको वेवसाइटमार्फत सूचना प्रसारण र प्राप्ति, लेखापरीक्षणको प्रवेश र समापन बैठक, प्रतिक्रियाबाट फस्र्यौट नभएका विषयमा लेखा उत्तरदायी अधिकृत र मन्त्रीलाई जानकारी गराइ सकेको छ। त्यसैगरी, सम्परीक्षणको लागि अनुरोध भई आएको बेरुजु र प्रारम्भिक प्रतिवेदनका प्राप्त भएका सबै जवाफ सम्बोधन गरिएको छ। प्रदेश सभाको सार्वजनिक लेखा समिति र प्रदेश सरकारका पदाधिकारीहरूसँग अन्तरक्रिया गरी प्राप्त सुझावहरू समेत कार्यान्वयन गर्ने प्रयास गरिएको छ।

यो वर्ष प्रदेश सभा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेश सरकारका मन्त्रालय र मातहतका सरकारी कार्यालय तथा समिति र अन्य संस्थासमेत २११ निकायको रु.५४ अर्ब १६ करोड ४ लाख ४४ हजारको लेखापरीक्षण सम्पन्न भई रु.६५ करोड ८२ लाख १६ हजार बेरुजु कायम भएको छ। कुल लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु १.२२ प्रतिशत रहेको छ।

कानुनको पालना, स्रोत साधन प्राप्ति र परिचालन, सार्वजनिक निर्माण, सेवा प्रवाह, लेखापालन एवम् वित्तीय प्रतिवेदन, खरिद तथा आयोजना व्यवस्थापन, जनशक्ति व्यवस्थापन, सङ्गठनात्मक संरचना, जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासन लगायतका विषय लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। आर्थिक कारोबार गर्दा कानुनको परिपालना नभएको, प्रदेशको आन्तरिक आय कम हुँदा सङ्घीय अनुदानमा निर्भर रहेको,

चालु खर्चमा वृद्धि हुँदै गएको, उत्पादनशील क्षेत्रमा न्यून बजेट परिचालन भएको, आयोजना बैङ्क कार्यान्वयनमा ल्याई योजना छनोट नहुँदा टुक्रे आयोजनाहरूमा खर्च भइरहेको, जटिल प्रकृतिका तथा प्राविधिक ज्ञान र सीप आवश्यक पर्ने कामहरूसमेत उपभोक्ता समितिबाट गराएको, तीन तहबीच समन्वय नहुँदा एकै प्रकृतिका कार्यहरू सबै तहबाट भइरहेको, सङ्गठन संरचना फेरबदल हुँदा जिम्मेवारी र जवाफदेहिता एकिन गर्न नसकेको, ठेक्का सम्झौता विपरीत पटकपटक म्याद थप गरेको, उपलब्ध साधन स्रोतले नखाम्ने गरी योजनाहरूको बजेट सुनिश्चितता प्रदान गरेको, निर्माण कार्यको गुणस्तर नियन्त्रण तथा परीक्षण कमजोर रहेको, ठेक्का सम्झौताहरूको कार्यान्वयन प्रभावकारी नभएको अवस्था छ। आवश्यक जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहलाई सूचना प्रविधिसँग आबद्ध गर्न नसक्दा सेवा प्रवाह नागरिकमैत्री, छिटो छरितो र चुस्त दुरुस्त हुन नसकेको, आवश्यकताको पहिचान बेगर सामान खरिद भएको तर उपयोग हुन सकेको देखिँदैन।

लेखापरीक्षणबाट औंल्याइएका बेहोराहरू कार्यान्वयन गर्नु लेखा उत्तरदायी अधिकृत र सम्बन्धित निकाय प्रमुखको जिम्मेवारी हो। कार्यान्वयन पक्ष कमजोर हुँदा सोही प्रकृतिका बेहोराहरू वर्षेनी दोहोरिने गरेका छन्। लेखापरीक्षणका वार्षिक प्रतिवेदनहरू प्रदेश सभाअन्तर्गत सार्वजनिक लेखा समितिमा छलफल गरी सोउपर कारबाही हुनुपर्नेमा विगतका केही प्रतिवेदनहरू सार्वजनिक लेखा समितिमा छलफल हुन बाँकी रहेको छ। लेखापरीक्षण प्रतिवेदन कार्यान्यवयन गरी वित्तीय अनुशासन कायम गर्न सबै पक्षबीच कार्यगत समन्वय र सहकार्य हुन जरुरी देखिन्छ। यस प्रतिवेदनको कार्यान्वयनबाट सार्वजनिक सदाचारिता, पारदर्शिता र जवाफदेहिताको प्रवर्धनमा सहयोग पुग्ने विश्वास लिएको छु।

अन्त्यमा, लेखापरीक्षण गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, प्रदेश सभाका माननीय सभामुखज्यू, मन्त्रीज्यूहरू, उपसभामुखज्यू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, पदाधिकारीहरू, कर्मचारीहरू, नागरिक समाजका प्रतिनिधिहरू र सञ्चारकर्मीहरूप्रति आभारी छु। लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको उच्च मूल्याङ्कन गर्दै धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

**महालेखापरीक्षक**

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा एकीकृत वित्तीय विवरणमा राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार भएको र कारोबारको यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकिएको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी र धरौटी असुली एवम् दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवम् स्रोतको हानी नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवम् पुष्ट्याई गर्ने यथेष्ट प्रमाण राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोबार गर्दा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, प्रदेश कार्यालय र समिति तथा अन्य संस्थासमेत २११ निकायको २०८०।८१ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्याङ्कन गर्न सूचना तथा तथ्याङ्कसमेत सङ्कलन गरी अध्ययन एवम् विश्लेषण गरिएको छ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ। समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त १९१ निकायको विस्तृत लेखापरीक्षण र न्यून जोखिमयुक्त २० निकायको सामान्य लेखापरीक्षण कार्यविधिबाट लेखापरीक्षण गरिएको छ। सबै निकायको विद्युतीय प्रणालीमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ।

लेखापरीक्षणबाट देखिएका बेहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सोउपर निकायबाट प्राप्त जवाफ/प्रतिक्रियासमेतलाई

आधार मानी प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन एवम् छनोट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्थाअनुसार यो प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनमा ५ परिच्छेद तथा १५ अनुसूची रहेका छन्। परिच्छेद-१ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद-२ मा लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति, परिच्छेद-३ मा लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश, परिच्छेद-४ मा लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र परिच्छेद-५ मा भविष्यमा गर्नुपर्ने सुधार उल्लेख गरिएको छ।

(अर्थ, राजस्व तथा कार्यमूलक लेखापरीक्षण विभाग)

पत्र संख्याः २०८१।८२

चलानी नं. ६६८

मितिः२०८२।१।२९

श्री प्रदेश सचिव,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), दाङ ।

विषयः <u>एकीकृत वित्तीय विवरणमा राय ।</u>

१. **कैफियतसहितको राय** - हामीले लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय), बजेट तुलनात्मक विवरण (बजेट निकाय), प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लगायत सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रु.५५ करोड १३ लाख ६२ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१६ करोड ९९ लाख ५२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.२० करोड ५० लाख १८ हजार, नियमित गर्नुपर्ने रु.१३ करोड २५ लाख ९७ हजार र पेस्की बाँकी रु.४ करोड ३७ लाख ९५ हजार रहेको छ। यसैगरी अन्य संस्था एवं समितितर्फ रु.१० करोड ६८ लाख ५४ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.४० लाख ५३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.२ करोड ३५ लाख ८१ हजार र नियमित गर्नुपर्ने रु.७ करोड ३९ लाख ७८ हजार, सोधभर्ना नलिएको रु.२ लाख ७७ हजार र पेस्की बाँकी रु.४९ लाख ६५ हजार रहेको छ।

२.२. प्रदेश सरकारले स्थिर सम्पत्तिको अवस्था खुलासा गरेको छैन। सम्पत्तिको विस्तृत विवरण खुलासा नगरेका कारण मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन।

२.३. प्रदेश सरकारबाट वित्तीय हस्तान्तरणमार्फत १०९ स्थानीय तहलाई सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानबापत रु.३ अर्ब ८ करोड ६४ हजार निकासा गरेको छ। उक्त रकममध्ये प्रदेश लेखा नियन्त्रक कार्यालयले २०८१ आषाढ मसान्तसम्म स्थानीयतहबाट खर्च नभई बाँकी रकमको अभिलेख राखेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने निकायसँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा हामी विश्वस्त छौं।

३. **अन्य बेहोरा -** यो वर्षको आर्थिक क्रियाकलाप मूल्याङ्कन गर्दा शासकीय प्रवन्ध, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक सम्पत्ति व्यवस्थापन, विकास व्यवस्थापन, सूचना प्रविधि, सार्वजनिक प्रशासन र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरणमा व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी —** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को परिच्छेद ८ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्ति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ। सोही ऐनको परिच्छेद ५ मा कारोबारको लेखा राख्ने व्यवस्था छ। सो अनुसार प्रदेश सञ्चित कोषको अतिरिक्त विनियोजन, राजस्व, धरौटी, वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको एकीकृत लेखाको वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको रहेको छ। नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी प्रदेश सरकारको एकीकृत वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडारहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालय, सम्बन्धित लेखाउत्तरदायी अधिकृत तथा मातहतका जिम्मेवार व्यक्तिमा रहेको छ।

५. **वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

**(बामदेव शर्मा अधिकारी)**
**उप-महालेखापरीक्षक**

परिच्छेद

# १

# लेखापरीक्षण गरिएका निकायको विवरण

# परिच्छेद –१

# लेखापरीक्षण गरिएका निकायको विवरण

## १. समष्टिगत लेखापरीक्षण

| क्र.सं. | लेखापरीक्षण गरिएका निकाय | संख्या | रकम (रु.हजारमा) |
|---|---|---|---|
| १. | प्रदेश मन्त्रालय तथा निकाय | १९० | ४६२२०८६९ |
| २. | समिति र अन्य संस्था | २१ | ७९३९५७५ |
| | **जम्मा** | **२११** | **५४१६०४४४** |

यो वर्ष प्रदेश सरकार मातहत १९० सरकारी निकायको रु.४६ अर्ब २२ करोड ८ लाख ६९ हजार र समिति तथा अन्य संस्था २१ को रु.७ अर्ब ९३ करोड ९५ लाख ७५ हजार समेत २११ निकायको रु.५४ अर्ब १६ करोड ४ लाख ४४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण रकममा प्रदेश सरकारका निकायबाट भएको चालु खर्च रु.७ अर्ब ३३ करोड ८८ लाख ५७ हजार, पुँजीगत खर्च रु.१६ अर्ब १ करोड ७७ लाख ७२ हजार र स्थानीय तह वित्त हस्तान्तरण रु.३ अर्ब ८ करोड ६४ हजार समेत समावेश छ। लेखापरीक्षण गरिएका निकायहरूको विवरण **अनुसूची- १, १(क) र १(ख)** मा उल्लेख छ।

१.१. **प्रदेश मन्त्रालय तथा निकाय** - यो वर्ष प्रदेश सरकार मातहतका १९० कार्यालयको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छ।

| क्र.सं. | कारोबार | लेखापरीक्षण सम्पन्न रकम (रु.हजारमा) |
|---|---|---|
| १. | विनियोजन खर्च | २६४३६६९३ |
| २. | राजस्व | १४०३०२३७ |
| ३. | धरौटी | २९५३३६३ |
| ४. | अन्य कारोबार | २८००५७६ |
| **जम्मा** | | **४६२२०८६९** |

- विनियोजन रकममा वित्तीय हस्तान्तरण मार्फत् स्थानीय तहलाई दिएको निकासा रु.३ अर्ब ८ करोड ६४ हजार समेत समावेश छ।

१.२. **समिति तथा अन्य संस्था** - यो वर्ष २१ समिति र अन्य संस्थाको रु.७ अर्ब ९३ करोड ९५ लाख ७५ हजारको लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश परिच्छेद-३ को मन्त्रालय तथा निकायगत बेहोरामा समावेश छ। लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षणको विवरण **अनुसूची-३ र ४** मा उल्लेख छ।

१.३. **लेखापरीक्षण बक्यौता** - यो वर्ष प्रदेश अन्तर्गत जिल्ला अस्पताल, रुकुम पूर्वको (२०७७।७८) को लेखापरीक्षण बक्यौता रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-३(क)** मा उल्लेख छ।

## २. सरकारी बजेट विनियोजन, खर्च र राजस्व

२.१. **शीर्षकगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०८०।८१ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

| शीर्षक/क्षेत्र | २०८०।८१ को (रु.हजारमा) | | |
|---|---|---|---|
| | बजेट अनुमान रु. | यथार्थ खर्च रु. | प्रतिशत |
| चालु खर्च | १३१९२३८२ | ७३३८८५७ | ५५.६३ |
| पुंजीगत खर्च | २३३९८४६६ | १६०१७७७२ | ६८.४६ |
| स्थानीय तह वित्त हस्तान्तरण | ३९५९३०० | ३०८००६४ | ७७.७९ |
| **जम्मा** | **४०५५०१४८** | **२६४३६६९३** | **६५.२०** |

२.२. **निकायगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको निकायगत चालु र पुंजीगत खर्चको विवरण निम्नानुसार छः

(रु.हजारमा)

| क्र. सं. | मन्त्रालय/ निकाय | कायम बजेट रु | | यथार्थ खर्च रु | | खर्च प्रतिशत | | कुल खर्चको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुंजीगत | चालु | पुंजीगत | चालु | पुंजीगत | |
| १ | प्रदेश सभा सचिवालय | २६६५८८ | ७२२५० | १८८७३७ | ३५९१६ | ७०.१५ | ४९.७१ | ६५.७१ |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १५२३८१७ | ५८९५५ | २४४४२९ | ५२३९ | १६.०४ | ८.८९ | १५.७७ |
| ३ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ४२५४६२ | ३१५२६० | २१४२७७ | २०००१३ | ५०.३६ | ६३.४४ | ५५.९३ |
| ४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ९०९०० | ६४०० | ६१६७४ | ३३९६ | ६७.८५ | ५३.०६ | ६६.८८ |
| ५ | उद्योग, पर्यटन, यातायात तथा सहकारी मन्त्रालय | ९८६१७१ | ५१८६०० | ४८५६३४ | २३११२४ | ४९.२४ | ४४.५७ | ४७.६३ |
| ६ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | १७२८१८६ | १८०२४५ | ११७१२०५ | ५४१२४ | ६७.७७ | ३०.०३ | ६४.२१ |
| ७ | सहरी विकास तथा खानेपानी मन्त्रालय | २४२२९२ | ५७३९३४३ | १५६२४७ | ४४४९६२३ | ६४.४९ | ७७.५३ | ७७.०० |
| ८ | भौतिक पूर्वाधार विकास मन्त्रालय | २३८८७६ | ९४१३०९० | १५८७८० | ६३९६७२० | ६६.४७ | ६७.९६ | ६७.९२ |
| ९ | वन तथा वातावरण मन्त्रालय | ११९५५६६ | ८८४२४७ | ७८६९६२ | ५१२०४५ | ६५.८२ | ५७.९१ | ६२.४६ |
| १० | सामाजिक विकास मन्त्रालय | २०६४९५५ | ४७६९१० | १३२७४७९ | २३६२५३ | ६४.२९ | ४९.५४ | ६१.५२ |
| ११ | स्वास्थ्य मन्त्रालय | ३०८९६८३ | १५४६८४० | २२८२०४४ | ९७००८९ | ७३.८६ | ६२.७१ | ७०.१४ |
| १२ | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | २२१५५८ | ३९०९८३० | १७३७८७ | २९१४९२७ | ७८.४४ | ७४.५५ | ७४.७६ |
| १३ | प्रदेश योजना आयोग | २८४१७ | ६९०० | १५११३ | १३४९ | ५३.१८ | १९.५५ | ४६.६१ |
| १४ | प्रदेश लोकसेवा आयोग | ८९२३१ | १०७६९ | ६२५४५ | ६७२४ | ६९.८७ | ६२.४५ | ६९.०४ |
| १५ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १३८०० | १३०० | ९५०४ | २३० | ६८.८७ | १७.६९ | ६४.४६ |
| १६ | अर्थ विविध | ९८६८८० | २६४३२७ | ४४० | ० | ०.०४ | ०.०० | ०.०४ |
| | **जम्मा** | **१३१९२३८२** | **२३४०५२६६** | **७३३८८५७** | **१६०१७७७२** | **५६** | **६८** | **६३.८१** |
| १७ | स्थानीय तह वित्तीय हस्तान्तरण | ३९५९३०० | (६८००) | ३०८००६४ | ० | ७७.९३ | ०.०० | ७७.९३ |
| | **कुल जम्मा** | **१७१५१६८२** | **२३३९८४६६** | **१०४१८९२१** | **१६०१७७७२** | **६०.७६** | **६८.४४** | **६५.२०** |

चालुतर्फ रु.१७ अर्ब १५ करोड १६ लाख ८२ हजार र पुँजीगत तर्फ रु.२३ अर्ब ३९ करोड ८४ लाख ६६ हजार समेत अन्तिम बजेट रु.४० अर्ब ५५ करोड १ लाख ४८ हजार कायम भएकोमा चालुतर्फ रु.१० अर्ब ४१ करोड ८९ लाख २१ हजार (६०.७६ प्रतिशत) र पुँजीगततर्फ रु.१६ अर्ब १ करोड ७७ लाख ७२ हजार (६८.४४ प्रतिशत) समेत रु.२६ अर्ब ४३ करोड ६६ लाख ९३ हजार खर्च भई अन्तिम बजेटको तुलनामा ६५.२० प्रतिशत खर्च भएको देखिन्छ।

प्रदेश सरकारको कुल खर्चमध्ये चालु खर्च २७.७६ प्रतिशत, पुँजीगत खर्च ६०.५८ प्रतिशत र स्थानीय तह वित्त हस्तान्तरणमा ११.६५ प्रतिशत खर्च रहेको छ।

२.३. **स्रोतगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०८०।८१ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु.हजारमा)

| क्र.सं. | स्रोत | २०७८।७९ | २०७९।८० | २०८०।८१ | | |
|---|---|---|---|---|---|---|
| | | | | अनुमान | यथार्थ खर्च | अनुमानको तुलनामा खर्च प्रतिशत |
| १. | **सङ्घीय सरकार अनुदान** | **१३०४९७०४** | **१३४४७३२२** | **१५३८४२००** | **१०३६७१३३** | **६७.३९** |
| १.१ | समानीकरण अनुदान | ५९५०७६९ | ७४७३९८७ | ८१४८३०० | ५७१३२८४ | ७०.१२ |
| १.२ | सशर्त अनुदान | ६३८५०४९ | ५३५३४६३ | ५८३५९०० | ३८९४१३९ | ६६.७३ |
| १.३ | विशेष अनुदान | ३३१०९७ | २३९०३८ | ५६०००० | ५३३००५ | ९५.१८ |
| १.४ | समपुरक अनुदान | ३८२७८९ | ३८०८३३ | ८४०००० | २२६७०५ | २६.९९ |
| २ | **प्रदेश सरकार** | १७००४९७९ | **१६७९६८३३** | २५१६५९४८ | १६०६९५६० | ६३.८५ |
| | **जम्मा** | **३००५४६८३** | **३०२४४१५५** | **४०५५०१४८** | **२६४३६६९३** | **६५.२०** |

सङ्घीय अनुदान यो वर्ष २०७८।७९ को तुलनामा २०.५६ प्रतिशत र २०७९।८० को तुलनामा २२.९१ प्रतिशत घटेको छ त्यस्तै प्रदेशको आन्तरिक स्रोततर्फ यो वर्ष २०७८।७९ को तुलनामा ५.५ र २०७९।८० को तुलनामा ४.३३ प्रतिशत घटेको छ।

यो वर्ष बजेट अनुमानमा सङ्घीय सरकारको अनुदानबाट ६७.३९ प्रतिशत र प्रदेश सरकारको स्रोतबाट ६३.८५ प्रतिशत प्राप्त भई रु.२६ अर्ब ४३ करोड ६६ लाख ९३ हजार खर्च भएको छ। कुल खर्चमध्ये सङ्घीय सरकारको अनुदानबाट ३९.२१ प्रतिशत र प्रदेश सरकारको राजस्वबाट ६०.७९ प्रतिशत बेहोरेको छ।

२.४. **राजस्व असुली** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०८०।८१ मा प्रदेश सरकारले प्राप्त गरेको राजस्वको विवरण निम्न अनुसार छ :

(रु.हजारमा)

| शीर्षक | २०७८।७९ को यथार्थ असुली | २०७९।८० को यथार्थ असुली | २०८०।८१ को राजस्व | | असुली प्रतिशत |
|---|---|---|---|---|---|
| | | | लक्ष्य | यथार्थ असुली | |
| कर राजस्व | १२७३०६१५ | ११७५९४२३ | १५३२१४०० | ११८२८१०३ | ७७.२० |
| गैहकर राजस्व | १५६९१३९ | १४५४७३१ | ४६८४१०० | १८४८२०४ | ३९.४६ |
| अनुदान | १३०४९७०४ | १३४४७३२२ | १५३८४२०० | १०६९२५५४ | ६९.५० |
| विविध प्राप्ती | ११९११४६ | ८३६५५३ | ३८४०००० | ३५३९२९ | ४२.१३ |
| आन्तरिक ऋण | ० | ० | १२५०००० | ० | ० |
| **कुल जम्मा** | **२८५४०६०४** | **२७४९८०२९** | **४०४७९७००** | **२४७२२७९०** | **६५.९६** |

गत वर्षको तुलनामा यो वर्ष राजस्व तथा अन्य प्राप्ति १०.१ प्रतिशतले घटेको छ। गैहकर राजस्व असुली न्यून रहेको छ। राजस्वको वैकल्पिक स्रोत परिचालन गरी राजस्व असुलीमा वृद्धि गर्नुपर्दछ। प्रदेशले बनाएको कानुनबमोजिम प्रदेश सरकारले आफ्नो क्षेत्राधिकार भित्र यो वर्ष असुल

गरेको राजस्वको विवरण **अनुसूची–८** मा उल्लेख छ। उल्लिखित राजस्वको लक्ष्य कुल रकममा गत वर्षको बाँकी मौजदात रु. ३ अर्ब प्राप्त हुने अनुमान गरेको रकम समावेस छैन ।

३. **वित्तीय हस्तान्तरण -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सञ्चितकोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छ।

(रु.हजारमा)

| क्र.सं. | शीर्षक | गत वर्षको यथार्थ हस्तान्तरण | अन्तिम अनुमान | हस्तान्तरण | हस्तान्तरण प्रतिशत |
|---|---|---|---|---|---|
| १ | समानीकरण | ८५०००० | १०००००० | ७५०००० | ७५.०० |
| २ | ससर्त | १०२७७३२ | १४७८५०० | १२१७७८२ | ८२.३७ |
| ३ | विशेष | ८८९८०९ | १९४००० | १५५०३१ | ७९.९१ |
| ४ | समपुरक | १३५६१९९ | १२८०००० | ९५७२५१ | ७४.७९ |
| | **जम्मा** | **४१२३७४०** | **३९५२५००** | **३०८००६४** | **७७.९३** |

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत् यो वर्ष १०९ स्थानीय तहमा रु.३ अर्ब ८ करोड ६४ हजार हस्तान्तरण खर्च गरेको छ, जुन गत बर्षको हस्तान्तरण भएको रकम रु.४ अर्ब १२ करोड ३७ लाखको तुलनामा २५.३० प्रतिशत न्युन रहेको छ।

४. **अन्तर सरकारी अख्तियारी** - लुम्बिनी प्रदेश विनियोजन ऐन, २०७९ को दफा ५ मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पुँजीगत तर्फको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्नु पर्ने भएमा प्रदेश सरकारको सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा सङ्घीय विनियोजन ऐनबमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका निकायमार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्न सक्ने व्यवस्था छ। प्रदेश सरकार मातहतका ४ मन्त्रालयले यो वर्ष नेपाल सरकारका ६२ निकायलाई अन्तर सरकारी अख्तियारीमार्फत प्रदेश सरकारको कार्यक्रम कार्यान्वयनका लागि रु.९५ करोड १५ लाख ४० हजार बजेट विनियोजन गरी रु.७६ करोड ९ लाख ६१ हजार खर्च गरेकोमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिएको छैन। यसै गरी प्रदेश विनियोजन ऐन विपरीत चालु खर्च तर्फ पनि बजेट विनियोजन गरी खर्च गरेको छ। उक्त रकमको लेखापरीक्षणबाट देखिएका बेहोरा सम्बन्धित निकायको प्रतिवेदनमा समावेश गरिएको छ। यस सम्बन्धी विवरण **अनुसूची-१२** मा समावेश छ।

परिच्छेद

२

# लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

## परिच्छेद – २

# लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

१. **बेरुजु -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) र प्रदेशको यस सम्बन्धी कानुनमा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रुपमा परिभाषित गरेको छ।

सोही ऐनले बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। यस कार्यालयले बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजु समावेश गरेको छ। नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र सोधभर्ना नलिएको गरी ४ समुहमा वर्गीकरण गरेको छ। पेस्कीलाई कर्मचारी, मोविलाईजेसन र अन्य पेस्कीमा वर्गीकरण गरिएको छ।

प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको लेखापरीक्षणबाट औंल्याइएको बेरुजु रु.६५ करोड ८२ लाख १६ हजार रहेको छ। सो बेरुजु अङ्कको वर्गीकरण निम्नानुसार छः

(रु.हजारमा)

| बर्गीकरण | सरकारी कार्यालय | समिति तथा अन्य संस्था | जम्मा बेरुजु | कुल वेरुजूको प्रतिशत |
|---|---|---|---|---|
| **जम्मा बेरुजु** | **५५१३६२** | **१०६८५४** | **६५८२१६** | **१००** |
| **१. असुल हुनुपर्ने** | **१६९९५२** | **४०५३** | **१७४००५** | **२६.४३** |
| **२. नियमित हुनुपर्ने** | **३३७६१५** | **९७८३६** | **४३५४५१** | **६६.१६** |
| • अनियमित भएको | १३२५९७ | ७३९७८ | २०६५७५ | ३१.३९ |
| • प्रमाण कागजात पेस नभएको | २०५०१८ | २३५८१ | २२८५९९ | ३४.७३ |
| • सोधभर्ना नलिएको | ० | २७७ | २७७ | ०.०४ |
| **३. पेस्की** | **४३७९५** | **४९६५** | **४८७६०** | **७.४१** |

बेरुजु वर्गीकरणको विवरण **अनुसूची-९ र १०** मा छ।

२. **लेखापरीक्षण अङ्कमा बेरुजु -** यो वर्ष प्रदेश मन्त्रालय र समिति तथा अन्य संस्थासमेत २११ निकायको रु.५४ अर्ब १६ करोड ४ लाख ४४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। जसमा रु.६५ करोड ८२ लाख १६ हजार बेरुजु कायम भएको छ, जुन लेखापरीक्षण अङ्कको १.२२ प्रतिशत हुन आउँछ। लेखापरीक्षण सम्पन्न गरिएका निकाय र विषयगत अवस्था निम्नानुसार छः

(रु.हजारमा)

| लेखापरीक्षण गरिएका निकाय र विषय | संख्या | लेखापरीक्षण अङ्क | बेरुजु अङ्क | बेरुजु प्रतिशत |
|---|---|---|---|---|
| १. प्रदेश मन्त्रालय तथा निकाय | १९० | ४६२२०८६९ | ५५१३६२ | १.१९ |
| २. समिति र अन्य संस्था | २१ | ७९३९५७५ | १०६८५४ | १.३५ |
| **जम्मा** | **२११** | **५४१६०४४४** | **६५८२१६** | **१.२२** |

३. **हालसम्मको बाँकी बेरुजु -** प्रदेश सरकारी कार्यालय समिति तथा अन्य संस्थाको लेखापरीक्षणबाट औंल्याइएको हालसम्म बाँकी बेरुजु रु.४ अर्ब ५७ करोड ५१ लाख ३७ हजार रहेको छ। हालसम्मको बाँकी बेरुजू गत वर्षभन्दा १३.७८ प्रतिशतले बढेको छ।

(रु.हजारमा)

| क.सं. | विवरण | विगतको बेरुजु | फस्र्योट तथा सम्परीक्षण | सम्परीक्षणबाट थप भएको | विगतको खुद बाँकी | चालु वर्षको थप | अद्यावधिक बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|
| १. | प्रदेश सरकारी कार्यालयहरू | ३५६००९८ | ९७६९६ | १५८१ | ३४६३९८३ | ५५१३६२ | ४०१५३४५ |
| २. | समिति तथा अन्य संस्थाहरू | ४६०८७१ | ७९३३ | ० | ४५२९३८ | १०६८५४ | ५५९७९२ |
| | जम्मा | ४०२०९६९ | १०५६२९ | १५८१ | ३९१६९२१ | ६५८२१६ | ४५७५१३७ |

हासम्मको बाँकी बेरुजूको विवरण **अनुसूची -११** मा उल्लेख छ।

४. **बेरुजु विश्लेषण** - प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छः

०.०. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३८ मा बेरुजु फस्र्योट गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ। सोही ऐनको दफा ३५ मा औंल्याइएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फस्र्योट गर्ने र फस्र्योट नगरेमा लेखा उत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ। उक्त व्यवस्था अनुसार बेरुजुको जानकारी सम्बन्धित पदाधिकारीलाई जानकारी दिईएको छ। उल्लिखित प्रक्रिया पूरा गर्दासमेत २०८०।८१ को बेरुजु रु.६५ करोड ४२ लाख १६ हजार फस्र्योट हुन बाँकी रहेको छ। सो अवधिमा कार्यरत लेखा उत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम **अनुसूची-१५** मा उल्लेख छ।

०.१. प्रदेश सरकारी कार्यालय तर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजु भएका मन्त्रालय/निकाय निम्नानुसार छन्:

(रु.हजारमा)

| क.सं | मन्त्रालय | लेखापरीक्षण अङ्क | बेरुजु रकम | | | | कुल बेरुजुको प्रतिशत | ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेस्की बाँकी | जम्मा | | |
| १ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ८२०८१७९ | ६०४८४ | ६९४९८ | २७७३७ | १५७७१९ | २८.६१ | १.९२ |
| २ | सहरी विकास तथा खानेपानी मन्त्रालय | ५२५५८८२ | ३७५९४ | ९८४०९ | १०८०३ | १४६८०६ | २६.६३ | २.७९ |
| ३ | वन तथा वातावरण मन्त्रालय | २०८५३२४ | ५१९०९ | ५५६६९ | ३८५ | १०७९६३ | १९.५८ | ५.१८ |
| ४ | ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय | ३०९१४८९ | १३२०९ | ५८८८५ | ० | ७२०९४ | १३.०८ | २.३३ |
| ५ | सामाजिक विकास मन्त्रालय | १८०९४४१ | १८०७ | १६७६५ | ० | १८५७२ | ३.३७ | १.०३ |
| ६ | उद्योग, पर्यटन, यातायात तथा सहकारी मन्त्रालय | ५१३१९६८ | २०७९ | ८८४८ | ४८७० | १५७९७ | २.८६ | ०.३१ |
| ७ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय मन्त्रालय | १७०६२११ | १९४३ | ११९२७ | ० | १३८७० | २.५१ | ०.८१ |
| ८ | अन्य मन्त्रालय र निकाय | १८९३२३७५ | ९२७ | १७६१४ | ० | १८५४१ | ३.३६ | ०.१० |
| | जम्मा | ४६२२०८६९ | १६९९५२ | ३३७६१५ | ४३७९५ | ५५१३६२ | १००.०० | १.१९ |

बेरुजु रकमका आधारमा भौतिक पूर्वाधार विकास मन्त्रालय, सहरी विकास तथा खानेपानी, वन तथा वातावरण मन्त्रालय र ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयको मात्र ८७.९० प्रतिशत रहेको छ ।

०.२. यो वर्ष १९० प्रदेश कार्यालयको लेखापरीक्षण गरेकोमा १२६ कार्यालय (६६.३२ प्रतिशत) मा लगती बेरुजु देखिएको छ। त्यसैगरी २१ समिति तथा अन्य संस्था मध्ये १६ कार्यालय (७६.१९ प्रतिशत) मा लगती बेरुजु देखिएको छ।

०.३. यो वर्ष प्रदेश मातहत सरकारी निकाय र अन्य संस्था तथा समिति समेत १८९ निकायमा ३ हजार ४८८ दफा बेरुजुमध्ये प्रतिक्रियाबाट १७१ दफा फस्र्योट भई ३ हजार ३१७ दफा बेरुजु बाँकी देखिएकोमा २

हजार १४० दफा सैद्धान्तिक र १ हजार १७७ दफा लगती बेरुजु कायम भएको छ। यससम्बन्धी विवरण **अनुसुची-९ र १०** मा छ।

०.४. यो वर्ष १८९ निकायको सैद्धान्तिक दफा र लगती दफा समेत रु.७१ करोड ९ लाख ७७ हजार लगती बेरुजु देखिएकोमा प्रतिकृयाबाट सैद्धान्तिक दफा र लगती दफाको रु.५ करोड ६६ लाख ३५ हजार फस्यौंट तथा प्रतिक्रियाबाट थप रु.३८ लाख ७४ हजारसमेत रु.६५ करोड ८२ लाख १६ हजार बाँकी रहेको छ।

०.५. प्रदेश सरकारी कार्यालयतर्फ गतवर्ष सम्मको पेस्की रु.१ अर्ब ७४ करोड ७८ लाख १६ हजार बाँकी रहेकोमध्ये रु.९२ करोड ७३ लाख ४९ हजार (५३.०६ प्रतिशत) फस्यौंट भई रु.८२ करोड ४ लाख ६७ हजार बाँकी रहेकोमा यो वर्ष म्याद ननाघेको रु.१ अर्ब ३६ करोड ३३ लाख ८७ हजार तथा म्याद नाघेको रु.५ करोड ९० लाख ५१ हजार समेत कुल पेस्की रु.२ अर्ब २४ करोड २९ लाख ५ हजार बाँकी रहेको छ।

त्यस्तै समिति, अन्य संस्थातर्फ गत वर्षसम्मको पेस्की रु.२ करोड ९५ लाख ६९ हजार बाँकी रहेकोमा यो वर्षको रु.४९ लाख ६५ हजार थप समेत रु. ३ करोड ४५ लाख ३४ हजार पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-५** मा छ।

०.६. सरकारी कार्यालय र समिति तथा अन्य संस्थाबाट यो वर्ष लेखापरीक्षणको दौरानमा रु.११ लाख ५३ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.१ करोड ३५ लाख ३२ हजार र सम्परीक्षणको क्रममा रु.२ करोड ५७ लाख ७ हजारसमेत रु.४ करोड ३ लाख ९२ हजार असुल भई राजस्वमा दाखिला भएको छ। यस सम्बन्धी विवरण **अनुसूची-६** मा उल्लेख छ।

०.७. सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फ १७ कार्यालयको अग्रिम कर कट्टी नभई रु.२२ लाख ९१ हजार बाँकी रहेकोमा ९ कार्यालयको रु.११ लाख ५ हजार असुल भई रु.११ लाख ८६ हजार बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-७** मा उल्लेख छ।

०.८. प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको ७ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु.हजारमा)

| प्रतिवेदन | आर्थिक वर्ष | लेखापरीक्षण अङ्क | बेरुजु अङ्क | प्रतिशत | पेस्की बाहेकको बेरुजु | पेस्की बाहेकको बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|
| पहिलो २०७५ | २०७४।७५ | २०३५४० | ५०८ | ०.२५ | ५०८ | ०.२५ |
| दोस्रो २०७७ | २०७५।७६ | ३०२८३७५३ | ९४६८३४ | ३.१३ | ६२४४७६ | २.०६ |
| तेस्रो २०७८ | २०७६।७७ | ३९६४७८६५ | ९४७४८५ | २.३९ | ८७५८१४ | २.२१ |
| चौथो २०७९ | २०७७।७८ | ५४३८४६३४ | ६४२१५८ | १.१८ | ६२२२०३ | १.१४ |
| पाँचौं २०७९ | २०७८।७९ | ५७०८१२६३ | १४९८०८५ | २.६२ | १३७६८५५ | २.४१ |
| छैटौं २०८० | २०७९।८० | ५७९१५९२९ | ११२६३४५ | १.९४ | ९२४२५० | १.६० |
| सातौं २०८१ | २०८०।८१ | ५४१६०४४४ | ६५८२१६ | १.२२ | ६०९४५६ | १.१३ |

परिच्छेद

# ३

# लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

## परिच्छेद-३

# लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

## प्रदेश मन्त्रालय तथा निकाय

१. **कानुन निर्माण –** लुम्बिनी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ मा नेपालको संविधान बमोजिम बनाउनु पर्ने प्रदेश कानुन तथा स्थानीय तह सम्बन्धी प्रदेश कानुन तर्जुमा गर्ने जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई तोकिएको छ। प्रदेश सरकारले सालबसाली निर्माण गर्ने ऐन र संशोधन गर्ने कानुन बाहेक विभिन्न ७२ वटा ऐन र २८ वटा नियमावली बनाएको छ। नेपालको संविधानले तोकेका प्रदेशका एकल अधिकार सूचीमा उल्लिखित विषयमा कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

२. **सङ्गठन तथा कर्मचारी व्यवस्थापन –** नेपालको संविधानको धारा १६८ को उपधारा ९ मा प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाका सदस्यमध्येबाट समावेशी सिद्धान्तबमोजिम मुख्यमन्त्री सहित प्रदेश मन्त्रिपरिषद् गठन गर्ने व्यवस्था छ। प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार २०७४।११।७ मा ७ मन्त्रालय गठन गरेकोमा २०७८।५।१८ मा १३, २०७८।१२।६ मा ९, २०८१।१।६ मा ११ तथा २०८१।१।१२ मा १२ मन्त्रालय कायम गरी पटकपटक संख्या थपघट भएको देखिन्छ। मन्त्रालयको कार्य जिम्मेवारी र कार्यक्षेत्रमा पटकपटक परिवर्तन गर्दा खर्चमा मितव्ययिता, बजेट खर्च गर्ने अख्तियारी, वार्षिक कार्यक्रमको प्रगति समीक्षा, लेखापरीक्षण बेरुजु फर्स्यौट, सम्पत्तिको अभिलेख र सुरक्षा जस्ता विषय प्रभावकारी वनाउन ध्यान दिनुपर्दछ।

२.१. प्रदेश अन्तर्गतको २११ निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणबाट स्थायी ४ हजार ७८ र अस्थायी १२१६ समेत ५ हजार २९४ दरबन्दी स्वीकृत भएकोमा २ हजार २२८ स्थायी र १ हजार २१६ अस्थायी समेत ३ हजार ४४४ (६५.०५ प्रतिशत) पदपूर्ति भएको छ। रिक्त दरबन्दीमा १ हजार ८५० करारवाट पूर्ति गरिएको छ। प्रदेशको समग्र कार्यसम्पादन र सेवा प्रवाहमा प्रभावकारीता आउने गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

२.२. प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २५(४) मा कर्मचारीको सरुवा सामान्यतया प्रमुख निकायले हरेक वर्ष श्रावण २१ गतेसम्म र सम्बन्धित मन्त्रालयले भाद्र ७ गतेभित्र गरिसक्नुपर्ने व्यवस्था रहेको छ। ऐनमा भएको व्यवस्था विपरीत मन्त्रालयले २०८१।१।२१ सम्म पटकपटक विभिन्न पदका ३१ कर्मचारीको सरुवा गरेको छ। कानुनले तोकेको अवधिमा सरुवा गर्नुपर्दछ।

३. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा मन्त्रालय र मातहत कार्यालयबाट सम्पादन गरिने कार्य कानुन बमोजिम सम्पादन गर्न कामको प्रकृति अनुसार, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्षभित्र लागु गर्नुपर्ने व्यवस्था छ। ऐन लागु भएको सात वर्ष भई सक्दापनि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। कानुनमा तोकिएअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **प्रदेश समन्वय परिषद् –** सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४(१) मा स्थानीय तह बीचको समन्वय वा अन्तर सम्बन्धलाई व्यवस्थित गर्न प्रदेशमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। यो वर्ष प्रदेश समन्वय परिषद्को बैठक २०८०।१०।४ मा बसी ३४ वटा निर्णय गरेको छ। बैठकले एकल तथा साझा अधिकारको सम्बन्धमा प्रदेशले बनाउनुपर्ने कानुन निर्माण र संशोधन २०८१ वैशाख भित्र गर्ने, प्रदेश योजना आयोगले आयोजना बैङ्क तयार गर्ने, सङ्घ र प्रदेशले टुक्रे आयोजनामा भन्दा रणनीतिक आयोजना कार्यान्वयन गर्ने, लागत सहभागिताको आधारमा तहगत बजेटको अभाव हुन नदिने, स्थानीय तहले प्रदेशको आवधिक योजनासँग तादाम्यता कायम हुने गरी आफ्नो आवधिक योजना निर्माण गरी कार्यान्वयन गर्ने निर्णय गरेकोमा कार्यान्वयनको अनुगमन गरेको छैन। निर्णयहरूको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ।

५. **नीति तथा कार्यक्रम कार्यान्वयन-** माननीय प्रदेश प्रमुखले २०८०।२।२६ मा प्रदेश सभाको वैठकमा पेस गर्नु भएको २०८०।८१ को नीति तथा कार्यक्रममा रहेका १६९ बुँदामध्ये सडक सुरक्षा एवं ट्राफिक व्यवस्थापनका लागि संवेदनशील सडक क्षेत्र तथा पूर्व-पश्चिम राजमार्गमा उच्च प्रविधियुक्त सि.सि.टि.भी. जडान गर्ने, सशस्त्र द्वन्द्वका क्रममा सहिद एवं बेपत्ता पारिएका व्यक्तिका परिवारको निःशुल्क स्वास्थ्य विमाको व्यवस्था गर्ने, स्थानीय न्यायिक समितिको कार्यलाई विद्युतीय प्रणालीमार्फत व्यवस्थित गर्ने, गौतम बुद्धको जन्मस्थलको माटो र पानी प्रयोग गरी कोशेली उत्पादन र बजारीकरण मार्फत वृहत रुपमा स्वरोजगार सिर्जना गर्ने, परम्परागत सीपको आधारमा महुवा, अनदी, टिमुर आदीको पेय पदार्थ र मदिरा उत्पादनमा आधुनिक प्रविधिको प्रयोग गरी ब्रान्डिङ गर्न कानूनी व्यवस्था मिलाउने, निर्माण सम्पन्न पूनर्ताजगी केन्द्रहरू स्थानीय तह एवं निजी क्षेत्र संग समन्वय गरी सञ्चालनमा ल्याउने तथा नीजी क्षेत्र संग समन्वय गरी थप पूनर्ताजगी केन्द्रहरू निर्माण गर्ने, पूर्वाधारजन्य कार्यक्रमको संम्भाव्यता अध्ययनका आधारमा सहलगानीमा आधारित योजनामा स्रोत जुटाउने, प्रादेशिक सडकको सडक क्षेत्राधिकार निक्यौल गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने, विद्युतको हाइटेन्सन मुनि रहेको खाली क्षेत्रमा विपन्न सिमान्तकृत र कमैयालाई प्राथमिकता दिई जडिबुटी तथा गैरकाष्ठ वन पैदावारजन्य लेमनग्रास, बेसार, अदुवा र पिडालु खेती गरी आय आर्जनमा जोड दिने जस्ता नीति तथा कार्यक्रमलाई बजेटमा समावेश गरेको देखिएन। नीति तथा कार्यक्रममा उल्लेख गरेका कार्यक्रमहरूमा बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ।

६. **बजेट कार्यान्वयन -** प्रदेश सरकारका मन्त्रालयले २०८०।८१ को बजेट वक्तव्यमा उल्लेख भएका २०१ बुँदामध्ये वन पैदावारको सहज आपूर्ति गर्ने, द्वन्द्व प्रभावित स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने, जनआन्दोलनका घाइते स्याहार केन्द्र निर्माण गर्ने, स्थानीय तहसँगको समन्वयमा असङ्गठित क्षेत्रका श्रमिक र उद्योगको विवरण सङ्कलन तथा विद्युतीय अभिलेखीकरण गर्ने, यातायात व्यवस्था कार्यालय, तुल्सीपुर, दाङ्गको चार पाङ्ग्रे र दुई पाङ्ग्रे सवारी साधनहरूका लागि ट्रायल सेन्टर निर्माण गर्ने, उद्योग दर्तामा प्रविधि उपयोग, रोजगार पोर्टल सम्बन्धी मोबाइल एप्स निर्माण गर्ने, निजी क्षेत्रको सहकार्यमा विद्युतीय सवारी साधनको चार्जिङ्ग स्टेशन निर्माण गर्ने, बाख्राको सरकारी स्रोत केन्द्र सञ्चालनमा ल्याउने, सरकारी र सार्वजनिक जग्गाको व्यवस्थित अभिलेखिकरण गर्ने, सेवाग्राहिको चाप भएका स्थानमा सुविधा सम्पन्न शौचालय निर्माण गर्ने, प्रदेशका प्रमुख रुटहरूमा विद्युतिय माध्यमवाट भाडा भुक्तानी गर्ने व्यवस्था मिलाउने, परीक्षणकालीन सवारीचालक अनुमति पत्र सहज रुपमा उपलव्ध गराउने कार्यक्रमहरू कार्यान्वयन भएका छैनन्। त्यसैगरी, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, यातायात

पूर्वाधार निर्देशनालय, वन निर्देशनालय, स्वास्थ्य निर्देशनालय, कृषि विकास निर्देशनालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्वन्धित मन्त्रालयमा गाभी उक्त निर्देशनालयहरूवाट सम्पादन हुने कार्य सम्वन्धित मन्त्रालयहरूवाट सम्पादन गर्ने उल्लेख भएकोमा कार्यान्वयन हुन सकेको छैन। बजेट बक्तव्यमा समावेश गरेका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

७. **खर्च व्यवस्थापन**- प्रदेश विनियोजन ऐन, २०८० अनुसार चालु तर्फ रु.१७ अर्ब १५ करोड १६ लाख ८२ हजार र पुँजीगततर्फ रु.२३ अर्ब ३९ करोड ८४ लाख ६६ हजार समेत अन्तिम बजेट रु.४० अर्ब ५५ करोड १ लाख ४८ हजार कायम भएकोमा चालु तर्फ रु.१० अर्ब ४१ करोड ८९ लाख २१ हजार (६०.७५ प्रतिशत) र पुँजीगततर्फ रु.१६ अर्ब १ करोड ७७ लाख ७२ हजार (६८.४६ प्रतिशत) समेत रु.२६ अर्ब ४३ करोड ६६ लाख ९३ हजार खर्च भई अन्तिम बजेटको तुलनामा ६५.२० प्रतिशत खर्च भएको छ। प्रदेश सरकारको कुल खर्चमध्ये चालु खर्च २७.७७ प्रतिशत, पुँजीगत खर्च ६०.५८ प्रतिशत र स्थानीय तह वित्त हस्तान्तरणमा ११.६५ प्रतिशत खर्च रहेको छ। प्रदेश सरकारको खर्च गर्ने क्षमता सुधार हुनुपर्दछ।

८. **राजस्व प्रक्षेपण तथा असुली -** प्रदेश सरकारका अर्थ मन्त्रीले प्रदेश सभा समक्ष पेस गरेको वार्षिक बजेट अनुसार यस वर्षको राजस्व प्राप्तिको लक्ष्य र यथार्थ प्राप्तिको अवस्था निम्न रहेको छः

(रु.हजारमा)

| विवरण | सुरु अनुमान रु. | यथार्थ प्राप्ति | प्राप्ति प्रतिशत |
|---|---|---|---|
| कर राजस्व | १५३२१४०० | ११८२८१०३ | ७७.२० |
| अनुदान | १५३८४२०० | १०६९२५५४ | ६९.५० |
| अन्य राजस्व | ४६८४१०० | १८४८२०४ | ३९.४६ |
| विविध प्राप्ति | ३८४०००० | ३५३९२९ | ९.२२ |
| आन्तरिक ऋण | १२५०००० | ० | ०.०० |
| **जम्मा** | **४०४७९७००** | **२४७२२७९०** | **६५.९६** |

प्रदेश सरकारको अनुमानको तुलनामा कर राजस्व ७७.२० प्रतिशत, अनुदान ६९.५० प्रतिशत, अन्य राजस्व ३९.४६ प्रतिशत र विविध ९.२२ प्रतिशत यर्थाथ प्राप्ति भएको छ।

९. **स्रोत सुनिश्चितता -** प्रदेशले वित्तीय स्रोतको उपलब्धताको आधारमा स्रोत सुनिश्चितता प्रदान गर्नुपर्दछ। यो वर्ष प्रदेश राजधानी निर्माण आयोजना, प्युठान अस्पताल भवन निर्माण, लुम्बिनी प्रादेशिक अस्पताल भवन निर्माण, सडक र सिँचाइका मुख्य विषयगत आयोजनाहरूमा २०८०।८१ का लागि रु.९९ करोड ८० लाख, २०८१।८२ का लागि रु.३ अर्ब ५९ करोड ४२ लाख र २०८२।८३ का लागि रु.१ अर्ब ९७ करोड ७५ लाख ९३ हजार समेत रु.६ अर्ब ५६ करोड ९८ लाख ४३ हजारको स्रोत सुनिश्चितता दिएको छ। स्रोत सुनिश्चतता अनुसारको बजेट विनियोजन गर्नुपर्दछ।

१०. **वित्तीय विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५(२) बमोजिम सङ्घ, प्रदेश तथा स्थानीय तहले नेपाल सरकारवाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र विनियोजन, राजस्व, धरौटी र अन्य कोषको बार्षिक वित्तीय विवरण र सम्पत्ति दायित्वको विवरण तयार गरी प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था रहेको छ। प्रदेश सरकार मातहतका कुनै पनि मन्त्रालयले मातहतका कार्यालय

समेतको सम्पूर्ण आर्थिक कारोबारको उक्त कानुनी व्यवस्था र नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसारको वित्तीय विवरण तयार गरेका छैनन्। सार्वजनिक क्षेत्र लेखामानले तोकेको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्दछ।

११. **अन्तर सरकारी अख्तियारी -** प्रदेश विनियोजन ऐन, २०८० को दफा ५(७) मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पुँजीगत तर्फको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्नु पर्ने भएमा आर्थिक मामिला मन्त्रालयको सहमतिमा संङ्घीय विनियोजन ऐन बमोजिम अर्थ मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्न सक्ने व्यवस्था छ। प्रदेश सरकार मातहतका ४ मन्त्रालयले यो वर्ष नेपाल सरकारका ६२ निकायलाई अन्तर सरकारी अख्तियारी मार्फत प्रदेश सरकारको कार्यक्रम कार्यान्वयनका लागि रु.९५ करोड १५ लाख बजेट विनियोजन गरी रु.७६ करोड ९ लाख ६१ हजार खर्च गरेकोमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिएको छैन। त्यसैगरी, प्रदेश विनियोजन ऐन विपरीत चालु खर्च तर्फ पनि बजेट विनियोजन गरी खर्च गरेको छ। प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश भएको रकम कानूनी प्रकृया पुरा गरी खर्च गर्नुपर्दछ।

१२. **अनुदान -** सङ्घ वा संस्थालाई दिएको अनुदान उद्देश्यअनुसार खर्च भए नभएको तथा सम्बन्धित कार्यविधि पालना गरे नगरेको सम्बन्धमा अनुगमन गर्नुपर्नेमा प्रदेश अन्तर्गत अन्य संस्थालाई चालु सशर्त अनुदानमा रु.२९ करोड ५८ लाख ३२ हजार तथा पुँजीगत सशर्त अनुदानमा रु.१ करोड ८१ लाख ७४ हजार समेत जम्मा रु.३१ करोड ४० लाख ६ हजार अनुदान तथा सहायता खर्च लेखेकोमा अनुदान रकम स्वीकृत प्रयोजनमा खर्च गरेको, खर्चबाट लक्षित समूहले प्रत्यक्ष रुपमा लाभ पाएको, अपेक्षित नतिजा हासिल भएको, अनुदान रकमबाट निर्माण भएका संरचनाहरूका संस्था अस्तित्वमा नरहेको अवस्थामा सरकारी संयन्त्रमा हस्तान्तरण हुने प्रबन्ध भएको, खर्च नभएको रकम फिर्ता गरेको तथा अनुदान रकम खर्च गर्दा खरिद कानुन बमोजिमको कार्यविधि पूरा गरी खरिद गरेको सम्बन्धमा अनुगमन गरी वितरित अनुदानको विवरण सार्वजनिक गर्नुपर्दछ।

१३. **आन्तरिक लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(छ) मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका बेहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था छ। कार्यालयहरूको यो वर्षको आन्तरिक लेखापरीक्षणबाट नियमित गर्नुपर्ने रु.३१ करोड ९७ लाख ३३ हजार, असुल गर्नुपर्ने रु.२ करोड १८ लाख ६० हजार र म्याद नाघेको पेस्की रु.९ करोड १५ लाख १६ हजार समेत रु.४३ करोड ३१ लाख ९ हजार बेरुजु देखिएको छ। अन्तिम लेखापरीक्षण हुनु अगावै बेरुजु फस्यौंट गरेको अभिलेख राखेको पाईएन। ऐन बमोजिम तोकिएको समयमा बेरुजु फस्यौंट गर्नुपर्दछ।

१४. **जिन्सी व्यवस्थापन** - प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकीको लगत तथा असुलउपर गर्ने कार्य मन्त्रालयलाई तोकेको छ। महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय प्रतिवेदनमा लुम्बिनी प्रदेश अन्तर्गत रु.५ अर्ब १ करोड ९१ लाख ८८ हजारको जिन्सी तथा सम्पति रहेको उल्लेख भएपनि प्रदेश सरकार मातहतका कार्यालयहरूले जिन्सी सम्पत्तिहरूको एकीकृत विवरण तयार गरेका छैनन्। प्रदेश सरकार

मातहतका कार्यालयको सम्पत्तिको लगत सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अद्यावधिक गर्नुपर्दछ।

१५. **भुक्तानी दिन बाँकी** - आर्थिक वर्षको विनियोजित बजेट भन्दा बढी खर्च गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था भए पनि प्रदेशका १० मन्त्रालय र मातहतका कार्यालयहरूले यो वर्ष चालुतर्फ रु.२० करोड १२ लाख ६१ हजार तथा पुँजिगत तर्फ ९ मन्त्रालय तथा निकायले रु.१ अर्ब ४५ करोड ७२ लाख ८६ हजार समेत रु. १ अर्ब ६५ करोड ८५ लाख ४७ हजार आगामी आर्थिक वर्षको लागि दायित्व सिर्जना गरेका छन्। उक्त दायित्वलाई चालु वर्षको बजेटमा समावेश गरेको पनि देखिएन। आगामी वर्षको बजेटलाई असर पर्ने गरी दायित्व सिर्जना गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

१६. **एकमुष्ट बजेट** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १० मा सार्वजनिक निकायहरूले बजेट प्रस्ताव गर्दा प्रस्तावित योजना तथा कार्यक्रमको क्रियाकलापगत विवरण खुलाई बजेट तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयवाट बाँडफाँट गर्नेगरी सामाजिक विकास मन्त्रालयले रु.५ करोड, सहरी विकास तथा खानेपानी मन्त्रालयले रु.७ करोड ७६ लाख, भौतिक पूर्वाधार विकास मन्त्रालयले रु.८ करोड ३० लाख र वन तथा वातावरण मन्त्रालयले रु.८१ लाखसमेत रु.२१ करोड ८७ लाख एकमुष्ट विनियोजन गरी मन्त्रालय मातहतका कार्यालयलाई निकासा दिने वा आफैं खर्च गर्ने गरेका छन्। यस्तो निकासा खर्चमा नियन्त्रण गरी आर्थिक वर्षको सुरूमै योजनागत बजेट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ।

१७. **भवन संहिता** - सरकारी भवनहरू निर्माण गर्दा राष्ट्रिय भवन संहिता, २०७७ बमोजिमका मापदण्डहरू पालना गर्नुपर्नेमा सहरी विकास तथा भवन कार्यालयहरू दाङ्ग, रूपन्देही, बाँके, पाल्पा, रोल्पा र पूर्वाधार विकास प्राधिकरण तथा प्रदेश राजधानी व्यवस्थापन आयोजनालाई भवनको डिजाईन तथा निर्माण गर्दा राष्ट्रिय भवन संहिता, २०७७ को पालना सम्बन्धमा सम्बन्धित विशेषज्ञ समेतको सहयोगमा प्रश्नावलीको माध्यमबाट प्राप्त जवाफ विश्लेषण गर्दा भवनहरूको डि.पि.आर को तेस्रो पक्षबाट समीक्षा वा समकक्षी पुनरावलोकन नगरेको, भवनको स्टेबिलिटी तथा लोड बियरिङ्ग क्षमता यकिन गर्न फाउन्डेसन एनालाईसिस गर्नुपर्नेमा नगरेको, फर्मवर्क, ऊर्जा मितव्ययिता र ह्याण्ड रेलिंग कार्यको डिजाईन गर्नुपर्नेमा नगरी निर्माण गर्ने गरेको, स्थानीय तहहरूबाट भवन निर्माणको अनुमति र निर्माण पश्चात कार्य सम्पन्नको स्वीकृती लिनुपर्नेमा लिएको देखिएन। सरकारी भवन निर्माण गर्दा भवन संहिताको पूर्ण पालना गर्नुपर्दछ।

१८. **योजनाको कार्यक्षेत्र** - नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले कार्यान्वयन गर्ने कार्यक्रमलाई व्यवस्थित गर्न नेपाल सरकारले लागु गरेको आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० बमोजिम स्थानीय तहको कार्यक्षेत्रमा पर्ने योजनाहरूमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले रु.५ लाख सम्मका १ हजार ३८ योजनाहरूमा रु.३४ करोड ३५ लाख, सहरी विकास तथा खानेपानी मन्त्रालयले रु.१ हजार देखि रु.५ लाख सम्मका ७०७ आयोजनामा रु.८९ लाख ३७ हजार तथा भौतिक पूर्वाधार विकास मन्त्रालयले रु.१ लाखदेखि रु.२० लाखसम्मका १ हजार १९७ योजनाहरूको लागि रु.७६ करोड ५३ लाख विनियोजन गरी खर्च गरेका छन्। मापदण्ड अनुसार आफ्नो कार्यक्षेत्र भित्रका योजनाहरू छनोट गरी कार्यान्वयन गर्नुपर्दछ।

१९. **पेस्की फस्यौंट** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेस्की दिने र फस्यौंट गर्ने व्यवस्था छ। प्रदेश सरकार मातहतका १० मन्त्रालयले गत आर्थिक वर्षको पेस्की बाँकी रु.८२ करोड ४ लाख ६७ हजार तथा यस वर्षको म्याद नाघेको पेस्की रु.५ करोड ९०

लाख ५१ हजार र म्याद ननाघेको रु.१ अर्ब ३६ करोड ३३ लाख ८७ हजार समेत रु.२ अर्ब २४ करोड २९ लाख ५ हजार रहेको छ। पेस्की बाँकी रकम नियमानुसार फर्स्योट हुनुपर्दछ।

२०. **तलबी प्रतिवेदन -** प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७(५) तथा प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम ७८(४) बमोजिम तलवी प्रतिवेदन पारित गरेर मात्र तलब भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। प्रदेश सरकार र अन्तर्गत निकायको तलबी प्रतिवेदन पारित नगरी यो वर्ष रु.१ अर्ब ९९ करोड ५४ लाख ९ हजार तलब भुक्तानी गरेको छ। तलवी प्रतिवेदन पारित गरी तलव भुक्तानी गर्नुपर्दछ।

२१. **पाइप तथा फिटिङ्गस -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा खरिद आवश्यकताको विवरण तयार गर्नुपर्ने व्यवस्था छ। सहरी विकास तथा खानेपानी मन्त्रालय मातहतका खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू गुल्मी, कपिलवस्तु, दाङ्ग, पाल्पा, प्युठान, बाँके सहित ६ कार्यालयले यस वर्ष खरिद गरेको मध्ये रु.१७ करोड ४४ लाख २७ हजारका विभिन्न साइजका पाइप तथा फिटिङ्स मौज्दात रहेको छ। विगतको मौज्दात र लागत अनुमान अनुसार आवश्यक परिमाणमा खरिद गर्नुपर्दछ।

२२. **प्रदेश गौरवको आयोजना -** प्रदेश गौरवका आयोजना निर्धारण सम्बन्धी मापदण्ड, २०७६ ले विशेष महत्वका आयोजना तथा कार्यक्रमलाई प्रदेश गौरवका आयोजनाको रुपमा पहिचान गरी विशेष सुविधा र प्राथमिकता निर्धारण गरेर कार्यान्वयन गर्ने लक्ष्य राखेको तथा निर्माण अवधि ३ देखि ५ वर्ष हुने उल्लेख छ। रामपुर कपुरकोट सडक प्रदेश गौरवको आयोजनाको रुपमा कार्यान्वयन भईरहेको छ। यस आयोजना अन्तर्गत सञ्चालित योजनाको कुल ३४ खण्डमध्ये १२ खण्डमा १०५ कि.मी.कालोपत्रे र ३.८ कि.मि. ग्राभेल सडकको लागत अनुमान रु.२ अर्ब ९६ करोड १७ लाख रहेकोमा रु.१ अर्ब ६३ करोड ३५ लाखमा खरिद सम्झौता भई हालसम्म रु.१ अर्ब ७ करोड ७० लाख ५८ हजार (६६ प्रतिशत) सडक पूर्वाधार डिभिजन कार्यालयहरू अर्घाखाँची, पाल्पा, प्युठान र रोल्पा मार्फत खर्च भएको छ। त्यसमध्ये केही ठेक्काहरूको काम अधुरो रहेको छ। उक्त योजना आर्थिक वर्ष २०७५।७६ देखि सञ्चालनमा रहेपनि सम्पन्न गर्नुपर्ने अवधिमा २२ खण्डको सडक निर्माण कार्य सुरु हुन सकेको छैन। प्रदेश गौरवका आयोजना मापदण्ड अनुसार तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ।

२३. **म्याद थप -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा खरिद सम्झौतामा उल्लेख भए अनुसार खरिद सम्झौताको म्याद थप गर्ने व्यवस्था छ। खरिद सम्झौतामा भेरिएसन आदेश र असामान्य अवस्थाको आधारमा म्याद थप गर्न सकिने व्यवस्था छ। निकायहरुले खरिद सम्झौतामा व्यवस्था भएको कार्यतालिका अद्यावधिक गर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिने, म्याद थप गर्ने घटनाले पारेको प्रभावको आधारमा म्याद थप गर्ने, डेली डायरी राख्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि निवेदन दिनुपर्ने प्रावधानहरूलाई आधार लिई म्याद थप गरेको अवस्था छैन। सार्वजनिक खरिद ऐन र ठेक्का सम्झौता विपरीत सार्वजनिक खरिद नियमावलीमा छैटौंदेखि १३औं संशोधन गरेर एकमुष्ट रुपले म्याद थप गर्ने गरेको छ। पहिलो पटक थपिएको म्यादमा सम्पन्न नभएका ठेक्काको पूर्वनिर्धारित क्षतिपूर्ति नलगाई पटकपटक म्याद थप गर्ने गरेको छ। निर्माण व्यवसायीलाई पटकपटक सम्झौता विपरीत म्याद थपको सुविधा दिने तर खरिद कानुन र सम्झौताअनुसार ठेक्का सम्पन्न नगराउने कार्यालयहरूको कमजोरीका कारण यो वर्ष सडक पूर्वाधार विकास कार्यालय रूपन्देहीको १०, कपिलवस्तुको ४, पाल्पाको ६, अर्घाखाँचीको ७, प्युठानको ६, दाङ्गको ६ तथा बाँकेको ४ समेत ८

कार्यालयको रु.१ अर्ब ७६ करोड ४० लाख ७० हजारका ३७ ठेक्काको ३०० प्रतिशत र ६ पटकसम्म म्याद थप गर्दा पनि सम्पन्न नभएको, कतिपय ठेक्काको काम सुरु नै नभएको, न्युन प्रगति भएकोले अधुरा ठेक्काको संख्या बढ्दै गई रकम खर्च भएर पनि सेवाग्राहीले सेवा प्राप्त गर्न नसकेको अवस्था सिर्जना भएको छ। सार्वजनिक खरिद नियमावली संशोधनबाट नभई सार्वजनिक खरिद ऐनको उपर्युक्त व्यवस्था र ठेक्का सम्झौताअनुसार निर्माण कार्य ढिलाई नहुने गरी म्याद थप गर्नुपर्दछ।

२४. **खरिदमा प्रतिस्पर्धा -** सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को उद्देश्य खरिद कार्यलाई प्रतिस्पर्धी र मितव्ययी बनाउने रहेको र त्यसको लागि खुल्ला बोलपत्रको व्यवस्था गरेको छ। रु.७ अर्ब १७ करोड ४८ लाख लागत अनुमानको लुम्बिनी प्रादेशिक अस्पताल निर्माण गर्न ०.००२ प्रतिशत घटी रु.७ अर्ब १५ करोड ९४ लाखमा एक निर्माण व्यवसायीसँग सम्झौता गरी निर्माण कार्य भइरहेको छ। निर्माण व्यवसायीहरूको पूर्व योग्यता निर्धारण गर्न कार्यालयले तयार गरेको स्टान्डर्ड प्रोक्योरमेन्ट डकुमेन्टमा सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको डकुमेन्ट पालना नगरेको, विदेशी बोलपत्रदाताले आफ्ना कागजातहरू आफ्नो देशको दुतावासबाट नोटराइज गर्ने थप व्यवस्था राखेको, कुल लागत अनुमानको १० प्रतिशत भन्दा कम लागत अनुमान भएको फर्मवर्कलाई प्रमुख क्रियाकलाप मानेको, ४ पटक स्टान्डर्ड प्रोक्योरमेन्ट डकुमेन्ट संशोधन गरी निर्माण व्यवसायीको औसत वार्षिक कारोबार रकम र निर्माण कार्यको अनुभव परिवर्तन गरेको कारणले खरिद कार्यमा प्रतिस्पर्धा नभई लागत अनुमानको हाराहारीमा ठेक्का सम्झौता गरेको छ। ठेक्का व्यवस्थापनमा स्वच्छता र पर्याप्त प्रतिस्पर्धा सुनिश्चित गर्नुपर्दछ।

२५. **पेस्की जमानत प्राप्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा उल्लखित समयावधिभित्र सम्पादन नगरेको कारणले पेस्की फर्स्यौट हुन नसकेमा सार्वजनिक निकायले बैङ्क जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेस्की फर्स्यौट गर्नुपर्ने र निजबाट त्यस्तो पेस्की रकमको वार्षिक १० प्रतिशत व्याजसमेत असुलउपर गर्नुपर्ने व्यवस्था छ। भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका रु.१५ करोड ८७ लाख ९ हजारका ४ ठेक्कामा रु.८ करोड ४३ लाख ३८ हजार भुक्तानी भएकोमा न्यून प्रगति भएको र ठेक्काको म्याद थप नभएको अवस्थामा पेस्की जमानत प्राप्त गरी व्याजसमेत रु.१ करोड ५९ लाख ४५ हजार पेस्की फर्स्यौट गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ। साथै सहरी विकास तथा भवन कार्यालय, दाङले ४ निर्माण व्यवसायीको रु.१ करोड ८२ लाख ४० हजार र रूपन्देहीले २ निर्माण व्यवसायीको रु.३७ लाख ७० हजार समेत रु.२ करोड २० लाख पेस्की जमानत प्राप्त गरी धरौटी खातामा राखेको छ। उक्त रकम प्रदेश सञ्चित कोष दाखिला गरी पेस्की फर्स्यौट गर्नुपर्दछ।

२६. **बजेट विनियोजन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८(ख) मा क्रमागत रुपमा रहेका योजनाको हकमा खरिद योजना वा सम्झौता अनुरुप आगामी वर्ष आवश्यक पर्ने रकम मात्र प्रस्ताव गर्नुपर्ने तथा उपदफा (२) बमोजिम खर्च प्रतिवद्धता दिएका कार्यक्रमहरूका लागि पर्याप्त बजेट विनियोजन गरेर मात्र नयाँ योजना तथा कार्यक्रमका लागि रकम प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष गत विगत वर्षहरूमा ठेक्का सम्झौता भएका तथा खर्च प्रतिवद्धता दिएका रु.८६ करोड ३८ लाख ३९ हजारका ४ ठेक्काहरूमा रु.४० करोड ६३ लाख ६२ हजार भुक्तानी भइसकेकोमा र रु.१८ करोड ७९ लाख ९९ हजार थप बजेट आवश्यक पर्नेमा बजेट विनियोजन नगरी ठेक्का अधुरो राखेको छ। खरिद

सम्झौता भइसकेका योजनामा आवश्यक बजेट विनियोजन गरी ठेक्का सम्झौता अनुसार कार्य सम्पन्न गर्नुपर्दछ।

खण्ड

# १

## मन्त्रालय र निकायगत बेहोरा

# प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १७५ अनुसार गठित प्रदेश सभामा धारा १७६ अनुसार ८७ सदस्य रहने व्यवस्था छ। संविधानको धारा १९५ मा प्रदेश सभाको काम कारबाही सञ्चालन तथा व्यवस्थापन गर्न एक सचिवालय रहने व्यवस्था छ।

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष सचिवालयको रु. २४ करोड ७ लाख ६२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| २२४६५३ | ६९२ | ४४३८ | १०९७९ | २४०७६२ |

२. **बजेट खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त सचिवालयको यो वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| क्र.सं. | खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा/खर्च |
|---|---|---|---|---|
| | **चालु खर्च** | | | |
| १ | २११०० पारिश्रमिक/सुविधा | १६६३४७ | १६५२९७ | १३३०५६ |
| २ | २१२०० कर्मचारीको सामाजिक सुरक्षा | १२५ | १२५ | ६३ |
| ३ | २२१०० सेवा महसुल | ६४९४ | ६४९४ | ३९०७ |
| ४ | २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | १६२१० | १६२१० | १०६०५ |
| ५ | २२३०० कार्यालय सामान तथा सेवाहरू | १५५६० | १५५६० | १०९२९ |
| ६ | २२४०० सेवा तथा परामर्श खर्च | ११२२८ | १२७७८ | ७२६१ |
| ७ | २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | २६४५० | २५९५० | १२२५० |
| ८ | २२६०० अनुगमन,मूल्यांकन र भ्रमण खर्च | १३७१४ | १३७१४ | ५९५९ |
| ९ | २२७०० विविध खर्च | ८३६० | ८३६० | ४१०० |
| १० | २७२०० सामाजिक सहायता | ६०० | ६०० | ३१२ |
| ११ | २८१०० सम्पत्ति सम्बन्धी खर्च | १५०० | १५०० | २९५ |
| | **जम्मा** | **२६६५८८** | **२६६५८८** | **१८८७३७** |
| | **पुँजीगत खर्च** | | | |
| १ | ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | ७२२५० | ७२२५० | ३५९१६ |
| | **कुल जम्मा** | **३३८८३८** | **३३८८३८** | **२२४६५३** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ७०.८० प्रतिशत, पुँजीगततर्फ ४९.७१ प्रतिशत र समग्रमा ६६.३० प्रतिशत खर्च गरेको छ।

३. **निर्णय र निर्देशनहरूको कार्यान्वयन -** प्रदेश सभा नियमावली, २०७९ को नियम १५३ मा समितिहरूले विषय क्षेत्र अन्तर्गतको मन्त्रालय एवं सरकारी निकायको काम कारबाहीको अनुगमन, विश्लेषण एवं मूल्याङ्कन गर्ने र आवश्यकता अनुसार सम्बन्धित निकायलाई निर्देशन दिने व्यवस्था छ। प्रदेश सभाबाट प्राप्त विवरणअनुसार सभाबाट पारित भई प्रमाणीकरण भएका ऐनहरूको कार्यान्वयन अवस्था अध्ययन गर्न कानुनको उत्तर विधायिकी परीक्षणको अवधारणा पत्र र मार्गदर्शन निर्माण भएकोमा कार्यान्वयन

भएको छैन। उद्योग र पर्यटनसँग सम्बन्धित आयोजनामा रहेका समस्या समाधानका लागि दाङ्ग, बाँके र बर्दिया जिल्लामा, भौतिक पूर्वाधारसँग सम्बन्धित आयोजनामा रहेका समस्या समाधानका लागि पाल्पा, गुल्मी, अर्घाखाँची, प्युठान र लुम्बिनी प्रदेशमा बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको आवश्यकता र औचित्यता सम्बन्धमा गरेको अनुगमनका प्रतिवेदनहरू कार्यान्वयन गरेको छैन। त्यसैगरी, वन क्षेत्रमा निर्माण गरिएका सरकारी भवनको तथ्याङ्क सङ्कलन गर्न मन्त्रालयहरूलाई निर्देशन दिएकोमा कार्यान्वयन भएको छैन।

४. **कानुन निर्माण** - प्रदेश सभा नियमावली, २०७९ को नियम १०७, १०८ र १०९ बमोजिम प्रदेश सभामा विधेयक पेस गर्ने, सैद्धान्तिक छलफल गर्ने तथा दफावार छलफलका लागि समिति वा सभामा पठाउने र प्रदेश प्रमुखबाट प्रमाणीकरण भएपछि आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट राजपत्रमा प्रकाशन गर्ने व्यवस्था छ। प्रदेश सभाको प्रथम कार्यकालमा ८४ विधेयक दर्ता भएको मध्ये ७२ र दोस्रो कार्यकालको २०८०।८१ सम्म दर्ता भएका १३ विधेयकमध्ये १२ समेत कुल ९७ विधेयक दर्ता भई ८४ पारित तथा प्रमाणीकरण भएको छ।

५. **वार्षिक प्रतिवेदनमा छलफल** - प्रदेश सभा नियमावली, २०७९ को नियम १४८(क) मा सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन माथि छलफल गर्ने व्यवस्था छ। महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेस गरेको ६ वर्षको वार्षिक प्रतिवेदन मध्ये पहिलो र दोस्रो प्रतिवेदन उपर छलफल भएकोमा बाँकी ४ प्रतिवेदन उपर छलफल हुन बाँकी देखिन्छ। वार्षिक प्रतिवेदन उपर छलफल गरी लेखा समितिको निर्णय कार्यान्वयन गर्नुपर्दछ।

६. **वार्षिक कार्यक्रम कार्यान्वयन** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा कार्यक्रम कार्यान्वयन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था रहेको छ। वार्षिक कार्यक्रममा व्यवस्था गरेका समितिका सदस्य तथा पदाधिकारीलाई समितिको विषय र कार्यक्षेत्रसँग सम्बन्धित अभिमुखीकरण, उत्तर विधायिकी परीक्षण, विधेयक उपर सरोकारवालासँग छलफल तथा अन्तरक्रिया सञ्चालन र विधेयक अनुशिक्षण, वार्षिक समीक्षा तथा छलफल, सचिवालय परिसरमा खेलमैदान निर्माण लगायतका कार्यक्रमहरू कार्यान्वयन गर्न रु.६९ लाख बजेट विनियोजन गरेकोमा ती कार्यक्रमहरू कार्यान्वयन गरेको पाइएन। वार्षिक कार्यक्रममा उल्लेख भएका बेहोरा कार्यान्वयन गर्नुपर्दछ।

७. **वित्तीय विवरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५(२) बमोजिम सङ्घ, प्रदेश तथा स्थानीय तहले नेपाल सरकारबाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र विनियोजन, राजस्व, धरौटी र अन्य कोषको वार्षिक वित्तीय विवरण र सम्पत्ति दायित्वको विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई तालुक निकायमा पठाउनुपर्ने व्यवस्था छ। सचिवालयले उक्त व्यवस्था अनुसार नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसारको वित्तीय विवरण तयार गरेको छैन। सार्वजनिक क्षेत्र लेखामानले तोकेको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्दछ।

८. **आन्तरिक नियन्त्रण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्षभित्र लागु गर्नुपर्ने व्यवस्था छ। ऐन लागु भएको सात वर्ष भईसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन। कानुनमा तोकिए अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

९. **स्वास्थ्य उपचार कोष** - प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ११(२) तथा प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको स्वास्थ्य उपचार कोष सम्बन्धी कार्यविधि, २०७६ को बुँदा नं.५(५) मा पदाधिकारी तथा सदस्यहरूले स्वीकृत चिकित्सकको सिफारिस बमोजिम उपचार गर्दा लागेको औषधि उपचार खर्चका बिल अनुसार वा रु.५ लाखमध्ये घटी रकम उपलब्ध गराउने व्यवस्था छ। यो वर्ष रु.१ करोड ९ लाख ७९ हजार कोषमा निकासा गरी सभासदहरूको स्वास्थ्य उपचारमा रु.२४ लाख १३ हजार खर्च गरेको छ।

१०. **स्वकीय सचिवहरूको योग्यता** - प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-२ मा प्रदेश सभाका पदाधिकारीहरूलाई नायब सुब्बादेखि उपसचिव स्तरसम्मको स्वकीय सचिव सुविधा दिने व्यवस्था छ। स्वकीय सचिवहरूलाई शैक्षिक योग्यताको प्रमाणपत्र पेस गर्न सूचना जारी गर्दा पनि शैक्षिक योग्यताको प्रमाणपत्र पेस नगर्ने २२ स्वकीय सचिवहरूको लागि रु.५९ लाख ५२ हजार तलब भत्ता खर्च लेखेको छ।

११. **करार कर्मचारी नियुक्ति** - प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ९ मा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्थायी दरबन्दी सृजना तथा पदपूर्ति गर्न सकिने व्यवस्था छ। त्यसैगरी, स्थायी दरबन्दी भित्र रहने गरी कम्प्युटर अपरेटर, सहायक कम्प्युटर अपरेटर, कार्यालय सहयोगी, स्वीपर, पलम्बर, सवारी चालक र इलेक्ट्रीसियन पदमा करारमा र लोकसेवा आयोगले अस्थायी नियुक्तिको लागि प्रकाशन गरेको सूचीबाट स्थायी पदपूर्ति नभएसम्म अस्थायी नियुक्ति गर्न सकिने व्यवस्था छ। सचिवालयले गत विगत वर्षदेखि अस्थायी दरबन्दी सृजना गरी कम्प्युटर अपरेटर, मेकानिकल सुपरभाइजर, भिडियोग्राफर लगायत ८ अस्थायी दरबन्दीमा करारमा नियुक्ति गरी यो वर्ष रु.२८ लाख ५१ हजार तलब भत्ता भुक्तानी दिएको छ।

१२. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा टुक्रा पारी खरिद गर्न नमिल्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको मालसामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। सचिवालयले रु.१ करोड २७ लाख ५८ हजारको मेसिनरी औजार, फर्निचर र विद्युतीय उपकरणहरू सोझै खरिद गरेको छ। खरिद कानुन बमोजिम खरिद कार्यलाई प्रतिस्पर्धी र मितव्ययी बनाउनुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा विधायिकी अधिकार प्रत्यायोजन, स्वास्थ्य उपचार कोषको प्रयोग, आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, स्वकीय सचिवको योग्यता, करारमा कर्मचारी नियुक्ति लगायतका बेहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण** - यो वर्ष सचिवालयको लेखापरीक्षणबाट रु.८८ लाख ४ हजार बेरुजु देखिएकोमा फर्स्यौट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम कार्यालयको देहायका प्रमुख कार्यहरुको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी कार्यहरू पर्दछन्:

- प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी,
- प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
- प्रदेश सरकारको कार्य विभाजन नियमावली तर्जुमा तथा कार्य सञ्चालन,
- प्रदेश मन्त्रिपरिषद्का निर्णय कार्यान्वयन,
- राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरूको जानकारी र सम्बोधन,
- नेपालको संविधान बमोजिम प्रदेश कानुन र स्थानीय तहका बनाउनुपर्ने कानुनको तर्जुमा,
- आयोग तथा निकायहरूको गठन एवं सञ्चालन र पदाधिकारीहरूको नियुक्ति एवं सेवा सुविधा सम्बन्धी,
- प्रदेश निजामती सेवा र प्रदेशका अन्य सरकारी सेवा सञ्चालन सम्बन्धी कानुन तर्जुमा,
- गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानुन तर्जुमा,
- प्रदेश स्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण,
- सङ्घीय सरकारको स्वीकृतिमा द्विपक्षीय वा बहुपक्षीयस्तरमा भएका सन्धि सम्झौता वा सहमति कार्यान्वयन,

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको रु. ३९ करोड २६ लाख ४८ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| २४९६६८ | १८७७ | २७३३२ | ११३७७१ | ३९२६४८ |

कार्यालय मातहत २ समितिको रु.१ अर्ब ५९ करोड ७४ लाख ९६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

२. **बजेट खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त कार्यालयको यो वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| क्र सं. | खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा/खर्च |
|---|---|---|---|---|
| | **चालु खर्च** | | | |
| १ | २११०० पारिश्रमिक/सुविधा | ५५५९६ | ५८९४१ | ४३८४० |
| २ | २१२०० कर्मचारीको सामाजिक सुरक्षा | २६१ | २६१ | १६९ |
| ३ | २२१०० सेवा महसुल | ५९५६ | ६८५६ | ५४५४ |
| ४ | २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | १८२३४ | २३०३४ | १६४३४ |
| ५ | २२३०० कार्यालय सामान तथा सेवाहरू | ११८३० | ११८३० | ८८७० |
| ६ | २२४०० सेवा तथा परामर्श खर्च | १६८१६ | १६३१६ | १२७८६ |

| क सं. | खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा/खर्च |
|---|---|---|---|---|
| ७ | २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | १२६३५०० | १२५६२०० | ५०९१७ |
| ८ | २२६०० अनुगमन मूल्याङ्कन र भ्रमण खर्च | ७५७४ | ६९७४ | ५४७१ |
| ९ | २२७०० विविध खर्च | ४३३५ | ४३३५ | २९८१ |
| १० | २६४०० सामाजिक सेवा अनुदान | १४९७०० | १४९७०० | १०४९६९ |
| ११ | २७३०० कर्मचारी सामाजिक लाभ | ०.०० | १०० | ९९ |
| १२ | २८१०० सम्पत्ति सम्बन्धी खर्च | ३७७० | ३०७० | १९४३ |
| | जम्मा | १५३७५७२ | १५३७६१७ | २५३९३३ |
| | **पुँजीगत खर्च** | | | |
| १ | ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | ६०२०० | ६०२५५ | ५४६९ |
| | कुल जम्मा | १५९७७७२ | १५९७८७२ | २५९४०२ |

उल्लिखित शीर्षकगत खर्चमा मुख्य न्यायाधिवक्ताको कार्यालयको रु.९७ लाख ३४ हजार खर्च समावेश रहेको छ । साथै चालुतर्फ १६.५१ प्रतिशत, पुँजीगततर्फ ९.०८ प्रतिशत र समग्रमा १६.२३ प्रतिशत खर्च गरेको छ।

३. **आवधिक योजना –** प्रदेश सरकारको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) मा समावेश भएका यस कार्यालयसँग सम्बन्धित कार्यहरूको लक्ष्य र प्रगति स्थिति देहायअनुसार रहेको छः

| क्र.सं. | विषय | एकाई | २०७५।७६ आधार वर्ष | २०८०।८१ सम्मको लक्ष्य | २०८०।८१ सम्मको प्रगति |
|---|---|---|---|---|---|
| १ | कुल गार्हस्थ उत्पादनको वृद्धिदर | प्रतिशत | ७.४ | ९.५ | ४.०५ |
| २ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | ८०३ | १६०० | ११५९ |
| ३ | बहुआयमिक गरिबीदर | प्रतिशत | २९.९ | १५ | १८.२ |
| ४ | बालमृत्युदर ५ वर्षमुनी | प्रतिहजार | ४५ | २५ | ४१ |
| ५ | विद्युतमा पहुँच पुगेको | प्रतिशत | ८१.०३ | १०० | ९८.३२ |

कुल ग्राहस्थ उत्पादन वृद्धि दरमा लक्ष्य ७.४ प्रतिशतको तुलनामा ४.०५ प्रतिशत प्रगति भएको देखियो।

४. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५(२) मा आवधिक आयोजनालाई मार्गदर्शनको रुपमा लिई मध्यमकालीन खर्च संरचनामा प्रस्तावित कार्यक्रमको क्रियाकलापगत विवरण (क्रियाकलापको प्रति ईकाइ लागत, लाग्ने अनुमानित समय र प्रतिफल) खुलाई प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। मध्यमकालीन खर्च संरचनाअनुसार ३ वर्षको बजेटको अवस्था देहायअनुसार रहेको छः

(रु.हजारमा)

| आर्थिक वर्ष | मध्यमकालीन बजेट प्रक्षेपण | वास्तविक बजेट | प्रस्तावित बजेट फरक प्रतिशत |
|---|---|---|---|
| २०७८।७९ | ३४०२६५ | ५४३१९० | ५९.६४ |
| २०७९।८० | ९८११०० | १११९०४५ | १४.०६ |
| २०८०।८१ | ९९७७६० | १५९७८७२ | ६०.१५ |

उल्लिखित बजेट प्रक्षेपण तथा वास्तविक बजेटमा मुख्य न्यायाधिवक्ता कार्यालयको रकमसमेत समावेश छ ।

मध्यमकालीन खर्च संरचनाले प्रक्षेपण गरेको तीन वर्षको बजेटको तुलनामा १४.०६ देखि ६०.१५ प्रतिशतसम्म बढी बजेट विनियोजन भएको छ। बजेट प्रक्षेपण र बजेट विनियोजनलाई यथार्थपरक बनाउनुपर्दछ।

५. **वार्षिक नीति तथा कार्यक्रम –** प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम २०८०।८१ मा प्रदेश राजधानीमा आधुनिक सहर संरचना विकासका लागि स्रोत व्यवस्थापन गर्न सङ्घ र स्थानीय तहसँग निरन्तर समन्वय तथा लगानी आकर्षण गर्न विकास साझेदारको सहभागिता जुटाउने उल्लेख गरेकोमा आंशिक कार्यान्वयन भएको छ।

६. **बजेट कार्यान्वयन -** प्रदेश सरकारको बजेट वक्तव्य २०८०।८१ मा उल्लेख भएका प्रदेश राजधानीमा निजामती कर्मचारी अस्पताल स्थापना गर्ने, राष्ट्रिय किताबखानासँग समन्वय गरी प्रदेशका कर्मचारीको अभिलेख विद्युतीय प्रणाली मार्फत व्यवस्थित गर्न प्रदेश किताबखानाको स्थापना गर्ने, समग्र योजना चक्रलाई व्यवस्थित र पूर्वानुमानयोग्य बनाई सूचना प्रविधिमैत्री आयोजना बैङ्क स्थापना गर्ने लगायतका विषयहरू कार्यान्वयनमा आएको छैन। बजेटमा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

७. **प्रगति मूल्याङ्कन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रमको प्रगति मूल्याङ्कन गर्ने व्यवस्था छ। यस वर्षको वार्षिक विकास कार्यक्रम अनुसार मन्त्रालय र मातहतका कार्यालयका लागि १२३ क्रियाकलापमा थपसमेत रु.१ अर्ब ५९ करोड ७८ लाख ७२ हजार बजेट विनियोजन भएकोमा रु.२५ करोड ९४ लाख २ हजार (१६.२३ प्रतिशत) खर्च गरेकोमा एकीकृत भौतिक प्रगति तयार गरेको छैन। सञ्चालित कार्यक्रमको प्रगति विवरण तयार गर्नुपर्दछ।

८. **नवप्रर्वधन कार्यक्रम -** प्रदेश तथा स्थानीय सहयोग कार्यक्रमको लागि यस वर्ष रु.१२ करोड बजेट विनियोजन भएकोमा रु.६ लाख ५९ हजार अर्थात् ०.५५ प्रतिशत खर्च भएको छ। कार्यक्रम कार्यान्वयन गर्न स्वीकृत भएका क्रियाकलापहरूमध्ये स्थानीय तहको सेवा प्रवाह, सुशासन र विकास व्यवस्थापनका क्षेत्रमा स्थानीय तहसँगको साझेदारीमा सिर्जनशील र नवप्रवर्तनशील आयोजना प्रवर्धन गर्ने बेहोरा बजेटमा उल्लेख भएकोमा कार्यान्वयन भएको छैन। वार्षिक कार्यक्रम र बजेटमा उल्लेख गरेका कार्यक्रमहरू कार्यान्वयन हुनुपर्दछ।

९. **रोजगारी सिर्जना कार्यक्रम -** मुख्यमन्त्री आर्थिक विकास कार्यक्रमअन्तर्गत रोजगारमूलक शिक्षा मार्फत प्राविधिक सीप विकास गर्दै सीप, पुँजी र प्रविधिको संयोजनमा सङ्घ, स्थानीय तह, निजी क्षेत्रको साझेदारीमा आगामी दुई वर्षमा २ लाख उत्पादनशील रोजगारी सिर्जना गर्ने कार्यक्रमको लागि रु.१ अर्ब बजेट विनियोजन गरेकोमा पूर्व तयारीको अभावमा रु.४५ लाख २१ हजार (०.४५ प्रतिशत) मात्र खर्च भएको छ। कार्यान्वयनको पूर्वाधार र पूर्व तयारी भएपछि बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

१०. **सङ्गठन र कर्मचारी व्यवस्थापन -** नेपालको संविधानको धारा १६८ को उपधारा ९ मा प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाका सदस्यमध्येबाट समावेशी सिद्धान्त बमोजिम मुख्यमन्त्री सहित प्रदेश मन्त्रिपरिषद् गठन गर्ने व्यवस्था छ। प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार २०७४।११।७ मा ७ मन्त्रालय गठन गरेकोमा २०७८।५।१८ मा १३, २०७८।१२।६ मा ९, २०८१।१।६ मा ११ तथा २०८१।१।१२ मा १२ मन्त्रालय कायम गरी पटकपटक संख्या थपघट भएको देखिन्छ। मन्त्रालयको कार्य जिम्मेवारीमा पटक-पटकको परिवर्तनले मन्त्रालय र

मातहतको कार्यक्षेत्रमा परिवर्तन हुँदा बजेट खर्च गर्ने अख्तियारी, वार्षिक कार्यक्रमको प्रगति समीक्षा, लेखापरीक्षण बेरुजु फस्यौंट, सम्पत्तिको अभिलेख जस्ता विषयमा प्रभाव परेकोले उपयुक्त र मितव्ययी संरचना निर्माण गर्नुपर्दछ।

१०.१. प्रदेश अन्तर्गत २११ निकायमा स्थायी ४ हजार ७८ र अस्थायी १ हजार २१६ समेत ५ हजार २९४ दरबन्दी स्वीकृत भएकोमा २ हजार २२८ स्थायी र १ हजार २१६ अस्थायी समेत ३ हजार ४४४ पदपूर्ति गरेको छ। रिक्त दरबन्दीमा १ हजार ८५० करारवाट पूर्ति गरिएको छ। प्रदेशको समग्र कार्यसम्पादन र सेवा प्रवाहमा प्रभावकारिता आउने गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

१०.२. प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २५(४) मा कर्मचारीको सरुवा सामान्यतया प्रमुख निकायले हरेक वर्षको श्रावण २१ गतेसम्म र सम्बन्धित मन्त्रालयले भाद्र ७ गतेभित्र गरिसक्नुपर्ने व्यवस्था रहेको छ। प्रदेश निजामती सेवा ऐनमा भएको व्यवस्था विपरीत हुने गरी मन्त्रालयले २०८१।१।२१ सम्म पटकपटक विभिन्न पदका ३१ कर्मचारीको सरुवा गरेको छ। कानुनले तोकेको अवधिमा सरुवा गर्नुपर्दछ।

११. **कानुन निर्माण -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ मा नेपालको संविधान बमोजिम प्रदेश तथा स्थानीय तहसम्बन्धी कानुन बनाउने जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई तोकिएको छ। प्रदेश सरकारले सालबसाली ऐन र संशोधन गर्ने कानुन बाहेक विभिन्न ७२ ऐन र २८ नियमावली बनाएको छ।

१२. **प्रदेश समन्वय परिषद् -** सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४(१) मा स्थानीय तह बीचको समन्वय वा अन्तर सम्बन्धलाई व्यवस्थित गर्न प्रदेशमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। यो वर्ष प्रदेश समन्वय परिषद्को बैठक २०८०।१०।४ मा बसी एकल तथा साझा अधिकारको सम्बन्धमा प्रदेशले बनाउनुपर्ने कानुन निर्माण संशोधन/परिमार्जन २०८१ वैशाखभित्र गर्ने, प्रदेश योजना आयोगले आयोजना बैङ्क तयार गर्ने, सङ्घ र प्रदेशले टुक्रे आयोजनामा भन्दा रणनीतिक आयोजना कार्यान्वयन गर्ने, लागत सहभागिताको आधारमा तहगत बजेटको अभाव हुन नदिने, स्थानीय तहले प्रदेशको आवधिक योजनासँग तादाम्यता कायम हुने गरी आफ्नो आवधिक योजना निर्माण गरी कार्यान्वयन गर्ने लगायतका ३४ निर्णय गरेको छ। परिषद्ले निर्णय कार्यान्वयको अनुगमन गर्नुपर्दछ।

१३. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० बमोजिम आफ्नो र मातहतका कार्यालयका लागि आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्षभित्र लागु गर्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि ऐन लागु भएको सात वर्ष भई सक्दापनि कार्यालय र मातहत कार्यालयको लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। कानुनमा तोकिए अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

१४. **वित्तीय विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५(२) बमोजिम सङ्घ, प्रदेश तथा स्थानीय तहले नेपाल सरकारबाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र विनियोजन, राजस्व, धरौटी र अन्य कोषको वार्षिक वित्तीय विवरण र सम्पत्ति दायित्वको विवरण तयार गरी प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालयमा

पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले उक्त व्यवस्था अनुसार नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसारको वित्तीय विवरण तयार गरेको छैन। सार्वजनिक क्षेत्र लेखामानले तोकेको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्दछ।

## समिति र अन्य संस्था

### प्रदेश पूर्वाधार विकास प्राधिकरण

पूर्वाधार विकास प्राधिकरण ऐन, २०७७ बमोजिम प्रदेशको विकासमा योगदान गर्ने योजना तर्जुमा र सञ्चालन गर्न यस प्राधिकरणको स्थापना भएको हो। प्राधिकरणमा यो वर्ष रु.७६ करोड ७४ लाख २१ हजार बजेट व्यवस्था भएकोमा रु.७२ करोड ९२ लाख ५१ हजार खर्च भएको छ।

१५. **लुम्बिनी प्रादेशिक अस्पताल निर्माण** - मूल्य अभिवृद्धि कर र प्रोभिजनल सम सहित कन्टिन्जेन्सी बाहेक रु.७ अर्ब १७ करोड ४८ लाख लागत अनुमानको अस्पताल भवन निर्माण कार्य ५ वर्षभित्र सम्पन्न गर्नेगरी २०८०।९।१६ मा एक संयुक्त उपक्रमसँग लागत अनुमानको तुलनामा ०.००२ प्रतिशत घटी रु.७ अर्ब १५ करोड ९४ लाखमा ठेक्का सम्झौता गरेको छ। भवन निर्माणका लागि ७ निर्माण व्यवसायीले बोलपत्र पेस गरेकोमा ३ निर्माण व्यवसायी पूर्वयोग्यता निर्धारणमा छनोट गरेर आर्थिक प्रस्ताव माग गरी निर्माण व्यवसायी छनोट गरेको छ। सार्वजनिक खरिद विशेषज्ञसँग परामर्श समेत गरी निर्माण व्यवसायीहरूको पूर्व योग्यता निर्धारण सम्बन्धी स्टान्डर्ड प्रोक्योरमेन्ट डकुमेन्ट अन्तर्गत औसत वार्षिक निर्माण कारोवार, प्रमुख कार्यको निर्माण अनुभव, विड डकुमेन्टको पालनाका पक्षबाट भवन निर्माणमा प्रतिस्पर्धा नभएको तपसिलका बेहोराबाट देखियो।

१५.१. सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको स्ट्यान्डर्ड प्रोक्योरमेन्ट डकुमेन्टको टेबल अफ क्राइटेरियाको दफा ४.१ मा सामान्य निर्माण अनुभव अन्तर्गत ३ देखि ५ वर्षको निर्माण कार्यको अनुभव भएको वोलपत्रदाताले खुल्ला र स्वतन्त्र ढंगले वोलपत्र पेस गर्न पाउने व्यवस्था छ। प्राधिकरणले सोही व्यवस्था अनुसार स्ट्यान्डर्ड प्रोक्योरमेन्ट डकुमेन्ट तयार गर्नुपर्नेमा त्यस विपरीत अन्तर्राष्ट्रिय बोलपत्रदाताहरूले बोलपत्र पेस गर्न नेपालस्थित आफ्ना दुतावासहरू मार्फत आफ्ना कागजातहरू नोटराइज प्रमाणित गर्नुपर्ने थप व्यवस्था राखेको कारण नेपालमा दुतावास नहुने अन्तर्राष्ट्रिय बोलपत्रदाताहरूलाई बोलपत्र पेस गर्ने अवसर प्राप्त नभई सार्वजनिक खरिद ऐन र नियम अनुसारको खुल्ला प्रतिष्पर्धा हुन सकेको देखिएन। बोलपत्रका कागजातहरू नोटराइज गर्ने सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको उक्त डकुमेन्टमा केही उल्लेख नगरेको र नोटरी पब्लिकबाट गरिने काम दुतावासबाट गर्ने व्यवस्था गरेको देखिएन। यसको फलस्वरूप भवन निर्माणको ठेक्का गर्ने कार्य लागत अनुमानको हाराहारी रु.७ अर्ब १५ करोड ९४ लाखमा हुन गएको छ। थप सर्त राखी स्ट्यान्डर्ड प्रोक्योरमेन्ट डकुमेन्ट तयार गरी भवन निर्माण कार्यको प्रतिस्पर्धा प्रभावित गरेको देखियो।

१५.२. सार्वजनिक खरिद अनुगमन कार्यालयको स्ट्यान्डर्ड विड डकुमेन्ट अनुसार निर्माण कार्यको कुनै क्रियाकलापको लागत अनुमानको हिस्सा सम्पूर्ण कार्यको लागत अनुमानको १० प्रतिशत भएमा प्रमुख क्रियाकलाप हुने र त्यस्ता क्रियाकलापको काममा अनुभव प्राप्त निर्माण व्यवसायी बोलपत्र पेस गर्न योग्य हुने व्यवस्था छ। अस्पताल भवन निर्माणको लागि प्राधिकरणले तयार गरेको स्ट्यान्डर्ड प्रोक्योरमेन्ट डकुमेन्टको मुख्य क्रियाकलापको निर्माण अनुभव अन्तर्गत फर्मवर्कको ९० हजार वर्ग मिटरको काम गरेको अनुभव आवश्यक पर्ने उल्लेख गरेको र प्राधिकरणको लागत अनुमान अनुसार ठेक्काको बिल अफ

क्वान्टीटीमा फर्मवर्क १ लाख ५६ हजार वर्ग मिटरको रु.२० करोड ३७ लाख ५६ हजारको लागत अनुमान तयार गरेको छ। उक्त रकम ठेक्काको लागत अनुमान रु.७ अर्ब १५ करोड ९४ लाखको १० प्रतिशतले हुने रु.७१ करोड ५९ लाख भन्दा कम भएकोले उक्त आइटमलाई मुख्य क्रियाकलाप मात्र सकिने अवस्था देखिदैन। यसको प्रभाव ठेक्काको प्रतिष्पर्धामा पर्न गएको छ।

१५.३. प्राधिकरणले २०७९।३।१० मा स्टान्डर्ड प्रोक्योरमेन्ट डकुमेन्ट तयार गरी सार्वजनिक खरिद अनुगमन कार्यालय मार्फत प्रकाशन गरेकोमा तत्पश्चात् ४ पटक संशोधन गरेको छ। सुरुमा जारी गरेको उक्त डकुमेन्टमा बेसमेन्टमा काम गरेको अनुभवको विषयमा केही पनि उल्लेख नगरेकोमा २०७९।४।८ मा एकै दिनमा दुई पटक संशोधन गरी भवनको डवल वेसमेन्टको अनुभव रु.२ अर्ब ८१ करोडबाट वृद्धि गरी रु.३ अर्ब ९५ करोड पुऱ्याएकोमा पुनः २०७९।४।१३ को संशोधनबाट रु.२ अर्ब ८१ करोड नै कायम गरेको छ। त्यस्तै २०७९।६।३० को संशोधनबाट डवल वेसमेन्टको सट्टा सिंगल वेसमेन्ट राखी अनुभव रु.३ अर्ब ८३ करोड कायम गरेको छ। सार्वजनिक खरिद अनुगमन कार्यालयको विड डकुमेन्टमा यस विषयमा छुट्टै उल्लेख नभएको अवस्थामा विना आधार डवल वेसमेन्टको भवन निर्माणको योग्यता संशोधन गरी सिंगल वेसमेन्ट कायम गर्ने तर सोको अनुभव रु.२ अर्ब ८१ करोडको तुलनामा रु.१ अर्ब २ करोड वृद्धि गरी रु.३ अर्ब ८३ करोड पुऱ्याएको देखिन्छ।यसरी पटक-पटक संशोधन गरेकोमा यसको आधार र औचित्य पुष्टी गरेको छैन।

त्यसैगरी, औसत वार्षिक निर्माण कारोवार सुरुमा रु.३ अर्ब १८ करोड राखेकोमा पहिलो, दोस्रो र तेस्रो संशोधनबाट रु.१ अर्ब ४० करोड र चौथो संशोधनबाट रु.१ अर्ब ९१ करोड उल्लेख गरेको छ। सार्वजनिक खरिद अनुगमन कार्यालयको स्टान्डर्ड प्रोक्योरमेन्ट डकुमेन्टमा उल्लेख भएको सुत्र अनुसार लागत अनुमान (मू.अ.कर र पि.एस.बाहेक) रु.६ अर्ब २० करोडको ५ वर्षको निर्माण अवधिबाट गणना गर्दा उक्त कारोबार रु.१ अर्ब ८६ करोड हुनेमा पहिलो, दोस्रो र तेस्रो संशोधनमा सो भन्दा कम रु.१ अर्ब ४० करोड समेत निर्धारण गरेको देखियो। आधार, पुष्ट्याई र प्रचलित सुत्र पालना नगरी यसरी निर्माण व्यवसायीका योग्यताका आधार परिवर्तन गर्दा प्रतिस्पर्धामा असर परेको सम्बन्धमा थप छानबिन गरी सम्बन्धितलाई जवाफदेही बनाउनु पर्दछ।

१५.४. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३३ अनुसार सार्वजनिक निकायले पूर्व योग्यता निर्धारणका आधार विभागीय प्रमुखबाट स्वीकृत गराउनु पर्नेमा प्राधिकरणले सार्वजनिक खरिद अनुगमन कार्यालयमा अपलोड गरेको स्टान्डर्ड प्रोक्योरमेन्ट डकुमेन्ट प्रमाणित नगराई पेस गरेको कार्य नियमसम्मत छैन। उक्त कानुनी व्यवस्थाको पालना गर्नुपर्दछ।

१५.५. सार्वजनिक लेखा समितिले २०६९।१।८ को निर्णय अनुसार निर्माण ठेक्कामा ठेक्कासँग असम्बन्धित काम समावेश गरी खर्च गर्न नपाउने व्यवस्था उल्लेख छ। प्रदेश सभाले अन्य व्यवस्था नगरेको स्थितिमा प्राधिकरणले पनि सोही अनुसार गर्नुपर्दछ। उक्त भवन निर्माणको ठेक्कामा मोटरसाइकल २ थान रु.१ लाख ८० हजारमा र १ थान गाडी मासिक रु.१ लाख २० हजारका दरले ६० महिनाको लागि रु.७२ लाख भाडामा लिने तथा रु.३ लाखका ४ थान ल्याप्टप तथा डेस्कटप खरिद गरी हस्तान्तरण गर्ने गरी ठेक्कामा रु.७६ लाख ८० हजार व्यवस्था गरेको छ। उक्त निर्देशनको पालना गरी ठेक्काबाट सो अनुसारका खर्च गर्न मिल्ने देखिँदैन।

१५.६. ठेक्का सम्झौताको बुँदा नं.१.१.३.७ अनुसार निर्माण व्यवसायीले ठेक्का अवधि ५ वर्ष र त्रुटि सच्चाउने अवधि १२ महिना समेत ६ वर्षको लागि ठेक्काको काम, उपकरण, प्लाण्ट, कामदारको मृत्यु वा

घाइते, निर्माण सामग्री र निर्माण उपकरणको बीमा गराउनु पर्ने व्यवस्था छ। बीमा गर्न ठेक्कामा रु.३ करोड १५ लाख व्यवस्था गरेकोमा २०८०।१०।२६ मा रु.९१ लाख २९ हजारमा ३ वर्षको बीमा गरेकोले सम्झौतामा उल्लेख भएको भन्दा ३ वर्ष कम अवधिको बीमा गरेको छ। त्यसमध्ये मेसिनरी औजारको बीमा गरेको छैन। बीमा गरेपछि मोविलाइजेसन पेस्की भुक्तानी गर्नु पर्नेमा मोविलाइजेसन पेस्की २०८०।९।२६ मा दिई २०८०।१०।२६ मा बीमा गरेको छ। सम्झौतानुसार निर्माण अवधिको बीमा गर्नुपर्दछ।

१५.७. भवन निर्माण सम्बन्धी स्टान्डर्ड स्पेसिफिकेसन र निर्माण व्यवसायीले पेस गरेको गुणस्तर आश्वस्तता योजना अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्दछ। यस ठेक्काको कामको लागि २०८०।८१ को समेत कामको २०८१।८२ मा रु.३६ करोड ६३ लाख भुक्तानी गरेको मध्ये ल्याव टेस्टको रु.३ लाख ३१ हजार भुक्तानी गरेको छ। भवन निर्माण स्थलको गुणस्तर परीक्षण कक्षको स्थलगत निरीक्षण गर्दा परीक्षण गर्नुपर्ने निर्माण सामग्रीहरूको नमूना उत्पादन स्थलबाट सिलबन्दी गरी ल्याउनु पर्नेमा खुल्ला रुपमा राखेको र ठेक्का सम्झौता अनुसार सिमेन्ट परीक्षण गर्ने मेसिन नराखेको, स्पेसिफिकेसनले तोकेको संख्यामा गुणस्तर परीक्षण गर्नुपर्नेमा कम संख्यामा परीक्षण गरेको छ। उपरोक्त मापदण्ड अनुसार गुणस्तर परीक्षण गर्नुपर्दछ।

१६. **बजेट विनियोजन** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८(१) मा क्रमागत रुपमा खरिद सम्झौता भएका ठेक्काको लागि पर्याप्त बजेट विनियोजन गरेर मात्र नयाँ योजना तथा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणले जग्गा एकीकरणको गुरूयोजना निर्माण गर्न गत वर्ष ठेक्का सम्झौता भएका र खर्चको प्रतिवद्धता दिएका प्रदेश राजधानी विकास कार्यक्रमको अर्घाखाँची जिल्लाको सितगंगा नगरपालिका, गढवा गाउँपालिका र राप्ती गाउँपालिकाको १३ वडाहरूमा गुरुयोजना निर्माणका लागि एक परामर्शदाता छनौट गरी रु.५ करोड ४५ लाख ४० हजारमा सम्झौता गरी गत बर्षसम्म रु.३ करोड ७७ लाख ६८ हजार भुक्तानी गरेकोमा यस बर्ष बजेट विनियोजन गरेको देखिएन। क्रमागत आयोजनालाई उच्च प्राथमिकता दिई बजेट विनियोजन गर्नुपर्दछ।

## प्रदेश सुशासन केन्द्र

प्रदेश तथा स्थानीय तहका निर्वाचित, मनोनित वा नियुक्त पदाधिकारी तथा प्रशासनिक कर्मचारीको दक्षता अभिवृद्धि गर्ने उद्देश्यले यस केन्द्रको स्थापना भएको हो। यो वर्ष केन्द्रको लागि रु.५ करोड ४ लाख १२ हजार बजेट विनियोजन गरी उक्त रकम खर्च गरेको छ।

१७. **कार्यक्रम कार्यान्वयन** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८(१)(ख) बमोजिम नयाँ योजना/कार्यक्रम प्रस्ताव गर्दा खर्च हुनसक्ने रकम पुष्ट्याइ सहित प्रस्ताव गर्नुपर्ने व्यवस्था रहेको छ। प्रदेश सरकारका नव नियुक्त कर्मचारीहरूको सेवा प्रवेश, स्थानीय तहको राजस्व सुधार कार्ययोजना तयार गर्न पुनर्ताजगी र योजना निर्माण गर्न सहयोग, स्थानीय तहको आवधिक योजना तयार गर्न पुनर्ताजगी तालिम सञ्चालन गर्न रु.६ करोड ७६ लाख विनियोजन भएकोमा तालिम सञ्चालन भएको छैन। कार्यक्रम अनुसार तालिम सञ्चालन गर्नुपर्दछ।

# अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा जिम्मेवारी कार्यान्वयन नभएको, नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, आवधिक योजनामा उल्लेखित कार्यक्रम कार्यान्वयन नभएको, मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनको अनुगमन नभएको, दरबन्दी अनुसार पदपूर्ति नभएको, प्रदेश समन्वय परिषद्को निर्णय कार्यान्वयन नगरेको, मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमको नियमित अनुगमन नगरेको, कार्यक्षेत्र बाहिर परामर्श सेवामा खर्च गरेको लगायतका बेहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष समिति र अन्य संस्थातर्फ २ निकायको लेखापरीक्षणबाट रु.५ लाख ७६ हजार बेरुजु देखिएकोमा फस्यौंट नगरेकोले बाँकी रहेको छ। बेरुजु मध्ये रु.३ लाख १५ हजार पेस्की बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-१०** मा संलग्न छ।

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम मन्त्रालयको देहायका प्रमुख कार्यहरुको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी कार्यहरू पर्दछन्:

- प्रदेशको शान्ति सुरक्षा र सुव्यवस्था,
- अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,
- सङ्घीय र प्रदेश सुरक्षा निकायसंगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय,
- प्रदेश प्रहरी सञ्चालन व्यवस्थापन, प्रदेश भित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, सामुदायिक प्रहरी,
- प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको अधिकारको संरक्षण,
- प्रदेश भित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन,
- प्रदेश भित्रका गैरसरकारी सङ्घ संस्थाहरूको अभिलेख र समन्वय,
- संविधान बमोजिम प्रदेशको अधिकार अन्तर्गतको कानुन निर्माण,
- विपद व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, स्थानीय विपद् कोषमा सहयोग तथ्याङ्क व्यवस्थापन,
- विपद् जोखिम क्षेत्र नक्साङ्कन र वस्ती स्थानान्तरण।

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष मन्त्रालयको रु.७१ करोड ९३ लाख ६५ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| ४१४२९० | ८५७ | ३३०५८ | २७११६० | ७१९३६५ |

*उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई विभिन्न ११ सङ्घीय कार्यालयहरूबाट खर्च भएको रु.१९ करोड ६० लाख ९७ हजार समावेश छ।*

मन्त्रालय मातहत १ संस्थाको रु.४ करोड २४ लाख २९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

२. **बजेट खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यो वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| क्र.सं. | खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा/खर्च |
|---|---|---|---|---|
| | **चालु खर्च** | | | |
| १ | २११०० पारिश्रमिक/सुविधा | ४८७५१ | ५०२४१ | २३१८७ |
| २ | २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ७६१ | ७६१ | ९८ |
| ३ | २२१०० सेवा महसुल | २६२६ | २८७५ | १४८२ |
| ४ | २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | ९८६७ | ११०४७ | ८४१६ |

| क्र.सं. | खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा/खर्च |
|---|---|---|---|---|
| ५ | २२३०० कार्यालय सामान तथा सेवाहरू | ६९७४ | ७०४४ | ३८८२ |
| ६ | २२४०० सेवा तथा परामर्श खर्च | ११२७६ | ११३३३ | ८६१४ |
| ७ | २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | ११७०९० | ११०३५० | ३५९३४ |
| ८ | २२६०० अनुगमन,मूल्यांकन र भ्रमण खर्च | ७००० | ७२७६ | ३६०१ |
| ९ | २२७०० विविध खर्च | ९६२० | ९७८६ | २२०८ |
| १० | २६४०० सामाजिक सेवा अनुदान | १२२९०० | १११४०० | ४११६९ |
| ११ | २७२०० सामाजिक सहायता | १२००० | ९५६५७ | ८४६१९ |
| १२ | २८१०० सम्पत्ति सम्बन्धी खर्च | ६५०० | ७६९० | १०६७ |
| | **चालु जम्मा** | **३५५३६५** | **४२५४६०** | **२१४२७७** |
| | **पुँजीगत खर्च** | | | |
| १ | ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | ३१८५०० | ३१५,२६० | २०००१३ |
| | **कुल जम्मा** | **६७३८६५** | **७४०७२०** | **४१४२९०** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ५०.३६ प्रतिशत, पुँजीगततर्फ ६३.४४ प्रतिशत र समग्रमा ५५.९३ प्रतिशत खर्च गरेको छ।

३. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५(२) मा आवधिक विकास योजनालाई आधार लिई मध्यमकालीन खर्च संरचनामा प्रस्तावित कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको प्रति ईकाइ लागत, लाग्ने अनुमानित समय र प्रतिफल खुलाई योजनाहरूको प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ।मध्यमकालीन खर्च संरचना अनुसार विगत ३ वर्षको बजेटको अवस्था देहाय अनुसार रहेको छ।

(रु.हजारमा)

| आर्थिक वर्ष | मध्यमकालीन बजेट प्रक्षेपण | वास्तविक बजेट | प्रस्तावित बजेट फरक प्रतिशत |
|---|---|---|---|
| २०७८।७९ | ८८१०९७ | ६९३७८५ | २१.२६ |
| २०७९।८० | ६३०२११ | ६७२७९९ | (६.७६) |
| २०८०।८१ | ७०५००० | ७४०७२२ | (५.०७) |

मध्यमकालीन खर्च संरचनाले प्रक्षेपण गरेको बजेटको तुलनामा घटी हुने गरी बजेट विनियोजन गरेको देखियो। बजेट प्रक्षेपण र बजेट विनियोजनबीच सामञ्जस्यता कायम गर्नुपर्दछ।

४. **वार्षिक नीति तथा कार्यक्रम -** प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा उल्लेख गरेका कार्यक्रमहरू बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्नेमा निम्नानुसार देखिएको छः

| क्र.सं. | नीति तथा कार्यक्रम | बजेट विनियोजन | कार्यान्वयन |
|---|---|---|---|
| १ | सडक सुरक्षा एवं ट्राफिक व्यवस्थापनका लागि संवेदनशील सडक क्षेत्र तथा पूर्व-पश्चिम राजमार्गमा उच्च प्रविधियुक्त सि.सि.टि.भी. जडान कार्यलाई निरन्तरता दिने | ५० लाख | नभएको |
| २ | प्रदेश भित्रका कारागारको सुदृढीकरण गर्ने | ७५ लाख | नभएको |
| ३ | सशस्त्र द्वन्द्वका क्रममा सहिद एवं बेपत्ता पारिएका व्यक्तिका परिवारको निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था गर्ने | २० लाख | नभएको |
| ४ | स्थानीय न्यायिक समितिको कार्यलाई विद्युतीय प्रणालीमार्फत व्यवस्थित गर्न आवश्यक सहयोग गर्ने | नभएको | नभएको |

नीति तथा कार्यक्रम अनुसार बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ।

५. **बजेट कार्यान्वयन** - प्रदेश सरकारको २०८०।८१ को बजेट वक्तव्यमा उल्लेख भएका द्वन्द्वका शहिद परिवारहरूलाई स्वास्थ्य बीमा कार्यक्रम, इलाका प्रहरी कार्यालय, प्रहरी कार्यालय र कारागार भवन निर्माण लगायत ९ कार्यक्रम कार्यान्वयन भएका छैनन्। त्यसैगरी, कारागारका वन्दीहरूको सीप विकास कार्यक्रम, द्वन्द्व प्रभावित स्वरोजगार कार्यक्रम, लागु औषध दुर्व्यसन न्यूनीकरण कार्यक्रम, सडक दुर्घटना न्यूनीकरणका लागि ट्राफिक सचेतना कार्यक्रम, जनआन्दोलनका घाइते स्याहार केन्द्र निर्माण लगायतका कार्यक्रममा बजेट विनियोजन भए पनि कार्यान्वयन भएको छैन। बजेटमा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

६. **प्रगति मूल्याङ्कन** – प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रमको कार्यान्वयनको मूल्याङ्कन गरी अर्धवार्षिक र वार्षिक रुपमा सार्वजनिक गर्ने व्यवस्था रहेको छ। यस वर्षको वार्षिक विकास कार्यक्रम अनुसार मन्त्रालय र मातहतका कार्यालयका विभिन्न क्रियाकलापको लागि पुँजीगततर्फ रु.२० करोड १३ हजार खर्च गरेको छ। मन्त्रालयको स्वीकृत कार्यक्रममा समावेश भएका क्रियाकलापहरूको भौतिक प्रगति खुल्नेगरी एकीकृत प्रगति विवरण तयार नगरेकोले क्रियाकलापगत विश्लेषण गर्न सकिएन। तोकिएबमोजिम प्रगति प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्दछ।

७. **रकमान्तर** - प्रदेश विनियोजन ऐन, २०८० को दफा ३ मा कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिन आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा दश प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ। यस वर्ष मन्त्रालय र मातहत कार्यालयका लागि चालुतर्फ रु.७ करोड ९५ हजार रकमान्तरबाट थप गरेको छ। जुन मन्त्रालय र अन्तर्गतका कार्यालयको सुरु बजेट रु.३५ करोड ५३ लाख ६५ हजारको १९.७२ प्रतिशत हुन्छ। कानुनले तोकेको सीमाभित्र रही रकमान्तर गर्नुपर्दछ।

८. **अन्तर सरकारी अख्तियारी** - प्रदेश विनियोजन ऐन, २०८० को दफा ५(७) मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पुँजीगत तर्फको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्नु पर्ने भएमा प्रदेश सरकारको सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा सङ्घीय विनियोजन ऐन बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्न सक्ने व्यवस्था छ। मन्त्रालयले यस वर्ष नेपाल सरकारको ८ जिल्ला प्रहरी कार्यालय, प्रदेश प्रहरी तालिम केन्द्र, जिल्ला प्रशासन कार्यालय, दाङ्ग तथा मध्यपश्चिम क्षेत्रीय प्रहरी अस्पताल, नेपालगंजसमेत ११ निकायलाई रु.२५ करोड ५५ लाख बजेट विनियोजन गरी रु.१९ करोड ६० लाख ९७ हजार खर्च गरेकोमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिएको पाइएन।

९. **विपद् कार्य व्यवस्थापन कोष** - विपद् व्यवस्थापन अन्तर्गत विपद् व्यवस्थापन कोषको रकम जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा जिल्ला प्रशासन कार्यालयले खर्च गर्ने व्यवस्था अनुसार रु.१० करोड ९१ लाख ६२ हजार विनियोजन गरेकोमा रु.६ करोड ८ लाख ४७ हजार आगलागी, अविरल वर्षा, हावाहुरीबाट क्षति भएको कार्यमा खर्च गरेको छ।

(रु.हजारमा)

| आय | | व्यय | |
|---|---|---|---|
| विवरण | रकम | विवरण | रकम |
| गत वर्षको जिम्मेवारी | ० | खर्च | ६०८४७ |
| यस वर्षको निकासा प्राप्त | १०९१६२ | मौज्दात | ४८३१५ |
| **जम्मा** | **१०९१६२** | **जम्मा** | **१०९१६२** |

१०. **वित्तीय विवरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ को उपदफा (२) बमोजिम सङ्घ, प्रदेश तथा स्थानीय तहले नेपाल सरकारबाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र विनियोजन, राजस्व, धरौटी र अन्य कोषको वार्षिक वित्तीय विवरण र सम्पत्ति दायित्वको विवरण तयार गरी प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था रहेको छ। मन्त्रालयले उक्त व्यवस्था अनुसार नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसारको वित्तीय विवरण तयार गरेको छैन। सार्वजनिक क्षेत्र लेखामानले तोकेको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्दछ।

११. **आन्तरिक नियन्त्रण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० बमोजिम आफ्नो र मातहतका कार्यालयका लागि आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्षभित्र लागु गर्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि ऐन लागु भएको सात वर्ष भई सक्दापनि मन्त्रालय र मातहत कार्यालयको लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। कानुनमा तोकिए अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

१२. **वितरणमुखी कार्य** - प्रदेश सरकारको यस वर्षको वार्षिक नीति तथा कार्यक्रमको बुँदा नं. १६२ मा मितव्ययिता तथा कार्यको प्रभावकारिताको आधारमा सरकारी खर्च गरी सार्वजनिक खर्चको उत्पादकत्व बढाउने नीति अवलम्बन गर्ने उल्लेख छ। मन्त्रालयले यस वर्ष विभिन्न १२ संचार संस्थालाई उपकरण र सामग्री खरिद, सञ्चारकर्मीहरूको क्षमता विकास र पत्रकार विकास कार्यक्रममा रु.१ करोड १४ लाख बजेट विनियोजन गरी रु.७३ लाख ७९ हजार खर्च गरेको छ। खरिद गरेका सामग्रीको अनुगमन भएको छैन। मन्त्रालयले यस वर्ष विभिन्न पर्व तथा मेला शीर्षकमा रु.४१ लाख बजेट विनियोजन गरी रु.३० लाख ६५ हजार खर्च गरेको छ। सार्वजनिक रकम उत्पादकत्व वढाउने र प्रतिफलमूखी कार्यमा खर्च गर्नुपर्दछ।

१३. **पत्रकारिता पुरस्कार** - प्रदेशका संचारकर्मीहरूलाई पुरस्कृत गर्ने कार्यविधि, २०८० अनुसार संचार माध्यम मार्फत प्रदेशलाई राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन योगदान पुर्‍याएको, कम्तिमा २ दशक भन्दा बढी पत्रकारिता पेशामा संलग्न रहेको लगायतका विषयहरूको आधारमा सिफारिस तथा मूल्याङ्कन गरी वरिष्ठ पत्रकारलाई पुरस्कृत गर्नुपर्ने उल्लेख छ। कार्यविधिले १३ जनाको सीमा तोकिएकोमा १६ जनालाई रु.८ लाख ५० हजार पुरस्कार प्रदान गरेको छ। कार्यविधिको पालना गरी उपयुक्त संख्यामा पुरस्कार प्रदान गर्नुपर्दछ।

## सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान

सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विकास भएका नवीनतम प्रविधिलाई प्रदेशको हित अनुकूल प्रयोग गरी प्रदेशलाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सबल र सक्षम बनाउने, प्रविधिको सञ्चालनको लागि आवश्यक जनशक्तिको विकास गर्ने, सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा रोजगारी सिर्जना गरी ज्ञानमा आधारित समाज

निर्माण गर्ने तथा प्रदेशको सूचना तथा सञ्चार प्रविधिको विकास तथा विस्तार गर्ने उद्देश्यले यस प्रतिष्ठानको स्थापना भएको हो। यो वर्ष रु.२ करोड १७ लाख ५ हजार निकासा भएकोमा रु.२ करोड ७ लाख २४ हजार खर्च गरेको छ।

१४. **परामर्श सेवा खरिद -** प्रतिस्पर्धी र मितव्ययी रुपले परामर्श सेवा खरिद गर्नुपर्दछ। प्रतिष्ठानले रु.९६ लाख लागत अनुमानको सफ्टवेयर, लाइसेन्स, साइबर सेक्यूरिटी अडिट, प्रदेश फायरवाल व्यवस्थापन प्रणाली लगायतको परामर्श सेवा रु.९३ लाख ६ हजारमा खरिद गरेको छ। प्रणाली निर्माणकर्ताबाटै साइवर सेक्युरिटी अडिट गराउनु उपयुक्त होइन। परामर्श सेवा खरिदलाई व्यवस्थित गर्नुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा जिम्मेवारी कार्यान्वयन, वार्षिक बजेटमा उल्लेख भएका विषयहरू कार्यान्वयन नभएको, कार्य सञ्चालनस्तरका कार्य गरेको, दरबन्दी अनुसार पदपूर्ति नभएको, वार्षिक विवरण तथा प्रतिवेदन तयार नगरेको लगायतका बेहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रु.३० लाख ६५ हजार बेरुजु देखिएकोमा फर्स्यौट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।
    - यो वर्ष समितितर्फ १ निकायको रु.५७ हजार बेरुजु देखिएकोमा फर्स्यौट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-१०** मा छ।

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम मन्त्रालयको देहायका प्रमुख कार्यहरुको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी कार्यहरू पर्दछन्:

- आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा र कार्यान्वयन, नियमन,
- आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- आर्थिक स्थायित्व र मूल्य स्थिरता,
- सङ्घको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,
- सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर,
- विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा,
- राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र ससर्त अनुदानको सदुपयोग,
- राजस्व तथा सार्वजनिक खर्च सम्बन्धी सङ्घीय नीति अनुरूप सह-वित्तीयकरण आर्थिक कार्यविधि,
- सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण,
- प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
- प्रदेशगत विनियोजन, राजश्व, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण,
- घरजग्गा रजिष्ट्रेशन शुल्क सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्कदस्तुर र दण्ड जरिवाना सङ्कलन बाँडफाँट र उपयोग।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहत १४ सरकारी कार्यालयको निम्नानुसार रु.१० अर्ब ४२ करोड १३ लाख २१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व तथा अन्य आय | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| ६५०७० | ९५६६३६४ | १४०६८७ | ६४९२०० | १०४२१३२१ |

२. **बजेट खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यो वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छ:

(रु.हजारमा)

| क्र.सं. | खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा/खर्च |
|---|---|---|---|---|
| | **चालु खर्च** | | | |
| १ | २११०० पारिश्रमिक / सुविधा | ५२९५७ | ४०१८९ | २८७४२ |
| २ | २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ३०८ | ३०८ | १२२ |
| ३ | २२१०० सेवा महसुल | ३२६० | ३२६० | १७९७ |
| ४ | २२२०० पुंजीगत सम्पत्तिको सञ्चालन | ९२५५ | ९५०५ | ७५९० |
| ५ | २२३०० कार्यालय सामान तथा सेवाहरू | ९७७० | ९७७० | ७९५४ |
| ६ | २२४०० सेवा तथा परामर्श खर्च | ६८८५ | ६०९४ | ५६६२ |

| क्र.सं. | खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा/खर्च |
|---|---|---|---|---|
| ७ | २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | २४००० | ११२९१ | १४७० |
| ८ | २२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | ५१४५ | ४५९५ | ३९५८ |
| ९ | २२७०० विविध खर्च | ६६०० | ४५१८ | ३६४० |
| १० | २८१०० सम्पत्ति सम्बन्धी खर्च | १८२० | १३७० | ७३४ |
| | **जम्मा** | **१२००००** | **९०९००** | **६१६७४** |
| | **पुँजीगत खर्च** | | | |
| १ | ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | १०००० | ६४०० | ३३९६ |
| | **कुल जम्मा** | **१३००००** | **९७३००** | **६५०७०** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ६७.७ प्रतिशत, पुँजीगत ५३.०६ प्रतिशत र समग्रमा ६६.८७ प्रतिशत खर्च भएको छ।

३. **राजस्व प्रक्षेपण तथा असुली -** प्रदेश सरकारका अर्थमन्त्रीले प्रदेश सभा समक्ष पेस गरेको वार्षिक बजेट अनुसार यस वर्षको राजस्वको लक्ष्य र प्राप्तिको अवस्था निम्नानुसार रहेको छः

(रु. हजारमा)

| विवरण | सुरु अनुमान | प्राप्ति | प्राप्ति प्रतिशत |
|---|---|---|---|
| कर राजस्व | १५३२१४०० | ११८२८१०३ | ७७.२० |
| अनुदान | १५३८४२०० | १०६९२५५४ | ६९.५० |
| अन्य राजस्व | ४६८४१०० | १८४८२०४ | ३९.४६ |
| विविध प्राप्ति | ३८४०००० | ३५३९२९ | ९.२२ |
| आन्तरिक ऋण | १२५०००० | ० | ०.०० |
| **जम्मा** | **४०४७९७००** | **२४७२२७९०** | **६१.०७** |

उल्लिखित विवरणअनुसार अनुमानको तुलनामा कर राजस्व ७७.२० प्रतिशत, अनुदान ६९.५० प्रतिशत, अन्य राजस्व ३९.४६ प्रतिशत र विविध ९.२२ प्रतिशत प्राप्ति भएको छ। राजस्व अनुमान रु.४० अर्ब ४७ करोड ९७ लाखमा गत वर्षको मौज्दात रु.३ अर्ब समेत समावेश छ।

४. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५(२) मा आवधिक योजनालाई आधार मानी मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने उल्लेख छ। मध्यमकालीन खर्च संरचनाअनुसार विगत ३ वर्षको बजेटको अवस्था देहाय अनुसार रहेको छः

(रु. लाखमा)

| आर्थिक वर्ष | मध्यमकालीन बजेट प्रक्षेपण | शुरु विनियोजन बजेट | प्रस्तावित बजेट फरक प्रतिशत |
|---|---|---|---|
| २०७८।७९ | ४३९२६८ | ४२९४११ | -२.२४ |
| २०७९।८० | ४२६३५७ | ४२७८९४ | ०.३६ |
| २०८०।८१ | ४३५१३७ | ४०४७९७ | -६.९७ |

प्रस्तावित कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको प्रति ईकाइ लागत, लाग्ने अनुमानित समय र प्रतिफल खुलाई प्राथमिकीकरण गर्नुपर्नेमा सो अनुसारको देखिएन। बजेट प्रक्षेपण र विनियोजनबीच अन्तर देखिएको छ। मध्यमकालीन खर्च संरचना अनुरूप बजेट व्यवस्थापन हुनुपर्दछ।

५. **बजेट कार्यान्वयन -** यो वर्षको बजेट वक्तव्यको बुँदा नं. २० मा दोहोरो कार्यक्षेत्र भएका कार्यालय तथा संरचनाहरू उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, यातायात पूर्वाधार निर्देशनालय,

वन निर्देशनालय, स्वास्थ्य निर्देशनालय, कृषि विकास निर्देशनालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय र पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय सम्वन्धित मन्त्रालयमा गाभी उक्त निर्देशनालयहरूबाट सम्पादन हुने कार्य सम्बन्धित मन्त्रालयहरूबाट सम्पादन गर्ने उल्लेख भएकोमा सोको कार्यान्वयन भएको छैन।

६. **कृषि आयमा कर -** प्रदेश आर्थिक ऐन, २०८० को दफा ६ को अनुसूची-४ बमोजिम कृषि उत्पादन वा कृषि व्यवसाय गर्ने कृषक, कृषक समूह, फर्म वा संस्था लगायतले कृषि आयमा लाग्ने कर सम्बन्धमा आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र स्वघोषणा गर्नुपर्ने तथा पाँच लाख रुपैयाँ सम्मको उक्त आयमा कर नलाग्ने र सो भन्दा बढीको आयमा दुई प्रतिशतदेखि पाँच प्रतिशतसम्म कर लाग्ने व्यवस्था छ। यो वर्ष कृषि आय करमा रु.१० लाख अनुमान गरेकोमा रु.५१ हजार सङ्कलन भएको छ। कृषि आय कर वृद्धि गर्नुपर्दछ।

७. **राजस्व छुट -** प्रदेश आर्थिक ऐन, २०८० को दफा ११ मा प्रदेश सरकारले कानुन बमोजिम लगाईएका दस्तुर, शुल्क, महशुल र करको दर घटाउन बढाउने वा त्यस्तो दस्तुर, शुल्क, महशुल र कर आंशिक वा पूर्णरुपमा छुट दिन सक्ने र यसरी छुट दिएको रकमको विवरण मन्त्रालयले प्रदेश सभामा पेस गर्नुपर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालयले आर्थिक ऐनको अनुसूची (१)ग को दफा १ देखि १२ सम्म उत्पादनमूलक उद्योग, कृषि प्रयोजनका लागि हक हस्तान्तरण, भूमिहीन मुक्त कमैया, जेष्ठ नागरिक, सहिद परिवार, महिला, दलित लगायतलाई पच्चीसदेखि शतप्रतिशतसम्म रजिष्ट्रेसन शुल्क छुट दिने व्यवस्था गरेकोमा छुट दिएको रकमको क्षेत्रगत तथा एकीकृत विवरण तयार गरी सभामा पेस गरेको देखिएन। शुल्क छुटको विवरण तयार गरी प्रदेश सभामा पेस गर्नुपर्दछ।

८. **रकमान्तर -** प्रदेश विनियोजन ऐन, २०८० को दफा ३ मा कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा दश प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ। यो वर्ष मन्त्रालय र मातहत कार्यालयका लागि चालुतर्फ विनियोजित रु.१२ करोडबाट २४.२५ प्रतिशत घटाई रु.९ करोड ९ लाख तथा र पुँजीगततर्फ रु.१ करोडबाट ३६ प्रतिशत घटाई रु.६४ लाख बजेट कायम भएको छ।

प्रदेश सरकारको चालुबाट रु.७ करोड ११ लाख १७ हजार र सङ्घीय थप मध्येबाट रु.७ करोड ४ लाख ४८ हजार समेत रु.१४ करोड १५ लाख ६५ हजार (०.६१ प्रतिशत) पुँजीगत बजेटमा थप गरी रु.२३ अर्ब ३९ करोड ८४ लाख बजेट कायम गरिएको छ। रकमान्तर सम्बन्धमा निम्नानुसार देखिएको छः

८.१. चालु बजेट शीर्षकमा सुरू विनियोजित रु.१७ अर्ब २९ करोड ३२ लाख ४७ हजार मध्ये रु.१४ करोड ८३ लाख ६५ हजार रकमान्तरबाट (०.८६ प्रतिशत) घटाई रु.१७ अर्ब १४ करोड ४८ लाख ८२ हजार बजेट कायम भएको छ। रकमान्तरबाट आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा १९.७२ प्रतिशत, स्वास्थ्य मन्त्रालयमा ३.७० प्रतिशत, स्थानीय तह वित्तीय हस्तान्तरणमा १०.१० प्रतिशत थप गरेको र अर्थ विविधमा १३.८५ प्रतिशत घटाएको छ।

८.२. पुँजीगत बजेटतर्फ उद्योग, पर्यटन, यातायात तथा सहकारी मन्त्रालयमा ३.३५ प्रतिशत सामाजिक विकास मन्त्रालयमा १९.४३ प्रतिशत र स्वास्थ्य मन्त्रालयमा १.३८ प्रतिशत थप गरी प्रदेश योजना आयोगबाट ३६.१७ प्रतिशत, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट ३६ प्रतिशत र कृषि तथा भूमि व्यवस्था मन्त्रालयबाट ४.०२ प्रतिशत घटाई रकमान्तर भएको छ।

८.३. भौतिक पूर्वाधार विकास मन्त्रालय लगायत निम्नानुसार ७ केन्द्रीय निकायले २०८१ आषाढ महिनामा रु.१ अर्ब १५ करोड १ लाख रकमान्तर गरेका छन्।

(रु.हजारमा)

| क्र.सं. | मन्त्रालय | रकम |
|---|---|---|
| १ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ८९९६५७ |
| २ | सहरी विकास तथा खानेपानी मन्त्रालय | १३६२०४ |
| ३ | स्वास्थ्य मन्त्रालय | १११६५८ |
| ४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ११५९ |
| ५ | उद्योग, पर्यटन, यातायात तथा सहकारी मन्त्रालय | ९०० |
| ६ | वन तथा वातावरण मन्त्रालय | ३४६ |
| ७ | प्रदेश योजना आयोग | २३० |
| | **जम्मा** | **११५०१५४** |

८.४. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६(२) मा पुष्ट्याइको अभिलेख नराखी रकमान्तर गर्न नहुने व्यवस्था छ। आर्थिक मामिला तथा योजना मन्त्रालयले चालुतर्फ रु.२ अर्ब १९ करोड ६१ लाख बढी र रु.२ अर्ब ३४ करोड ४४ लाख घटी र पुँजीगततर्फ रु.३ अर्ब १५ करोड ८६ लाख बढी र रु.३ अर्ब १ करोड ३ लाख घटी रकमान्तर गरेकोमा पुष्ट्याइ संलग्न गरेको छैन। विनियोजन ऐन अनुसार अर्थ विविधबाट बजेट खर्च गर्न नमिल्नेमा रु.४ लाख ४० हजार खर्च गरेको छ। कानुन बमोजिम पुष्ट्याइसहितको अभिलेख राखी रकमान्तर गर्नुपर्दछ।

९. **अन्तर सरकारी अख्तियारी** - प्रदेश विनियोजन ऐन, २०८० को दफा ५(७) मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पुँजीगत तर्फको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा आर्थिक मामिला मन्त्रालयको सहमतिमा सङ्घीय विनियोजन ऐन बमोजिम अर्थ मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्न सक्ने व्यवस्था छ। आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय र कृषि तथा भूमि व्यवस्था मन्त्रालयले यो वर्ष नेपाल सरकारका ६२ निकायलाई अन्तर सरकारी अख्तियारी मार्फत प्रदेश सरकारको कार्यक्रम कार्यान्वयनका लागि रु.९५ करोड १५ लाख विनियोजन गरी रु.७६ करोड ९ लाख ६३ हजार खर्च गरेकोमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिएको छैन। यसै गरी प्रदेश विनियोजन ऐन बमोजिम चालुतर्फ अख्तियारी दिन नमिल्नेमा रु.५१ करोड ९५ लाख ६० हजार बजेट विनियोजन गरी रु.२४ करोड १४ लाख १ हजार खर्च गरेको छ। प्रदेश सरकारले कानुनी प्रकृया पुरा गरी अन्तर सरकारी अख्तियारी दिनुपर्दछ। नियमको प्रक्रिया पुरा गरी अख्तियारी दिनुपर्दछ।

१०. **वित्तीय हस्तान्तरण -** प्रदेश सरकार मार्फत यो वर्ष १०९ स्थानीय तहको वित्तीय हस्तान्तरण बजेट रु.३ अर्ब ९५ करोड २५ लाखबाट वित्तीय समानीकरण रु.७५ करोड, सशर्त रु.१ अर्ब २१ करोड ७७

लाख ८२ हजार, विशेष रु.१५ करोड ५० लाख ३० हजार र समपूरक अनुदान रु.९५ करोड ७२ लाख ५२ हजारसमेत रु.३ अर्ब ८ करोड ६४ हजार अर्थात् बजेटको ७७.९२ प्रतिशत निकासा भएको छ।सो मध्ये समानीकरण अनुदान ७५ प्रतिशत मात्र रहेको छ। मन्त्रालयले स्थानीय तहबाट खर्चको विवरण लिई खर्च नभई फिर्ता गर्नुपर्ने अनुदानको अभिलेख राखेको देखिएन। साथै समानीकरण अनुदानमा रकम वृद्धि गरी सशर्त अनुदानमा कम गर्ने नीति लिईनुपर्दछ।

११. **स्रोत सुनिश्चितता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ११ मा प्रदेश सरकारबाट सिर्जित आर्थिक दायित्व निर्णयबाट खर्च व्यहोर्ने सम्बन्धमा स्पष्ट बेहोरा देखिने गरी प्रतिबद्धताको लेखा राख्ने तथा सोको नियन्त्रण गर्नुपर्ने व्यवस्था छ। यो वर्ष प्रदेश राजधानी निर्माण आयोजना, प्युठान अस्पताल, लुम्बिनी प्रादेशिक अस्पताल, सडक र सिँचाइका विषयगत आयोजनाहरूमा २०८०।८१ का लागि रु.९९ करोड ८० लाख, २०८१।८२ का लागि रु.३ अर्ब ५९ करोड ४२ लाख ५० हजार र २०८२।८३ का लागि रु.१ अर्ब ९७ करोड ७५ लाख ९३ हजार समेत रु.६ अर्ब ५६ करोड ९८ लाख ४३ हजारको स्रोत सुनिश्चितता दिएको छ। स्रोत सुनिश्चितता प्रदान गर्दा उपलब्ध वित्तीय स्रोत साधनलाई विचार गरी स्रोत सुनिश्चितता दिएको रकम सम्बन्धित आर्थिक वर्षमा विनियोजन गरिनुपर्दछ।

१२. **बजेट र खर्च -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० बमोजिम बजेट कार्यान्वयनको मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। प्रदेशको विगत ५ वर्षको विनियोजन र खर्च स्थिति देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

| आर्थिक वर्ष | सुरू बजेट | कायम बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २०८०।८१ | ४०४७९७०० | ४०५५०१४८ | २६४३६६९३ | ६५.१९ |
| २०७९।८० | ४२६३५७०० | ४२७८९४४२ | ३०२४४१५५ | ७०.६८ |
| २०७८।७९ | ४०९५९७०० | ४२९४११९१ | ३००५४६८२ | ६९.९९ |
| २०७७।७८ | ३६३५२५०० | ३९१५४१६४ | ३२१०३०४२ | ८१.९९ |
| २०७६।७७ | ३६४१६८०० | ३६४१६८०० | २५४०५५९७ | ६९.७६ |

उल्लिखित तालिका अनुसार बजेटको तुलनामा २०७६।७७ देखि २०८०।८१ सम्म ५ वर्षमा क्रमशः ६९.७६ प्रतिशत, ८१.९९ प्रतिशत, ६९.९९ प्रतिशत, ७०.६८ प्रतिशत र ६५.१९ प्रतिशत खर्च भएको छ। बजेट विनियोजन र खर्चमा तादाम्यता नदेखिएकोले खर्च गर्ने क्षमता वृद्धि गर्नुपर्दछ।

१३. **आकस्मिक कोष -** प्रदेश आकस्मिक कोष ऐन, २०७५ को दफा ३ मा आकस्मिक कोष स्थापना गर्ने, दफा ४ मा प्रदेश सञ्चितकोषबाट आकस्मिक कोषमा रकम जम्मा गर्ने तथा दफा ९ मा कोषबाट खर्च भएको रकम यथाशीघ्र सोधभर्ना गर्नुपर्ने व्यवस्था रहेको छ। प्रदेश सरकारले प्रदेश आकस्मिक कोषको स्थापना नगरी आन्तरिक मामिला तथा कानुन मन्त्रालयको विपद् व्यवस्थापन कोषमा गत वर्षको जिम्मेवारीसमेत रु.१० करोड ९१ लाख ६२ हजारबाट रु.६ करोड ८ लाख ४७ हजार खर्च गरी रु.४ करोड ८३ लाख १५ हजार मौज्दात रहेको छ। कानुन बमोजिम आकस्मिक कोष सञ्चालन गरी अन्य कोष खारेज गर्ने विषयमा पुनरावलोकन गर्नुपर्दछ।

१४. **वित्तीय विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५(२) बमोजिम सङ्घ, प्रदेश तथा स्थानीय तहले नेपाल सरकारबाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार

गरी प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था रहेको छ। मन्त्रालयले उक्त व्यवस्था अनुसार नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसारको वित्तीय विवरण तयार गरेको छैन। सार्वजनिक क्षेत्र लेखामानले तोकेको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्दछ।

१५. **अनुदान -** सङ्घ/संस्थालाई दिएको अनुदान उद्देश्य अनुसार खर्च गरी लेखापरीक्षणसमेत गराई अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्नेमा प्रदेश अन्तर्गत अन्य संस्थालाई ससर्त चालु अनुदान रु.२९ करोड ५८ लाख ३२ हजार तथा सशर्त पुँजीगत अनुदान रु.१ करोड ८१ लाख ७४ हजार समेत रु.३१ करोड ४० लाख ६ हजार अनुदान खर्च लेखेको छ। अनुदान रकम स्वीकृत प्रयोजनमा खर्च गरेको, खर्चबाट लक्षित समूहले प्रत्यक्ष रुपमा लाभ पाएको, अपेक्षित नतिजा हासिल भएको, निजी स्वामित्वका जग्गामा निर्माण भएका संरचनाहरू सरकारी संयन्त्रमा हस्तान्तरण हुने प्रबन्ध भएको, खर्च नभएको रकम फिर्ता गरेको तथा अनुदान रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गरेको सम्बन्धमा अनुगमन गरी वितरित अनुदानग्राहीको विवरण सार्वजनिक गर्नुपर्दछ।

१६. **अर्थ विविध र अबण्डा -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १० मा सार्वजनिक निकायहरूले बजेट प्रस्ताव गर्दा प्रस्तावित योजना तथा कार्यक्रमको क्रियाकलापगत विवरण खुलाई बजेट तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारले यो वर्ष अर्थ विविधमा चालुतर्फ रु.१ अर्ब १४ करोड ५६ लाख तथा पुँजीगततर्फ रु.२५ करोड समेत रु.१ अर्ब ३९ करोड ५६ लाख सुरू बजेट विनियोजन गरेकोमा रकमान्तर पश्चात रु.१ अर्ब २५ करोड १२ लाख ६ हजार कायम गरेको छ। मन्त्रालयबाट बाँडफाँट गर्ने गरी सामाजिक विकास मन्त्रालयलाई रु.५ करोड, सहरी विकास तथा खानेपानी मन्त्रालयलाई रु.७ करोड ७६ लाख, भौतिक पूर्वाधार विकास मन्त्रालयलाई रु.८ करोड ३० लाख, वन तथा वातावरण मन्त्रालयलाई रु.८१ लाख एकमुष्ट विनियोजन गरी विभिन्न मितिको निर्णयबाट निकासा दिएको छ। आर्थिक वर्षको सुरूमै योजनागत बजेट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ।

१७. **सम्पत्ति व्यवस्थापन** - प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण तयार गर्ने कार्य मन्त्रालयलाई तोकेको छ। महालेखा नियन्त्रकको कार्यालयले तयार गरेको एकीकृत वित्तीय प्रतिवेदनमा लुम्बिनी प्रदेश अन्तर्गत रु.५ अर्ब १ करोड ९१ लाख ८८ हजारको जिन्सी तथा सम्पत्ति रहेको उल्लेख छ। प्रदेश लेखा नियन्त्रक कार्यालय तथा निकायहरूले जिन्सी सम्पत्तिको एकीकृत विवरण तयार गरेको छैन। प्रदेश सरकार मातहतका कार्यालयको सम्पत्तिको लगत सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अद्यावधिक गर्नुपर्दछ।

१८. **परामर्श सेवा -** परामर्शदाताबाट तयार गरिएका विस्तृत आयोजना प्रतिवेदनहरू क्रमिक रूपले कार्यान्वयन गरी त्यसमा खर्च गरिएको रकमको सदुपयोग गर्नुपर्दछ। परामर्श सेवाको लागत अनुमानको नर्म्स तयार नगरेको र मौजुदा जनशक्तिबाट सम्पादन हुने पुष्ट्याई बेगर प्रदेश सरकार अन्तर्गत परामर्श सेवामा रु.१५ करोड ७९ लाख ७ हजार बजेट विनियोजन भएकोमा रु.४ करोड ९३ लाख ७९ हजार खर्च भएको छ। परामर्शदाताको प्रतिवेदनको अभिलेख राखी कार्यान्वयन गर्नुपर्दछ।

## प्रदेश लेखा नियन्त्रक कार्यालय

१९. **प्रदेश सञ्चित कोष -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ बमोजिम प्रदेश सञ्चित कोषको लेखा अद्यावधिकरुपमा राख्ने र वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरदायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। प्रदेशको सञ्चित कोषको अवस्था निम्नानुसार रहेको छः

(रु.हजारमा)

| क्र.सं. | विवरण | २०८०।८१ | २०७९।०८० |
|---|---|---|---|
| **१** | **राजस्व तथा अनुदान** | **२४७२२७९०** | **२७४९८०२९** |
| १.१. | कर राजस्व | ११८२८१०४ | ११७५९४२३ |
| १.२. | अन्य राजस्व | १८४८२०४ | १४५४७३१ |
| १.३. | अनुदान | १०६९२५५४ | १३४४७३२२ |
| १.४. | बेरूजु तथा अन्य प्राप्ति | ३५३९२८ | ८३६५५३ |
| **२.** | **भुक्तानी** | **२६४३६६९३** | **३०२४४१५५** |
| २.१. | चालु खर्च | १०४१८९२१ | १२५०७५८७ |
| २.२. | पुँजीगत खर्च | १६०१७७७२ | १७७३६५६८ |
| **३.** | **नगद तथा बैङ्क मौज्दात थप (घट)** | **(१५२२३११)** | **(२९२२७१८)** |
| ३.१. | बचत (कमी) | (१७१३९०३) | (२७४६१२५) |
| ३.२. | धरौटी र अन्यकोषको मौज्दात थप (घट) | १९१५९२ | (१७६५९३) |
| **४.** | **गत आर्थिक वर्षको मौज्दात** | **५४५८३८४** | **८३८१०१७** |
| **५.** | **यस आर्थिक वर्षको अन्तको मौज्दात** | **३९३६०७३** | **५४५८३८४** |

उल्लिखित विवरणअनुसार गत वर्षको तुलनामा यो वर्ष राजस्व तथा अनुदान रु.२ अर्ब ७७ करोड ५२ लाख ३९ हजार र सञ्चित कोषको मौज्दात रु.१ अर्ब ५२ करोड २३ लाख ११ हजार (२७.८८ प्रतिशत) घटेको देखिन्छ।

२०. **खर्चको विश्लेषण** - प्रदेश विनियोजन ऐन, २०८० बमोजिम प्रदेश सरकारको २०८०।८१ को बजेट तथा खर्चको अवस्था देहाय बमोजिम रहेको छ :

(रु.हजारमा)

| शीर्षक | सुरू अनुमान | अन्तिम बजेट | खर्च | सुरू अनुमानको खर्च प्रतिशत | कायम बजेटको खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| चालु | १३६३३०९९ | १३१९९१८२ | ७३३८८५७ | ५३.८३ | ५५.६० |
| पुँजीगत | २३२५६९०१ | २३३९८४६६ | १६०१७७७२ | ६८.८७ | ६८.४६ |
| वित्तीय हस्तान्तरण | ३५८९७०० | ३९५२५०० | ३०८००६४ | ८५.८० | ७७.९३ |
| **जम्मा** | **४०४७९७००** | **४०५५०१४८** | **२६४३६६९३** | **६५.३१** | **६५.२०** |

उल्लिखित तालिका अनुसार सुरु बजेट अनुमानको ६५.३१ प्रतिशत खर्च भएकोले मन्त्रालयहरूको खर्च गर्ने क्षमता बढाउनुपर्दछ।

२१. **सङ्घीय वित्तीय हस्तान्तरण** - सङ्घीय वित्तीय हस्तान्तरण अन्तर्गत यो वर्षको अनुमान तथा प्राप्तिको अवस्था निम्नानुसार रहेको छः

(रु.हजारमा)

| अनुदान | अनुमान | यथार्थ प्राप्ति | खर्च | प्राप्ति प्रतिशत | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| समानीकरण | ८१४८३०० | ६०३८७०५ | ५७१३२८४ | ७४.११ | ७०.१२ |
| सशर्त | ५८३५९०० | ४६८४७६० | ३८९४१३९ | ८०.२७ | ६६.७३ |
| विशेष | ५६०००० | ५४२५०० | ५३३००५ | ९६.८८ | ९५.१८ |
| समपुरक | ८४०००० | ८५७५०० | २२६७०५ | १०२.०८ | २६.९९ |
| **जम्मा** | **१५३८४२००** | **१२१२३४६५** | **१०३६७१३३** | **७८.८०** | **६७.३९** |

यस सम्बन्धमा निम्नानुसार देखिएको छः

२१.१. सङ्घीय सरकारबाट अनुमानको ७८.८० प्रतिशत अनुदान प्राप्त भएको छ। अनुदानको बजेट अनुमान भन्दा समानीकरण अनुदान २५.८९ प्रतिशत, ससर्त अनुदान १९.७३ प्रतिशत र विशेष अनुदान ३.१३ प्रतिशत कम प्राप्त भएको छ।

२१.२. सशर्त, विशेष र समपुरक अनुदान रु.६ अर्ब ८ करोड ४७ लाख प्राप्त भएकोमा रु.४ अर्ब ६५ करोड ३८ लाख (७६.४८ प्रतिशत) खर्च भई बाँकी रु.१ अर्ब ४३ करोड ९ लाख सङ्घीय सञ्चित कोष फिर्ता भएको छ।

२२. **स्थानीय तह वित्तीय हस्तान्तरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १९ मा प्रदेश सञ्चित कोषबाट स्थानीय तहलाई देहाय बमोजिम वित्तीय हस्तान्तरण गरेको छः

(रु.हजारमा)

| क्र.सं. | शीर्षक | सुरू अनुमान | कायम अनुमान | हस्तान्तरण | हस्तान्तरण प्रतिशत |
|---|---|---|---|---|---|
| १ | समानीकरण | १०००००० | १०००००० | ७५०००० | ७५.०० |
| २ | ससर्त | १११५७०० | १४७८५०० | १२१७७८२ | ८२.३७ |
| ३ | विशेष | १९४००० | १९४००० | १५५०३१ | ७९.९१ |
| ४ | समपुरक | १२८०००० | १२८०००० | ९५७२५१ | ७४.७९ |
| | **जम्मा** | **३५८९७००** | **३९५२५००** | **३०८००६४** | **७७.९३** |

एकीकृत वित्तीय विवरणअनुसार स्थानीय तहहरूमा प्रदेश सरकारबाट रु.३ अर्ब ८ करोड ६४ हजार अनुदान वितरण भएकोमा ससर्त तथा विशेष अनुदानको तुलनामा समानीकरण अनुदान घटेको देखियो।

२३. **धरौटी** - प्रदेश अन्तर्गत २२३ कार्यालयमा गत वर्षको जिम्मेवारी रु.१ अर्ब ९८ करोड ९३ लाख र यो वर्षको आम्दानी रु.९६ करोड ३९ लाख समेत रु.२ अर्ब ९५ करोड ३३ लाख आम्दानी भएकोमा सदरस्याहा रु.२ करोड ८१ लाख ३ हजार र फिर्ता रु.७९ करोड १५ लाख ९९ हजार समेत रु.८१ करोड ९७ लाख ३ हजार खर्च भई रु.२ अर्ब १३ करोड ३६ लाख मौज्दात देखिन्छ। बाँकी धरौटी मध्ये प्रयोजन समाप्त भएको धरौटी यकिन गरी राजस्वमा आम्दानी बाँध्नु पर्दछ।

२४. **विविध कोष** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६ मा प्रदेश स्थित सरकारी कोषको एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको विविध कोषको विवरणअनुसार १३५ कार्यालयमा गत वर्षको मौज्दात रु.९५ करोड ४९ हजार र यो वर्षको आम्दानी रु.१ अर्ब ८५ करोड ५ लाख २७ हजार समेत रु.२ अर्ब ८० करोड ५ लाख ७६ हजार आय भएकोमा रु.१ अर्ब ८० करोड ३२ लाख खर्च गरी रु.९९ करोड ७३ लाख ५४ हजार मौज्दात रहेको छ।

२५. **प्रदेश विभाज्य कोष** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६(५) मा प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम मासिक रुपमा बाँडफाँट गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै प्रदेश आर्थिक ऐन, २०८० को दफा ३ बमोजिम विभाज्य कोषमा जम्मा भएको रकमको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा बाँडफाँट गर्नुपर्ने व्यवस्था छ। यो वर्ष विभाज्य कोषमा सवारी साधन कर रु.२ अर्ब ९२ करोड ३० लाख सङ्कलन भएकोमा रु.१ अर्ब ७५ करोड ३८ लाख प्रदेश सञ्चित कोषमा र रु.१ अर्ब १६ करोड ९२ लाख स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरेको छ।

आषाढ महिनामा सङ्कलन भएको सवारी साधन कर रु.७ करोड ३३ लाख २०८१।८२ मा बाँडफाँट गरी स्थानीय तहमा पठाएको देखिन्छ। कानुन बमोजिम आर्थिक वर्ष भित्रै विभाज्य कोषमा दाखिला गरी बाँडफाँट गर्नुपर्दछ।

२५.१. प्रदेश विभाज्य कोषको एकीकृत वित्तीय विवरणअनुसार सवारी साधन कर रु.२ अर्ब प्राप्त हुने अनुमान भएकोमा रु.१ अर्ब ७५ करोड ३८ लाख आम्दानी गरी लक्ष्यको ८७.६९ प्रतिशत प्रगति भएको छ।

२५.२. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ तथा प्रदेश आर्थिक ऐन, २०८० को दफा ४ मा मनोरञ्जन कर र दफा ५ मा विज्ञापन करको ६० प्रतिशत सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र बाँकी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। प्रदेश विभाज्य कोषको एकीकृत वित्तीय विवरणअनुसार सवारी साधन कर रु.२ अर्ब ९२ करोड ३० लाख ५ हजार सङ्कलन गरी रु.१ अर्ब १६ करोड ९२ लाख स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरेको छ। बाँडफाँट गर्दा पालिका तर्फको मनोरञ्जन कर रु.५२ लाख २९ हजार, विज्ञापन कर रु.२७ लाख ६२ हजार समेत रु.७९ लाख ९१ हजार प्रदेश सञ्चित कोष दाखिला भएको छ। त्यसैगरी, १०९ पालिकाको विभाज्य कोषमा जम्मा भएको रकमको बाँडफाँटको विवरण पेस नभएकोले प्राप्त हुनुपर्ने रकम यकिन हुन सकेन। पालिकाको विभाज्य कोषबाट लिनुपर्ने रकम यकिन गरी बाँडफाँट गर्नुपर्दछ।

२६. **तलबी प्रतिवेदन** - प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७(५) बमोजिम तलवी प्रतिवेदन पारित गरेरमात्र तलब भुक्तानी हुनुपर्ने व्यवस्था रहेको छ। प्रदेश सरकार र अन्तर्गतका निकायले तलबी प्रतिवेदन पारित नगरी यो वर्ष रु.१ अर्ब ९९ करोड ५४ लाख ९ हजार तलब भुक्तानी गरेको छ। तलबी प्रतिवेदन पारित गरी तलब भुक्तानी गर्नुपर्दछ।

२७. **आन्तरिक लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(छ) मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका बेहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था छ। कार्यालयको आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार यो वर्षको आन्तरिक लेखापरीक्षणबाट नियमित गर्नुपर्ने रु.३१ करोड ९७ लाख ३३ हजार, असुल गर्नुपर्ने रु.२ करोड १८ लाख ६० हजार र म्याद नाघेको पेस्की रु.५ करोड १५ लाख १६ हजार समेत रु.४३ करोड ३१ लाख ९ हजार बेरुजु देखिएको छ। अन्तिम लेखापरीक्षण हुनु अगावै बेरुजु फस्यौंट गरेको अभिलेख राखेको पाईएन। ऐन बमोजिम तोकिएको समयमा बेरुजु फस्यौंट गर्नुपर्दछ।

२८. **दायित्व सिर्जना** - आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था भए पनि प्रदेशको १० मन्त्रालय र मातहतका कार्यालयहरूले यो वर्ष चालुतर्फ १० मन्त्रालय तथा निकायले रु.२० करोड १२ लाख ६१ हजार तथा पुँजीगततर्फ ९ मन्त्रालय तथा निकायले रु.१ अर्ब ४५ करोड ७२ लाख ८६ हजार समेत रु.१ अर्ब ६५ करोड ८५ लाख ८७ हजार आगामी आर्थिक वर्षको लागि दायित्व सिर्जना गरेको छ।

(रु.हजारमा)

| क.सं. | मन्त्रालय | रकम | क सं | मन्त्रालय | रकम |
|---|---|---|---|---|---|
| १ | प्रदेश योजना आयोग | ११६८२ | २ | प्रदेश लोकसेवा आयोग | २१६७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय | ४९७ | ४ | उद्योग पर्यटन तथा सहकारी मन्त्रालय | ११०७२४ |
| ५ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | ४४१५६ | ६ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ८५५०१० |
| ७ | वन तथा वातावरण मन्त्रालय | ३९३५२ | ८ | सामाजिक विकास मन्त्रालय | ७८७९२ |
| ९ | सहरी विकास तथा खानेपानी मन्त्रालय | ३४७५७३ | १० | आन्तरिक मामिला कानुन तथा सहकारी मन्त्रालय | २८५७१ |
| ११ | स्वास्थ्य मन्त्रालय | १४००२३ | | | |
| | **जम्मा** | | | | **१६५८५८७** |

*स्रोतः लुम्बिनी प्रदेश सरकारको वार्षिक वित्तीय विवरण, २०८०।८१*

उक्त दायित्वलाई आगामी वर्षको बजेटमा समावेश गरेको देखिएन। आगामी वर्षको बजेटलाई असर पार्ने गरी दायित्व सिर्जना गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा जिम्मेवारी कार्यान्वयन नभएको, घोषित नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, वार्षिक बजेटमा उल्लेख भएका विषयहरू कार्यान्वयन नभएको, वर्षान्तमा रकमान्तर गरेको, निकासा उपलव्ध गराएकोमा स्थानीय तहबाट खर्चको विवरण नलिएको, सम्पत्तिको एकीकृत विवरण नराखेको, राजस्व प्रक्षेपण यथार्थ नभएको, वार्षिक विवरण तथा प्रतिवेदन तयार नगरेको लगायतका बेहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय अन्तर्गत निकायको लेखापरीक्षणबाट लगती बेरुजु देखिएन। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

# ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम मन्त्रालयको देहायका प्रमुख कार्यहरुको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी कार्यहरू पर्दछन्:

- प्रदेशस्तरको ऊर्जा विद्युत सिँचाइ जल उत्पन्न प्रकोप,
- प्रदेशस्तरमा ऊर्जा, विद्युत तथा सिँचाइ सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण,
- ऊर्जा, विद्युत, सिँचाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्धन,
- राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान निर्माण सञ्चालन, सम्भार र व्यवस्थापन
- प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण,
- प्रदेश भित्रको जलस्रोत उपयोग हुने आयोजनाहरूको अध्ययन सर्वेक्षण तयारी,
- प्रदेशस्तरमा जल उपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन प्रविधि विकास र व्यवस्थापन,
- मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन,
- जलगुण तथा वायुगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन,
- प्रदेशभित्रको नदी संरक्षण सम्बन्धी योजना तथा गुरुयोजना तर्जुमा,
- प्रदेशमा निर्माण सामाग्रीको उपलव्धता व्यवस्थापन र गुणस्तर सम्बन्धी कार्य।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहतका समेत १९ सरकारी कार्यालयको निम्नानुसार रु.३ अर्ब ९ करोड १४ लाख ८९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| ३०८८७१४ | १०९ | २६६६ | ० | ३०९१४८९ |

२. **बजेट खर्च -** प्रदेश विनियोजन ऐन, २०८० अनुसार मन्त्रालय र माताहतका कार्यालयको विनियोजन भएको बजेट र खर्चको अवस्था देहाय अनुसार छः

(रु.हजारमा)

| विवरण | विनियोजन बजेट | अन्तिम बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| चालु | २११५८३ | २२१५५८ | १७३७८८ | ७८.४३ |
| पूंजीगत | ३९००४३० | ३९०९८३० | २९१४९२६ | ७४.५५ |
| **जम्मा** | **४११२०१३** | **४१३१३८८** | **३०८८७४** | **७४.७६** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ७८.४३ प्रतिशत, पुँजीगततर्फ ७४.५५ प्रतिशत र समग्रमा ७४.७६ प्रतिशत खर्च भएको छ।

३. **आवधिक योजना –** प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) मा उल्लेख गरेका प्रदेश सिँचाइ गुरुयोजना निर्माण गर्ने, बहुउद्देश्यीय जलाशय निर्माण गर्ने, एक गाँउ एक पोखरी निर्माण गर्ने, नौमुरे वहुउद्देश्यीय आयोजना प्रदेश सरकार मातहत रहने गरी वित्तीय व्यवस्थापन गर्ने कार्यहरू गरेको छैन। ऊर्जातर्फ प्रदेश विद्युत विकास संयन्त्र स्थापना गर्ने, औद्योगिक करिडोर तथा ऊर्जा विकास

अन्तर्गत १३२ तथा ६६ के.भी. प्रसारण लाईन बिस्तार गर्ने, विद्युत वन हातेमालो कार्यक्रम सञ्चालन गर्ने, सौर्य ऊर्जा संभाव्यता अध्ययन कार्यक्रम सञ्चालन गर्ने, प्रदेश गौरव सौर्य ऊर्जा आयोजना छनौट तथा सञ्चालन गर्ने, २५ हजार घर धुरीमा सौर्य ऊर्जा जडान गर्ने, प्रशोधित दाउरा कार्यक्रम कार्यान्वयन भएका छैनन्। सिँचाइ सुविधा पुगेको जमिन ७० प्रतिशत पुऱ्याउने लक्ष्य राखेकोमा ५५.७ प्रतिशत मात्र पुगेको छ। आवधिक योजनामा समावेश भएका कार्यक्रमहरू बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **वार्षिक नीति तथा कार्यक्रम -** यो बर्षको नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमहरू बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्नेमा निम्नानुसार देखियोः

| क्र.सं. | नीति तथा कार्यक्रम | बजेट विनियोजन |
|---|---|---|
| १ | भूमिगत जलको पुनर्भरण, बाढी प्रकोप न्यूनीकरण, जैविक विविधताको संरक्षण र डुबान तथा पहिरोजन्य विपद्को दिगो व्यवस्थापनका लागि कपिलवस्तुको वाणगंगा, दाङ्गको ग्वारखोला लगायत थप संभाव्य स्थानमा जलाशययुक्त आयोजना निर्माणको अध्ययन अनुसन्धान गरी सङ्घको समन्वयमा कार्यान्वयन गर्ने | नभएको |
| २ | विद्युतीय सवारी साधनको प्रयोगलाई सहजीकरण गर्न निजी क्षेत्रको सहभागितामा १२ वटै जिल्ला सदरमुकाम राजमार्ग र व्यापारिक केन्द्रमा चार्जिङ्ग स्टेशन निर्माण गर्ने | नभएको |

नीति तथा कार्यक्रम अनुसार बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ।

५. **बजेट कार्यान्वयन -** यो वर्षको बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरूमध्ये उज्यालो प्रदेश लुम्बिनी प्रदेश" अभियान अन्तर्गत विद्युत सेवाको स्तरोन्नति गर्ने र विद्युतीय सवारी साधनको चार्जिङ्ग स्टेशन निर्माण गर्न निजी क्षेत्र समेतलाई प्रोत्साहन गर्ने, १ मेगावाट सम्मको नमुना सौर्य मिनी-ग्रिड आयोजनाको अध्ययन गरी निर्माणको व्यवस्था मिलाउने, जलजन्य विपद् व्यवस्थापनका लागि संस्थागत क्षमता वृद्धि गर्ने र नदी तटबन्धमा स्थानीय प्रविधिको प्रयोगमा जोड दिने कार्यक्रमहरू कार्यान्वयन भएका छैनन्। बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

६. **प्रगति मूल्याङ्कन** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रमको कार्यान्वयनको मूल्याङ्कन गरी अर्धवार्षिक र वार्षिक रुपमा सार्वजनिक गर्ने व्यवस्था रहेको छ। यस वर्षको वार्षिक विकास कार्यक्रम अनुसार मन्त्रालय र मातहतका कार्यालयका लागि १ हजार १३८ क्रियाकलापमा पुँजीगततर्फ रु.३ अर्ब ९० करोड ९८ लाख अन्तिम बजेट रहेकोमा रु.२ अर्ब ९१ करोड ४९ लाख अर्थात् ७४.५५ प्रतिशत खर्च गरेकोमा क्रियाकलापगत एकीकृत भौतिक प्रगति विवरण तयार गरेको छैन। तोकिए अनुसारको प्रगति विवरण तयार गरी समीक्षा एवं सार्वजनिक गर्नुपर्दछ।

७. **कार्यक्षेत्र** - नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले कार्यान्वयन गर्ने कार्यक्रमलाई व्यवस्थित गर्न नेपाल सरकारले लागु गरेको आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० मा सिँचाइ योजनातर्फ तराई मधेशमा ५०० हेक्टर, पहाडमा ५० हेक्टर, हिमालमा २५ हेक्टर, स्यालो ट्युवेलतर्फ २०० हेक्टर र लिफ्ट सिँचाइतर्फ १०० हेक्टरसम्मका आयोजना स्थानीय तहको कार्यक्षेत्रमा पर्ने उल्लेख छ। यो वर्ष मन्त्रालय र मातहतका कार्यालयले रु.५ लाखसम्मका स्थानीय सरकारको कार्यक्षेत्रमा पर्ने १ हजार ३८ योजनाहरूमा रु.३४ करोड ३५ लाख बजेट विनियोजन गरी खर्च गरेको छ। प्रदेशले आफ्नो कार्यक्षेत्र अन्तर्गतका योजनामा लगानी गर्नुपर्दछ।

८. **कार्य सञ्चालनस्तरका कार्य** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार नियमन, समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी रहेको यस मन्त्रालयले यो वर्ष राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रममा रु.७७ लाख २५ हजार र ऊर्जा विकास कार्यक्रममा रु.५ करोड ९ लाख ७१ हजार समेत रु.५ करोड ८६ लाख ९६ हजारको कार्यक्रम आफैंले कार्यान्वयन गरेको छ। मन्त्रालयहरू कार्यसञ्चालन स्तरका काममा संलग्न हुनु हुँदैन।

९. **वित्तीय विवरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ को उपदफा (२) बमोजिम सङ्घ, प्रदेश तथा स्थानीय तहले नेपाल सरकारबाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र विनियोजन, राजस्व, धरौटी र अन्य कोषको बार्षिक वित्तीय विवरण र सम्पत्ति दायित्वको विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था रहेको छ। मन्त्रालयले उक्त व्यवस्था अनुसार नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसारको वित्तीय विवरण तयार गरेको छैन। नेपाल सार्वजनिक क्षेत्र लेखामानले तोकेको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्दछ।

१०. **आन्तरिक नियन्त्रण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० बमोजिम आफ्नो र मातहतका कार्यालयका लागि आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्षभित्र लागु गर्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि ऐन लागु भएको सात वर्ष बितिसक्दा समेत मन्त्रालय र मातहत कार्यालयको लागि आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरेको छैन। कानुनमा तोकिए अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

## जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरू

११. **उपभोक्ता समितिबाट काम** - आर्थिक, प्राविधिक र व्यवस्थापकीय क्षमता कमजोर भएको उपभोक्ता समिति मार्फत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, दाङ्ग अन्तर्गत झक्रेवा लिफ्ट सिँचाई योजनाका सामान खरिद तथा निर्माणको कार्य गराई रु.४३ लाख ३८ हजार खर्च गरेको छ। यस प्रकारका जटिल प्राविधिक काम निर्माण व्यवसायीबाट गराउनुपर्दछ।

१२. **परामर्श सेवा** - जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बर्दिया, गुल्मी, रुकुम पूर्व, प्युठान र रूपन्देही समेत ५ कार्यालयहरूले १४ योजनाको रु.८८ लाख २३ हजार को संभाव्यता अध्ययन लगायतका काम गराइ भुक्तानी गरेको छ। विभागीय जनशक्तिले सम्भव नहुने तथा विशिष्ट ज्ञान आवश्यक पर्ने काम मात्र परामर्श सेवाबाट गराउनुपर्दछ।

१३. **एकमुष्ट बजेट** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १० मा सार्वजनिक निकायहरूले बजेट प्रस्ताव गर्दा सोही ऐनको दफा ५ बमोजिम प्रस्तावित योजना कार्यक्रमको क्रियाकलापगत विवरण खुलाई आगामी वर्षको बजेट तयार गर्नुपर्ने उल्लेख छ। आयोजनागत रुपमा बजेट विनियोजन नगरी भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, दाङ्गको सिँचाइ आयोजना मर्मत सम्भारतर्फ एकमुष्ठ विनियोजित रु.३ करोड ५० हजारबाट रु.२ करोड ६ लाख ३९ हजार खर्च गरेको छ। आयोजनागत रुपमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

१४. **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को अनुसूची-१ बमोजिम लागत अनुमान तयार गर्दा लागत अनुमान रकमको वर्क चार्ज २ प्रतिशत र अन्य सानातिना खर्च २

प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी खर्चको व्यवस्था गरेको छ। यो वर्ष मन्त्रालय अन्तर्गतका १२ कार्यालयले रु.३ करोड ७७ लाख ६७ हजार कन्टिन्जेन्सी खर्च गरेका छन्। मन्त्रालय मातहत ११ कार्यालयहरूले यो वर्ष कन्टिन्जेन्सीबाट निर्माण कार्यका लागि सुपरभाईजरहरू नियुक्त गरी रु.६९ लाख ७८ हजार पारिश्रमिक भुक्तानी गरेको देखियो। वर्क चार्ज र अन्य सानातिना खर्चलाई नियमावलीले तोके अनुसार छुट्टाई खर्च गरेको छैन।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा जिम्मेवारी कार्यान्वयन, नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, वार्षिक बजेटमा उल्लेख भएका विषयहरू कार्यान्वयन नभएको लगायतका बेहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय अन्तर्गत १९ निकायको लेखापरीक्षणबाट रु.७ करोड ३४ लाख ४२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१३ लाख ४८ हजार फस्र्यौट गरेकोले रु.७ करोड २० लाख ९४ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

# उद्योग, पर्यटन, यातायात तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम मन्त्रालयको देहायका प्रमुख कार्यहरुको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी कार्यहरू पर्दछन्:

- उद्योग दर्ता, अनुमति, नवीकरण एवं खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन,
- प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास, औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना,
- वाणिज्य र बजार प्रतिस्पर्धा, सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण,
- प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण बजार अनुगमन, समन्वय तथ्याङ्क सङ्कलन,
- ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन,
- नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता,
- व्यापारिक फर्महरूको दर्ता, नवीकरण, खारेजी,
- कलकारखाना र औद्योगिकीकरण सम्बन्धी,
- सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति, उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन,
- मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण,
- सामाजिक सुरक्षा र संरक्षण कोष व्यवस्थापन, राष्ट्रिय र प्रादेशिक निकाय तथा सङ्घ संस्थासंग सम्पर्क, समन्वय र सहकार्य,
- श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन, श्रमशक्ति, श्रमबजार,
- औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरूपण कार्यस्थल सुरक्षा,
- प्रादेशिक पर्यटन विकास,
- प्रदेशस्तरमा संग्रहालय, प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, सवारी चालक अनुमति र नवीकरण,
- वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन।

**लेखापरीक्षण अङ्क -** यो वर्ष मन्त्रालय र मातहतका २९ निकायको रु.५ अर्ब १३ करोड १९ लाख ६८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| ७१६७५८ | ३९४८६३४ | ३७९८१ | ४२८५९५ | ५१३१९६८ |

**बजेट खर्च –** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यो वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| क्र.सं. | खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा/खर्च |
|---|---|---|---|---|
| | **चालु खर्च** | | | |
| १ | २११०० पारिश्रमिक / सुविधा | १९६९८९ | २०२४५० | १४६१८७ |
| २ | २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ११६१ | १२०८ | ८४१ |
| ३ | २२१०० सेवा महसुल | १२८२७ | १३१३७ | ८६६४ |
| ४ | २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | २६६३० | २८८०८ | २२९९१ |
| ५ | २२३०० कार्यालय सामान तथा सेवाहरू | ३३६४२ | ३२९९२ | २२००४ |
| ६ | २२४०० सेवा तथा परामर्श खर्च | ५५०८९ | ६१४९२ | ४२७८६ |
| ७ | २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | ५८३०६५ | ५२३४८२ | १४४००४ |
| ८ | २२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | १२४५२ | १२२३४ | ९१५५ |
| ९ | २२७०० विविध खर्च | ४१८६ | ४१८६ | ३६१३ |
| १० | २६४०० सामाजिक सेवा अनुदान | ९३६०० | ९७७०० | ७८१९६ |
| ११ | २८१०० सम्पत्ति सम्बन्धी खर्च | ८३८२ | ८४८२ | ७१९३ |
| | **जम्मा** | **१०२८०२३** | **९८६१७१** | **४८५६३४** |
| | पुँजीगत खर्च | | | |
| १ | ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | ५०१७५० | ५१८६०० | २३११२४ |
| | **कुल जम्मा** | **१५२९७७३** | **१५०४७७१** | **७१६७५८** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ४९.२४, पुँजीगततर्फ ४४.५७ र समग्रमा ४७.६३ प्रतिशत खर्च गरेको छ।

**मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५(२) मा आवधिक विकास आयोजनालाई मार्गदर्शनको रुपमा लिएर मध्यमकालीन खर्च संरचनामा प्रस्तावित कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको प्रति ईकाइ लागत, लाग्ने अनुमानित समय र प्रतिफल खुलाई प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। मध्यमकालीन खर्च संरचनाअनुसार २०७८।७९ को बजेट मध्यमकालीन खर्च संरचनामा समावेश नगरेको र २ वर्षको बजेटको अवस्था देहाय अनुसार रहेको छः

(रु.हजारमा)

| आर्थिक वर्ष | मध्यमकालीन बजेट प्रक्षेपण | विनियोजन बजेट | प्रस्ताव र विनियोजन फरक प्रतिशत |
|---|---|---|---|
| २०७९।८० | ४४६०६६ | ४०६२६७ | (८.९२) |
| २०८०।८१ | ४६४५५७ | १५०४७७१ | २२३.९१ |

प्रस्तावित कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको प्रति ईकाइ लागत, लाग्ने अनुमानित समय र प्रतिफल खुलाई प्राथमिकीकरण गर्नुपर्नेमा सो अनुसारको देखिएन। बजेट प्रक्षेपण र विनियोजनबीच अन्तर देखिएको छ। मध्यमकालीन खर्च संरचना अनुरूप बजेट व्यवस्थापन हुनुपर्दछ।

**वार्षिक नीति तथा कार्यक्रम** - यो वर्षको नीति तथा कार्यक्रममा उल्लेख गरेका कार्यक्रमहरू बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्नेमा देहायका कार्यक्रमहरु कार्यान्वयन भएको देखिएनः

| बुँदा नं. | नीति तथा कार्यक्रम | बजेट विनियोजन |
|---|---|---|
| १३४ | लुम्बिनीको शान्ति र करुणाको सन्देश विश्वभर फैलाउन "लोरेट एण्ड लिडर" कार्यक्रम आयोजना, व्यक्तिको समग्र मानसिक विकासका लागि अन्तराष्ट्रिय करुणा तथा शान्ति केन्द्र स्थापना गर्न अध्ययन गरी आवश्यक व्यवस्था मिलाउने। | ५० लाख |
| १३५ | गौतम बुद्धको जन्मस्थलको माटो र पानी प्रयोग गरी कोसेली उत्पादन र बजारीकरणमा सहयोग गरी बृहत रुपमा स्वरोजगार सिर्जना गर्ने। | नभएको |
| १४३ | परम्परागत सीपको आधारमा महुवा, अनदी, टिमुर आदीको पेय पदार्थ र मदिरा उत्पादनमा आधुनिक प्रविधिको प्रयोग गरी ब्रान्डिङ गर्न कानूनी व्यवस्था मिलाइने। | १ करोड ८० लाख |
| २७ | "श्रमको सम्मान: लुम्बिनी प्रदेशको अभियान" | ४ करोड ५९ लाख |

नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

**बजेट कार्यान्वयन -** प्रदेशको यो वर्षको बजेट वक्तव्यमा स्थानीय तहसँगको समन्वयमा असंगठित क्षेत्रका श्रमिक र उद्योगको विवरण सङ्कलन तथा विद्युतीय अभिलेखीकरण, यातायात व्यवस्था कार्यालय तुल्सीपुर दाङ्को चार पाङ्ग्रे र दुई पाङ्ग्रे सवारी साधनहरूका लागि ट्रायल सेन्टर निर्माण, उद्योग दर्तामा प्रविधि विकासका लागि विद्युतीय उपकरण खरिद तथा रोजगार पोर्टलसम्बन्धी मोबाइल एप्स निर्माण, द्वन्द्व प्रभावित परिवार उद्यमशीलता प्रवर्द्धन कार्यक्रम तथा एस.ई.ई प्लस व्यवसायिक सीप विकास आयोजना लगायतको लागि रु.४ करोड १५ लाख बजेट व्यवस्था भए तापनि कार्यक्रमहरू कार्यान्वयन भएको देखिएन। बजेटमा व्यवस्था भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

**प्रगति मूल्याङ्कन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रमको प्रगति मूल्याङ्कन गर्ने व्यवस्था छ। यो वर्षको वार्षिक विकास कार्यक्रम अनुसार मन्त्रालय र मातहतका कार्यालयका विभिन्न क्रियाकलापको लागि पुँजीगततर्फ रु.२३ करोड ११ लाख २४ हजार खर्च गरेको छ। मन्त्रालयको स्वीकृत कार्यक्रममा समावेश भएका क्रियाकलापहरूको भौतिक प्रगति खुल्ने गरी एकीकृत प्रगति विवरण तयार गरेको देखिएन। तोकिए अनुसार प्रगति विवरण तयार गरी सार्वजनिक गर्नुपर्दछ।

**कार्यसञ्चालन कोष -** उद्यम विकास कोष तथा सहकारी कोष खातामा गत वर्षको जिम्मेवारी सरी आएको रकममध्ये उद्यम विकास कोषबाट रु.१ करोड विपद् व्यवस्थापन कोषमा निकासा तथा ब्याज अनुदान रु.५५ लाख ७६ हजार खर्च गरेको छ। खातामा मौज्दात रकममध्ये सहकारी कोषको रु.२० करोड रहेकोमा परिचालन नगरी कोषमा मौज्दात नै रहेको छ।

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| क सं. | विवरण | रकम (रु. हजार) | क सं. | विवरण | रकम (रु.हजार) |
| १ | गत वर्षको जिम्मेवारी | | १ | खर्च | १५५७६ |
| क) | उद्यम विकास कोष | १४२७८९ | २ | मौज्दात | |
| ख) | सहकारी कोष | २००००० | क) | उद्यम विकास कोष | १२७२१३ |
| २ | यो वर्षको आय | ० | ख) | सहकारी कोष | २००००० |
| | जम्मा | ३४२७८९ | | जम्मा | ३४२७८९ |

विनियोजनमा बजेट व्यवस्था गरी खर्च गर्नुपर्दछ।

**ब्याज अनुदान -** उद्यम विकास कोष सञ्चालन नियमावली, २०७७ को नियम ४ मा उद्योगको स्थापना सञ्चालन एवम् क्षमता अभिवृद्धि गर्न लिएको ऋणको ब्याज अनुदान दिने व्यवस्था छ। नियमावलीको ब्याज अनुदान सम्बन्धी सर्तमा अनुदानग्राहीले बैङ्कबाट लिएको ऋणको बुझाउनु पर्ने किस्ता नियमित रुपमा बुझाएको, विगत वर्ष देखि ब्याज अनुदान नपाएको, कुनै सरकारी निकायबाट अनुदान नपाएको र उद्योग निरन्तर सञ्चालनमा रहेको हुनुपर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालयले रु.५५ लाख ७६ हजार ब्याज अनुदान उपलब्ध गराएको छ। अनुदान दिनुपर्ने उद्योगहरूको अभिलेख तयार गरी ब्याज अनुदान उपलब्ध गराउँदा सङ्घीय सरकार तर्फको अनुदान तथा प्रदेश सरकारबाट वितरण हुने अन्य प्रकारका अनुदानसँग दोहोरो नपर्ने गरी समन्वयात्मक रुपमा अनुदान दिने व्यवस्था मिलाउनुपर्दछ।

**सहकारी नियमन -** प्रदेश सहकारी ऐन, २०७६ को दफा ५९ मा सहकारी संस्थाहरूको प्रत्येक वर्ष वार्षिक कार्यक्रम, नीति तथा योजना, सञ्चालक वा सदस्यले लिएको तिर्न बाँकी ऋण लगायतको विवरण खुलेको वार्षिक प्रतिवेदन पेस गर्नुपर्ने तथा सोही ऐनको दफा ८१ मा मन्त्रालयले निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष सहकारी विकाससम्बन्धी कार्यका लागि रु.६ करोड २८ लाख ४५ हजार बजेट विनियोजन गरेकोमा रु.१ लाख ७४ हजार खर्च गरेको छ। मन्त्रालयले प्रदेश मातहत रहेका सहकारी संस्थाहरूको कार्य सम्पादन तथा विद्युतीय सूचना व्यवस्थापन प्रणालीमा आवश्यक विवरण प्रविष्ट गरे नगरेको लगायतका विषयमा अनुगमन गरेको देखिएन। सहकारी संस्थाले सहकारी ऐन तथा सहकारीका मूल्य मान्यता अनुसार काम गरेको विषयमा आश्वस्तता प्रदान गर्न अनुगमन तथा नियमन गर्नुपर्दछ।

**वित्तीय विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५(२) बमोजिम सङ्घ, प्रदेश तथा स्थानीय तहले नेपाल सरकारबाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र विनियोजन, राजस्व, धरौटी र अन्य कोषको वार्षिक वित्तीय विवरण र सम्पत्ति तथा दायित्वको विवरण तयार गरी प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। मन्त्रालयले उक्त व्यवस्था अनुसार नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसारको वित्तीय विवरण तयार गरेको देखिएन। तोकिएबमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्दछ।

**आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्षभित्र लागु गर्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि ऐन लागु भएको सात वर्ष बितिसक्दा पनि मन्त्रालय र मातहत कार्यालयको लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन। कानुनमा तोकिएअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

# अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा जिम्मेवारी कार्यान्वय नभएको, घोषित नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, वार्षिक बजेटमा उल्लेख भएका विषयहरू कार्यान्वयन नभएको, सम्पत्ति तथा दायित्वको अभिलेख राखी वार्षिक विवरण तयार गरी नराखेको, वार्षिक विवरण तथा प्रतिवेदन तयार नगरेको, अनुदानको अनुगमन नगरेको लगायतका बेहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय अन्तर्गत २५ निकायको लेखापरीक्षणबाट रु.१ करोड ६१ लाख ३३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३ लाख ३६ हजार फस्र्यौट गरेकोले रु.१ करोड ५७ लाख ९७ हजार बाँकी रहेको छ। बेरुजुमध्ये रु.४८ लाख ७० हजार पेस्की बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

# कृषि तथा भूमि व्यवस्था मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम मन्त्रालयको देहायका प्रमुख कार्यहरुको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी कार्यहरू पर्दछन्:

- कृषि, पशु विकास तथा खाद्य पोषण, कृषि तथा पशुपंछीजन्य रोग, किरा एवं महामारी नियन्त्रण,
- कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार,
- बिउबिजन एवं नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण सम्बद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण,
- प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर, खाद्य प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान एवम् विकास तथा प्रवर्धन,
- कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण,
- कृषि तथा पशुपन्छी विमा, कृषि बजार पूर्वाधार र कृषि फार्म केन्द्रहरूको विकास, विस्तार तथा सञ्चालन,
- सामूहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रवर्धन चरन तथा खर्क सम्बन्धी,
- कृषिजन्य र पशुपन्छीजन्य औषधि, विषादी र सूक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन,
- भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी,
- जग्गा दर्ता रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा दाखिल खारेज, स्वामित्व हस्तान्तरण,
- नाप नक्साका नियन्त्रण विन्दुहरूको सञ्जाल स्थापना क्रमबद्ध कित्ता नापी र भूमि लगत,
- गरिव घर परिवार पहिचान, भूमिहिन सुकुम्वासी, दलित आदि वर्गको बसोबास र पुनःस्थापना,
- सुरक्षित बसोबास र जग्गा एकीकरण, गुठी तथा गुठी जग्गा व्यवस्थापन,
- सहकारी संस्था, सहकारी सङ्घ तथा सहकारी बैंङ्क सम्बन्धी सहकारी बचत तथा ऋण परिचालन।

०. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहतका ३३ सरकारी कार्यालयको निम्नानुसार रु.१ अर्ब ७० करोड ६२ लाख ११ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोवार | जम्मा |
|---|---|---|---|---|
| १२२५३२९ | २८१३९ | १८९७६ | ४३३७६७ | १७०६२११ |

१. **खर्च व्यवस्थापन -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यो वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| क्र.सं. | खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा/खर्च |
|---|---|---|---|---|
| | **चालु खर्च** | | | |
| १ | २११०० पारिश्रमिक/सुविधा | ३०८१४८ | ३०८०७७ | २०४९१९ |
| २ | २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ११०२ | ११०२ | ४७४ |

| क्र.सं. | खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा/खर्च |
|---|---|---|---|---|
| ३ | २२१०० सेवा महसुल | १४९९९ | १५४११ | १२२३५ |
| ४ | २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | ६९६७० | ७२०६५ | ५७८९९ |
| ५ | २२३०० कार्यालय सामान तथा सेवाहरू | ४४६८६ | ४४३७६ | ३३०२८ |
| ६ | २२४०० सेवा तथा परामर्श खर्च | २०८४३७ | २०५२९१ | १७३३८१ |
| ७ | २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | ६८८२१३ | ६५२५९९ | ३८४०७७ |
| ८ | २२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | ३१९६७ | ३१९६७ | २३३४१ |
| ९ | २२७०० विविध खर्च | ९५९८ | ७९९३ | ६४४९ |
| १० | २६४०० सामाजिक सेवा अनुदान | ३८७४५५ | ३८२१२५ | २७१८६४ |
| ११ | २७२०० सामाजिक सहायता | २५०० | २५०० | ०.०० |
| १२ | २८१०० सम्पत्ति सम्बन्धी खर्च | ४६८० | ४६८० | ३५३७ |
| | **जम्मा** | **१७७१४५५** | **१७२८१८६** | **११७१२०४** |
| | **पुँजीगत खर्च** | | | |
| १ | ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | १८२७९५ | १७५२४५ | ५४१२५ |
| २ | ३१४०० प्राकृतिक सम्पत्ति | ५००० | ५००० | ० |
| | **जम्मा** | **१८७७९५** | **१८०२४५** | **५४१२५** |
| | **कुल जम्मा** | **१९५९२५०** | **१९०८४३१** | **१२२५३२९** |

उल्लिखित तालिका अनुसार चालुतर्फ ६७.७७ प्रतिशत, पुँजीगततर्फ ३०.०३ प्रतिशत र समग्रमा ६२.२० प्रतिशत खर्च भएको छ।

२. **आवधिक योजना –** आवधिक योजनामा उल्लेख गरेका कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) ले व्यवस्था गरेका खेतीयोग्य जग्गाको खण्डीकरण रोक्न भूमि बैङ्कको स्थापना गर्ने, कृषि भूमि संरक्षण गर्न भू-उपयोग योजना तर्जुमा गर्ने, सामुहिक र सहकारी मार्फत खेतियोग्य जग्गा चक्लाबन्दी गर्ने, आयातित पुष्पहरूको प्रयोगलाई निरुत्साहित गर्ने व्यवस्थाहरू कार्यान्वयन गरेको छैन। आवधिक योजना र कार्यान्वयनबीचको अन्तर कम गर्नुपर्दछ।

३. **मध्यमकालीन खर्च संरचना**-प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५(२) मा आवधिक विकास आयोजनालाई मार्गदर्शनको रुपमा लिएर मध्यमकालीन खर्च संरचनामा प्रस्तावित कार्यक्रमको क्रियाकलापगत विवरण क्रियाकलापको प्रति ईकाइ लागत लाग्ने अनुमानित समय र प्रतिफल खुलाई प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। विगत ३ वर्षको मध्यमकालीन खर्च संरचनाको बजेट प्रक्षेपण र बजेट विनियोजनको अवस्था देहायअनुसार रहेको छ।

(रु.हजारमा)

| आर्थिक वर्ष | मध्यमकालीन बजेट प्रक्षेपण | वास्तविक बजेट | प्रस्तावित बजेट फरक प्रतिशत |
|---|---|---|---|
| २०७८।७९ | ४३९१२०१ | ३२४०१२१ | (२६.२१) |
| २०७९।८० | २४७९५०० | २४७९५०० | ० |
| २०८०।८१ | २५६७५०० | १९०८४३१ | (२५.६६) |

प्रस्तावित कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको प्रति ईकाइ लागत, लाग्ने अनुमानित समय र प्रतिफल खुलाई प्राथमिकीकरण गर्नुपर्नेमा सो अनुसारको देखिएन। बजेट प्रक्षेपण र विनियोजनबीच अन्तर देखिएको छ। मध्यमकालीन खर्च संरचना अनुरूप बजेट व्यवस्थापन हुनुपर्दछ।

४. **वार्षिक नीति तथा कार्यक्रम** - मन्त्रालयको यो वर्षको वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका विषयहरू मध्ये स्थानीय तहसँगको समन्वयमा सरकारी एवं सार्वजनिक जग्गाको अभिलेखीकरण र लगतकट्टा गर्ने काम गरेको छैन। सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम १० जिल्लामा सञ्चालन गर्ने लक्ष्य रहेकोमा २ जिल्लामा र १२ जिल्लाको ३ हजार हेक्टर क्षेत्रमा सिँचाइ सुविधा विस्तार गर्ने लक्ष्य रहेकोमा २ हजार हेक्टरमा काम गरेको देखिएन। नीति तथा कार्यक्रममा उल्लेख भएका नीति कार्यान्वयन गर्नुपर्दछ।

५. **बजेट कार्यान्वयन** - यो वर्षको बजेट बक्तव्यमा उल्लेख गरिएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ। बजेट बक्तव्यमा एक बागवानी केन्द्र र एक बाख्रा स्रोत केन्द्र सञ्चालनमा ल्याउने, भूमिको बैज्ञानिक व्यवस्थापन गर्ने, भू-उपयोग योजना निर्माण गर्ने, सरकारी र सार्वजनिक जग्गाको व्यवस्थित अभिलेखीकरण गर्ने लगायतका कार्यक्रम कार्यान्वयन भएको छैन। काजु र ओखर खेतिको सम्भाव्यता अध्ययन, लाइभस्टक गुणस्तर र एभियन प्रयोगशालाको जग्गामा तारबार, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन कार्यक्रमका लागि रु.१ करोड २२ लाख विनियोजन गरेपनि कार्यान्वयन गरेको छैन। विनियोजित बजेटको प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

६. **प्रगति मूल्याङ्कन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ अनुसार तयार गरेको प्रगति विवरण प्राप्त भएपछि नियम २६ अनुसार केन्द्रीय निकायले एकीकृत प्रगति मूल्याङ्कन तयार गरी प्रगति कम हुनुका कारण पहिचान गरी सुधारका लागि आवश्यक कदम चाल्नुपर्ने उल्लेख छ। यो वर्ष मन्त्रालय र मातहत कार्यालयबाट कार्यान्वयन हुने गरी ३६० क्रियाकलापमा रु.१ अर्ब ९० करोड ८४ लाख बजेट विनियोजन गरी रु.१ अर्ब २२ करोड ५३ लाख २९ हजार खर्च गरेकोमा भौतिक र वित्तीय प्रगति तयार गरेको छैन। तोकिए अनुसारको प्रगति विवरण तयार गरी सार्वजनिक गर्नुपर्दछ।

७. **शीतभण्डार सञ्चालन** - लुम्बिनी प्रदेशमा २०८०।८१ सम्म रु.२३ करोड ३ लाखको अनुदानमा १७ शीतभण्डार निर्माण सम्पन्न भएकोमा कपिलवस्तु र रोल्पा जिल्लाका ३ शीतभण्डार सञ्चालनमा नरहेको विवरण प्राप्त भएको छ। निर्मित शीत भण्डारहरूको क्षमता ११ हजार ४२५ मेट्रिक टन उल्लेख गरेकोमा १ हजार २ सय मेट्रिक टन क्षमताको उपयोग भएको छैन। निर्मित शीत भण्डारहरुको सञ्चालन तथा उपभोग गर्नुपर्दछ।

८. **ब्याज अनुदान** - शुलभ कर्जा सहजीकरण तथा ब्याज अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ अनुसार व्यवसायिक कृषकहरूलाई गत वर्षसम्म सहुलियतपूर्ण कृषि ऋणको रु.२ करोड ६८ लाख ६९ हजार र यो वर्ष रु.४० लाख ९१ हजार समेत रु.३ करोड ९ लाख ५० हजार ब्याज अनुदान उपलब्ध गराएको छ। कार्यविधिले ब्याज अनुदान प्राप्त गर्ने आयोजनाहरूको बिमा गर्नुपर्ने, उत्पादन कार्य सुरु भएको मितिले प्रत्येक वर्ष लगानीको तुलनामा कम्तीमा २० प्रतिशतका दरले प्रतिफल प्राप्त गर्नुपर्ने व्यवस्था गरेको भएपनि १३८ कृषि फर्मलाई प्रतिफलको विश्लेषण नगरी ब्याज अनुदान दिएको छ। कार्यविधि अनुसार अनुदान वितरण गरी लाभग्राहीहरूको विवरण सार्वजनिक गर्नुपर्दछ।

९. **अनुदान** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० मा सङ्घ संस्थालाई दिएको अनुदान उद्देश्य अनुसार खर्च गर्नुपर्ने, लेखापरीक्षण गराउनु पर्ने र वार्षिक प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ। मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार पछिल्लो तीन वर्षमा ९

हजार ६ सय ८७ अनुदानग्राहीलाई रु.१ अर्ब ७३ करोड ९८ लाख ५८ हजार अनुदान उपलब्ध गराएको छ।

| आ.व. | क्षेत्र | अनुदानग्राही संख्या | सम्झौता (रु.हजारमा) | | | भुक्तानी (रु.हजारमा) |
|---|---|---|---|---|---|---|
| | | | कार्यालयले व्यहोर्ने रकम | व्यक्ति/संस्थाले व्यहोर्ने रकम | कुल जम्मा रकम | |
| २०७८।७९ | कृषि | २७०२ | ९१११५७ | ४१६२७८ | १३२७४३५ | ५१२५९६ |
| | पशुपन्छी | १५६४ | ३६७२५७ | २४५६७१ | ६१२९२९ | ३१६८५५ |
| जम्मा | | ४२६६ | १२७८४१४ | ६६१९४९ | १९४०३६४ | ८२९४५१ |
| २०७९।८० | कृषि | ११९६ | ३०६५०८ | १९१६५५ | ४९८१६४ | २४४८५३ |
| | पशुपन्छी | ९७४ | २९१६४५ | १७५५३१ | ४६७१७७ | २५५५२३ |
| जम्मा | | २१७० | ५९८१५३ | ३६७१८६ | ९६५३४१ | ५००३७६ |
| २०८०।८१ | कृषि | २६४१ | २४८५०७ | १०९८३६ | ६८७३३५ | २१६९०३ |
| | पशुपन्छी | ६१० | २१९४०९ | ६२९३६ | २७२९४६ | १९३१२८ |
| जम्मा | | ३२५१ | ४६७९१६ | १७२७७२ | ९६०२८१ | ४१००३१ |
| कुल जम्मा | | ९६८७ | २३४४४८३ | १२०१९०७ | ३८६५९८६ | १७३९८५८ |

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र दाङ्ग, कपिलवस्तु, अर्घाखाँची र गुल्मीले अनुदानग्राही व्यक्ति तथा संस्थालाई रु.५ करोड ३६ लाख र एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय बर्दिया र प्युठानले स्मार्ट कृषि गाउँ कार्यक्रम, युवा लक्षित कृषि गाउँ कार्यक्रम प्रतिफलमा आधारित अनुदान कार्यक्रम लगायतका कार्यक्रमहरू सञ्चालन गर्न रु. ५ करोड ४९ लाख अनुदान उपलब्ध गराएको छ। अनुदानको उपयोग अवस्था र दिगोपना समेतको अनुगमन गर्नुपर्नेमा नगर्ने पदाधिकारीलाईसमेत जवाफदेही बनाई अनुदानग्राहीको विवरण सार्वजनिक गर्नुपर्दछ।

१०. **स्मार्ट कृषि -** स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रदेश अन्तर्गत पहिचान भएका मौलिक कृषि वस्तु तथा सेवाको आधुनिक एवं समय सापेक्ष तरिकाबाट उत्पादन तथा प्रवर्धन गर्न प्रदेश सरकारले निजी कृषक समूह तथा सहकारी, स्थानीय तह, शैक्षिक तथा अनुसन्धान संस्था लगायतको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ। प्राप्त विवरणअनुसार स्मार्ट कृषि कार्यक्रम कार्यान्वयन स्थिति निम्नानुसार रहेको छः

| आर्थिक वर्ष | विनियोजित बजेट (रु.हजारमा) | खर्च रकम (रु.हजारमा) | लक्षित कार्यक्रम | कार्यक्रम कार्यान्वयन |
|---|---|---|---|---|
| २०७५/७६ | २६०००० | २२६२०१ | ५२ | ५२ |
| २०७६/७७ | ३१५००० | १५४६९१ | ७५ | ५० |
| २०७७/७८ | ४५२००० | ३३६९८९ | ११६ | १०८ |
| २०७८/७९ | ३३७५०० | १८२१६२ | ११५ | ९४ |
| २०७९।८० | १६२००० | १२९६५१ | ६१ | ४३ |
| २०८०।८१ | ८५५०० | ४०९३६ | ३८ | २४ |
| **जम्मा** | **१६१२०००** | **१०७०६३०** | **४५७** | **३७१** |

१०.१. स्मार्ट कृषि गाउँ कार्यक्रमका लागि २०७५।७६ देखि २०८०।८१ सम्म रु.१ अर्ब ७ करोड ६ लाख खर्च गरेकोमा हालसम्म ३७१ कार्यक्रमको कार्यान्वयन भएको छ। आर्थिक वर्ष २०८०।८१ मा ३८ कार्यक्रममा बजेट विनियोजन भएकोमा १४ कार्यक्रम सञ्चालनमा आएका छैनन् भने सञ्चालन

तथा सम्पन्न भएका कार्यक्रमहरू समुदायमा हस्तान्तरण भएका छैनन्। उक्त कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

१०.२. स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को ८(३) अनुसार उपलब्ध गराएको अनुदान रकमको सही उपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्नु पर्ने व्यवस्था छ। कृषि ज्ञान केन्द्र कपिलवस्तु, पाल्पा, रूपन्देही र नवलपरासी सुस्ता पश्चिमले ३ स्मार्ट कृषि गाँउ अन्तर्गत ३ हजार ५१८ लाभग्राहीलाई रु.२ करोड ७१ लाख १२ हजार अनुदान उपलब्ध गराएको छ। स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयनबाट उत्पादनमा भएको वृद्धि, नागरिकको जीवनस्तरमा परेको प्रभाव लगायतका विषयमा अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ।

११. **अन्तर सरकारी अख्तियारी** - प्रदेश विनियोजन ऐन, २०८० को दफा ५ मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पुँजीगत तर्फको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश सरकारको आर्थिक मामिला मन्त्रालयको सहमतिमा सङ्घीय अर्थ मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका निकायमार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्नसक्ने व्यवस्था छ। मन्त्रालयले पूर्व स्वीकृति नलिई १२ जिल्लाका मालपोत र नापी कार्यालयहरूले चालु खर्चमा दिएको अख्तियारीबाट रु.२ करोड ३६ लाख ३१ हजार खर्च गरेका छन। कानुन बमोजिम पूर्व स्वीकृती नलिई निकासा दिने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

१२. **आन्तरिक नियन्त्रण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० अनुसार प्रदेश तहका सरकारी कार्यालयहरूबाट सम्पादन हुने कार्यहरू मितव्ययी, प्रभावकारी र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुनबमोजिम कार्य गर्न आ-आफ्नो कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन। कानुन बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

१३. **वित्तीय विवरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ को उपदफा (२) बमोजिम सङ्घ, प्रदेश तथा स्थानीय तहले नेपाल सरकारबाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र विनियोजन, राजस्व, धरौटी र अन्य कोषको वार्षिक वित्तीय विवरण र सम्पत्ति दायित्वको विवरण तयार गरी प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था रहेको छ। मन्त्रालयले उक्त व्यवस्था अनुसार नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसारको वित्तीय विवरण तयार गरेको छैन। सार्वजनिक क्षेत्र लेखामानले तोकेको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्दछ।

१४. **मापदण्ड पालना** - कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को बुँदा नं. ८(२) मा सिँचाइ सहित कृषि विकास कार्यक्रमको लागि खेती गर्ने जग्गाको आवश्यक क्षेत्रफल पूरा हुनुपर्ने, यस अघि अनुदान नपाएका विपन्न तथा सीमान्तकृत वर्गलाई प्राथमिकता दिने लगायतका मापदण्ड तोकेकोमा यो वर्ष कृषि ज्ञान केन्द्र, नवलपरासी सुस्ता पश्चिमले मापदण्डको पालना नगरी ४५ वटा संस्था छनोट गरी सिंचाइ कुलो निर्माण गर्न रु.१ करोड ५ लाख अनुदान दिएको छ। अनुदानग्राहीको कार्यसम्पादनको अनुगमन गरी विवरण सार्वजनिक गर्नुपर्दछ। साथै मापदण्ड पूरा नगरी अनुदान दिने पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ।

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

१५. **प्रतिफलमा आधारित अनुदान -** कृषि तथा पशुपंछी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को बुँदा नं.(ज) को ८.१ र ८.२ मा प्रतिफलमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत दुध माछा/मासु उत्पादनको लागि जिल्लास्थित विषयगत कार्यालय वा सम्बन्धित स्थानीय तहको निरीक्षण सहितको प्राविधिक प्रतिवेदन, सहकारीले आफैं बिक्री गरेको अभिलेख, थोक बिक्री गरेको भए बिक्री गरेको पसलको विस्तृत विवरण र कृषकले व्यवसायीवाट लिएको भुक्तानीको अभिलेखको आधारमा भुक्तानी हुने उल्लेख छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रूपन्देहीले प्रतिफलमा आधारित अनुदान रु.२ करोड २० लाख ५३ हजार विभिन्न ८६ कृषि तथा सहकारी फर्मलाई र एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, बर्दियाले रु.१ करोड २४ लाख ७४ हजार विभिन्न कृषकलाई भुक्तानी गरेकोमा उल्लिखित आधारहरूको पालना गरेको छैन। कार्यविधिमा तोकिएका मापदण्ड पूरा गर्नेलाई मात्र अनुदान दिई सोको अनुगमन तथा सार्वजनिकीकरण गर्नुपर्दछ। साथै मापदण्ड पूरा नगरी अनुदान दिने पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ।

१६. **आवश्यकतामा आधारित कार्यक्रम -** कृषकको माग र आवश्यकताको आधारमा अनुदान उपलब्ध गराउन सक्ने गरी कार्यविधि बनाउनु पर्नेमा मन्त्रालयले मन्त्री तथा महाशाखा प्रमुखको सिफारिसमा अनुदान दिएको देखियो। भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, रूपन्देहीले कृषक तथा कृषि समूहलाई चापकटर र सिँचाइ मोटरको लागि रु.९ लाख १९ हजार अनुदान दिएको छ। अनुदान दिने गरी कार्यविधि बनाई कार्यविधिमै पदाधिकारीले सिफारिस गर्ने व्यवस्था राख्नु उपयुक्त नभएकोले यसमा संशोधन गरिनुपर्दछ।

१७. **दोहोरो अनुदान -** कृषि तथा पशुपंछी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को बुँदा नं. ८(२) अनुसार अनुदान वितरण गर्दा नेपाल सरकार स्थानीय तह तथा अन्य निकायबाट उस्तै प्रकृतिका कार्यक्रम तथा अनुदानमा दोहोरो नपर्ने गरी वितरण गर्नुपर्ने उल्लेख छ। भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, अर्घाखाचीले एक निजी छुर्पी उद्योगलाई दुध तथा दुधजन्य पदार्थसँग सम्बन्धित कार्यका लागि रु.१२ लाख १० हजार अनुदान दिएकोमा सोही फर्मलाई पाणिनी गाउँपालिकाबाट समेत सोही कार्यको लागि रु.२८ लाख १५ हजार अनुदान उपलव्ध गराएको देखिन्छ।कार्यविधि अनुसार अनुदान वितरण गर्नुपर्दछ।

१८. **असम्बन्धितलाई भुक्तानी -** अनुदान प्राप्त गर्न कार्यालयसँग सम्झौता गर्ने अनुदानग्राहीलाई अनुदान भुक्तानी दिनुपर्नेमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, अर्घाखाँचीले बाली बस्तु विशेष कार्यक्रम अन्तर्गत अर्घाखाँचीका दुग्ध व्यावसायीसँग रु.३७ लाखको सम्झौता गरी २ आपूर्तिकर्तालाई औषधि, मिनिटिलर र कम्बाइन्ड मिल खरिदका लागि रु. ८ लाख ७६ हजार भुक्तानी दिएको छ। सम्झौताका व्यवस्थाको पालना गरी भुक्तानी दिनुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा जिम्मेवारी कार्यान्वयन, नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, वर्षान्तमा रकमान्तर गरेको, वार्षिक विवरण तथा प्रतिवेदन तयार नगरेको, अनुदानको अनुगमन नगरेको,

स्मार्ट कृषि कार्यक्रम कार्यविधि अनुसार कार्यान्वयन नभएको, निर्माण भएका शीत भण्डार सञ्चालन नभएको लगायतका बेहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतका ३२ निकायको रु.१ करोड ५३ लाख २२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१४ लाख ५२ हजार फर्स्यौट गरेकोले रु.१ करोड ३८ लाख ७० हजार बाँकी रहेको छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसुची-९** मा रहेको छ।

# भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम मन्त्रालयको देहायका प्रमुख कार्यहरुको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी कार्यहरू पर्दछन्ः

- प्रदेश लोकमार्ग सम्बन्धी,
- प्रदेश लोकमार्गको स्तरोन्नति र मर्मत सम्भार तथा सडक सुरक्षा प्रविधिको उपयोग र विकास,
- प्रदेशमा निर्माण व्यवसाय सम्बन्धी,
- निर्माण सामग्रीको उपलव्धता व्यवस्थापन र गुणस्तर सम्बन्धी कार्य,
- प्रदेश लोकमार्ग सम्बन्धी तथ्याङ्क व्यवस्थापन,
- सडक प्रविधि अध्ययन र अनुसन्धान,
- रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहतका समेत १४ सरकारी कार्यालयको निम्नानुसार रु.८ अर्ब २० करोड ८१ लाख ७९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| ६५५५५५०० | ८०७९५ | १५६८७९५ | ३०८९ | ८२०८१७९ |

२. **बजेट खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यो वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| क सं. | खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा/खर्च |
|---|---|---|---|---|
| | चालु खर्च | | | |
| १ | २११०० पारिश्रमिक/सुविधा | २५९३७७ | २६५९६६ | २०८६९६ |
| २ | २१२०० कर्मचारीको सामाजिक सुरक्षा | १७६६ | १७७४ | ११७४ |
| ३ | २२१०० सेवा महसुल | १४८६१ | १५१६१ | १०७६६ |
| ४ | २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | ३५०९९ | ३७५५४ | २७२९४ |
| ५ | २२३०० कार्यालय सामान तथा सेवाहरू | २७२२७ | २७१३२ | १७२२२ |
| ६ | २२४०० सेवा तथा परामर्श खर्च | ६८६१४ | ५४२४२ | ३६१४८ |
| ७ | २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | १८२५० | १७७५० | १८५२ |
| ८ | २२६०० अनुगमनमूल्यांकन र भ्रमण खर्च | १७४९६ | १८५९६ | १५५२६ |
| ९ | २२७०० विविध खर्च | ७१२२ | ७४७२ | ४६७१ |
| १० | २८१०० सम्पत्ति सम्बन्धी खर्च | १३०२२ | १४७८७ | ९२१८ |
| | जम्मा | ४६२८३४ | ४६०४३४ | ३३२५६७ |
| | पुँजीगत खर्च | | | |
| १ | ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | १३३१६०२० | १३३२२९२० | ९३११६४३ |
| | कुल जम्मा | १३७७८८५४ | १३७८३३५४ | ९६४४२१० |

उल्लिखित शीर्षकगत खर्चमा ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्रालयको रु.३ अर्ब ८ करोड ८७ लाख १४ हजार खर्च समावेश रहेको छ।

उल्लिखित विवरणअनुसार चालुतर्फ ७२.२२, पुंजीगततर्फ ६९.८९ र समग्रमा ६९.९७ प्रतिशत खर्च गरेको छ।

३. **आवधिक योजना** - प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) मा उल्लेख गरेका कार्यहरू मध्ये योजनाको अन्त्य २०८०।८१ सम्म २ हजार ७५ कि.मि. कालोपत्रे सडक निर्माण गर्ने लक्ष्य रहेकोमा १ हजार ६० कि.मि. (५८.१८ प्रतिशत) निर्माण भएको, २८१ नयाँ पुल निर्माण गर्ने लक्ष्य रहेकोमा १४४ (५१.२४ प्रतिशत) निर्माण भएको तथा कुल १२ हजार ५०० कि.मि. सडक निर्माण गर्ने लक्ष्य रहेकोमा ४ हजार ८७२ कि.मी. (३८.९७ प्रतिशत) सडक निर्माण भएको छ। प्रदेश राजमार्ग र प्रदेश स्तरीय सडक वर्गीकरण गर्ने, हुलाकी राजमार्ग र मध्यपहाडी राजमार्ग जोड्ने सडकहरूको पहिचान र विकास गर्ने, प्रदेश स्तरीय गुणस्तर परीक्षण प्रयोगशाला स्थापना तथा सञ्चालन गर्ने, सडकको भार वहन क्षमताको मापदण्ड लागु गरी सडक निर्माण गर्ने तथा नेपाल सरकारसँगको सहकार्यमा रेल यातायात विकास गर्ने, लुम्बिनी क्षेत्रमा बुद्ध सर्किट विकास गर्ने कार्यक्रमहरु प्रदेशको नीति तथा कार्यक्रम र बजेटमा समावेश भएका छैनन्। आवधिक योजनाका कार्यक्रमहरू नीति तथा कार्यक्रम र बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५(२) मा आवधिक विकास आयोजनालाई मार्गदर्शनको रुपमा लिई मध्यमकालीन खर्च संरचनामा प्रस्तावित कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको प्रति ईकाइ लागत, लाग्ने अनुमानित समय र प्रतिफल खुलाई प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। मध्यमकालीन खर्च संरचना अनुसार विगत ३ वर्षको बजेटको अवस्था देहाय अनुसार रहेको छः

(रु.हजारमा)

| आर्थिक वर्ष | मध्यमकालीन बजेट प्रक्षेपण | वास्तविक बजेट | प्रस्तावित बजेट फरक प्रतिशत |
|---|---|---|---|
| २०७८।७९ | ५३५०६०० | ९७००२८२ | ८१.२९ |
| २०७९।८० | १००८२१०० | १००४५२५७ | (०.३७) |
| २०८०।८१ | १०५८४४०० | ९६५१९६६ | (८.८१) |

बजेट प्रक्षेपणको तुलनामा घटि बढी हुने गरी बजेट विनियोजन भएको देखिएकोले प्रक्षेपणअनुसार बजेट विनियोजन गर्नुपर्दछ।

५. **वार्षिक नीति तथा कार्यक्रम** - यो वर्षको नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमहरू बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्नेमा यो वर्षको नीति तथा कार्यक्रममा समावेश भएका देहायका कार्यक्रमहरूमा बजेट विनियोजन गरेको देखिएन।

| क्र. सं. | नीति तथा कार्यक्रम | बजेट विनियोजन स्थिति | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| १ | पूर्वाधारजन्य कार्यक्रमको संम्भाव्यता अध्ययनका आधारमा सहलगानीमा आधारीत योजनामा स्रोत जुटाउने | नभएको | नभएको |
| २ | आवश्यकता अनुसार सुरुङ्ग मार्गको संभाव्यता अध्ययन गर्न समन्वय गर्ने | नभएको | नभएको |
| ३ | निर्मित सडक सम्पत्ति संरक्षण गर्न स्रोत व्यवस्थापन गर्ने | नभएको | नभएको |
| ४ | सडक सुरक्षालाई प्राथमिकतामा राखि अपाङ्गमैत्री फूटपाथ निर्माण गर्ने | नभएको | नभएको |
| ५ | प्रादेशिक सडकको सडक क्षेत्राधिकार निक्यौल गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने | नभएको | नभएको |

नीति तथा कार्यक्रम अनुसार बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ।

६. **बजेट कार्यान्वयन -** प्रदेश सरकारको बजेट वक्तव्य २०८०।८१ मा उल्लेख भएका कार्यक्रमहरू मध्ये यातायात क्षेत्रमा नविनतम प्रविधिको प्रयोग गरी एकद्धार प्रणालीको माध्यमबाट नियमनलाई वैज्ञानिक तथा थप प्रभावकारी बनाउने, सडक दुर्घटना न्यूनिकरण गर्ने, चालक सचेतना कार्यक्रम तथा विद्यार्थी लक्षित कार्यक्रमबाट दुर्घटना न्यूनीकरणमा ट्राफिक विद्यार्थी सँगसँगै कार्यक्रम सञ्चालन गर्ने, प्रदेशका प्रमुख रुटहरूमा विद्युतीय माध्यमबाट भाडा भुक्तानी गर्ने व्यवस्था मिलाउने, परीक्षणकालिन सवारीचालक अनुमति पत्र सहज रुपमा उपलव्ध गराउने तथा निर्मित पुनर्ताजगि केन्द्र सञ्चालनका लागि स्थानीय तहलाई हस्तान्तरण गर्ने लगायतका कार्यक्रम कार्यान्वयन भएका छैनन्।

त्यसैगरी सिद्धार्थ राजमार्गको जोखिमयुक्त सडकको वैकल्पिक सडक स्तरोन्नति गरी सञ्चालनमा ल्याउने कार्यक्रम रहेकोमा चुरेक्षेत्रको कमजोर भूगोलको अध्ययन नगरी ठेक्का गरेकोले कार्यान्वयन हुन नसकेको, पूर्व पश्चिम राजमार्गको रूपन्देहिको वेलवासदेखि हुलाकी राजमार्गको वेथरीसम्मको २१ कि.मी. सडक निर्माण सम्पन्न गर्ने लक्ष्य लिएकोमा बजेट विनियोजन नभएकोले यो वर्ष कार्य हुन सकेको छैन। बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

७. **प्रगति विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रम कार्यान्वयनको मूल्याङ्कन गरी अर्धवार्षिक र वार्षिक रुपमा सार्वजनिक गर्ने व्यवस्था छ। यस वर्षको वार्षिक विकास कार्यक्रम अनुसार मन्त्रालय र मातहतका कार्यालयका १६६९ क्रियाकलापको लागि पुँजीगततर्फ रु.९ अर्ब ४१ करोड ३० लाख ९० हजार बजेट बिनियोजन गरेकोमा रु.६ अर्ब ३९ करोड ६७ लाख १८ हजार (६७.९५ प्रतिशत) खर्च गरेको छ। मन्त्रालयको स्वीकृत कार्यक्रममा समावेश भएका क्रियाकलापहरूको भौतिक प्रगति खुल्ने गरी एकीकृत प्रगति विवरण तयार गरेको छैन। तोकिए बमोजिम प्रगति विवरण तयार गरी सार्वजनिक हुनुपर्दछ।

८. **प्रदेश गौरवको आयोजना -** प्रदेश गौरवका आयोजना निर्धारण सम्बन्धी मापदण्ड, २०७६ ले ३ देखि ५ वर्ष अवधिका विशेष महत्वका आयोजना तथा कार्यक्रमहरूलाई प्रदेश गौरवका आयोजनाको रुपमा पहिचान गरी विशेष सुविधा र प्राथमिकता निर्धारण गरेर कार्यान्वयन गर्ने लक्ष्य राखेको छ। यस मन्त्रालय अन्तर्गत प्रदेश गौरवको आयोजनाको रुपमा सञ्चालित रामपुर कपुरकोट सडकका ३४ खण्ड मध्ये १२ खण्डमा १०५ कि.मी. कालोपत्रे र ३.८ कि.मी. ग्राभेल गर्न रु.१ अर्ब ६३ करोड ३५ लाखमा खरिद सम्झौता भई हालसम्म रु.१ अर्ब ७ करोड ७० लाख ५८ हजारले ६५ प्रतिशतसम्म प्रगति भई केही खण्डको काम अधुरो रहेको छ। उक्त योजना आर्थिक वर्ष २०७५।७६ देखि सञ्चालनमा रहेकोमा २२ खण्डको सडक निर्माण हालसम्म सुरु भएको छैन। प्रदेश गौरवका आयोजना मापदण्ड अनुसार तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ।

९. **हस्तान्तरित योजना -** सङ्घीय सरकारबाट २०७४ साल अघि रु.१ अर्ब ८७ करोड २० लाखमा खरिद सम्झौता भई प्रदेश सरकारलाई हस्तान्तरण भएका १० सडक योजना ठेक्का भएको ९ वर्षभन्दा बढी अवधिमा ५८.८८ प्रतिशतदेखि ९७.१४ प्रतिशत कार्य गरी अधुरा रहेका छन्। उच्च प्राथमिकतामा राखी अधुरो योजनाहरू सम्पन्न गर्नुपर्दछ।

१०. **अधुरा ठेक्काहरू -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(क) मा डिजाइन परिवर्तन भएमा, बजेट नपुग भएमा, निर्माणस्थल उपलव्ध नभएमा, समयमा भुक्तानी हुन नसकेमा, निर्माण सामग्रीको अभाव भएमा र प्राकृतिक विपद् परेको कारणबाट सम्झौता अनुसारको कार्य पूरा नभएमा पूरा नहुनुको

कारण सहित निवेदन दिएमा म्याद थप गर्न सकिने र थप अवधिमा कामको प्रगति भए नभएको विषयमा अनुगमन गर्नुपर्ने व्यवस्था छ। उल्लिखित अवस्था नरहेको र थपिएको समयमा समेत काम नगरी निर्माण व्यवसायीको ढिलाईको कारणले काम हुन नसकि प्रतिफल प्राप्तिमा ढिलाई भएको अवस्थामा सोही नियमको नियम १२१ अनुसार अधिकतम दश प्रतिशतसम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था छ। पटक-पटक म्याद थप गरेको समयमा समेत कार्य सम्पन्न नभै देहायका अधुरा ठेक्काहरूका सम्बन्धमा निम्न बेहोराहरु देखिएका छन् :

१०.१. यस मन्त्रालय अन्तर्गत सडक पूर्वाधार विकास कार्यालय, रूपन्देहीको २, कपिलवस्तुको ३, पाल्पाको ५, गुल्मीको १, अर्घाखाँचीको ३, दाङको ६, प्युठानको ६, बाँकेको १ र नवलपरासी पश्चिमको ४ समेत ३१ ठेक्काको रु.३ अर्ब ३८ करोड ८३ लाख ८८ हजार सम्झौता रकममध्ये हालसम्म रु.१ अर्ब ८० करोड ६० लाख (५३.३० प्रतिशत) भुक्तानी भई काम अधुरो रहेको देखिन्छ। निर्माण व्यवसायीहरूले कार्यतालिका र सम्झौता अनुसार काम नगर्ने वा बीचमा कार्य छाड्ने गरेको कारण ठेक्काको कार्य सम्पन्न हुन सकेको छैन। ठेक्का सम्झौता उलङ्घन गर्ने निर्माण व्यवसायीहरूलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ठेक्का सम्झौताअनुसार कारबाही गरी टुंगो लगाउनुपर्दछ ।

१०.२. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८(ख) मा क्रमागत रुपमा रहेका योजनाको हकमा खरिद योजना वा सम्झौता अनुरूप आगामी वर्ष आवश्यक पर्ने रकम मात्र प्रस्ताव गर्नुपर्ने तथा उप दफा (२) बमोजिम खर्च प्रतिवद्धता दिएका कार्यक्रमहरूका लागि पर्याप्त बजेट विनियोजन गरेर मात्र नयाँ योजना तथा कार्यक्रमका लागि बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष गत विगत वर्षहरूमा ठेक्का सम्झौता भएका तथा खर्च प्रतिवद्धता दिएका निम्नानुसारका रु.८६ करोड ३८ लाख ३९ हजारका ठेक्काहरूमा रु.४० करोड ६३ लाख ६२ हजार भुक्तानी भइसकेको अवस्थामा रु.१८ करोड ७९ लाख ९९ हजार बजेट आवश्यक पर्नेमा बजेट विनियोजन नगरी ठेक्का अधुरो राखेको छ।

| क्र.सं. | आयोजनाको नाम | सम्झौता मिति | ठेक्का रकम (रु.हजारमा) | सम्पन्न गर्नुपर्ने मिति | हाल सम्मको भुक्तानी (रु. हजार) |
|---|---|---|---|---|---|
| १ | बेल्बास बेथरी सडक | २०७३।०३।३० | ६०८८६१ | २०८१।१२।१५ | ३८६६३४ |
| २ | दाङको हापुरे गँगटे हुँदै कोहलपुर जोड्ने सडक | २०७७।१२।१५ | ५०९३३ | २०८१।०६।१४ | १९७२८ |
| ३ | माडीखोला (लामीदमार) सडकपुल बडडांडा ऐरावती सडक | २०७७।१०।०६ | १०६३२१ | २०७९।१०।०६ | ०.०० |
| ४ | माडीखोला कुदुले पुल (छतिबन) | २०७८।५।१५ | ९७७२३ | २०८०।०५।१५ | ०.०० |
| | | जम्मा | ८६३८३९ | | ४०६३६२ |

खरिद सम्झौता भईसकेका योजनामा आवश्यक बजेट विनियोजन गरी कार्य सम्पन्न गर्नुपर्दछ।

११. **एकमुष्ट बजेट -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १० मा सार्वजनिक निकायहरूले बजेट प्रस्ताव गर्दा सोही ऐनको दफा ५ बमोजिम प्रस्तावित योजना कार्यक्रमको क्रियाकलापगत विवरण खुलाई आगामी आर्थिक वर्षको बजेट तयार गर्नुपर्ने उल्लेख छ। आयोजनागत रुपमा विनियोजन नगरी मन्त्रालयले पुँजीगत शीर्षकमा रु.८ करोड ३० लाख एकमुष्ट राखी परामर्श सेवा, खरिद सडक निर्माण र सुधार, झोलुङ्गे पुल निर्माण र अधुरा आयोजनाहरूमा मागका आधारमा मातहत निकायलाई थप बजेट दिएको छ।यस्तो खर्च नियन्त्रण गरी योजनागत रुपमा बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ।

१२. **क्षेत्राधिकार -** नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले कार्यान्वयन गर्ने कार्यक्रमलाई व्यवस्थित गर्न नेपाल सरकारले आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० लागु गरेको छ। उक्त मापदण्ड अनुसार ११ मिटर चौडाईसम्मका सडकहरू स्थानीय तहको कार्यक्षेत्रमा र ११ देखि २२ मिटरसम्म चौडाई भएका सडकहरू प्रदेश सरकारको कार्यक्षेत्रमा पर्ने उल्लेख छ। यो वर्ष विनियोजन भएका योजनाहरूमध्ये रु.१ लाख देखि रु.२० लाखसम्मका १ हजार १९७ स्थानीय सरकारको क्षेत्राधिकारमा पर्ने योजनाहरूको लागि रु.७६ करोड ५३ लाख प्रदेशले बजेट विनियोजन गरी खर्च गरेको छ। मापदण्ड अनुसारका आफ्नो कार्यक्षेत्रका योजनाहरू छनोट गरी कार्यान्वयन गर्नुपर्दछ।

१३. **आयोजना कार्यान्वयन -** लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८(१)ख बमोजिम नयाँ योजना प्रस्ताव गर्दा सम्भाव्यता अध्ययन तथा खर्च हुन सक्ने पुष्ट्याई सहित प्रस्ताव गर्नुपर्ने व्यवस्था रहेको छ। योजनाको पूर्वतयारी चरण पुरा नगरी बजेट विनियोजन गरेका कारण प्रदेश स्तरीय सडक १२, पर्यटन क्षेत्र पहुंच मार्ग १, सडक पूल निर्माण १२, झोलुङ्गे पुल निर्माण ६ र वैकल्पिक सहायक कार्यक्रम कार्यान्वयन हुन सकेका छैनन्।सो मध्ये रूपन्देहीको रु.१ करोड ३९ लाख ५० हजारका १३ योजना, प्युठानका रु.३ करोड ५५ लाखका ४ योजना, बाँकेका रु.४ करोड १० लाखका ४ योजना तथा कपिलवस्तुका रु.८५ लाख ३० हजारका १० योजना रहेका छन्। ऐनले तोकेको प्रकृया पुरा भएका कार्यान्वयन योग्य योजनामा मात्र बजेट विनियोजन गरी कार्यान्वयन हुनुपर्दछ।

१४. **वित्तीय विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ को उपदफा (२) बमोजिम सङ्घ, प्रदेश तथा स्थानीय तहले नेपाल सरकारबाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र विनियोजन, राजस्व, धरौटी र अन्य कोषको वार्षिक वित्तीय विवरण र सम्पत्ति दायित्वको विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था रहेको छ। मन्त्रालयले म.ले.प.फा.नं. २७० अनुसार नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसारको वित्तीय विवरण तयार गरेको छैन। सार्वजनिक क्षेत्र लेखामानले तोकेको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्दछ।

१५. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्षभित्र लागु गर्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि ऐन लागु भएको सातौं वर्षसम्म पनि मन्त्रालय र मातहत कार्यालयको लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। कानुनमा तोकिए अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

## सडक पूर्वाधार विकास कार्यालयहरू

१६. **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को अनुसूची-१ बमोजिम लागत अनुमान तयार गर्दा लागत अनुमान रकमको वर्क चार्ज २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी खर्चको व्यवस्था गरेको छ। यो वर्ष मन्त्रालय अन्तर्गतका १३ कार्यालयले रु.१२ करोड ४४ लाख २१ हजार कन्टिन्जेन्सी खर्च गरेका छन्। उक्त कन्टिन्जेन्सी खर्चबाट निर्माण कार्यका लागि सुपरभाईजरहरू नियुक्त गरी रु.२ करोड ९२ लाख ९८ हजार पारिश्रमिक भुक्तानी गरेकोमा निजहरूले सम्पादन गरेको कामको अभिलेख राख्ने गरेको पाईएन। नियमावली अनुसार वर्क स्टाफ चार्ज र सानातिना खर्चको छुट्टा छुट्टै अभिलेख राखी कन्टिन्जेन्सी खर्चलाई मितव्ययी र व्यवस्थित गर्नुपर्दछ।

१७. **पूर्व तयारी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) बमोजिम निर्माण स्थलको व्यवस्था नगरी बोलपत्र गर्न नहुने व्यवस्था रहेको छ। सडक पूर्वाधार विकास कार्यालय, रूपन्देहीले गण्डक नहर नवलपरासीमा मल्टीसेल ब्रिज निर्माण गर्न २०७७।७८ मा रु.८३ लाख ३३ हजारमा ठेक्का व्यवस्था गरी रु.१९ लाख ९७ हजार भुक्तानी गरेकोमा नेपाल गण्डक पश्चिम नहर सिँचाइ व्यवस्थापन कार्यालयबाट नहरमा नकारात्मक प्रभाव पर्ने पत्राचार गरेको कारण निर्माण कार्य रोकिएकोले खर्च भएको रकम उपलब्धिविहीन देखिएको छ। यसबाट पर्ने प्रभाव र दायित्वमा सम्बन्धितलाई जवाफदेही बनाउनुपर्दछ।

१८. **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(२ख) बमोजिम सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी मूल्य समायोजनको सुत्र निर्धारण गर्नुपर्ने र सो बेहोरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहाय अनुसार छन् :

१८.१. सडक पूर्वाधार विकास कार्यालय, अर्घाखाँचीले छत्रदेव गाउँपालिका पहुँचमार्ग डिवर्ना जरेखोला धारापटी छत्रगञ्ज सडक निर्माणका लागि एक संयुक्त उपक्रमलाई १६ औं रनिङ बिलसम्म मूल्य समायोजन रु.१ करोड ७० लाख ३७ हजार भुक्तानी दिएको मध्ये निर्माणतर्फ ज्यालामा फरक सूचकाङ्क प्रयोग गरेको कारण रु.३२ लाख ८० हजार मूल्य समायोजन बढी भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्दछ।

१८.२. सडक पूर्वाधार विकास कार्यालय, दाङले सिमलतारा-मुलाबारी-हसिपुर सडकको निर्माण व्यवसायीलाई मूल्य समायोजन रकम भुक्तानी दिँदा फरक ईन्डेक्स प्रयोग गरी रु.२ लाख ४९ हजार तथा हापुरखोला पत्रेखोला वगौली घोराही सडक पुल निर्माणको एक संयुक्त उपक्रमलाई रु.११ लाख ७० हजार गरी रु.१४ लाख १९ हजार बढी मूल्य समायोजन भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

१८.३. सडक पूर्वाधार विकास कार्यालय, पाल्पाले सालझुण्डि सुँगुरेढुङ्गा सडकको एक संयुक्त उपक्रमलाई फरक ईन्डेक्स प्रयोग गरी मूल्य समायोजन गरेकोले रु.२१ लाख ८० हजार बढी भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्दछ।

१९. **पेस्की प्राप्ति** - खरिद सम्झौताको विशेष सर्तमा ८० प्रतिशत सम्झौता अवधिभित्र वा ८० प्रतिशत काम भएपछि सम्पूर्ण पेस्की फर्स्यौट गरिसक्नु पर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६) मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा उल्लखित समयावधिभित्र सम्पादन नगरेको कारणले पेस्की फर्स्यौट हुन नसकेमा सार्वजनिक निकायले बैङ्क जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेस्की फर्स्यौट गर्नुपर्ने र निजबाट त्यस्तो पेस्की रकमको वार्षिक १० प्रतिशत व्याजसमेत असुलउपर गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धी बेहोरा देहाय अनुसार रहेका छन्:

१९.१. सडक पूर्वाधार विकास कार्यालय, रूपन्देहीले सरावल गाउँपालिका पहुँच मार्ग निर्माण गर्न एक संयुक्त उपक्रमसँग २०७८।१२।३० सम्ममा सम्पन्न गर्ने गरी २०७८।१।१२ मा रु.३ करोड ७ लाख ८२ हजारमा सम्झौता भएको र तोकेको अवधिमा कार्य सम्पन्न हुन नसकेकोले २०७९।३।३० सम्म म्याद थप अवधीमा रु.३९ लाख ४३ हजारको मात्र कार्य गरेकोमा २०८०।८१ मा कुनैपनि कार्य गरेको छैन। पेस्की जमानत रु.७५ लाखको म्याद २०८१।३।३१ मा समाप्त भएकोमा थप नभएको

तथा निर्माण कार्यमा ढिलाइ गरेकोले उक्त नियम बमोजिम व्याज सहित पेस्की असुल गरेर निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

१९.२. सडक पूर्वाधार विकास कार्यालय, प्युठान अन्तर्गतको बाह्रविसे आरुङ्ग खोला सडकको पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७९।१०।२७ भित्र कार्य सम्पन्न गर्नेगरी २०७७।२।८ मा रु.५ करोड २६ लाख १६ हजारको खरिद सम्झौता भएकोमा दुई पटक गरी २०८१।१२।३० सम्म २६ महिना म्याद थप भएकोमा यो वर्ष काम नभएको तथा हालसम्म रु.२ करोड ३७ लाख २९ हजार भुक्तानी भई चालिस प्रतिशत मात्र भौतिक प्रगति भएको छ। यो वर्ष कार्य नगरेकोले कार्यालयले रु.३७ लाख ६५ हजार पेस्कीको बैङ्क जमानत प्राप्त गर्न बैङ्कलाई पत्राचार गरेकोमा प्राप्त भएको देखिएन। अतः उक्त पेस्की व्याजसहित असुल गरेर निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

१९.३. सडक पूर्वाधार विकास कार्यालय, बाँके अन्तर्गतको किरण नाला पुल निर्माणका लागि एक संयुक्त उपक्रमसँग २०७९।३।२५ भित्र कार्य सम्पन्न गर्नेगरी २०७७।११।१९ मा रु. ५ करोड ३२ लाख ६५ हजारमा सम्झौता भएकोमा २०८०।३।२५ सम्म म्याद थप भएको र रु.१ करोड ३४ लाख ७४ हजारको कार्य भई निर्माण सम्पन्न भएको छैन। मिति २०७९।९।२० समेत विभिन्न मितिमा पेस्की जमानत प्राप्त गर्न बैङ्कलाई पत्राचार गरेकोमा रकम प्राप्त भएको छैन। अतः पेस्की बाँकी रु.२६ लाख ८० हजार व्याजसहित असुल गरेर निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।।

१९.४. सडक पूर्वाधार विकास कार्यालय, कपिलवस्तु अन्तर्गत विजयनगर गाउँपालिका पहुँच मार्ग सडक निर्माण कार्यको २०७९।२।१० भित्र कार्य सम्पन्न गर्नेगरी रु.७ करोड ४३ लाख २ हजारमा एक निर्माण व्यवसायीसँग मिति २०७७।८।१० मा सम्झौता भएकोमा हालसम्म चौथो विलबाट रु.४ करोड ३१ लाख ९२ हजार भुक्तानी भएको छ। निर्माण कार्यको २०८०।३।३० सम्म म्याद थप गरेतापनि बिगत १ वर्षदेखि साइटमा निर्माण कार्य बन्द रहेको पहिलो म्याद थप पश्चात कुनै भौतिक तथा वित्तीय प्रगति नभएकोले निर्माण व्यवसायीले निर्माण कार्य छोडेको र कार्यप्रगति नभएको कारण निजको नाममा रहेको पेस्की रु.१० लाख ७ हजार बैङ्क जमानत रकम प्राप्त गरी धरौटीमा राखेको छ। पेस्की रकम राजस्व दाखिला गरी पेस्की फर्स्योट गरेर कानुन बमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

१९.५. सडक पूर्वाधार विकास कार्यालय, दाङ्ग अन्तर्गत हापुर गंगटे कोहलपुर सडक निर्माणको लागि एक संयुक्त उपक्रमसंग रु.५ करोड ९ लाख ३३ हजारमा २०७९।१२।१४ भित्र कार्य सम्पन्न गर्नेगरी २०७७।१२।१५ मा खरिद सम्झौता भएकोमा २०८०।७।१४ सम्म म्याद थप गरेको छ। गत वर्षसम्म रु.२ करोड ३ लाख ७३ हजार भुक्तानी भएकोमा यो वर्ष कुनै कार्य नभएको तथा पुनः म्याद थप भएको देखिएन। निर्माण व्यवसायीले खरिद सम्झौता विपरीत निर्माण स्थलमा उपस्थित नभएकोले बाँकी पेस्की रु.२० लाख फर्स्योट गर्नको लागि जमानत रकम प्राप्त गर्न बैङ्कलाई १ वर्षसम्म ताकेता गर्दा पनि प्राप्त भएको छैन। उक्त रकम व्याजसहित असुल गरी कानुन बमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

२०. **डिजाईन परिवर्तन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(६) मा एक तह माथिको प्राविधिक वा प्राविधिक समूहलाई डिजाईन ड्रईङ तथा डिजाइनसमेत जाँच गर्न लगाई कुनै त्रुटी देखिएमा सच्याउनुपर्ने व्यवस्था रहेको छ। डिजाईनका परिवर्तन सम्बन्धी बेहोरा देहाय अनुसार छन् :

२०.१. सडक पूर्वाधार विकास कार्यालय, रूपन्देहीको तुरिया खोला पूल निर्माणका लागि २०७६।७७ मा रु.८ करोड ७९ लाख ९५ हजारमा ठेक्का व्यवस्था भई दुवै तर्फको एवुटमेन्ट रु.५ करोड ६ लाख ४७ हजारमा निर्माण भएकोमा सुरु डिजाईनको पियर तथा एवुटमेन्टको उचाई कम भई पानीमा पुरिएको कारण उचाई बढाउनुपर्ने भएकोले निर्माण कार्य स्थगित भएको छ। सोही कार्यालयले निर्माण गरेको तिनाउ खोला पूल निर्माणका लागि २०७७।७८ मा रु.२५ करोड ७९ लाख ८७ हजारमा ठेक्का व्यवस्था भई सव स्ट्रक्चरसम्मको कार्य भई रु.२३ करोड ४८ लाख ४२ हजार भुक्तानी भएकोमा पियर तथा एवुटमेन्ट खोलाले पुरेको कारण उचाई बढाउनुपर्ने भएकोले निर्माण कार्य स्थगित भएको छ। पर्याप्त अध्ययन तथा विश्लेषण नगरी डिजाईन तथा लागत अनुमान स्वीकृत गरेका कारण ड्रईङ तथा डिजाइन परिवर्तन गर्नुपर्ने अवस्था आएकोले सुरु सम्झौता भन्दा बढी लागत पर्ने तथा समयमानै सम्पन्न हुन नसक्ने अवस्था रहेको छ। डिजाईन तथा लागत अनुमान तयार गर्ने परामर्शदाता तथा स्वीकृत गर्ने पदाधिकारीलाई जवाफदेही बनाउनु पर्दछ।

२०.२. सडक पूर्वाधार विकास कार्यालय, प्यूठान अन्तर्गत माडी खोला पक्की पुल कुडुले बजार छतिवन सिरिबारी सडक निर्माण गर्न एक संयुक्त उपक्रमको रु.९ करोड ७७ लाख २३ हजारको बोलपत्र स्वीकृत गरी २०८०।०५।१५ भित्र सम्पन्न गर्नेगरी २०७८।०५।१८ मा सम्झौता गरेकोमा काम सुरु गरेको छैन। पायल फाउण्डेसनमा डिजाईन गरेको उक्त पुल निर्माण गर्न साईटमा रिङ्ग मेसिन लैजान नसकेको कार्यालयले जनाएको छ। सडक नभएको स्थानमा पुलको डिजाइन गर्नु उपयुक्त होइन। उक्त निर्माण कार्यको लागि दिएको पेस्की रु.४३ लाख बैङ्क जमानतबाट असुल भएता पनि कार्य सम्पादन जमानत बिमाको म्याद समाप्त भएको छ। सार्वजनिक खरिद कानुन बमोजिम सम्बन्धितलाई जवाफदेही बनाउनु पर्दछ।

२१. **बढी भुक्तानी** - स्टयान्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ (संशोधन समेत) को बुँदा नं. १३०० मा प्रिमिक्स कार्पेटिङको २० एम.एम.सम्मको उचाई हुने गरी तोकेको छ। सडक पूर्वाधार विकास कार्यालय, बाँके अन्तर्गत प्रिमिक्स कार्पेटिङ ३० एम.एम. उचाईको कार्य गराई ४ सडक योजनामा स्पेसिफिकेसनले तोकेभन्दा बढी उचाईको प्रिमिक्स कार्पेटिङ्ग गरी रु.१२ लाख ६३ हजार बढी भुक्तानी दिएको देखियो। स्पेसिफिकेसन विपरीत भएको कामको औचित्य पुष्टि हुनुपर्दछ।

२२. **म्याद थप** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा खरिद सम्झौतामा उल्लेख भए अनुसार खरिद सम्झौताको म्याद थप गर्ने उल्लेख छ। खरिद सम्झौतामा भेरिएसन आदेश र असामान्य अवस्था (क्षतिपूर्तिजन्य घटना) को आधारमा म्याद थप गर्न सकिने व्यवस्था छ। समय नियन्त्रणको लागि खरिद सम्झौतामा व्यवस्था भएको कार्यतालिका अद्यावधिक गर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिने, म्याद थप गर्ने घटनाले पारेको प्रभावको आधारमा म्याद थप गर्ने, डेली डायरी राख्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि निवेदन दिनुपर्ने प्रावधानहरूलाई आधार लिने गरेको छैन। पहिलो पटक थपिएको म्यादमा कार्य नगर्ने निर्माण व्यवसायीलाई पूर्वनिर्धारित क्षतिपूर्ति नलगाई पटक-पटक म्याद थप गर्ने गरेको छ। निर्माण व्यवसायीलाई पटक-पटक सम्झौता विपरीत म्याद थपको सुविधा दिने तर खरिद कानुन र सम्झौताअनुसार ठेक्का सम्पन्न नगराएको कारण यो वर्ष सडक पूर्वाधार विकास कार्यालय, रूपन्देहीको १०, कपिलवस्तुको ४, पाल्पाको ६, अर्घाखाँचीको ७, प्युठानको ६, दाङ्गको ६ तथा बाँकेको ४ समेत ८ कार्यालयको रु.१ अर्ब ७६ करोड ४० लाख ७० हजारका ३७

ठेक्काको ६ पटकसम्म ३०० प्रतिशत म्याद थप गर्दा पनि सम्पन्न नभएको, काम सुरु नभएको, न्यून प्रगति भएकोले अधुरा ठेक्काको संख्या बढ्दै गई रु.८० करोड ३१ लाख ४२ हजार खर्च भएर पनि सेवाग्राहीले सेवा प्राप्त गर्न नसकेको अवस्था सिर्जना भएको छ। कानुनको परिपालना गरी निर्माण कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२३. **परामर्श सेवा -** परामर्शदाताबाट तयार गरिएका विस्तृत आयोजना प्रतिवेदनहरू क्रमिक रूपले कार्यान्वयन गरी त्यसमा खर्च गरिएको रकमको सदुपयोग गर्नुपर्दछ। सडक पूर्वाधार विकास कार्यालय, कपिलवस्तुले ४ योजनाको रु.१८ लाख ७४ हजार, पूर्वाधार विकास कार्यालय, बर्दियाले ४ योजनाको रु.२९ लाख ६१ हजार, प्युठानले १ योजनाको रु.४ लाख ९० हजार र रूपन्देहीले ५ योजनाको रु.४७ लाख ९९ हजारको विस्तृत आयोजना प्रतिवेदन तयार गराइ परामर्शदातालाई भुक्तानी गरेको छ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदनहरू कार्यान्वयन गर्नुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा तोकिएको जिम्मेवारी र मन्त्रालयले नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, वार्षिक विवरण तथा प्रतिवेदन तयार नगरेको, बजेट अबण्डामा राखेको, कन्टिन्जेन्सी खर्चको योजनागत रुपमा अभिलेख नराखि खर्च गरेको, निर्माणस्थल सुनिश्चत नगरी ठेक्का व्यवस्थापन गरेको, निर्माण कार्यहरू अधुरा रहेको, पूर्वनिर्धारित क्षतिपूर्ति असुल नगरेको लगायतका बेहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय मातहतका १४ निकायको लेखापरीक्षणबाट रु.१७ करोड ४६ लाख ७० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन पश्चात रु.१ करोड ६९ लाख ५१ हजार फर्स्यौट भई रु.१५ करोड ७७ लाख १९ हजार फर्स्यौट गर्न बाँकी रहेको छ। बेरुजु मध्ये रु.२ करोड ७७ लाख ३७ हजार पेस्की बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

# सहरी विकास तथा खानेपानी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम मन्त्रालयको देहायका प्रमुख कार्यहरुको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी कार्यहरू पर्दछन्ः

- प्रदेशस्तरको खानेपानी, सरसफाई तथा स्वच्छता,
- सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलव्धता र पिछडिएका वर्गको पहुँच सुनिश्चितता,
- प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन,
- प्रदेश भित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत संभार,
- आवास तथा भवन सम्बन्धी योजनाहरूको कार्यान्वयन र मार्ग निर्देशन,
- प्रदेशस्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन,
- प्रदेश भित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्धन, प्रादेशिक सहरको विकास योजना तर्जुमा र कार्यान्वयन,
- सुरक्षित बसोवास, जग्गा एकीकरण र बस्ती स्थानान्तरण,
- लोपोन्मुख सीमान्तकृत गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतका १६ निकायहरूको रु.५ अर्ब २५ करोड ५८ लाख ८२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| ४६०५८७० | ३३२३६ | ६१५९४५ | ८३१ | ५२५५८८२ |

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यो वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| क्र सं. | खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा/खर्च |
|---|---|---|---|---|
| | **चालु खर्च** | | | |
| १ | २११०० पारिश्रमिक/सुविधा | १३०००१ | १२२५३८ | ८२८७९ |
| २ | २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ९०६ | ९०६ | ४४९ |
| ३ | २२१०० सेवा महसुल | ५९०० | ५९०० | ४१८९ |
| ४ | २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | १४३७५ | १४३७५ | ११५३४ |
| ५ | २२३०० कार्यालय सामान तथा सेवाहरू | १०३०० | १०३०० | ७४०८ |
| ६ | २२४०० सेवा तथा परामर्श खर्च | ४८७७३ | ५६२३६ | ३८६०२ |
| ७ | २२५०० कार्यक्रम सम्वन्धी खर्चहरू | १५१५० | १५१५० | ७१९ |
| ८ | २२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | ७६९७ | ७६९७ | ४८३० |
| ९ | २२७०० विविध खर्च | ३५७० | ३५७० | १९७४ |
| १० | २८१०० सम्पत्ति सम्वन्धी खर्च | ५६२० | ५६२० | ३६६३ |
| | **जम्मा** | **२४२२९२** | **२४२२९२** | **१५६२४७** |
| | **पुँजीगत खर्च** | | | |
| १ | ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | ५७०९६६० | ५७३९३४३ | ४४४९६२३ |
| | **कुल जम्मा** | **५९५१९५२** | **५९८१६३५** | **४६०५८७०** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ६४.४८ प्रतिशत, पुंजीगततर्फ ७७.५५ प्रतिशत र समग्रमा ७६.९८ प्रतिशत खर्च गरेको छ।

३. **आवधिक योजना** - प्रदेश सरकारको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) का मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित तपशिलका क्षेत्रहरूको लक्ष्य र प्रगति स्थिति देहाय अनुसार रहेको छः

| क्र.सं. | प्रतिफल सुचकहरू | एकाई | २०८०।८१ सम्मको लक्ष्य | २०८०।८१ को प्रगति | २०८०।८१ सम्मको प्रगति | कुल प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | नयाँ एकीकृत बस्ती | संख्या | २०६ | १० | १०० | ४८.५४ |
| २ | नयाँ आवास जनता आवास | संख्या | ६८०५० | ७९८ | ७०१४ | १०.३९ |
| ३ | सरकारी भवन तथा आवास र सभाहल निर्माण | संख्या | ५५ | ४ | ३८ | ६९.०९ |
| ४ | नयाँ पार्कहरू निर्माण | संख्या | ५३ | ५ | ५० | ९४.३३ |
| ५ | वहुतले भवन निर्माण | संख्या | २४ | ० | ० | ० |
| ६ | खानेपानी आयोजना सम्पन्न (नयाँ) | संख्या | ६०० | १०१ | ४६८ | ७८ |
| ७ | खानेपानी पहुँच भएका घरघुरी | संख्या | ३४८२०५ | ८७०३९ | २१७६३८ | ६२.५० |
| ८ | सहरी क्षेत्रमा ढल निर्माण | कि.मी | ४२२ | ६७ | १८२ | ४३.१२ |

बहुतले भवन २४ वटा निर्माण गर्नुपर्नेमा निर्माण नभएको, जनताको नयाँ आवास कार्यक्रममा १०.३९ प्रतिशत प्रगति भएको, नयाँ एकीकृत वस्ती र सहरी क्षेत्रमा ढल निर्माणमा ५० प्रतिशत भन्दा कम प्रगति भएको छ। कार्यान्वयन योग्य कार्यक्रम तर्जुमा गरी आवधिक योजनाको लक्ष्य हासिल गर्नुपर्दछ।

४. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५(२) मा आवधिक विकास आयोजनालाई मार्गदर्शनको रुपमा लिएर मध्यमकालीन खर्च संरचनामा प्रस्तावित कार्यक्रमको क्रियाकलापगत विवरण अन्तर्गत प्रति ईकाइ लागत, लाग्ने अनुमानित समय र प्रतिफल खुलाई प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। मध्यमकालीन खर्च संरचनाअनुसार विगत ३ आर्थिक वर्षको बजेटको अवस्था देहाय अनुसार रहेको छ।

(रु.हजारमा)

| आर्थिक वर्ष | मध्यमकालिन बजेट प्रक्षेपण | वास्तविक बजेट | प्रस्तावित बजेट फरक प्रतिशत |
|---|---|---|---|
| २०७८।७९ | २४८३००० | ६४५७५६२ | १६०.७ |
| २०७९।८० | ६९२२६०० | ७०३२४१२ | १.५९ |
| २०८०।८१ | ७६०५९०० | ५९८१६३५ | २१.३६ |

पहिलो र तेस्रो वर्षमा प्रक्षेपण भन्दा बढी बजेट विनियोजन गरेको छ। प्रक्षेपण अनुसार बजेट विनियोजन गरी प्रभावकारी रूपले कार्यान्वयन गर्नुपर्दछ।

५. **वार्षिक नीति तथा कार्यक्रम** - वार्षिक नीति तथा कार्यक्रममा उल्लेख गरेका कार्यक्रमहरू बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्नेमा निम्नानुसार बजेट विनियोजन नगरेको देखियोः

| वुँदा नं. | नीति तथा कार्यक्रम | बजेट विनियोजन |
|---|---|---|
| ५३ | विपन्न समूदायलाई राहत दिन स्थानीय तहसँगको सहकार्यमा लिफ्टीङ्ग खानेपानी र सिँचाइमा निश्चित महसुल सहुलियत दिने कार्यक्रम | नभएको |
| ५४ | स्वचालित सूचनाप्रविधि मैत्री खानेपानी प्रणाली विकास गर्ने तथा फोहोरमैला व्यवस्थापनमा स्थानीय तहहरूलाई प्राविधिक सहयोग गर्ने | नभएको |
| ५६ | निर्माण सम्पन्न पूर्नताजगी केन्द्रहरू  स्थानीय तह एवं निजी क्षेत्र संग समन्वय गरी सञ्चालनमा ल्याउने तथा नीजी क्षेत्र संग  समन्वय गरी थप पूनर्ताजगी केन्द्रहरू निर्माण गर्ने | नभएको |

नीति तथा कार्यक्रम अनुसार बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ।

६. **बजेट कार्यान्वयन -** प्रदेश सरकारको यो वर्षको बजेट वक्तव्यमा सेवाग्राहीको चाप भएका स्थानमा सुविधा सम्पन्न शौचालय निर्माण गर्ने, प्रदेशको पहाडी क्षेत्रवाट तराई क्षेत्रमा बढ्दो बसाईसराई  न्यूनीकरण गर्न पहाडी क्षेत्रमा छरिएर रहेका बस्ती एकीकृत गरी उपयुक्त स्थानमा बसोबास गराउन "एक जिल्ला एक नमूना बस्ती"  कार्यक्रम र सुशिल कोइराला स्मृति लोकतान्त्रिक अध्ययन प्रतिष्ठान स्थापना गर्न अध्ययन सहित पूर्वाधार निर्माण कार्य सुरु गर्ने कार्यक्रम रहेकोमा बजेट विनियोजन नभएकोले कार्यान्वयन भएको छैन। बजेटमा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

७. **प्रगति मूल्याङ्कन** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रमको प्रगति मूल्याङ्कन गर्ने व्यवस्था छ। यस वर्षको वार्षिक विकास कार्यक्रम अनुसार मन्त्रालय र मातहतका कार्यालयका लागि २४५६ क्रियाकलापमा पुँजीगततर्फ थप बजेट समेत रु.५ अर्व ७३ करोड ९३ लाख ४३ हजार बजेट विनियोजन भएकोमा रु.४ अर्व ४४ करोड ९६ लाख २३ हजार (७७.५२ प्रतिशत) खर्च भएको छ। तोकिए बमोजिम प्रगति विवरण तयार गरी सार्वजनिक गर्नुपर्दछ।

८. **भवन संहिता** - सरकारी भवनहरू निर्माण गर्दा राष्ट्रिय भवन संहिता, २०७७ का मापदण्डहरू पालना गरे नगरेको सम्बन्धमा अध्ययन गर्न सहरी विकास तथा भवन कार्यालयहरू दाङ्ग, रूपन्देही, बाँके, पाल्पा, रोल्पा र पूर्वाधार विकास प्राधिकरण तथा प्रदेश राजधानी व्यवस्थापन आयोजनालाई सम्बन्धित विशेषज्ञ समेतको सहयोगमा प्रश्नावली तयार गरी पठाएकोमा प्राप्त जवाफ विश्लेषण गर्दा भवनहरूको डि.पि.आर तेस्रो पक्षबाट समिक्षा वा समकक्षी पुनरावलोकन सम्बन्धमा प्रदेश राजधानी निर्माण आयोजना कार्यालय बाहेक अन्य कार्यालयले नगरेको, भवनको स्टेबिलिटी तथा लोड बियरिङ्ग क्षमता यकिन गर्न फाउन्डेसन एनालाईसिस नगरेको, फर्मवर्क, ऊर्जा मितव्ययिता र ह्याण्ड रेलिंग कार्यको डिजाईन नगरी भवन निर्माण गरेको, स्थानीय तहहरूबाट भवन निर्माणको अनुमति र निर्माण पश्चात कार्य सम्पन्न स्वीकृति नलिएको देखियो।सरकारी भवन निर्माण गर्दा भवन संहिताको पूर्ण पालना गर्नुपर्दछ।

९. **जनता आवास कार्यक्रम** - लुम्बिनी प्रदेश जनताको आवास कार्यक्रम कार्यविधि, २०७५ को बुँदा ३ मा लोपोन्मुख अति सीमान्तकृत जाति तथा समुदायलाई आवासको व्यवस्था गर्ने उल्लेख छ। कार्यविधि बमोजिम आवासहरू निर्धारित समयमा सम्पन्न गर्नुपर्नेमा १२ जिल्लामा २०७५।७६ मा सङ्घबाट हस्तान्तरण भएका ७ हजार ४१६ आवास मध्ये २०८०।८१ सम्म ७ हजार ७४ सम्पन्न भई ३४२ सम्पन्न हुन बाँकी देखिएको छ। सो मध्ये १६४ आवासको क्रमागत किस्ता भुक्तानी गर्न र १७८ आवास बनाउन बाँकी देखिन्छ। क्रमागत र निर्माण बाँकी रहेका आवास निर्माण कार्य सम्पन्न गरी हस्तान्तरण भएका आवासहरू प्राप्त गर्ने लाभग्राहीको विवरण सार्वजनिक हुनुपर्दछ।

१०. **सङ्घबाट हस्तान्तरित आयोजना** - आर्थिक वर्ष २०७५।७६ मा सङ्घीय सरकारबाट ७५१ खानेपानी योजना प्रदेशमा हस्तान्तरण गरेकोमा २०८०।८१ सम्म हटाएका ३६ र थपेका ४४ समेत हाल ५२८ योजना कायम गरेको देखिन्छ। यसका लागि सङ्घबाट २०८०।८१ सम्म रु.९ अर्ब ६६ करोड ६२ लाख खर्च भएको र प्रदेशबाट २०८०।८१ मा रु.८५ करोड ७० लाख २६ हजार खर्च भएको छ। सङ्घबाट हस्तान्तरण भएका मध्ये ९५ योजनामा २०८१।८२ मा बजेट विनियोजन गरेको छैन। अधुरा योजना प्राथमिकताकासाथ सम्पन्न गरी खानेपानी सुविधा उपलव्ध गराउनुपर्दछ।

११. **कार्यक्षेत्र** - नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले कार्यान्वयन गर्ने कार्यक्रमलाई व्यवस्थित गर्ने आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० अनुसार तराई मधेशमा ८ हजार, पहाडी क्षेत्रमा २ हजार र हिमाली क्षेत्रमा ५ सयसम्मको जनसंख्यालाई खानेपानी सेवा पुऱ्याउने आयोजनाहरू स्थानीय सरकारको कार्य क्षेत्रमा समावेश छ। मन्त्रालयले रु.१ हजारदेखि रु.५ लाख सम्मका ७०७ स्थानीय सरकारको कार्यक्षेत्रमा पर्ने टुक्रे खानेपानी तथा सहरी विकासका आयोजनामा रु.८९ लाख ३७ हजार बजेट विनियोजन गरेको छ।कार्यविधिको परिधि भित्र रही प्रदेश सरकारले आफ्नो कार्यक्षेत्र बाहिरका योजनामा बजेट विनियोजन गर्नु हुँदैन।

१२. **एकमुष्ठ बजेट** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १० मा सार्वजनिक निकायहरूले बजेट प्रस्ताव गर्दा सोही ऐनको दफा ५ बमोजिम प्रस्तावित योजना कार्यक्रमको क्रियाकलापगत विवरण खुलाई आगामी आर्थिक वर्षको बजेट तयार गर्नुपर्ने उल्लेख छ। यो वर्ष रु.७ करोड ७६ लाख एकमुष्ठ विनियोजन गरी विभिन्न मितिमा आयोजना पहिचान, अध्ययन अनुसन्धान तथा अन्य निर्माणको लागि मातहत निकायलाई निकासा दिएको छ। त्यसैगरी, सहरी विकास तथा भवन कार्यालय, दाङ्गले रु.१ करोड ६० लाख र बाँकेले रु.१ करोड ३८ लाख एकमुष्ट बजेट राखी पछि योजना तथा कार्यक्रम तय गरेर रु. ६९ लाख ९२ हजार खर्च गरेको छ। यस्तो खर्चमा नियन्त्रण गरी आर्थिक वर्षको सुरुमा योजनागत बजेट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ।

१३. **रिफ्रेस सेन्टर** - निर्माण सम्पन्न गरएका संरचनाहरू उपयोग गर्नुपर्नेमा नवलपरासीको बर्दघाट, रूपन्देहीको सालझण्डी र कपिलवस्तुको चन्द्रौटामा २०७८।७९ देखि २०८०।८१ सम्म रु.१० करोड ९८ लाख ७१ हजारमा रिफ्रेस सेन्टरहरू निर्माण सम्पन्न गरेकोमा सञ्चालन गरेको छैन। सञ्चालन कार्यविधि तर्जुमा गरी उक्त रिफ्रेस सेन्टरहरू दिगो रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्दछ।

१४. **वित्तीय विवरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ को उपदफा (२) बमोजिम सङ्घ प्रदेश तथा स्थानीय तहले नेपाल सरकारबाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गरी तोकिएको अवधि भित्र विनियोजन, राजस्व, धरौटी र अन्य कोषको वार्षिक वित्तीय विवरण र सम्पत्ति दायित्वको विवरण तयार गरी प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था रहेको छ। मन्त्रालयले म.ले.प.फा.नं. २७० अनुसार नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसारको वित्तीय विवरण तयार गरेको छैन। सार्वजनिक क्षेत्र लेखामानले तोकेको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्दछ।

१५. **आन्तरिक नियन्त्रण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० बमोजिम आफ्नो र मातहतका कार्यालयका लागि आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्षभित्र लागु गर्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि ऐन लागु भएको सात वर्ष भई सक्दापनि मन्त्रालय र

मातहत कार्यालयको लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। कानुनमा तोकिए अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

१६. **कन्टिन्जेन्सी खर्च** - निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) को अनुसूची १ मा कन्टिन्जेन्सीको व्यवस्था गरेको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सीको व्यवस्था रहेको छ। मन्त्रालय मातहतका ११ कार्यालयले कन्टिन्जेन्सी खर्चतर्फ ज्यालामा रु.१ करोड ८३ लाख ९९ हजार, मर्मत तथा इन्धनमा रु.१ करोड ४४ लाख ६२ हजार कार्यलय सञ्चालन तथा अनुगमनमा रु.२ करोड ५८ लाख ९४ हजार, अन्यमा रु.१ करोड ७ लाख ८ हजार र शीर्षक अनुसार नखुलेको एक कार्यालयले रु.५३ लाख ३९ हजार समेत यस वर्ष रु.७ करोड ४८ लाख २ हजार कन्टिन्जेन्सी खर्च गरेको छ। कन्टिन्जेन्सीबाट भएको खर्च नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्नुपर्दछ।

१७. **गुणस्तर व्यवस्थापन -** ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ। यस वर्ष भवन निर्माणको पुँजीगत खर्च रु.४ अर्ब ४४ करोड ९६ लाख २३ हजार भएकोमा सिलवन्दी नमुनाको आधारमा गुणस्तर परीक्षण गर्नुपर्नेमा खुल्ला नमुनाको आधारमा परीक्षण गर्दा सम्बन्धित ठेक्कामा प्रयोग हुने सामानको नमुना यकिन गर्न सक्ने अवस्था छैन। निर्माण सामग्री उत्खनन गर्ने स्थल स्वीकृत गरी उत्खनन गरिएका निर्माण सामग्रीको गुणस्तर परीक्षण गरी प्रयोग गर्नुपर्नेमा त्यस प्रकारको स्वीकृती दिएको देखिएन। प्रयोग गरिएका सामग्रीहरूको स्पेसिफिकेसनमा तोकिए बमोजिमको संख्यामा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था पालना गरेको छैन। गुणस्तर आश्वस्तता योजना र स्पेसिफिकेसन अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्दछ।

## प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन इकाई

आयोजनाका लागि यो वर्ष चालु तर्फ रु.१ करोड ४ लाख ७ हजार र पुँजीगततर्फ रु.१ अर्ब २ करोड समेत रु.१ अर्ब ३ करोड ४ लाख ७ हजार बजेट विनियोजन भएकोमा चालुतर्फ रु.६९ लाख ७ हजार र पूँजिगततर्फ रु.१ अर्ब ८८ लाख ३५ हजार समेत रु.१ अर्ब १ करोड ५७ लाख ४३ हजार (९८.५८ प्रतिशत) खर्च भएको छ।

१८. **निर्माणमा ढिलाई** - प्रदेश सभा भवन तथा अन्य पूर्वाधार निर्माण गर्न एक संयुक्त उपक्रमसँग २४ महिनाभित्र कार्य सम्पन्न गर्ने गरी रु.४७ करोड १६ लाख ६२ हजारमा २०८०।१।२९ मा सम्झौता भएकोमा २०८१ मंसिरसम्म रु.११ करोड ७३ लाख ४१ हजार (२७ प्रतिशत) भुक्तानी गरेको छ। ८० प्रतिशत निर्माण सम्झौता अवधिमा २७ प्रतिशत काम भएको छ। समय नियन्त्रणको लागि कामको दैनिक डायरी राख्ने, प्रत्येक ३० दिनमा कार्यतालिका पुनरावलोकन गर्ने, ढिलाइको कारणको पूर्व सूचना दिने सम्झौताका व्यवस्थाहरूको कार्यान्वयन गरेको छैन। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार पेस्की जमानत प्राप्त गरी पेस्की फस्यौंट गरेर सम्झौतानुसार कारबाही गरी कार्य सम्पन्न गराउनुपर्दछ।

१९. **मन्त्रालय भवन निर्माण** - प्रदेश मन्त्रालय भवनहरू निर्माण गर्न रु.३ अर्ब ४८ करोड १९ लाखमा ३६ महिनाभित्र सम्पन्न गर्नेगरी एक संयुक्त उपक्रमसँग २०७९।८।२८ मा सम्झौता गरी २०८१ मंसिरसम्म रु.१ अर्ब ८६ करोड ७ लाख (६५ प्रतिशत) भुक्तानी दिएको छ। ठेक्का सम्झौता अनुसार तोकिएको लागत तथा समयावधि वृद्धि नहुने गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

## सहरी विकास तथा भवन कार्यालयहरू

२०. **अधुरो कार्य** - निर्माण व्यवसायीले सम्झौता अवधि वा थपिएको अवधिमा ठेक्काको कार्य सम्पन्न गर्नु पर्नेमा पटकपटक सम्झौता अवधि वा सो भन्दा वढि म्याद थप गर्दा पनि सहरी विकास तथा भवन कार्यालय दाङ्गको ७, रूपन्देहीको ४, बाँकेको १ र रोल्पाको १ समेत रु. ८६ करोड ८५ लाख ८० हजारको १३ ठेक्काको हालसम्म रु. ५३ करोड ४३ लाख ४२ हजार भुक्तानी भई अधुरो रहेको देखिन्छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ र १२१ अनुसार पेस्की जमानी प्राप्ती गरी पूर्वनिर्धारित क्षतिपूर्ति समेत लगाइ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३ अनुसारको कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

२१. **पेस्की कट्टी -** निर्माण व्यवसायीसँग भएको सम्झौताको सर्तअनुसार निर्माण कार्यको ३० प्रतिशत भुक्तानी भएपछि प्रत्येक रनिङ्ग विलबाट सम्झौतामा तोकेको दरमा पेस्की कट्टी गर्नुपर्ने व्यवस्था छ। सहरी विकास तथा भवन कार्यालय, दाङ्गको २ र रूपन्देहीका १ ठेक्कामा रु.८७ लाख ४७ हजार घटी पेस्की कट्टी गरेकोले रनिङ्ग विलबाट कट्टी वा असुल गर्नुपर्दछ।

२२. **पेस्की जमानत प्राप्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधि भित्र सम्पादन नगरेको कारण पेस्की फर्स्यौट हुन नसकेमा सार्वजनिक निकायले पेस्कीको बैङ्क जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेस्की फर्स्यौट गर्नुपर्ने व्यवस्था छ। सहरी विकास तथा भवन कार्यालय, दाङ्गले ४ निर्माण व्यवसायीको रु.१ करोड ८२ लाख ४० हजार र रूपन्देहीले २ निर्माण व्यवसायीको रु.३७ लाख ७० हजार समेत रु.२ करोड २० लाख पेस्की जमानत प्राप्त गरी धरौटी खातामा राखेको छ। उक्त रकम प्रदेश सञ्चित कोष दाखिला गरी पेस्की फर्स्यौट गर्नुपर्दछ।

त्यस्तै सहरी विकास तथा भवन कार्यालय, रूपन्देहीको प्रदेश पुस्तकालय भवन निर्माणको निर्माण व्यवसायीले रु.२ करोड ८८ लाख ४२ हजारमा सम्झौता गरी २०८१।२।३० सम्म कार्य सम्पन्न गर्नुपर्नेमा सातौं रनिङ्ग विलसम्म रु.१ करोड ९१ लाख भुक्तानी दिँदा रु.३१ लाख ९८ हजार पेस्की बाँकी रहेको र पेस्की जमानीको म्याद समेत समाप्त भएकोले निर्माण व्यवसायीबाट व्याजसमेत पेस्की असुल गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

२३. **कार्यसम्पादन जमानत -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ तथा सम्झौताको सर्त र निर्णय बमोजिम निर्माण व्यवसायीसँग भएको सम्झौता अन्त्य भएमा सोको लागि राखिएको जमानत जफत हुने उल्लेख छ। सहरी विकास तथा भवन कार्यालय, रूपन्देहीले सडक निर्माण कार्यका लागि २ निर्माण व्यवसायीसँग रु.१ करोड १९ लाख ५२ हजारमा सम्झौता गरेकोमा रु.३६ लाख ३६ हजारको काम गरी बाँकी काम छोडेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ अनुसार ठेक्का सम्झौता

अन्त्य गरी जफत गरेको कार्यसम्पादन जमानत रु.२४ लाख १६ हजार राजस्व दाखिला गर्नुपर्नेमा धरौटीमा राखेकोले राजस्व दाखिला गर्नुपर्दछ।

२४. **प्रिमिक्स कार्पेटको स्पेशिफिकसन** - सडक विभागबाट जारी भएको स्ट्यान्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ (संशोधन समेत) को बुँदा नं. १३१० मा प्रिमिक्स कार्पेटिङ्ग २० मिलिमिटरसम्मको मोटाई हुने उल्लेख छ। सहरी विकास तथा भवन कार्यालय, रूपन्देहीले ३ ठेक्कामा ३० मिलिमिटरसम्म प्रयोग गरी रु.१३ लाख ७५ हजार भुक्तानी गरेको छ। स्पेसिफिकेसन भन्दा बढी प्रयोग गर्नुको औचित्य पुष्टि गर्नुपर्दछ।

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू

२५. **पाइप तथा फिटिङ्ग्स** - पाइप र फिटिङ्ग खरिद गर्दा विगतको मौज्दातलाई ध्यान दिई खानेपानी योजनाको लागि चाहिने संख्यामा खरिद गर्ने र खर्च गरेपछि नापी कितावमा चढाउनु पर्दछ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू गुल्मी, कपिलवस्तु, दाङ्ग, पाल्पा, प्युठान, बाँके सहित ६ कार्यालयले रु.१७ करोड ४४ लाख २७ हजार मूल्यका विभिन्न साइजका पाइप तथा फिटिङ्ग्स मौज्दात रहने गरी आर्थिक वर्षको अन्त्यमा खरिद गरेको छ। मौज्दातसमेत विचार गरी लागत अनुमान अनुसारको संख्यामा खरिद गर्नुपर्दछ।

२६. **पाइप जडान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ उपनियम (१) को खण्ड (ख) मा नापजाँच पश्चात नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी दिन मिल्ने व्यवस्था छ। डिभिजन कार्यालयहरू दाङ्ग, अर्घाखाची, कपिलवस्तु, गुल्मी, पाल्पा, प्युठान, बाँके र रूपन्देहीले विभिन्न खानेपानी आयोजनाका लागि जिन्सी खातामा खर्च लेखेका पाइपको परिमाण भन्दा नापी किताबमा रु.५ करोड ५२ लाख १९ हजार मूल्यका पाईप घटी जडान भएको छ। नापी किताबको खर्चको आधारमा जिन्सी खाताबाट खर्च घटाउनुपर्दछ।

२७. **पेस्की फर्स्यौट** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा उल्लिखित समयावधि भित्र सम्पादन नगरेको कारणले पेस्की फर्स्यौट हुन नसकेमा सार्वजनिक निकायले बैङ्क जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेस्की फर्स्यौट गर्नुपर्ने र निजबाट त्यस्तो पेस्की रकमको वार्षिक १० प्रतिशत व्याज समेत असुल उपर गर्नुपर्ने व्यवस्था छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कपिलवस्तुको फुलिका खानेपानी योजनाको निर्माण व्यवसायीलाई पटक-पटक म्याद थप गरी ताकेता गर्दा समेत कार्यतालिका बमोजिम कार्य सम्पन्न गर्न नसकेकोले २०७६ माघमा दिएको पेस्की रु.८ लाख व्याजसहित असुल गरी कानुन बमोजिमको कारवाही गरेर निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

२८. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद कार्य गर्न नहुने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु.१० लाखसम्को खरिद सोझै गर्न सकिने र सोभन्दा बढीको खरिद सिलबन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमबाट गर्नुपर्ने उल्लेख छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू रूपन्देही, गुल्मी, बाँके, कपिलवस्तु, रुकुम पूर्व, पाल्पा र प्युठानले ६७ वटा आपूर्तिकर्ताबाट रु.५ करोड ७७ लाख ५७ हजारको पाईप तथा फिटिङ्ग्स प्रतिस्पर्धा बेगर टुक्रा टुक्रा पारी सोझै खरिद गरेको छ। खरिद कानुनको पालना नगर्नेलाई जवाफदेही बनाउनु पर्दछ।

२९. **उपभोक्ता समितिबाट खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिले लिएको कार्य निर्माण व्यवसायीबाट गराउन नहुने उल्लेख छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, पाल्पाले जरुवा लिफ्टिङ्ग खानेपानी आयोजनाको लागि उपभोक्ता समितिसँग रु.७७ लाख २५ हजारमा सम्झौता गरेकोमा एक निर्माण व्यवसायीबाट खरिद तथा निर्माण कार्य गराई रु.५७ लाख ७६ हजार भुक्तानी गरेको छ। उक्त नियमको पालना गरी काम गराउनुपर्दछ।

३०. **उपभोक्ताको योगदान** - सहलगानीको अवधारणा बमोजिम कुल लागतको ७० प्रतिशत नेपाल सरकार र ३० प्रतिशत उपभोक्ता संस्थाले व्यहोर्ने गरी सर्रा खानेपानी आयोजना, दाङ्गले २०७९।३।२४ मा रु.४ करोड ९३ लाख ३८ हजारमा एक निर्माण व्यवसायीसँग सम्झौता गरी यो वर्ष रु.१ करोड ३७ लाख ६६ हजार भुक्तानीमा ३० प्रतिशतले हुने रु.४१ लाख २९ हजार उपभोक्ता संस्थाले व्यहोर्नु पर्नेमा रु.१७ लाख ११ हजार मात्र व्यहोरेको कारण नेपाल सरकारको स्रोतबाट रु.२४ लाख १८ हजार बढी भुक्तानी भएको उपभोक्ता संस्थाबाट असुल गर्नुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा जिम्मेवारी कार्यान्वय नभएको, घोषित नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, वर्षान्तमा रकमान्तर गरेको, बजेट अबण्डामा राखेको, सोझै खरिद गरेको, पाइप तथा फिटिङ्गस मौजदात रहने गरी खरिद गरेको, योजनाहरू अधुरा रहेको लगायतका बेहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय मातहतका १६ निकायको लेखापरीक्षणबाट रु.१४ करोड ९३ लाख ७१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन पश्चात रु.२५ लाख ६५ हजार फर्स्यौट भई रु.१४ करोड ६८ लाख ६ हजार फर्स्यौट गर्न बाँकी रहेको छ। बेरुजु मध्ये रु.१ करोड ८ लाख ३ हजार पेस्की बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

# वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम मन्त्रालयको देहायका प्रमुख कार्यहरुको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी कार्यहरू पर्दछन्:

- प्रदेशस्तरमा वन र वनक्षेत्रको अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम,
- वन्यजन्तु र चराचुरुङ्गी जलाधार संरक्षण, वृक्षारोपण, वातावरण संरक्षण, जडिबुटी खेती, प्रविधि प्रवर्धन,
- वन वनस्पति वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक संग्रहालय व्यवस्थापन,
- प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन,
- वनस्पति उद्यान तथा हर्वोरियमहरूको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण,
- प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन,
- वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास, वातावरणीय सूचना प्रणालीको स्थापना,
- वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार, वातावरणीय प्रयोगशालाको स्थापना र व्यवस्थापन,
- ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण,
- प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास र हरित क्षेत्र प्रवर्धन,
- प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र संवर्द्धन,
- वातावरणीय सुशासन तथा परीक्षण भूपरिधि क्षेत्र तथा वन र संरक्षण क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण,
- अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण र प्रदेशभित्र जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार व्यवस्थापन।

०. **लेखापरीक्षण अङ्क**– मन्त्रालय र मातहतका २१ निकायको रु.२ अर्ब ८ करोड ५३ लाख २४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ:

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| १२९९००७ | २४७७१५ | ३४२४१९ | १९६१८३ | २०८५३२४ |

१. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यो वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| क्र.सं. | खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा/खर्च |
|---|---|---|---|---|
| | **चालु खर्च** | | | |
| १ | २११०० पारिश्रमिक/सुविधा | ७५६८३३ | ७५२४७३ | ५९६६२८ |
| २ | २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ४५५८ | ५०२२ | ३६८२ |
| ३ | २२१०० सेवा महसुल | ९२४० | १०१०० | ८०१७ |
| ४ | २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | २९७५७ | ३२८७२ | २४४०४ |
| ५ | २२३०० कार्यालय सामान तथा सेवाहरू | १४१९५ | १४२४५ | १०४३४ |
| ६ | २२४०० सेवा तथा परामर्श खर्च | ८२५१२ | ८३४६३ | ३२७२० |

| क्र.सं. | खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा/खर्च |
|---|---|---|---|---|
| ७ | २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | २६७७२० | २७३०२० | ९३४८४ |
| ८ | २२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | १४०४१ | १४२५९ | ९९०९ |
| ९ | २२७०० विविध खर्च | ३१५० | ३१५० | २३०९ |
| १० | २७१०० सामाजिक सुरक्षा | ५७२ | ६२२ | १७३ |
| ११ | २८१०० सम्पत्ति सम्बन्धी खर्च | ५८९२ | ६३३९ | ५२०३ |
| | **जम्मा** | **११८८४७०** | **११९५५६६** | **७८६९६३** |
| | **पुँजीगत खर्च** | | | |
| १ | ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | ८८४२४७ | ८८४२४७ | ५१२०४४ |
| | **कुल जम्मा** | **२०७२७१७** | **२०७९८१३** | **१२९९००७** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ६५.८२ प्रतिशत, पुँजीगततर्फ ५७.९० प्रतिशत र समग्रमा ६२.४६ प्रतिशत खर्च गरेको छ।

२. **आवधिक योजना** - प्रदेशको प्रथम आवधिक योजनामा वन तथा वातावरण क्षेत्रमा उल्लेख गरिएका कार्यक्रममध्ये उत्पादनका लागि वन क्षेत्र लिजमा दिने, प्रादेशिक ब्राण्डिङ्ग गर्ने, चिडियाखाना र वायु प्रदुषणका कार्यक्रमहरू कार्यान्वयनमा आएका छैनन्। आवधिक योजनामा समावेश गरेका कार्यक्रमहरू वार्षिक नीति तथा कार्यक्रम र बजेटमा सामावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

३. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५(२) मा आवधिक आयोजनाको आधारमा मध्यमकालीन खर्च संरचनामा प्रस्तावित कार्यक्रमको क्रियाकलापगत विवरण, प्रति ईकाइ लागत लाग्ने अनुमानित समय र प्रतिफल खुलाई प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। मध्यमकालीन खर्च संरचनाअनुसार विगत ३ वर्षको बजेटको अवस्था देहाय अनुसार रहेको छ।

(रु.हजारमा)

| आर्थिक वर्ष | बजेट प्रक्षेपण | विनियोजन बजेट | फरक (प्रतिशत) |
|---|---|---|---|
| २०७८।७९ | ३१११९०२ | २७४५८८६ | (११.७३) |
| २०७९।८० | २०२०७०० | २०४०९९३ | १ |
| २०८०।८१ | २१३०००० | २०७९८१३ | (२.३६) |

बजेट प्रक्षेपण र बजेट विनियोजनबीच अन्तर देखिएकोले बजेट प्रक्षेपण अनुसार बजेट विनियोजन गर्नुपर्दछ।

४. **वार्षिक नीति तथा कार्यक्रम** - वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमहरू बजेटमा समावेश गरी कार्यान्वयन गर्नु पर्नेमा यो वर्षको नीति तथा कार्यक्रममा समावेश भएका देहायका कार्यक्रममा बजेट विनियोजन गरी कार्यान्वयन गरेको देखिएन।

| बुँदा नं. | नीति तथा कार्यक्रम | बजेट विनियोजन |
|---|---|---|

| | | |
|---|---|---|
| ६६ | प्रदेश राजधानीमा प्राकृतिक सौन्दर्यता प्रवर्धन तथा सौन्दर्यीकरण गर्न "सिङ्गो रुख स्थानान्तरण गरी रोप्ने" उपकरण व्यवस्था गर्ने | नभएको |
| ७१ | विद्युतको हाइटेन्सन मुनि रहेको खाली क्षेत्रमा विपन्न सीमान्तकृत र कमैयालाई प्राथमिकता दिई जडिबुटी तथा गैरकाष्ठ वन पैदावारजन्य लेमनग्रास बेसार, अदुवा, पिडालु खेती गरी आय आर्जनमा जोड्ने | नभएको |
| ७३ | घाईते तथा असहाय वन्यजन्तुको लागि उद्धार केन्द्र स्थापना र स्तरोन्नति गर्ने | नभएको |
| ७४ | सङ्घसँग समन्वय गरी बाँके र बर्दियामा "पाइलटिङ्ग" को रुपमा कालिज र बँदेलको घरेलु पालन गर्ने | नभएको |

नीति तथा कार्यक्रम अनुसार बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ।

५. **बजेट कार्यान्वयन -** मन्त्रालयले प्रदेश सरकारको यो वर्षको बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम मध्ये वन पैदावारको सहज आपूर्ति र रुग्ण वन उद्यम पुनः सञ्चालन गर्न उद्यमीलाई सङ्घ सँगको समन्वयमा सहुलयतपूर्ण कर्जा प्रवाह गर्ने र तराईका वन क्षेत्रका ठुला रुख स्थानान्तरण गरी खाली क्षेत्र र सडक किनारामा वृक्षारोपण गर्ने कार्यक्रम रहेकोमा कार्यान्वयन भएको छैन। बजेट बक्तव्यमा उल्लेख भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ। त्यस्तै, मन्त्रालयका लागि यस वर्ष समृद्धिका लागि वन, जैविक विविधता तथा जलाधार व्यवस्थापन लगायतका ६ कार्यक्रममा रु.३० करोड ३२ लाख २५ हजार बजेट विनियोजन भएकोमा रु.२९ लाख ४७ हजार खर्च गरेको छ। बजेट खर्च गरी तोकिएका कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

६. **प्रगति विवरण**-लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रमको कार्यान्वयन मूल्याङ्कन गरी अर्ध वार्षिक र वार्षिक रुपमा सार्वजनिक गर्ने व्यवस्था रहेको छ। यस वर्षको वार्षिक विकास कार्यक्रम अनुसार मन्त्रालय र मातहतका कार्यालयका लागि पुँजीगत तर्फ रु.८८ करोड ४२ लाख ४७ हजार बजेट विनियोजन गरेकोमा रु.५१ करोड २० लाख ४४ हजार (५७.९० प्रतिशत) खर्च गरेको छ। तोकिए बमोजिम प्रगति विवरण तयार गरी सार्वजनिक गर्नुपर्दछ।

७. **कार्य सञ्चालनस्तरका कार्य** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयको प्रमुख जिम्मेवारी नियमन, समन्वय र अनुगमन रहेकोमा मातहतका भू-जलाधार संरक्षण कार्यालय, पाल्पा र अर्घाखाँचीलाई अख्तियारी दिनुपर्ने बजेटबाट मन्त्रालयले तटबन्ध, पोखरी, पधेरो निर्माण जस्ता १६ कार्यमा रु.१ करोड ५६ लाख २१ हजार सोझै र उपभोक्ता समितिबाट खर्च गरेको छ।

८. **काठ, दाउरा, विरुवा मौज्दात -** मन्त्रालयबाट पेस भएको बार्षिक प्रगति प्रतिवेदन अनुसार प्रदेश अन्तर्गतका डिभिजन वन कार्यालयहरूमा काठ, दाउरा, विरुवा, उत्पादन र मौज्दात स्थिति निम्नानुसार छः

| विवरण | इकाइ | अल्या | आम्दानी | जम्मा | खर्च | बाँकी |
|---|---|---|---|---|---|---|
| विरुवा (संख्या हजारमा) | वटा | १२७४ | ३४८१ | ४७५५ | २१५५ | २६०० |
| काठ (संख्या हजारमा) | क्यू. फि. | ८३६ | २३८८ | ३२२४ | १२२१ | २००३ |
| दाउरा (हजारमा) | चट्टा | १३८३ | ६४३८ | ७८२१ | २५४२ | ५२७९ |

मौज्दात रहेका विरुवाहरू आवश्यकता अनुसार वितरण गर्ने र काठ दाउरा बिक्री गर्ने व्यवस्था मिलाउनु पर्दछ।

९. **वन व्यवस्थापन** - वन नियमावली, २०७९ को नियम ११९ मा डिभिजन वन अधिकृतले आफ्नो कार्यक्षेत्र भित्रको वन क्षेत्रमा रहेको अतिक्रमण हटाउनु पर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त यस वर्षको प्रगति प्रतिवेदन अनुसार २०७९।८० को अन्त्यमा १४ डिभिजन वन कार्यालय अन्तर्गत वन अतिक्रमण क्षेत्र १४ हजार ८६५ हेक्टर रहेकोमा आर्थिक वर्ष २०८०।८१ मा १० हेक्टर थप भएको र ३४ हेक्टर

वन अतिक्रमण हटाई १४ हजार ८४१ हेक्टर कायमै देखिन्छ। कानूनअनुसार वन क्षेत्र संरक्षण गरी अतिक्रमण हटाउनु पर्दछ।

१०. **वन मुद्दा र फस्र्यौट** - वन ऐन, २०७६ को दफा ६७(१) मा दुई लाख रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने मुद्दा नेपाल सरकारको डिभिजन वन अधिकृतले विशेष अदालत ऐन, २०५९ बमोजिम कारबाही र किनारा गर्ने व्यवस्था रहेको छ। आ.ब.२०८०।८१ भन्दा अघि ३६२ मुद्दा दायर भइ फस्र्यौट हुन बाँकी रहेकोमा यस वर्ष ७३ थप मुद्धा दायर तथा एउटा मुद्दा फस्र्यौट भई ४३४ बाँकी रहेको देखिन्छ।

११. **वन डढेलो नियन्त्रण तथा व्यवस्थापन** - वन नियमावली, २०७९ को नियम १२० मा डिभिजन वन अधिकृतले आफ्नो कार्यक्षेत्रमा वन डढेलो लाग्न नदिन उचित प्रबन्ध गर्नुपर्ने र वन डढेलो लागेमा तत्काल नियन्त्रण गर्नुपर्ने व्यवस्था छ। यो वर्ष प्रदेशमा १८८२ पटक वन डडेलो लाग्दा ७५ हजार ८८१ हेक्टर वन क्षेत्र प्रभावित भएको छ। डढेलोबाट ६५० घनफिट काठ, ३ चट्टा दाउरा, १६ घरगोठ, १४२ पशुधन, तथा वन्जन्तु र ३२ मानविय क्षति भएको छ। वन डढेलो नियन्त्रणको लागि आवश्यक प्रविधि तथा क्षमता बढाउनु पर्दछ।

१२. **वित्तीय विवरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ को उपदफा (२) बमोजिम सङ्घ, प्रदेश तथा स्थानीय तहले नेपाल सरकारबाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र विनियोजन, राजस्व, धरौटी र अन्य कोषको वार्षिक वित्तीय विवरण र सम्पत्ति दायित्वको विवरण तयार गरी प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था रहेको छ। मन्त्रालयले उक्त व्यवस्था अनुसार नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसारको वित्तीय विवरण तयार गरेको छैन। सार्वजनिक क्षेत्र लेखामानले तोकेको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्दछ।

## डिभिजन वन कार्यालयहरू

१३. **सङ्कलन खर्च** - वन पैदावार सङ्कलन तथा बिक्री वित्तरण निर्देशिका, २०७३ को बुँदा नं. ३०(३) बमोजिम प्रदेश सरकारबाट काठ दाउरा सङ्कलनमा भएको खर्च सकारकर्ताबाट असुल गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ। गौतम बुद्ध डिभिजन वन कार्यालय, कपिलवस्तुले समृद्धिको लागि वन परियोजनाले कार्य सम्पादनमा आधारित दिगो वन व्यवस्थापन अनुदान दुई साझेदारी वनलाई ६१ हजार क्यू फिट काठ, १९१ चट्टा दाउराको रु.७१ लाख ७ हजार सङ्कलनका लागि अनुदान दिएको छ। काठ दाउराको सङ्कलन खर्च सङ्कलित काठ दाउरा बिक्री भएपछि सकारकर्ताबाट असुल गरी खर्च गर्ने निकायलाई भुक्तानी दिनुपर्ने हुँदा यसरी गरेको खर्च असुल गर्नुपर्दछ।

१४. **असुली** - प्रदेश वन नियमावली, २०७९ को नियम ४८ मा कुनै आयोजनालाई उपलव्ध गराईएको वनक्षेत्रमा हटाईएका रूखको कम्तीमा १० गुणा बिरुवा वृक्षारोपण गरी ५ वर्षसम्म बिरुवा हुर्काउन र संरक्षण गर्न लाग्ने सम्पूर्ण खर्च आयोजनाले व्यहोर्नुपर्ने व्यवस्था छ। नारायणघाट बुटवल सडक पश्चिम खण्डको ७४ हेक्टर वन क्षेत्रमा ४ हजार ७३४ रुख कटान भई प्रथम चरणमा ४६.४५ हेक्टरको ४ सामुदायिक वनमा वृक्षारोपणको रु.३ करोड ३१ लाख १८ हजार असुल गर्नुपर्नेमा रु.१ करोड ८१

लाख ४८ हजार असुल भई रु.१ करोड ४९ लाख ७ हजार असुल गर्न बाँकी रहेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा जिम्मेवारी कार्यान्वय, घोषित नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, वार्षिक विवरण तथा प्रतिवेदन तयार नगरेको, वन मुद्दा फस्यौंट नभएको, वन अतिक्रमण भएको, कार्यक्रमअनुसार कार्य सञ्चालन नभएको लगायतका बेहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहत २० निकायमा रु.१३ करोड १४ लाख ५१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ करोड ३४ लाख ८८ हजार फस्यौंट गरेकोले रु.१० करोड ७९ लाख ६३ हजार बाँकी रहेको छ। सो मध्ये रु.३ लाख ८५ हजार पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसुची-९** मा संलग्न छ।

# सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम मन्त्रालयको देहायका प्रमुख कार्यहरुको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी कार्यहरू पर्दछन्:

- प्रदेशस्तरमा विश्वविद्यालय तथा उच्च शिक्षा, प्रदेशस्तरमा पुस्तकालय, अभिलेखालय, खेलकुद तथा युवा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण तथा अनुमति,
- प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र कार्यान्वयन पाठ्यक्रम पाठ्य पुस्तक तथा पाठ्य सामग्री निर्माण उत्पादन र वितरण,
- प्रदेशस्तरको मानव संशाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन विज्ञान प्रविधिको विकास तथा बिस्तार, तथ्याङ्क सङ्कलन प्रशोधन र सर्वेक्षण तथा जनशक्ति विकास र उपयोग,
- प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा सर्त योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण माध्यमिक तहको परीक्षा व्यवस्थापन प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन,
- वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, विकास एवम् नव प्रर्वतनात्मक वैज्ञानिक कार्य र युवा वैज्ञानिक जनशक्ति प्रोत्साहन विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना सञ्चालन र व्यवस्थापन,
- खेलकूद तथा पूर्वाधारको विकास र प्रर्वद्धन, खेलकूद प्रशासन र सङ्घ संस्थाको समन्वय खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतका १० निकायहरूको रु.१ अर्ब ८० करोड ९४ लाख ४१ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| १५६३७३२ | ४९७६६ | १९५८४ | १७६३५९ | १८०९४४१ |

मन्त्रालय मातहत ३ समिति तथा संस्थाको रु. २७ करोड ३१ लाख ४५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यो वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| क्र.सं. | खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा/खर्च |
|---|---|---|---|---|
| | **चालु खर्च** | | | |
| १ | २११०० पारिश्रमिक/सुविधा | ३६१०१९ | ३६१२६० | २५३२८२ |
| २ | २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ४९० | ४९० | २३२ |

| क्र.सं. | खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा/खर्च |
|---|---|---|---|---|
| ३ | २२१०० सेवा महसुल | १६३७१ | १६५७१ | ११६८१ |
| ४ | २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | ३१५८२ | ३१६८२ | २४५७३ |
| ५ | २२३०० कार्यालय सामान तथा सेवाहरू | ६५११५ | ६४९६५ | ६०९२२ |
| ६ | २२४०० सेवा तथा परामर्श खर्च | ९०२९८ | ९०३२२ | ५१५०७ |
| ७ | २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | ५५३३०५ | ५५३३०५ | २८५२२८ |
| ८ | २२६०० अनुगमन मूल्याङ्कन र भ्रमण खर्च | १७८९४ | १८७९४ | १६८२९ |
| ९ | २२७०० विविध खर्च | ४५६४ | ४५६४ | ३३२३ |
| १० | २५३०० अन्य सहायता | १०२१३०० | ५९६६०० | ३८१०६९ |
| ११ | २६४०० सामाजिक सेवा अनुदान | २२५३६० | २२५३६० | १५२७४७ |
| १२ | २७२०० सामाजिक सहायता | ९२००० | ९२००० | ७९३९२ |
| १३ | २८१०० सम्पत्ति सम्बन्धी खर्च | ९२४२ | ९०४२ | ६६९४ |
| | **जम्मा** | **२४८८५४०** | **२०६४९५५** | **१३२७४७९** |
| | **पुँजीगत खर्च** | | | |
| १ | ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | ३९९२१० | ४७६९१० | २३६२५३ |
| | **कुल जम्मा** | **२८८७७५०** | **२५४१८६५** | **१५६३७३२** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ६४.२८ प्रतिशत, पुँजीगततर्फ ४९.५४ प्रतिशत र समग्रमा ६१.५२ प्रतिशत खर्च भएको छ।

३. **आवधिक योजना -** प्रदेश सरकारको प्रथम आवधिक योजना (२०६७।७७-२०८०।८१) मा सामाजिक क्षेत्रमा निर्धारण गरिएका लक्ष्य मध्ये नक्साङ्कनको आधारमा विद्यालय समायोजन, दरबन्दी मिलान र स्थापना, प्रदेश शिक्षा स्रोत केन्द्रको स्थापना गर्ने कार्यहरू कार्यान्वयन गरेको छैन। आवधिक योजनाका कार्यक्रम बजेटमा व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५(२) मा आवधिक विकास योजनालाई आधार लिई मध्यमकालीन खर्च संरचनामा प्रस्तावित कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको प्रति ईकाइ लागत, लाग्ने अनुमानित समय र प्रतिफल खुलाई प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। मध्यमकालीन खर्च संरचनाअनुसार विगत ३ वर्षको बजेटको अवस्था देहाय अनुसार रहेको छ।

(रु.हजारमा)

| आर्थिक वर्ष | मध्यमकालीन बजेट प्रक्षेपण | वास्तविक बजेट | प्रस्तावित बजेट फरक प्रतिशत |
|---|---|---|---|
| २०७८।७९ | ४९९५०८४ | ६२३८००३ | २४.८८ |
| २०७९।८० | २०२०७०० | २८३२४४४ | ४०.१७ |
| २०८०।८१ | २१३०००० | २५४१८६५ | १९.३३ |

प्रक्षेपणको तुलनामा बढी बजेट विनियोजन भएको देखिएकोले बजेट प्रक्षेपण र बजेट विनियोजनबीच तादम्यता कायम गरी बजेटलाई यथार्थपरक बनाउनु पर्दछ।

५. **वार्षिक नीति तथा कार्यक्रम -** प्रदेश सरकारको यो वर्षको बार्षिक नीति तथा कार्यक्रममा समावेश भएका तपशिलका कार्यक्रमहरू बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्नेमा गरेको देखिएन।

| बुँदा नं. | नीति तथा कार्यक्रम | बजेट विनियोजन |
|---|---|---|
| ७५ | प्रादेशिक कार्यक्षेत्र बमोजिम शिक्षाको रणनीतिक योजना तयार गरी प्रदेशभर सिकाउने, टिकाउने र श्रम बजारमा बिकाउने | नभएको |
| ७६ | प्रदेश गौरबको आयोजनाको रुपमा स्थापना भएको लुम्बिनी प्राविधिक विश्वविद्यालयमा एग्री इन्जिनियरिङ लगायतका विषयको अध्यापन तयारी सुरु र विश्वबिद्यालय निर्माणका लागि जग्गा प्राप्त गरी पूर्वाधार विकासको कार्य प्रारम्भ गर्ने | नभएको |
| ७७ | उच्च शिक्षामा गुणस्तर वृद्धि गर्न अनुसन्धानमा आधारित गुणस्तरीय शिक्षण सिकाई कार्यक्रम सञ्चालन गर्ने | नभएको |
| ८६ | प्रदेशमा प्रतिस्पर्धी क्षमता भएका खेलको सम्भाव्यता अध्ययन गरी खेलकुद क्षेत्रको रणनीतिक योजना तर्जुमा र खेल अर्थतन्त्रको प्रवर्धन गर्ने | नभएको |

नीति तथा कार्यक्रम अनुसार बजेट विनियोजन गरी कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

६. **बजेट कार्यान्वयन -** प्रदेश सरकारको यो वर्षको बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम मध्ये बाल संरक्षण गृह निर्माण, जेष्ठ नागरिक ग्राम भवन निर्माण, हिंसा पीडित महिलाका लागि प्रदेशस्तरीय पुनर्स्थापना केन्द्र निर्माण, गैर सरकारी सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरूलाई अनुदान, अपांगता नागरीक ग्राम भवन निर्माण, महिला उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्ने, विद्यालय शिक्षा क्षेत्र योजना, नमूना विद्यालय र विशेष शिक्षा कार्यक्रम, लैंगिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम, युवा तथा खेलकुद र राष्ट्रिय युवा परिचालन कार्यक्रमको लागि रु.१९ करोड ३७ लाख ९० हजार बजेट विनियोजन भएकोमा कार्यान्वयन गरेको छैन। बजेटमा उल्लेख भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

७. **कार्यक्षेत्रको पालना -** सङ्घ, प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्ने कार्यक्रमलाई व्यवस्थित गर्न नेपाल सरकारले आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० लागु गरेको छ। मन्त्रालयले प्रदेश सरकारको सीमाभित्र पर्ने आयोजना वा कार्यक्रमको लागि मात्र बजेट विनियोजन गर्नु पर्नेमा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेका विद्यालय शिक्षासँग सम्बन्धित बाल विकास कार्यक्रम, विशेष प्रकृतिका छात्रवृत्ति, विद्यालय भवन निर्माण लगायतका कार्यक्रममा रु.४० करोड ८८ लाख बजेट विनियोजन गरी १०२ स्थानीय तह मार्फत कार्यान्वयन गरेको छ। कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

८. **विविध कोष -** मन्त्रालय अन्तर्गत विभिन्न कोषमा यो वर्ष विनियोजनबाट रु.२ करोड निकासा गरेकोमा खर्च नभै देहायअनुसार मौज्दात रहेको छः

(रु.हजारमा)

| क्र.सं. | विवरण | आम्दानी र मौज्दात |
|---|---|---|
| १ | पुनर्स्थापना कोष | ५००० |
| २ | बाल उद्धार तथा संरक्षण कोष | ५००० |
| ३ | विशेष कोष | १०००० |
| | **जम्मा** | २०००० |

विनियोजित बजेटबाट विभिन्न कोषमा रकम निकासा गरी निष्कृय राखेको देखिएकोले यसमा पुनरावलोकन गरी सञ्चित कोष फिर्ता गर्नुपर्दछ।

९. **अधुरो योजना -** पर्याप्त बजेट बिनियोजन गरी निर्माण सुरू गरेका संरचना निर्धारित समयमा सम्पन्न गर्नुपर्नेमा सामाजिक विकास डिभिजन कार्यालय, कपिलवस्तुले यो वर्षको ४ विद्यालय भवन र १ कवर्ड हलको लागि रु.७५ लाख खर्च भए तापनि अधुरो छ। भवन निर्माण अन्तर्गत १ मदरसा भवनको पिलरको काम भएको, एक विद्यालयको फाउण्डेसनको मात्र काम भएको तथा बाँकीको झ्याल ढोका तथा फिनिसिङका कार्यहरू बाँकी रहेको छ। निर्माण कार्य सम्पन्न गर्ने गरी बजेट विनियोजन गरी निर्धारित समयमा कार्य सम्पन्न गर्नुपर्दछ।

## महिला तथा बालवालिका मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ मा मन्त्रालयको कार्य क्षेत्रमा देहायका विषयहरू रहेका छन्:

- कानुन निर्माण, प्रदेश मन्त्रिपरिषदमा पेस हुने नियम र आदेशको तर्जुमा तथा स्वीकृति,
- नागरिक अधिकारको संरक्षण, मानव अधिकारको संरक्षण र प्रवर्धन,
- पारिवारिक मामिला, सूचनाको हक, महिलाको हक र सशक्तीकरण,
- बालबालिकाको हकहित संरक्षण, ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति र अशक्त सम्बन्धी विषय।

१०. **लेखापरीक्षण अङ्क** - मन्त्रालयको निम्नानुसार रु.८ लाख  लाख ४९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| ८४० | ९ | ० | ० | ८४९ |

११. **मन्त्रालय विभाजन** - सङ्घीय प्रशासनिक पुनः संरचना समितिको प्रतिवेदन, २०७४ ले सबै प्रदेशहरूमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित प्रदेश मन्त्रालयको संख्या ७ रहने गरी सिफारिस गरेको छ। प्रदेश सरकार (कार्यविभाजन नियमावली), २०७९ अनुसार १२ मन्त्रालय रहेको देखिन्छ। लुम्बिनी प्रदेश (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रथम पटक २०७८।५।१८ मा कानुन, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको स्थापना भएकोमा २०७९।१०।२७ मा सामाजिक विकास मन्त्रालयमा गाभिएको थियो। २०८१।१।१२ मा पुनः महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय स्थापना भएकोमा २०८१।७।५ मा पुनः सामाजिक विकास मन्त्रालयमा गाभिएको देखिन्छ। मन्त्रालय फेरबदलले प्रदेश सरकारको प्रशासनिक खर्च लगायतको व्ययभार बढेको, नीति, बजेट तथा कार्यक्रमहरूको कार्यान्वयनमा समन्वय नभएको, खर्च लेखाङ्कन एवं वित्तीय विवरण तयारी, भौतिक पूर्वाधार व्यवस्थापन र कर्मचारी व्यवस्थापनमा थप समय लाग्ने, जवाफदेहिता एवं उत्तरदायित्व बहनमा समेत असर पर्ने जस्ता समस्याहरू उत्पन्न हुने भएकोले यसमा सुधार गर्नुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा जिम्मेवारी कार्यान्वय, नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, रकमान्तर गरेको, वार्षिक विवरण तथा प्रतिवेदन तयार नगरेको लगायतका बेहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहत १० निकायमा रु.१ करोड ८५ लाख ८५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१३ हजार फस्योँट गरेकोले रु. १ करोड ८५ लाख ७२ हजार बाँकी रहेको छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसुची-९** मा संलग्न छ।
    - यो वर्ष समिति र अन्य संस्थातर्फ ३ निकायको रु.४६ लाख ७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ लाख ६९ हजार फस्योँट गरेकोले रु.४३ लाख ३८ हजार बाँकी रहेको छ। सो मध्ये रु.१५ लाख ५० हजार पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसुची-१०** मा संलग्न छ।

# स्वास्थ्य मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम मन्त्रालयको देहायका प्रमुख कार्यहरुको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी कार्यहरू पर्दछन्:

- स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी,
- प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन,
- प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, स्वास्थ्य क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन,
- राष्ट्रिय मापदण्ड बमोजिम औषधिजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी,
- राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य संस्था तथा प्रयोगशालाको सञ्चालन, अनुमति, स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन,
- औषधिको निगरानी, उचित प्रयोग, सुक्ष्म जीव निरोधक प्रतिरोध न्यूनीकरण खोप र परिवार नियोजन,
- प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन, अनुसन्धान तथा सूचना प्रणाली,
- प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी, व्यवस्थापन सरुवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम,
- स्वास्थ्य क्षेत्रमा आपत्कालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह,
- राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
- वैकल्पिक तथा अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी,
- जनसंख्या, बसाईसराई र परिवार नियोजन सम्बन्धी अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरूसँगको सम्पर्क।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतका २८ निकायहरूको रु.३ अर्ब ९१ करोड ९६ लाख ३५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ :

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| ३२५२१३३ | ११८१६ | १४०८४५ | ५१४८४१ | ३९१९६३५ |

यो वर्ष मन्त्रालय अन्तर्गत १६ अन्य संस्था समितिको रु.६ अर्ब २ करोड ६५ लाख ५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

२. **बजेट खर्च** – महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यो वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| क्र.सं. | खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा/खर्च |
|---|---|---|---|---|
| | **चालु खर्च** | | | |
| १ | २११०० पारिश्रमिक / सुविधा | ८६९६१८ | ८८९२२७ | ७२२४५५ |
| २ | २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ५३६७ | ५३६७ | ३३२१ |
| ३ | २२१०० सेवा महसुल | ३८१९५ | ३८९२७ | ३३३८७ |
| ४ | २२२०० पुंजीगत सम्पत्तिको सञ्चालन | ५०१०५ | ५४७०५ | ४०६१९ |

| क्र.सं. | खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा/खर्च |
|---|---|---|---|---|
| ५ | २२३०० कार्यालय सामान तथा सेवाहरू | २७९६२ | ३२८१२ | २४६५० |
| ६ | २२४०० सेवा तथा परामर्श खर्च | ३०५५५८ | ३८०६८० | ३०२२१० |
| ७ | २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | १६१४४६१ | १६१४८९१ | ११०६०५७ |
| ८ | २२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | ११२९८ | १२८९८ | ९७०५ |
| ९ | २२७०० विविध खर्च | ४५१० | ५१९० | ४०५५ |
| १० | २७१०० सामाजिक सुरक्षा | १२७८ | १२७८ | १०६८ |
| ११ | २७२०० सामाजिक सहायता | ४३९७७ | ४६४७७ | २८७७२ |
| १२ | २८१०० सम्पत्ति सम्बन्धी खर्च | ६८३० | ७२३० | ५७४६ |
| १३ | २८२०० फिर्ता खर्च | ०.०० | ०.०० | ० |
| | **जम्मा** | **२९७९१५९** | **३०८९६८२** | **२२८२०४५** |
| | **पुँजीगत खर्च** | | | |
| १ | ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | १५२५६९० | १५४६८४० | ९७००८८ |
| | **कुल जम्मा** | **४५०४८४९** | **४६३६५२२** | **३२५२१३३** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ७३.८६ प्रतिशत, पुँजीगततर्फ ६२.७१ प्रतिशत र समग्रमा ७०.१४ खर्च गरेको छ।

३. **आवधिक योजना -** प्रदेश सरकारको प्रथम आवधिक योजना (२०७६।७७-०८०।८१) अनुसार स्वास्थ्य मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित प्रादेशिक ट्रमा सेन्टर निर्माण गर्ने, १२ स्थानीय तहमा १५ शय्याको अस्पताल निर्माण गर्ने लक्ष्य हासिल भएका छैन। स्वास्थ्य संस्थाहरूमा दरबन्दी अनुसार दक्ष जनशक्ति उपलब्ध गराइने लक्ष्य लिएकोमा दुर्गमका अधिकांश स्वास्थ्य संस्थाहरूमा विशेषज्ञ चिकित्सकको दरबन्दी रिक्त रहेको अवस्था छ। प्रदेश सरकारको प्रथम आवधिक योजनाले स्वास्थ्य मन्त्रालयसँग सम्बन्धित क्षेत्रमा लिएको लक्ष्यहरूको सूचकको परिमाणात्मक उपलब्धि देहायअनुसार छः

| सूचक | एकाई | आधार वर्ष २०७५।७६ | २०८०।८१ को लक्ष्य | २०८०।८१ को प्रगति |
|---|---|---|---|---|
| मातृ मृत्युदर | प्रति लाख | २१५ | १५१ | २०७ |
| जन्मदाको अपेक्षित आयु | वर्ष | ६९.३ | ७२ | ६९.५ |
| बाल मृत्युदर ५ वर्ष मुनि | प्रतिहजार | ४५ | ३० | ४१ |
| नवजात शिशु मृत्युदर | प्रतिहजार | ३० | | २१ |
| ४ पटक पूर्व प्रसुति सेवा लिएका महिला | प्रतिशत | ७७.५ | ९० | ८० |
| स्वास्थ्य संस्थामा प्रसुती गराउने महिला | प्रतिशत | ७५.२ | | ९४ |
| पाँच वर्ष मुनिका बालबालिकाहरूमा पुड्कोपनको दर | प्रतिशत | ३९ | | २५.१ |

आधार वर्ष २०७५।७६ को २१५ जना मातृ मृत्युदर प्रति लाखलाई योजनाको अन्तमा १५१ मा झार्ने लक्ष्य रहेकोमा २०७ जना रहेको, बाल मृत्युदर प्रति हजार ४५ बाट ३० मा झार्ने लक्ष्य रहेकोमा ४१ जना रहेको छ।

४. **मध्यमकालीन खर्च संरचना** - लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५(२) मा आवधिक विकास आयोजनालाई मार्गदर्शनको रुपमा लिएर मध्यमकालीन खर्च संरचनामा प्रस्तावित कार्यक्रमको क्रियाकलापगत विवरण (क्रियाकलापको प्रति ईकाइ लागत, लाग्ने अनुमानित समय र प्रतिफल) खुलाई

प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। मध्यमकालीन खर्च संरचनाको बजेटको अवस्था देहाय अनुसार रहेको छ।

(रु.हजारमा)

| आर्थिक वर्ष | मध्यमकालीन बजेट प्रक्षेपण | वास्तविक बजेट | प्रस्तावित बजेट फरक प्रतिशत |
|---|---|---|---|
| २०७९।८० | ४५८१६५९ | ४७७९६०१ | ४.३२ |
| २०८०।८१ | ४७०९५०० | ४६३६५२३ | -१.५५ |

५. **वार्षिक नीति तथा कार्यक्रम** - यो वर्षको नीति तथा कार्यक्रममा उल्लेख गरेका कार्यक्रमहरू बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्नेमा निम्नानुसार देखिएको छः

| क्र.सं. | नीति तथा कार्यक्रम | बजेट विनियोजन |
|---|---|---|
| १ | प्रदेशका सबै स्वास्थ्य संस्थामा न्यूनतम सेवा मापदण्ड लागु गरी गुणस्तरीय सेवाको सुनिश्चितता गर्ने | नभएको |
| २ | प्रदेशका मेडिकल कलेज, निजी अस्पताल र स्वास्थ्य संस्थाले दुर्गम स्थानमा अनिवार्य सेवा प्रदान गर्ने व्यवस्था मिलाउने | नभएको |
| ३ | सरकारी र सामुदायिक स्वाथ्य संस्था मार्फत निशुल्क रक्त सञ्चार सेवा उपलब्ध गराउने | नभएको |

नीति तथा कार्यक्रम अनुसार बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ।

६. **बजेट कार्यान्वयन** - प्रदेश सरकारको २०८०।८१ को बजेट वक्तव्यमा गरिब तथा असहाय बिरामीको मृगौला डायलासिसको लागि ५० प्रतिशत अनुदान दिने कार्यक्रम कार्यान्वयन नभएको, विशेष आमा सुरक्षा कार्यक्रम १० स्थानीय तहमा सञ्चालन गर्ने भनेकोमा ५ मा मात्र सञ्चालन भएको छ। बजेटमा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

७. **प्रगति** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रम कार्यान्वयनको मूल्याङ्कन गरी अर्ध वार्षिक र वार्षिक रुपमा सार्वजनिक गर्ने व्यवस्था रहेको छ। यस वर्षको वार्षिक विकास कार्यक्रम अनुसार मन्त्रालय र मातहत कार्यालयका विभिन्न क्रियाकलापको लागि रु.१ अर्ब ५४ करोड ६८ लाख ४० हजार बजेट विनियोजन भएकोमा रु. ९७ करोड ८९ हजार खर्च भएको छ। मन्त्रालयको स्वीकृत कार्यक्रममा समावेश भएका क्रियाकलापहरूको भौतिक प्रगति खुल्ने गरी एकीकृत प्रगति विवरण तयार गरेको छैन। तोकिए बमोजिम प्रगति विवरण तयार गरी सार्वजनिक गर्नुपर्दछ।

८. **सम्मान कार्यक्रम** - प्रदेशको स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८०।८१ को बुँदा नं.१० मा उल्लेख गरिएको राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका रणनीति, २०७६ बमोजिम महिला स्वास्थ्य स्वयं सेविकाहरूको स-सम्मान बिदाई कार्यक्रम गर्न सकिने व्यवस्था छ। मन्त्रालयको स्वीकृत कार्यक्रम बमोजिम ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविका सम्मान लगायतका कार्यक्रमको लागि सङ्घीय नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम (सङ्घ) मा रु.७ करोड ४५ लाख बजेट व्यवस्था भएको छ। सो कार्यक्रममा प्रति महिला स्वयंसेविका रु.२० हजार सम्मान स्वरूप प्रदान गर्ने व्यवस्था छ। त्यसैगरी सोही कार्यक्रममा प्रदेश सरकारले एकीकृत स्वास्थ्य तथा सरसफाई कार्यक्रममा रु.२ करोड बजेट व्यवस्था गरी प्रति महिला स्वयंसेविका सम्मान स्वरूप रु. ५० हजारको दरले रकम प्रदान गरेको छ।

९. **आर्थिक सहुलियत -** स्वास्थ्य निर्देशनालयले स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७८ मा प्रदेश विपन्न नागरिक स्वास्थ्य उपचार आर्थिक सहुलियत कार्यक्रम अन्तर्गत क्यान्सर बिरामी २ हजार ७३४, मुटुको भल्भ फेरेको १७ र मृगौला प्रत्यारोपण गरेका ६१ लाई रु.१३ करोड खर्च भएको छ। सङ्घीय सरकारले समेत यस्तो खर्च भुक्तानी गरिरहेकोले समन्वयात्मक रुपमा खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ।

## अस्पताल विकास समिति

१०. **जनशक्ति व्यवस्थापन -** अस्पतालको सेवा प्रवाह सहज र सुलभ बनाउन दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ। पृथ्वीचन्द्र अस्पतालमा स्वीकृत ७४ दरबन्दीमध्ये ४ विशेषज्ञ डाक्टर सहित १७, राप्ती प्रादेशिक अस्पतालमा स्वीकृत ७४ दरबन्दीमध्ये ४ विशेषज्ञ डाक्टर, प्युठान अस्पतालमा ५४ दरबन्दी रहेकोमा विशेषज्ञ ४ सहित २४, कपिलवस्तु अस्पतालमा ७४ दरबन्दीमध्ये २३ विशेषज्ञ सहित ५४, रुकुम पूर्व अस्पतालमा १७ विशेषज्ञ समेत २७, गुल्मी अस्पतालमा ५० दरबन्दी रहेकोमा २७, रोल्पा अस्पतालमा ६३ दरबन्दी रहेकोमा १६ पदहरू रिक्त रहेका छन्। लुम्बिनी प्रादेशिक अस्पतालमा नेपाल सरकार, प्रदेश सरकार तथा समिति तर्फको समेत कुल दरबन्दी ९७७ रहेकोमा करार ५०२ सहित ७९६ पदपूर्ति भई १८१ पद रिक्त रहेको छ। स्वास्थ्य सेवा प्रभावकारी बनाउन उपयुक्त रूपले जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

११. **फार्मेसी आम्दानी -** फार्मेसी सञ्चालन निर्देशिका, २०७२ बमोजिम अस्पतालहरूले अनिवार्य रुपमा आफ्नै फार्मेसी सेवा उपलव्ध गराउनुपर्ने र फार्मेसी सञ्चालनको नाफा र नोक्सान देखिने वित्तीय विवरण तयार गर्नुपर्ने, प्रत्येक महिनाको बिक्रीको १० प्रतिशत र वर्षान्तमा नाफाको ९० प्रतिशत अस्पतालको मूल खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ। प्युठान, पाल्पा, रामपुर, पृथ्वी चन्द्र, नवलपरासी सुस्तापश्चिम तथा राप्ती प्रादेशिक अस्पताल दाङ्गले फार्मेसीतर्फ यस वर्ष रु.६ करोड ७२ लाख ८४ हजारको औषधि बिक्री गरेकोमा सोको मासिक १० प्रतिशतले हुने रु.६७ लाख २८ हजार र वर्षान्तमा नाफाको ९० प्रतिशतले हुने रकम अस्पतालको मूल खातामा जम्मा गरेका छैनन्। निर्देशिकाले तोके बमोजिमको रकम अस्पतालको मूल खातामा जम्मा गर्नुपर्दछ।

१२. **प्रोत्साहन भत्ता** - अस्पताल विकास समिति (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम १०(८) अनुसार अस्पताल विकास समितिको निर्णय बमोजिम कोषबाट व्यहोर्ने गरी कर्मचारीलाई कुनै विशेष भत्ता वा प्रोत्साहन सुविधा प्रदान गरेको भएमा त्यस्ता विशेष भत्ता वा प्रोत्साहन सुविधा यो नियमावली प्रारम्भ भएको मितिले ३ महिनाभित्र मन्त्रालयबाट स्वीकृत गराउन पर्ने व्यवस्था छ। कपिलवस्तु अस्पतालले मन्त्रालयबाट स्वीकृत नगरी निर्णय बेगर यो वर्ष १२ जनालाई रु.१९ लाख १२ हजार प्रोत्साहन भत्ता भुक्तानी गरेको छ। कानुन बमोजिम मन्त्रालयको स्वीकृत लिएर भत्ता भुक्तानी गर्नुपर्दछ।

१३. **मेसिनरी उपकरण सञ्चालन** - स्वास्थ्य सेवा प्रवाहका लागि खरिद भएको मेसिन उपकरणहरू चालु हालतमा राखी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ। पृथ्वीचन्द्र अस्पतालमा एक्सरे मेसिन ३, चिजल

मेसिन २, पोर्टेवल ईसिजी मेसिन ३ समेत ४० मेसिनरी उपकरणहरू सञ्चालनमा रहेका छैनन्। कपिलवस्तु अस्पतालमा ई.सि.जी. मेसिन ३, एक्सरे मेसिन १, सि.आर्म मेसिन १, ओ.टि.लाइट मोनिटर २ जस्ता उपकरणहरू चालु हालतमा रहेको छैनन्। लुम्बिनी प्रादेशिक अस्पतालमा अल्ट्रासाउन्ड ६, एक्सरे १०, ईकोकार्डियोग्राफी १ समेत ५२ मेसिनरी उपकरणहरू आवश्यक रहेकोमा बिग्रिएको एवं प्रयोगविहिन रहेको छ। मर्मत हुन सक्ने उपकरणहरू मर्मत सम्भार गरी उपयोग गर्नुपर्ने, आवश्यक नपर्ने उपकरण अन्य अस्पताललाई हस्तान्तरण तथा अत्यावश्यक रहेका उपकरणहरू खरिद गरी सेवा सञ्चालन गर्नुपर्दछ।

१४. **म्याद गुज्रेको औषधि -** अस्पतालमा सञ्चालित फार्मेसीले खरिद भएको औषधि म्याद समाप्त भएमा वा टुटफुट भएमा खरिद सम्झौता अनुसार उक्त औषधि आपूर्तकबाट प्रतिस्थापन गराउनुपर्दछ। प्युठान अस्पतालको फार्मेसीमा रु.१७ लाख ३१ हजार, पृथ्वीचन्द्र अस्पतालको फार्मेसीमा रु.८३ हजार र लुम्बिनी प्रादेशिक अस्पतालमा रु.७ लाख ७३ हजार समेत रु.२५ लाख ८७ हजारका विभिन्न प्रकारका औषधिको म्याद समाप्त भएकोमा सोको प्रतिस्थापन भएको छैन। प्रतिस्थापन नगर्ने अस्पतालका पदाधिकारीहरूलाई जिम्मेवार बनाउनुपर्दछ।

१५. **थप भत्ता -** आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका, २०७८ को बुँदा नं. ६ख मा स्वास्थ्य संस्थालाई प्राप्त हुने इकाई मूल्यबाटै प्रति प्रसुती बढीमा रु.३०० सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी तथा सहयोग गर्ने टिमलाई बाँडफाँट गरी वितरण गर्नुपर्ने उल्लेख छ। प्राप्त विवरणअनुसार सामान्य प्रसुती १ हजार ५९६, जटिल प्रसुती २४९ र शल्यक्रियाबाट गरिएका प्रसुती १ हजार ८८६ समेत ३ हजार २३१ जना महिलालाई सुत्केरी सेवा उपलव्ध गराएकोमा समितिलाई प्राप्त हुने रकमको प्रति सुत्केरी रु.३०० का दरले रु.९ लाख ६९ हजार खर्च गरेको अवस्थामा यो वर्ष भीम अस्पताल विकास समितिले सोधभर्ना प्राप्त रकमको ५० प्रतिशत रकम स्वास्थ्यकर्मी तथा सहयोग गर्ने टिमलाई भत्ता दिने निर्णय गरी रु.१ करोड ८ लाख ३३ हजार खर्च लेखेको छ। निर्देशिकाअनुसार खर्च गर्नुपर्दछ।

१६. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को १(क) मा सार्वजनिक निकायले पच्चीस लाख रुपैंया सम्मको औषधिजन्य मालसामान वा नेपालमा उत्पादित मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सक्ने र सोभन्दा माथि सिलबन्दी दरभाउपत्र र बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। भीम अस्पताल, रूपन्देही तथा गुल्मी अस्पतालले रु.१ करोड ८७ लाख १३ हजारको औषधि, स्वास्थ्य उपकरण तथा सर्जिकल सामग्री टुक्रा टुक्रा पारी सोझै खरिद गरेको छ। बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ ।

लुम्बिनी प्रादेशिक अस्पतालले यो वर्ष विभिन्न सप्लायर्सहरूसँग सोझै पटक-पटक ल्याब तथा सर्जिकल सामान रु.९४ लाख ५२ हजार र स्टेशनरी तथा छपाई रु.१ करोड ३ लाख ३२ हजारको कार्य खरिद गरेको छ। यस्तो प्रकृतिको टुक्रा खरिदलाई नियन्त्रण गर्नुपर्दछ।

# अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा औंल्याइएको जिम्मेवारी र नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, स्वास्थ्यकर्मीको दरबन्दी अनुसार पदपूर्ति नभएको, अस्पतालहरूको न्यूनतम सेवा मापदण्ड पूरा नभएको, स्वास्थ्य उपकरण प्रयोगमा नआएको, स्वास्थ्य विमाको सोधभर्ना समयमा नलिएको लगायतका बेहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय मातहत २३ निकायको लेखापरीक्षणबाट रु.६३ लाख ९४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन पश्चात रु.६ हजार फस्यौंट भई रु.६३ लाख ८८ हजार फस्यौंट गर्न बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

  - समिति र अन्य संस्थातर्फ १० निकायमा रु.१० करोड ८२ लाख १६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन पश्चात रु.६३ लाख ३३ हजार फस्यौंट भई रु.१० करोड १८ लाख ८३ हजार फस्यौंट गर्न बाँकी रहेको छ। सोमध्ये रु.३१ लाख पेस्की बेरुजु रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-१०** मा संलग्न छ।

# प्रदेश योजना आयोग

प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ अनुसार प्रदेश विकासका नीति तथा योजना तर्जुमा गर्ने, दुरगामी सोच सहितको विकासको अवधारणा तयार गर्ने, उद्देश्य तथा लक्ष्यहरू निर्धारण गर्ने र प्रदेशस्तरका महत्वपूर्ण नीति कार्यक्रम र आयोजनाहरूको अनुगमन एवं मूल्याङ्कन गरी प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने उद्देश्यले प्रदेश योजना आयोगको स्थापना भएको हो।

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष आयोगको रु.१ करोड ६६ लाख ८० हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| १६४६२ | ६ | ० | २१२ | १६६८० |

२. **बजेट खर्च –** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आयोगको यो वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| क्र. सं. | खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा/खर्च |
|---|---|---|---|---|
| | **चालु खर्च** | | | |
| १ | २११०० पारिश्रमिक/सुविधा | १०८८३ | ११०४८ | ७६९२ |
| २ | २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ६४ | ६४ | २६ |
| ३ | २२१०० सेवा महसुल | २४० | २४० | २१२ |
| ४ | २२२०० पुंजीगत सम्पत्तिको सञ्चालन | २५७० | २५७० | १८५५ |
| ५ | २२३०० कार्यालय सामान तथा सेवाहरू | १५२५ | १५२५ | ७१४ |
| ६ | २२४०० सेवा तथा परामर्श खर्च | २४८५ | २२४५ | १४४८ |
| ७ | २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | ८५०० | ८५०० | १७८४ |
| ८ | २२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | ११०० | ११०० | ६७९ |
| ९ | २२७०० विविध खर्च | ४५० | ४५० | ३८७ |
| १० | २८१०० सम्पत्ति सम्बन्धी खर्च | ६०० | ६७५ | ३१२ |
| | **जम्मा** | **२८४१७** | **२८४१७** | **१५११३** |
| | **पुंजीगत खर्च** | | | |
| १ | ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | १०८१० | ६९०० | १३४९ |
| | **कुल जम्मा** | **३९२२७** | **३५३१७** | **१६४६२** |

उल्लिखित विवरणअनुसार चालुतर्फ रु.५३.१८ प्रतिशत, पुँजीगततर्फ १९.५५ प्रतिशत र समग्रमा ४६.६१ प्रतिशत खर्च गरेको छ।

३. **वार्षिक नीति तथा कार्यक्रम -** वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमहरू बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्नेमा यो वर्षको नीति तथा कार्यक्रममा समावेश भएका देहायका कार्यक्रमहरूमा बजेट विनियोजन गरी कार्यान्वयन गरेको देखिएन।

| क सं | नीति तथा कार्यक्रम | बजेट विनियोजन |
|---|---|---|
| १ | प्रदेशको बहुआयमिक क्षेत्रका तथ्याङ्क सङ्कलन गरी अनुसन्धानमा आधारित नीति निर्माण र कार्यान्वयनमा जोड दिने, | नभएको |
| २ | सङ्घसँग समन्वय गरी प्रादेशिक तथ्याङ्क सङ्कलन र व्यवस्थापनका लागि योजना आयोगमा तथ्याङ्क इकाई स्थापना गर्ने, | नभएको |
| ३ | प्रदेशका गौरवका आयोजना तथा बहुवर्षीय कार्यक्रम कार्यान्वयनको प्रगति समिक्षा गर्दै उक्त कार्यक्रमको प्रतिफल एवं प्रभाव अध्ययन मूल्यांकन गर्ने, | नभएको |
| ४ | प्रदेश योजना आयोगको आयोजना बैङ्कको कार्यविधि बमोजिम नयाँ आयोजना/कार्यक्रम छनौट गर्ने व्यवस्था मिलाउने, | नभएको |
| ५ | दिगो विकास लक्ष्यको आन्तरिकीकरण तथा स्थानीयकरण तहगत समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने, | नभएको |

नीति तथा कार्यक्रम अनुसार बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **आवधिक योजना -** प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना (२०७६।७७-२०८०।८१ कार्यान्वयन भई सकेको छ। योजनाको २०८०।८१ को लक्ष्य र उपलब्धि निम्नानुसार देखिएको छः

| प्रादेशिक लक्ष्य एवं सूचक | एकाई | आधार वर्ष २०७५।७६ | २०८०।०८१ को लक्ष्य | २०८०।०८१ को प्रगति |
|---|---|---|---|---|
| आर्थिक वृद्धिदर | प्रतिशत | ७.४ | ९.५ | ३.०२ |
| प्रतिव्यक्ति आय | अमेरिकी डलर | ८०३ | १६०० | ११५९ |
| जन्मदाको औसत अपेक्षित आयु | वर्ष | ६९.३ | ७२ | ६९.५ |
| मानव विकास सूचकाङ्क | - | ०.५१० | ०.६३० | ०.५६३ |
| बेरोजगारी दर | प्रतिशत | ११.२ | ६ | ८.० |
| साक्षरता (१५ वर्ष माथि) | प्रतिशत | ५८ | ७२ | ७८.०८ |

उक्त प्रगति विवरणअनुसार २०८०।८१ मा लक्ष्यको तुलनामा आर्थिक वृद्धि दर, प्रति व्यक्ति आय, औसत आयु र मानव विकास सुचकाङ्कमा न्यून प्रगति भएको देखिन्छ।

५. **दिगो विकास लक्ष्य** - प्रदेश सरकारले कुल १७ वटा दिगो विकास लक्ष्यहरूका १६९ वटा परिमाणात्मक लक्ष्यहरू सन् २०३० सम्म पुरा गर्न लक्ष्यहरुको आन्तरिकिकरण गरी कार्यान्वयन गर्नुपर्नेमा आन्तरिकिकरण गरेको छैन। प्रदेशको यो वर्षको बजेट वक्तव्य अनुसार दिगो विकास लक्ष्यमा उल्लेख भएका संकेतहरू गरिबी अन्त्यमा ०.४१, शुन्य भोकमरीमा ८.३९, स्वस्थ जीवनमा ७.८१, गुणस्तरीय शिक्षामा ३.७३, लैङ्गिक समानतामा ०.२३, दिगो सफा पानी तथा सरसफाई सेवामा ४.६७, आधुनिक ऊर्जामा पहुँचमा ०.४३, समावेशी आर्थिक वृद्धि तथा मर्यादित काममा १.६२, उद्योग नवीन खोज र पूर्वाधारमा २१.९६, असमानता न्यूनीकरणमा २.४३, दिगो सहर र बस्तीहरूमा ७.९४, दिगो उपभोग तथा उत्पादनमा १.३१, जलवायु परिवर्तन अनुकुलनमा ३.०१, भूसतहको उपयोगमा १.२८, शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाजमा ५.५८ र दिगो विकासका लागि साझेदारीमा ०.५२ प्रतिशत गरी ७१.३४ प्रतिशत बजेट सांकेतिकरण गरेको र २८.६६ प्रतिशत बजेट लक्ष्यको सांकेतिकरण गरेको छैन। सांकेतिकरण अनुसारको प्रगति प्रतिवेदन तयार नगरेकोले खर्चको अवस्था विश्लेषण गर्न सकिएन। लक्ष्यहरूको आन्तरिकिकरण गर्दै विनियोजित बजेटलाई लक्ष्य अनुसार सांकेतिकरण गरी उपलब्धिको समीक्षा हुनुपर्दछ।

६. **कार्यसम्पादन -** लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८० को दफा ६ बमोजिम आयोगलाई रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने, लाभ लागत विश्लेषणको आधारमा आयोजना बैङ्क निर्माण गर्ने, अनुगमन र मूल्याङ्कन सम्बन्धी मापदण्ड, कार्यविधि वा ढाँचा बनाउने लगायतका काम तोकिएकोमा सो को कार्यान्वयन नभएको बेहोरा गतवर्ष उल्लेख गरिएकोमा यो वर्ष पनि सुधार भएको छैन। तोकिए बमोजिमका कार्यहरू क्रमिक रूपले सम्पादन गर्नुपर्दछ।

७. **बजेट कार्यान्वयन -** प्रदेश सरकारको बजेट वक्तव्य २०८०।८१ अनुसार प्रदेश योजना आयोगबाट सञ्चालन गर्नुपर्ने कार्यक्रममध्ये प्रदेश योजना आयोगको संस्थागत क्षमता विकास गर्ने, श्रोत व्यवस्थापनमा देखिएका समस्या सम्बोधन गरी बजेट अनुशासन कायम गर्ने, श्रोत सहमति माग र स्वीकृत गर्ने, विद्यमान प्रणालीमा सुधार गर्ने लगायतका विषय कार्यान्वयन भएका छैनन्। स्वीकृत कार्यक्रम बमोजिम कार्य सम्पादन गर्नुपर्दछ।

८. **प्रदेश विकास समस्या समाधान समिति -** प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ को परिच्छेद-२ को बुँदा नं. २.२ मा प्रदेश विकास समस्या समाधान समितिको बैठक प्रत्येक चौमासिकमा १ पटक र वर्षमा कम्तिमा ३ पटक बस्नुपर्ने व्यवस्था छ। यो आर्थिक वर्षमा समितिको बैठक १ पटक बसेको छ। मन्त्रालय र केन्द्रीय निकाय समेत १४ निकायको लागि प्रदेश विकास समस्या समाधान समितिबाट दिएका खानेपानी क्षेत्रमा ८० प्रतिशत भन्दा बढी प्रगति भएका योजना सम्पन्न हुने गरी कार्यक्रम अघि बढाउने, टुक्रे योजना निरुत्साहित र निषेध गर्ने, बजेट कार्यान्वयनको सुनिश्चतता गरेर मात्र नयाँ योजना कार्यक्रम प्रस्ताव गर्ने र वन अतिक्रमण पूर्णरुपमा निरुत्साहित गर्ने लगायतका निर्देशनहरूको कार्यान्वयनको भएको छैन। समितिबाट भएका निर्देशनहरूको कार्यान्वयन स्थितिको समीक्षा गर्नुपर्दछ।

९. **आयोजना बैङ्क -** प्रदेशको प्रथम आवधिक योजनामा आयोजना बैङ्क स्थापना गरी त्यसको आधारमा आयोजना छनोट गर्ने व्यवस्था भए पनि हालसम्म आयोजना बैङ्क स्थापना गरेको छैन। आयोजना बैङ्क स्थापना गरी योजना छनौट प्रक्रिया लाई व्यवस्थित गर्नुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा जिम्मेवारी कार्यान्वय, दिगो विकासका लक्ष्य आन्तरीकरण नगरेको, आयोजना बैङ्कमा रहेका योजनाहरू कार्यान्वयनमा नआएको लगायतका बेहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

# प्रदेश लोक सेवा आयोग

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, अन्य सरकारी सेवा, प्रदेश संगठित संस्था, प्रदेश सरकार र स्थानीय तहका पदमा उपयुक्त उम्मेदवारको छनोट तथा सिफारिस गर्ने उद्देश्यले नेपालको संविधानको धारा २२४ अनुसार प्रदेश लोकसेवा आयोग स्थापना भएको हो।

१. **लेखापरीक्षण अङ्क -** आयोगको निम्नानुसार रु.१३ करोड ५२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| ६९२६९ | ६०२२९ | ५५४ | - | १३००५२ |

२. **बजेट खर्च —** वित्तीय महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आयोगको यो वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| क्र.सं. | खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा/खर्च |
|---|---|---|---|---|
| | **चालु खर्च** | | | |
| १ | २११०० पारिश्रमिक/सुविधा | २२७९२ | २२७९२ | १८६८३ |
| २ | २१२०० कर्मचारीको सामाजिक सुरक्षा | १०६ | १०६ | ९२ |
| ३ | २२१०० सेवा महसुल | १०१५ | १०१५ | ७५७ |
| ४ | २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | ३८६० | ३८६० | २७५४ |
| ५ | २२३०० कार्यालय सामान तथा सेवाहरू | १६०० | १६०० | ९९१ |
| ६ | २२४०० सेवा तथा परामर्श खर्च | ४२१० | ४२१० | ३५२५ |
| ७ | २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | ४४०० | ४४०० | १४५३ |
| ८ | २२६०० अनुगमन,मूल्यांकन र भ्रमण खर्च | २३०० | २३०० | ९३३ |
| ९ | २२७०० विविध खर्च | ४७७१६ | ४७७१६ | ३२६३३ |
| १० | २८१०० सम्पत्ति सम्बन्धी खर्च | १२३२ | १२३२ | ७२० |
| | **जम्मा** | **८९२३१** | **८९२३१** | **६२५४४** |
| | **पुँजीगत खर्च** | | | |
| १ | ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | १०७६९ | १०७६९ | ६७२५ |
| | **कुल जम्मा** | **१०००००** | **१०००००** | **६९२६९** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ७०.०९, पुँजीगततर्फ ६२.४३ र समग्रमा ६९.२६ प्रतिशत खर्च गरेको छ।

३. **नीति तथा कार्यक्रम -** प्रदेशको २०८०।८१ नीति तथा कार्यक्रममा जनशक्ति भर्ना छनोट कार्यलाई प्रभावकारी र विश्वसनीय बनाउन प्रदेश लोकसेवा आयोगको पूर्वाधार र क्षमता अभिवृद्धि गर्ने, राष्ट्रिय किताबखाना (निजामती) सँग समन्वय गरी प्रदेशका कर्मचारीको अभिलेख विद्युतीय प्रणालीमार्फत व्यवस्थित गर्ने उल्लेख रहेकोमा कार्यान्वयन भएको पाईएन। उक्त व्यवस्थाको कार्यन्वयन हुनुपर्दछ।

४. **कार्यसम्पादन -** वार्षिक बजेटमा प्रदेश निजामती सेवा र स्थानीय सेवामा रिक्त पदको पदपूर्ति प्रदेश लोकसेवा आयोगले गर्ने उल्लेख छ। प्रदेश लोकसेवा आयोगले यसवर्ष प्रदेश र स्थानीय सेवाको १२ वटा पाठ्यक्रम निर्माण गरेको छ। अप्राविधिक र प्राविधिक गरी जम्मा ३३ विज्ञापनबाट ५५५ पदका लागि दरखास्त आह्वान गरेकोमा १ लाख ११ हजार ६८२ दरखास्त स्वीकृत भई ८५ हजार ९९२ उम्मेदवारको लिखित परीक्षा सञ्चालन गरेको छ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, प्रदेश सेवाका पदहरू पूर्ति नगरेको लगायतका बेहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष आयोगको लेखापरीक्षणबाट रु. २ लाख ८४ हजार बेरुजु देखिएकोमा फस्र्यौट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

# मुख्य न्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १६० बमोजिम प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार र संवैधानीक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो।

१. **लेखापरीक्षण अङ्क** - यो वर्ष कार्यालयको रु.९७ लाख ३६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| ९७३४ | २ | ० | ० | ९७३६ |

२. **बजेट व्यवस्था –** विनियोजन ऐन २०८० अनुसार कार्यालयको चालु तर्फ रु.१ करोड ३८ लाख विनियोजन भएकोमा रु.९५ लाख ३ हजार तथा पुँजीगत रु.१३ लाख बजेट विनियोजन भएकोमा रु.२ लाख ३० हजार खर्च गरेको छ। खर्चमध्ये पुँजीगततर्फ १७.७० प्रतिशत खर्च गरेको छ ।

३. **मुद्दाको सख्या -** गत आर्थिक वर्षबाट जिम्मेवारी सरी आएका ९९ र यस वर्ष थप भएका ६४ गरी कुल १६३ मुद्दा मध्ये ६७ फस्योँट भई ९६ मुद्दा फस्योँट हुन बाँकी रहेका छन्। बाँकी मुद्दा मध्ये सर्वोच्च अदालतमा ८४, उच्च अदालत तुलसीपुरमा ३, उच्च अदालत तुलसीपुर बुटवल इजलासमा ४, उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलासमा ४ र रूपन्देही जिल्ला अदालतमा १ मुद्दा बाँकी रहेका छन्।

खण्ड

# २

## स्थानीय तह

# स्थानीय तह

नेपालको संविधानको अनुसूची-८ मा व्यवस्था भएका स्थानीय तहका एकल अधिकार एवं अनुसूची-९ मा भएका साझा अधिकारले परिलक्षित गरेका कार्यसम्पादन गर्न स्थानीय तहहरूबाट कानुन निर्माण, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन एवं परिचालन गरी स्थानीय तहमा सेवा प्रवाह भइरहेको छ। जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थानीय तहको गठन भई संविधानबमोजिम कानुन निर्माण गर्ने, स्थानीय बासिन्दाको आवश्यकता, माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान, व्यवस्थापन र स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितात्मक तवरले विकास निर्माण सञ्चालन गर्ने र स्वामित्वबोध गराउने, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा वन व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, स्थानीय सेवा प्रवाह, सार्वजनिक जग्गा संरक्षण, स्थानीय विवाद समाधान गर्ने, आफूले गरेका काम कारबाहीको तथ्याङ्क तथा अभिलेख राख्ने लगायतका कार्यहरू स्थानीय तहबाट सम्पादन भइरहेका छन्।

१. **संवैधानिक र कानूनी व्यवस्था** - नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानुनको अधीनमा रही गाउँ/नगर कार्यपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापिकीय अधिकार गाउँ सभा र नगर सभामा रहने व्यवस्था छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुने उल्लेख छ।

२. **काम, कर्तव्य र अधिकार** - संविधानको अनुसूची-८ मा उल्लेख भए अनुसार स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत स्थानीय कर, दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक, अशक्तहरूको व्यवस्थापन, नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन लगायतका विषय रहेका छन्। सोबाहेक स्थानीय तहले संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख छ। संघ वा प्रदेशले संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय स्थानीय तहलाई कानुन बनाई निक्षेपण गर्नसक्ने समेत व्यवस्था छ।

३. **स्थानीय तहको संरचना** - कुल ७५३ स्थानीय तहमध्ये लुम्बिनी प्रदेशमा १०९ स्थानीय तह रहेका छन्। गाउँपालिकामा ५ देखि २१ तथा नगरपालिका, उप-महानगरपालिका र महानगरपालिकामा ९ देखि ३५ वडा रहने गरी स्थानीय तह गठन हुने व्यवस्था छ। स्थानीय तहको संख्या, सिमाना, जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनोटको आधारमा ४ उप-महानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका रहेका छन्।

४. **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। स्थानीय तह सञ्चालनको लागि सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ५२ नमूना कानुन उपलब्ध गराएको देखिन्छ। स्रोत सङ्कलन, विकास निर्माण तथा सेवा प्रवाहको लागि आवश्यक पर्ने सबै कानुन स्थानीय तहले बनाएका छैनन्। आवश्यकता अनुसारका कानुन बनाई स्थानीय तहको कार्यसम्पादन र सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउनुपर्दछ। कार्यसम्पादन र

नतिजा प्राप्तिका लागि आवश्यक कानुन निर्माणमा स्थानीय तह थप सक्रिय हुनुपर्ने बेहोरा गत वर्षसमेत औँल्याइएको थियो।

५. **आर्थिक कार्यप्रणाली** - नेपालको संविधानको धारा ५९(७) मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघिय कानुन बमोजिम हुने उल्लेख रहेको हुँदा आर्थिक कार्यप्रणाली सम्बन्धी कानुन तर्जुमा गर्दा यस व्यवस्थासमेतको आधारमा गर्नुपर्दछ। स्थानीय तहको आर्थिक कार्यविधिलाई व्यवस्थित गर्न अधिकांश स्थानीय तहहरूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुकुल हुने गरी आर्थिक कार्यविधिसम्बन्धी कानुन बनाएका छैनन्। आर्थिक कारोवार सञ्चालन गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाअनुसार गरेको देखियो। वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुनेगरी आर्थिक कारोबार सञ्चालन गर्न तत्सम्बन्धी कानुन बनाई लागू गर्नुपर्दछ।

६. **वित्तीय हस्तान्तरण -** महालेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष संघीय सञ्चित कोष तथा प्रदेश सञ्चितकोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छ।

(रु.हजारमा)

| अनुदानको किसिम | स्वीकृत बजेट रु | | | यथार्थ हस्तान्तरण रु | | |
|---|---|---|---|---|---|---|
| | सङ्घ | प्रदेश | जम्मा | सङ्घ | प्रदेश | जम्मा |
| समानीकरण | १३६६०४०० | १०००००० | १४६६०४०० | १२७०३९३८ | ७५०००० | १३४५३९३८ |
| सशर्त | २९९४२४४२ | १४७८५०० | ३१४२०९४२ | २६५२०१६५ | १२१७७८२ | २७७३७९४६ |
| विशेष | ११९३५०० | १९४००० | १३८७५०० | ८३१४८३ | १५५०३१ | ९८६५१३ |
| समपुरक | ८८४७०० | १२८०००० | २१६४७०० | ६८३९९३ | ९५७२५१ | १६४१२४४ |
| **जम्मा** | **४५६८१०४२** | **३९५२५००** | **४९६३३५४२** | **४०७३९५७९** | **३०८००६४** | **४३८१९६४१** |

स्थानीय तहका लागि स्वीकृत वित्तीय हस्तान्तरणमध्ये नेपाल सरकारबाट ८९.१८ प्रतिशत तथा प्रदेश सरकारबाट ७७.९२ प्रतिशत हस्तान्तरण भएको छ।

७. **समग्र आय व्यय** - यो वर्ष लेखापरीक्षण भएका १०९ स्थानीय तहको देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.११ अर्ब ९ करोड ६८ लाख र यो वर्षको आय रु.८४ अर्ब ५८ करोड ९१ लाख मध्ये रु.८५ अर्ब ८१ करोड ४७ लाख खर्च भएको छ। कुल खर्चमध्ये चालु खर्च रु.४५ अर्ब ६४ करोड ९७ लाख र पुंजीगत खर्च रु.२० अर्ब ४४ करोड ९५ लाख र वित्तीय तथा अन्य खर्च रु.१९ अर्ब ७१ करोड ५५ लाख गरी रु.९ अर्ब ८७ करोड १२ लाख आगामी वर्षको लागि जिम्मेवारी सरेको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा कुल आय र खर्च दुवै घटेको छ। स्थानीय शासनको हिंसाबले यसमा सुधार हुनुपर्दछ।

(रु.लाखमा)

| क सं | विवरण | संख्या | सुरूमौज्दात | संघीयबाट अनुदान | प्रदेशबाट अनुदान | राजस्व बांडफांट | आन्तरिक आय | अन्य आय | कुल आय | चालु खर्च | पुँजीगत खर्च | वित्तीय खर्च | कुल खर्च | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | उप महानगरपालिका | ४ | १२७८० | ३३३३० | २३९८ | १३८४० | ११३७१ | २४९११ | ८५८५० | ४२०९१ | २१५१९ | २४९२१ | ८८५३१ | १००९९ |
| २ | नगरपालिका | ३२ | ५०८६६ | १५७६७५ | १११९७ | ४९७२५ | १७२३६ | ८२३५४ | ३१८१८७ | १६५६४२ | ८००६४ | ७६७०० | ३२२४०६ | ४६६४७ |
| ३ | गाउँपालिका | ७३ | ४७३२२ | २५२४७० | १७७६८ | ६७८९२ | १२०८१ | ९१६४३ | ४४१८५४ | २४८७६४ | १०२९१२ | ९५५३४ | ४४७२१० | ४१९६६ |
| | जम्मा | १०९ | ११०९६८ | ४४३४७५ | ३१३६३ | १३१४५७ | ४०६८८ | १९८९०८ | ८४५८९१ | ४५६४९७ | २०४४९५ | १९७१५५ | ८५८१४७ | ९८७१२ |

उपर्युक्त संघीय र प्रदेश अनुदान रकममा अन्तर सरकारी अख्तियारीको रकमसमेत समावेश छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-१४** मा समावेश छ।

८. **आन्तरिक स्रोत**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि ६३ सम्म स्थानीय तहले लगाउन सक्ने कर तथा शुल्क सम्बन्धी व्यवस्था रहेको छ। यो वर्ष लेखापरीक्षण भएका १०९ स्थानीय तहको २०८०।८१ को कुल आन्तरिक आय रु.४ अर्ब ६ करोड ८८ लाख रहेको छ। स्थानीय तहको आन्तरिक आयले चालु खर्चसमेत धान्न नसकेको अवस्था छ। स्थानीय तहको राजश्व क्षमता बढाई आन्तरिक आयमा बृद्धि गर्नुपर्दछ।

९. **खर्च व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा बजेट पेस र पारित तथा दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि उल्लेख छ। लुम्बिनी प्रदेशमा रहेका १०९ स्थानीय तहको कुल खर्चमध्ये चालु खर्च रु.४५ अर्ब ६४ करोड ९७ लाख (५३.१९ प्रतिशत), पुँजीगत खर्च रु.२० अर्ब ४४ करोड ९५ लाख (२३.८२ प्रतिशत) र वित्तीय तथा अन्य खर्च रु.१९ अर्ब ७१ करोड ५५ लाख (२२.९७ प्रतिशत) खर्च भएको छ। यस स्थितिले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१(४) बमोजिम स्थानीय तहले आफूले उठाएको आन्तरिक राजश्व र राजश्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व तथा व्ययको अनुमान पेस गर्नु पर्ने प्रावधानको पालना हुन सकेको छैन।

१०. **प्रदेश र स्थानीय तहबीचको सम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। प्रदेशले प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गरे पनि प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराई आफ्नो कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ।

११. **लेखापरीक्षणमा बेरुजु अङ्क** - यो वर्ष लेखापरीक्षण सम्पन्न भएका १०९ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी उपलब्ध गराइएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा सैद्धान्तिक दफा ६ हजार ५६४ र लगती दफा ८ हजार १८९ बाट रु.३ अर्ब ३६ करोड ३९ लाख ४३ हजार बेरुजु औंल्याइएकोमा प्राप्त प्रतिकृयाबाट रु.३३ करोड ४७ लाख ६७ हजार बेरुजु फस्यौंट तथा प्रतिक्रियाबाट रु.७४ लाख ३३ हजार थप भई रु.३ अर्ब ३ करोड ६६ लाख ९ हजार बेरुजु बाँकी रहेको छ। बाँकी रहेको बेरुजुको वर्गीकरण स्थिति निम्नानुसार छ।

(रु.हजारमा)

| वर्गीकरण | बेरुजु अङ्क रु | कुल बेरुजूको प्रतिशत |
|---|---|---|
| **१. असुल गर्नुपर्ने** | **३९७७२५** | **१३.१०** |
| **२. नियमित गर्नुपर्ने** | **२४७४६५४** | **८१.४९** |
| २.१ अनियमित भएको | १८५२०३१ | ६०.९९ |
| २.२ प्रमाण कागज पेस नभएको | ६१९४४८ | २०.४० |
| २.३ शोधभर्ना नलिएको | ३१७५ | ०.१० |
| **३. पेस्की** | **१६४२३०** | **५.४१** |
| **जम्मा बेरुजू** | **३०३६६०९** | **१००.००** |

*उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।*

लेखापरीक्षण भएका स्थानीय तहको किसिम अनुसार लेखापरीक्षण अङ्कमा बेरुजु र बेरुजु स्थिती निम्न रहेको छ :

(रु.हजारमा)

| क. सं. | स्थानीय तह | स्थानीय तह संख्या | लेखापरीक्षण रकम | पेस्कीसमेत बेरुजू | बेरुजूमध्ये पेस्की रकम | लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत | पेस्की बाहेक बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | उप-महानगरपालिका | ४ | १७४३८०६० | ३२१२८४ | ६०५४ | १.८४ | ०.०३ |
| २ | नगरपालिका | ३२ | ६४०५९३६७ | १०२२७६५ | ४६७६७ | १.६० | ०.०७ |
| ३ | गाउँपालिका | ७३ | ८८९०६४४८ | १६९२५६० | १११४०६ | १.९० | ०.१३ |
| **जम्मा** | | **१०९** | **१७०४०३८७५** | **३०३६६०९** | **१६४२२७** | **१.७८** | **०.१०** |

१२. **लेखापरीक्षणबाट देखिएका समग्र बेहोरा** - नेपालको संविधान तथा लेखापरीक्षण ऐन, २०७५ बमोजिम यस प्रदेशका स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षणबाट देखिएका मुख्य बेहोरा देहाय अनुसार छन् :

- **कानुन निर्माण तथा परिपालना**- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेका नमूना कानुन अनुसार केही स्थानीय तहमा कानुन निर्माण गर्न बाँकी रहेको, मौजुदा कानुनमा एकरुपता नरहेको, कानुनको परिपालना नभएको लगायत बेहोरा देखिएका छन्।

- **वित्तीय विवरण तथा लेखापरीक्षण**- तोकिएको ढाँचामा सबै आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार नगरेको, एकीकृत वित्तीय विवरण तयार नगरेको, स्वीकृत लेखा फारमहरु आंशिक रुपमा प्रयोगमा ल्याएको, गत वर्षको वित्तीय विवरणले देखाएको मौज्दातभन्दा फरक हुनेगरी यस वर्ष जिम्मेवारी सारेको, वर्षान्तको मौज्दात फरक परेकोमा बैङ्क हिसाब विवरण तयार नगरेको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन नभएको, सबै आर्थिक कारोबारहरु स्थानीय सञ्चित कोष प्रणाली (सुत्र) बाट नगरेको, आन्तरिक लेखापरीक्षण नगराएको, अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजु फस्यौंट गरी समयमा सम्परीक्षण नगराएको स्थिति देखिएको छ।

- **सङ्गठन संरचना तथा मानव संशाधन** – कार्यबोझ र कार्य विवरणको आधारमा दरबन्दी स्वीकृति र पदपूर्ति नगरेको, दक्ष र तालिमप्राप्त जनशक्ति व्यवस्थापन नहुँदा विषयगत शाखाबाट सम्पादन हुने कार्य प्रभावकारी हुन नसकेको, अस्थायी दरबन्दी सिर्जना गरी करारमा नियुक्ति गरेको, कार्यसम्पादन सूचक बेगर अतिरिक्त तथा थप प्रोत्साहन भत्ता खर्च लेखेको, एकमुष्टरुपमा कर्मचारी कल्याण कोषमा रकम ट्रान्फर गरेको, पदाधिकारी तथा कर्मचारीलाई कानुनमा व्यवस्था नभएका बिभिन्न सुविधा प्रदान गरेको लगायतका बेहोरा देखिएका छन्।

- **योजना तर्जुमा बजेट तथा कार्यक्रम**- केही स्थानीय तहमा तोकिएको समयमा बजेट पेस नभएको, बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि स्वीकृत नगरेको, योजना तथा कार्यक्रममा न्यून प्रगति भएको, राजश्व तथा व्ययको अनुमान यथार्थपरक नभएको, बजेट अवण्डामा राखी पटके निर्णयबाट बाँडफाँट गरी खर्च गरेको, सीमाभन्दा बढी रकमान्तर गरेको र विभिन्न कोषमा रहेको रकम प्रयोजन समाप्त भएपछि सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको स्थिति देखिएको छ।

- **आन्तरिक आय**- लक्ष्य अनुसार सम्पत्ति कर, बहाल कर लगायतका राजश्व असुली नभएको, विभिन्न व्यक्ति वा संस्थाबाट उठ्न बाँकी रकम असुल नगरेको, असुल भएको राजश्व तोकिएको अवधिभित्र सञ्चित कोष दाखिला नगरेको, प्रतिस्पर्धात्मक विधिबाट समयमा नै आय ठेक्का नगरेको एवम् सम्झौता अनुसारको रकम असुल नगरेको लगायत बेहोरा देखिएका छन्।

- **खरिद व्यवस्थापन** - आवश्यकता पहिचान नगरी विस्तृत आयोजना प्रतिवेदन तयार गरेको एवम् पेस भएका प्रतिवेदनहरु स्वीकृत गरी कार्यान्वयन नगरेको, निर्माणस्थलको व्यवस्था नगरी खरिद सम्झौता गरेको, प्रतिस्पर्धात्मक खरिद विधि प्रयोग नगरी सोझै खरिद गरेको, खरिद कार्य समयमा सम्पन्न नगरेको, तोकिएको सीमाभन्दा बढी लागत अनुमान भएका कार्य उपभोक्ता समितिबाट गराएको, उपभोक्ता समितिले सम्झौता अनुसारको योगदान नगरेको, मालसामान खरिदमा ओभरहेड भुक्तानी गरेको, भेरिएसन स्वीकृत नगराई खरिद सम्झौतामा उल्लेख भएको भन्दा बढी परिमाणमा भुक्तानी गरेको, सुत्र एवम् सूचकाङ्क फरक पारी बढी मूल्य समायोजन भुक्तानी गरेको, निर्माण ठेक्काहरूमा पटकपटक म्याद थप गरेको, ठेक्काको काममा ढिलाइ भएकोमा पेस्की जमानी प्राप्त नगरेको, पूर्वनिर्धारित क्षतिपूर्ति असुल नगरेको, निर्माण सामग्रीको गुणस्तर परीक्षण नगरेको, निर्मित संरचनाहरू प्रयोग नगरेको, नगरेको कामको भुक्तानी दिएको लगायतका बेहोरा देखिएका छन्।

- **खर्च व्यवस्थापन** – आन्तरिक आयको विश्लेषण नगरी सुविधा एवं भत्ता वितरण र बजेट खर्च गर्दा प्रचलित कानुनी व्यवस्थाको पूर्ण अनुसरण हुन नसकेको, पेस्की रकम म्याद भित्र फर्स्यौट नगरेको, विद्यालयका शिक्षकहरुको पारिश्रमिक तथा अन्य रकमहरु बढी निकासा गरेको, निश्चित मापदण्ड बेगर आर्थिक सहायता वितरण गरेको, वितरणमुखी तथा अनुत्पादक खर्च गरेको, अनुदान वितरणको मापदण्ड नबनाएको, वितरित अनुदानबाट प्राप्त नतिजाको अनुगमन नगरेको, कार्यालय सञ्चालन तथा विविध खर्चमा मितव्ययिता हुन नसकेको, खर्च नभई बाँकी रहेको अनुदान रकम सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको लगायत बेहोरा देखिएका छन्।

- **अभिलेख तथा अनुगमन**- स्थानीय तहले सार्वजनिक सम्पत्तिको अभिलेख नराखेको, पालिकामा प्रयोग भएका सफ्टवेयरको प्राप्ति, प्रयोग र क्षमताको अभिलेख नराखेको, फर्स्यौट हुन बाँकी पेस्की र बेरुजुको अभिलेख नराखेको अवस्था छ। लक्षितवर्गमा दिने अनुदान सो समूहमा पुगे नपुगेको अनुगमन नगरेको, सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि एवम् गुणस्तरको अनुगमन नगरेको, पालिकाभित्र उत्पादन भएका फोहोरको वातावरणमैत्री व्यवस्थापन गर्न नसकेको, आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नरहेको, कार्यक्षेत्रभित्रका सहकारी संस्थाको कार्यसम्पादनको न्यून अनुगमन गरेको लगायतका अवस्था देखिएका छन्।

स्थानीय तहले स्रोत र साधनको प्राप्ति र परिचालन, विकास निर्माण, सेवा प्रवाह तथा जिम्मेवारी एवं जवाफदेहिताको पालना सम्बन्धमा देखिएका बेहोराहरु सम्बन्धित स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको छ।

१३. **बेरुजु फर्स्यौट तथा सम्परीक्षण** - लुम्बिनी प्रदेशका १०९ स्थानीय तहको गत वर्षसम्मको कुल बेरुजू रु.२४ अर्ब १९ करोड ३८ लाख रहेकोमा यो वर्ष समायोजन तथा सम्परीक्षणबाट रु.१ अर्ब ९४ करोड १८ लाख फर्स्यौट र सम्परीक्षणवाट रु.६ करोड ३३ लाख थप भई रु.२२ अर्ब ३१ करोड ५३ लाख

बाँकी रहेकोमा यस वर्षको लेखापरीक्षणबाट थप भएको रु.३ अर्ब ३ करोड ६६ लाख समेत रु.२५ अर्ब ३५ करोड १९ लाख बेरुजु बाँकी रहेको छ।

१३.१. लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा प्रत्येक गाउँपालिका र नगरपालिकाले महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने, महालेखापरीक्षकले जारी गरेको प्रतिवेदन स्थानीय तहको गाउसभा वा नगर सभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। अधिकांश स्थानीय तहहरूले यस सम्बन्धी कानुन निर्माण गर्न बाँकी रहेकोले प्रतिवेदन छलफल र बेरुजु असुल फस्यौंट एवं नियमित गर्ने कार्यविधिको सम्बन्धमा अस्पष्टता रहेको छ। कतिपय स्थानीय तहमा लेखा समिति गठन गर्दा कार्यकारीणी सदस्यको संयोजक्त्वमा हुने गरेकोमा सो नगरी सभाका सदस्यहरु रहने गरी लेखासमिति गठन गरिनु उपयुक्त हुन्छ।

१३.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति लगायतका समिति गठन गर्न सक्ने उल्लेख छ।स्थानीय तहले लेखा समितिको गठन, कार्यक्षेत्र, बेरुजू फस्यौंटको विधि र प्रक्रियासमेत खुलाई स्पष्ट कानूनी व्यवस्था गरी बेरुजु फस्यौंटमा तदारूकता ल्याउनुपर्दछ।

परिच्छेद

४

# लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

## परिच्छेद - ४

# लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फस्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनुपर्ने व्यवस्थाअनुसार बेरुजुको कारबाहीको विवरण प्राप्त भएको छ।

१. **प्रतिवेदनको कार्यान्वयन** - लेखापरीक्षण ऐन, २०७५ को दफा १९(५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेस गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस गर्ने व्यवस्था छ। गत वर्षसम्म प्रदेशका ६ प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेस गरेको भए तापनि प्रदेश सभाको सार्वजनिक लेखा समितिमा पहिलो र दोस्रो प्रतिवेदन उपर दफाबार छलफल भएपनि बाँकी ४ प्रतिवेदन उपर छलफल भएको देखिएन। महालेखापरीक्षकको वार्षिक प्रतिवेदन सार्वजनिक लेखा समितिमा यथासक्य छिटो छलफल गराई टुंग्याउनुपर्दछ।

२. **बेरुजु फस्यौंट** - यो वर्ष प्रदेशको सरकारी कारोबारतर्फ १९० कार्यालयको लेखापरीक्षण भएकोमा १६८ कार्यालयको सैद्धान्तिक दफा १ हजार ८६८ र लगती दफा १ हजार १६८ बाट रु.५९ करोड ७५ लाख २१ हजार बेरुजु देखिएकोमा २४ कार्यालयको प्रमाण तथा प्रतिक्रियाबाट सैद्धान्तिक दफा २ र लगती दफा ११५ को रु.४ करोड ६१ लाख ५९ हजार फस्यौंट भई रु.५५ करोड १३ लाख ६२ हजार बाँकी रहेको छ। समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका २१ निकायको सैद्धान्तिक दफा २७८ र लगती दफा १७४ बाट रु.११ करोड ३४ लाख ५६ हजार बेरुजु देखिएकोमा ७ निकायको सैद्धान्तिक दफा ४ र लगती दफा ५० को रु.१ करोड ४ लाख ७६ हजार बेरुजु प्रतिक्रियाबाट फस्यौंट तथा प्रतिक्रियाबाट थप रु.३८ लाख ७४ हजारसमेत रु.१० करोड ६८ लाख ५४ हजार बाँकी रहेको छ। कानुनबमोजिम बेरुजु असुल फस्यौंट गर्नुपर्दछ।

३. **सम्परीक्षण** - गत वर्ष प्रदेशको सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फको रु.४ अर्ब २ करोड ९ लाख ६९ हजार बेरुजु रहेकोमा रु.१० करोड ५६ लाख २९ हजार सम्परीक्षण तथा रु.१५ लाख ८१ हजार बेरुजु थप भई रु.३ अर्ब ९१ करोड ६९ लाख २१ हजार बेरुजु बाँकी रहेको छ। सोमा यो वर्ष रु.६५ करोड ८२ लाख १६ हजार थप भई रु.४ अर्ब ५७ करोड ५१ लाख ३७ हजार बाँकी रहेको छ।

४. **बेरुजु न्यूनीकरण** - प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ। प्रदेश कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिदलगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारीवहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ। एक पटक बेरुजु रहेका खर्चसमेत सम्परीक्षण नभई पुनः उही प्रकृतिका बेरुजु हुने गरी आर्थिक क्रियाकलाप हुने गरेकोमा सोको नियन्त्रण गरिनुपर्दछ।

परिच्छेद

# ५

# भविष्यमा गर्नुपर्ने सुधार

# परिच्छेद - ५

# भविष्यमा गर्नुपर्ने सुधार

दिगो विकासका लागी स्रोत साधनको प्राप्ति र प्रभावकारी परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हाँसिल गर्न प्रयत्नशील रहनुपर्दछ। प्रदेशले यसका लागि आवश्यक नीति तथा कानुन तर्जुमा गरी उपयुक्त संगठनात्मक संरचना, कर्मचारी व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक क्रियाकलाप सञ्चालन तथा परिचालनलगायतका कार्यहरू गर्नुपर्दछ। प्रदेश सरकारको कार्य सञ्चालनमा आर्थिक र वित्तीय अनुशासन कायम गर्न देहायका पक्षहरूमा सुधार गर्नुपर्ने देखिएको छः

## शासकीय प्रबन्ध

१. प्रदेशले नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका एकल तथा साझा अधिकार सूची अनुसारका आवश्यक सबै कानुन सम्बद्ध पक्षसँगको समन्वयमा तर्जुमा गरी कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ।

२. प्रत्यायोजित अधिकारअन्तर्गत कानुन निर्माण गर्दा सोमा समेटिएका विषय प्रत्यायोजित अधिकार क्षेत्रभित्र रहेको सुनिश्चितता हुनुपर्दछ। यस्ता कानुन बनाउने अधिकारको स्रोत सो कानुनमा उल्लेख गरेको हुनुपर्दछ।

३. नेपालको संविधानको धारा ५९ को उपधारा ७ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासनसम्बन्धी व्यवस्था संघीय कानुनबमोजिम हुने उल्लेख भएकोमा प्रदेश र स्थानीय तहले यससम्बन्धी कानुन निर्माण गर्दा सङ्घीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।

४. कर्मचारी एवं पदाधिकारीलाई प्रचलित कानुनको प्रभावकारी पालना गर्न लगाई आर्थिक अनुशासन, वित्तीय जवाफदेहिता र पारदर्शिता कायम गर्नुपर्दछ।

५. मन्त्रालयहरूको संख्या पटकपटक फेरबदल नगरी उपयुक्त र आवश्यक संख्यामा कायम राख्नुपर्दछ।

६. प्रदेशका केही मन्त्रालयहरूले मातहतका कार्यालयहरूबाट गराउनु पर्ने कार्यहरू मन्त्रालयमा एकमुष्ट बजेट राखी आफैं गराउने गरेको देखिएकोले मन्त्रालयहरू कार्य सञ्चालन स्तरका काममा संलग्न नभई नियमन, समन्वय, अनुगमन जस्ता कार्यमा केन्द्रित रहनुपर्दछ।

७. प्रदेश र स्थानीय तहबीच संरचना र काममा हुने दोहोरोपनालाई अन्त्य गर्दै सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

८. सरकारी पेस्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेस्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।

९. सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

१०. निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलब सुविधा बेहोरिने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।

११. राजस्वबाट चालु खर्च धान्न कठिनाइ भइरहेको सन्दर्भमा उपयुक्त कार्य विवरण बेगरको पद र कार्यक्षेत्र दोहोरो पर्ने गरी स्थापना भएका निकायहरूको आवश्यकता सम्बन्धमा पुनरावलोकन गरिनुपर्दछ।

१२. संविधान र प्रचलित कानुनबमोजिम प्रतिबद्धता जनाइएका अनुदान (समानीकरण) बजेटमा उल्लेख भएबमोजिम निकासा नहुँदा बजेट अभाव भई प्रदेश र स्थानीय तहमा कतिपय खर्चहरू आगामी आर्थिक वर्षमा भुक्तानी गरेको देखिएकोले त्यस्तो अनुदान कटौती नहुने सुनिश्चितता हुनुपर्दछ।

## सार्वजनिक वित्त व्यवस्थापन

१३. क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था र जनसहभागिता लगायतका पक्षमा ध्यान दिई कार्यान्वयन योग्य कार्यक्रम बजेटमा समावेश गर्नुपर्दछ।

१४. पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षमा भुक्तानी सार्ने गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१५. प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गरिने सबै कार्यक्रम र योजना वार्षिक बजेट तथा कार्यक्रममा समावेश नगरी बजेट स्वीकृतिपश्चात् नयाँ कार्यक्रम थप गरी प्रदेश तथा स्थानीय तहमा ससर्त अनुदान हस्तान्तरण गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१६. पूर्वानुमान गर्न सकिने प्रयोजनका लागि समेत अर्थ विविध वा अवण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने कार्यबाट विकास निर्माण कार्यको गुणस्तरमा समेत कमी आउने भएकोले यस्तो प्रवृत्तिमा सुधार गर्नुपर्दछ।

१७. संघ/प्रदेश/स्थानीय तहबिच अनुदान निकासाको सम्बन्धमा अनुदान प्राप्त गर्ने तहमा वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् मात्र फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।

१८. एउटै कामको लागि विभिन्न निकायबाट अनुदान वितरण नगर्ने, लाभग्राही छनोटमा दोहोरोपना हुन नदिने र लागत सहभागिताको आधारमा अनुदान प्रदान गर्ने प्रणालीको तर्जुमा तथा कार्यान्वयन गर्नुपर्दछ।

१९. अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ।

२०. व्यावसायिक प्रकृतिका संस्थाहरूलाई पुँजीगत कार्यमा खर्च गर्न अनुदान दिँदा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरू विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनुपर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।

२१. चालु र पुँजीगत खर्चको अवस्था विश्लेषण गर्दा मन्त्रालयहरूको खर्च गर्ने क्षमता कमजोर देखिएकोले योजनाहरूको पूर्वतयारी, कार्यान्वयन क्षमता लगायतका पक्षहरूलाई विचार गरी बजेट विनियोजन गर्नुपर्दछ।

२२. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट गर्ने सम्वन्धमा स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (क) र प्रदेशको आर्थिक ऐन, २०८० को व्यवस्था बाझिएकोले कानुनी रुपमै स्पष्ट गर्नुपर्दछ।

२३. बजेटको आँकलन र खर्चलाई यथार्थपरक बनाई बजेट र खर्च बिचको अन्तर न्यून गर्नुपर्दछ।

२४. प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, पारदर्शी, दक्षतापूर्वक सम्पादन र व्यवस्थित गर्न कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण समिति कृयाशील वनाउने तथा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

२५. साना र टुक्रे आयोजनामा सशर्त अनुदान प्रदान गर्ने परिपाटी अन्त्य गरी वित्तीय हस्तान्तरणलाई सूचना प्रविधिमा आधारित बनाउनुपर्दछ।

२६. सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।

## सार्वजनिक सम्पत्ति व्यवस्थापन

२७. प्रदेशका मन्त्रालय तथा मातहतका निकायहरूले जुनसुकै हिसाबले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्यरूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा राख्नुपर्दछ।

२८. सार्वजनिक र सरकारी जग्गाको लगत एकीकृत रुपमा राखी अनधिकृत प्रयोग तथा अतिक्रमण रोक्नुपर्दछ।

२९. मुआब्जा वितरण भइसकेका जग्गा अनिवार्यरूपमा सरकारी स्वामित्वमा ल्याई सोको अभिलेख, संरक्षण र उपयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ।

३०. जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरू आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोग हुने सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था यकिन गरेर मात्र खरिद गर्नुपर्दछ।

३१. प्रयोग नभएका भवन, उपकरण, सवारी साधनलगायतका सम्पत्तिहरू उपयोग हुने सार्वजनिक क्षेत्रमा हस्तान्तरण गर्नुपर्दछ।

३२. खर्च भएर नजाने प्रकृतिका कतिपय सम्पत्तिहरू प्रयोगकर्ता परिवर्तनपश्चात् पुनः प्रयोगमा नल्याई नयाँ खरिद गर्ने प्रवृत्ति देखिएकोले यस्ता सम्पत्तिको उपयोगी आयु तय गरी सो अवधिभित्र त्यस्ता सम्पत्ति एउटै प्रयोगकर्तालाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ।

## विकास व्यवस्थापन

३३. प्रदेश सरकारले आयोजना बैङ्क स्थापना गरी सो बैङ्कमा राखेका आयोजनाहरूलाई मात्र बजेट विनियोजन गरी आयोजनाहरू कार्यान्वयन गर्नुपर्दछ।

३४. विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्दछ। आयोजनाको पूर्व तयारी बेगर ठेक्का व्यवस्थापन गर्दा समय र लागतमा वृद्धि भई प्रतिफल प्राप्तिमा ढिलाइ भएको अवस्था छ। यस्तो अवस्थामा सुधार हुनुपर्दछ।

३५. संघबाट प्रदेशमा हस्तान्तरण भएका र प्रदेशबाटै कार्यान्वयन सुरु गरिएका क्रमागत योजनाहरूलाई बजेट विनियोजन नगरी अधुरो राख्ने गरेको देखिएकोले ती योजनाहरूलाई पहिलो प्राथमिकतामा राखी कार्यान्वयन गर्नुपर्दछ।

३६. ठेक्का सम्झौता विपरीत ठेक्काहरूको पटकपटक म्याद थप गर्दा ठेक्का सम्पन्न गर्ने कार्य र प्रतिफल प्राप्तिमा समेत ढिलाइ हुने गरेको देखिएकोले निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ।

३७. खरिद सम्झौताको म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।

३८. एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

३९. जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्यसमेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।

४०. उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिएबमोजिमको जनसहभागिताको अंश समितिबाट बेहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश बेहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।

४१. उपभोक्ता समितिहरू मार्फत निर्माण सम्पन्न योजनाहरू मर्मत सम्भारको व्यवस्थासहित उपभोक्ता समितिहरूलाई हस्तान्तरण गर्नुपर्दछ।

## सूचना प्रविधि

४२. प्रदेश मातहका कार्यालयहरूले प्रयोग गरेको विद्युतीय सवारी दर्ता प्रणालीले कार्यालयहरूको आवश्यकतानुसार सूचना प्रदान गर्न नसकेकोले यसमा परिमार्जन गर्नुपर्दछ।

४३. तथ्याङ्क सत्यापन गर्ने प्रणालीको विकास गर्ने तथा सार्वजनिक निकायबाट सञ्चालित सूचना प्रविधि प्रणालीको नियमितरुपमा परीक्षण गरी सूचना प्रविधिको विश्वसनियतामा अभिवृद्धि गर्नुपर्दछ।

४४. डाटाको सुरक्षा र सफ्टवेयर सञ्चालनको दिगोपनामा ध्यान पुऱ्याउनु पर्दछ।

४५. सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ।

४६. एकै प्रकारको कामको लागि निकायगतरूपमा भिन्ना-भिन्नै सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

## सार्वजनिक प्रशासन

४७. लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० तथा नियमावली, २०८१ विपरीत अस्थायी दरबन्दी सृजना गरी करारमा कर्मचारी नियुक्ति गर्ने र दरबन्दी अनुसारको जनशक्ति स्थायी पदपूर्ति नगरी करारका कर्मचारीबाट काम गराउने प्रवृत्ति नियन्त्रण गर्नुपर्दछ।

४८. प्रदेश र स्थानीय तहमा भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

४९. विशेषज्ञ चिकित्सकसहित अन्य चिकित्सकहरू र स्वास्थ्यकर्मीहरूको रिक्त दरबन्दी पदपूर्ति गरी स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउनुपर्दछ।

५०. प्रादेशिक अस्पतालहरूमा प्रयोगविहिन स्वास्थ्य उपकरण प्रयोगमा ल्याइ बिग्रिएका उपकरणहरू मर्मत सम्भार तथा सञ्चालन गरी सेवा प्रवाहलाई सुलभ र प्रभावकारी बनाउनुपर्दछ।

५१. सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सेवाग्राही सन्तुष्टि सर्वेक्षणको माध्यमबाट सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाउनुपर्दछ।

५२. कर्मचारी सरुवा र बढुवालाई अनुमानयोग्य बनाउने र कार्य विवरण अनिवार्यरुपमा लागु गर्नुपर्दछ।

५३. अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।

## सुशासन

५४. प्रदेश अन्तर्गत निर्माण भइरहेका ठूला साइजका भवनहरूको निर्माणमा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी गरेको स्टान्डर्ड विड/प्रोक्योरमेन्ट डकुमेन्टहरूको पालना नगरी अनावश्यक शर्त समेत राखेर प्रतिष्पर्धा सीमित गर्ने कार्य भएकोले निर्माण कार्यको लागत बढ्न गएको हुँदा यसमा नियन्त्रण गर्नुपर्दछ।

५५. प्रदेश सुशासन केन्द्रको सवलीकरण गरी बहुसीपमूलक जनशक्ति तयार गर्न पर्याप्त तालिम प्रदान गर्नुपर्दछ।

५६. अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

५७. आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदनका सुझाव कार्यान्वयनको लागि आवश्यक व्यवस्था गर्नुपर्दछ।

उपर्युक्त अनुसारका नीतिगत, कानुनी, व्यवस्थापकीय र प्रक्रियागत विषयमा सुधार गरी असल वित्तीय व्यवस्थापनका माध्यमबाट सार्वजनिक जवाफदेहिता, आर्थिक सुशासन तथा पारदर्शिता प्रवर्द्धन भई सेवा प्रवाह प्रभावकारी हुने, पूर्वाधार क्षेत्रको विकासका माध्यमबाट अधिकतम प्रतिफल प्राप्त भई जीवनस्तरमा सुधार आउने अपेक्षा गरिएको छ।

# अनुसूचीहरू

# अनुसूचीहरू

अनुसूची -१
(प्रतिवेदनको परिच्छेद-१ र २ सँग सम्बन्धित)

## लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरूको विवरण
## (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०८०।८१

(रु.हजारमा)

| क्र. सं. | मन्त्रालय र निकायको नाम | कार्यालय संख्या | बेरुजु भएका कार्यालयको संख्या | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | प्रदेश सभा सचिवालय | १ | १ | ८८०४ |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | १ | ० |
| ३ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १ | १ | ३०६५ |
| ४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १४ | ३ | ० |
| ५ | ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय | १९ | १९ | ७२०९४ |
| ६ | उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय | २९ | २५ | १५७९७ |
| ७ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | ३३ | ३२ | १३८७० |
| ८ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १४ | १४ | १५७७१९ |
| ९ | सहरी विकास तथा खानेपानी मन्त्रालय | १६ | १६ | १४६८०६ |
| १० | वन तथा वातावरण मन्त्रालय | २१ | २० | १०७९६३ |
| ११ | सामाजिक विकास मन्त्रालय | १० | १० | १८५७२ |
| १२ | स्वास्थ्य मन्त्रालय | २८ | २३ | ६३८८ |
| १३ | प्रदेश योजना आयोग | १ | १ | ० |
| १४ | प्रदेश लोक सेवा आयोग | १ | १ | २८४ |
| १५ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | १ | ० |
| | **जम्मा** | **१९०** | **१६८** | **५५१३६२** |

अनुसूची -१ (क)
(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

## लेखापरीक्षण गरीएका सरकारी कार्यालयहरूको विवरण

## २०८०।८१

| क्र.सं. | मन्त्रालय र निकायको नाम | कार्यालय संख्या |
|---|---|---|
| **१** | **प्रदेश सभा सचिवालय** | **१** |
| **२** | **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** | **१** |
| **३** | **आन्तरिक मामिला तथा कानुन मन्त्रालय** | **१** |
| **४** | **आर्थिक मामिला तथा योजना मन्त्रालय** | **१४** |
| ४.१ | आर्थिक मामिला मन्त्रालय | १ |
| ४.२ | प्रदेश लेखा नियन्त्रक कार्यालय | १ |
| ४.३ | प्रदेश लेखा इकाइ कार्यालयहरु | १२ |
| **५** | **ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय** | **१९** |
| ५.१ | ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय | १ |
| ५.२ | जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयहरु | १२ |
| ५.३ | भुमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयहरु | ३ |
| ५.४ | प्रगन्ना बड्कापथ सिंचाई व्यवस्थापन कार्यालय | १ |
| ५.५ | वाणगंगा सिंचाई व्यवस्थापन कार्यालय,कपिलवस्तु | १ |
| ५.६ | माडी लुङ्ग्रि सिंचाइ आयोजना | १ |
| **६** | **उद्योग, पर्यटन, यातायात तथा सहकारी मन्त्रालय** | **२९** |
| ६.१ | उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय | १ |
| ६.२ | उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | १ |
| ६.३ | घरेलु तथा साना उद्योग कार्यालय | १२ |
| ६.४ | यातायात व्यवस्था कार्यालय | ४ |
| ६.५ | यातायात व्यवस्था सेवा कार्यालय | ५ |
| ६.६ | पर्यटन डिभिजन कार्यालय | २ |
| ६.७ | पर्यटन विकास परिषद्, रुपन्देही | १ |
| ६.८ | पाल्पा दरबार सङ्ग्रहालय | १ |
| ६.९ | प्रदेश सहकारी दर्ता अधिकारीको कार्यालय, राप्ती उपत्यका | १ |
| ६.१० | सहकारी प्रशिक्षालय | १ |
| **७** | **कृषि तथा भूमि व्यवस्था मन्त्रालय** | **३३** |
| ७.१ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश | १ |
| ७.२ | कृषि विकास निर्देशनालय, रुपन्देही | १ |
| ७.३ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | १ |
| ७.४ | पशुपन्छि तथा मत्स्य विकास निर्देशनालय, रुपन्देही | १ |
| ७.५ | एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयहरु | ३ |
| ७.६ | कृषि ज्ञान केन्द्रहरु | ९ |
| ७.७ | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | ९ |
| ७.८ | कुखुरा विकास फार्म, बाँके | १ |
| ७.९ | पशु रोग अन्वेषण प्रयोगशाला, नवलपरासी ब.सु.प. | १ |
| ७.१० | पशु सेवा तालिम केन्द्र | १ |
| ७.११ | बाली संरक्षण प्रयोगशाला, खजुरा | १ |
| ७.१२ | बीउ विजन प्रयोगशालाहरु | २ |
| ७.१३ | मत्स्य विकास केन्द्र, महादेवपुरी | १ |
| ७.१४ | माटो तथा मल परिक्षण प्रयोगशाला | १ |
| **८** | **भौतिक पूर्वाधार विकास मन्त्रालय** | **१४** |
| ८.१ | भौतिक पूर्वाधार विकास मन्त्रालय, लुम्बिनी प्रदेश | १ |

| क्र.सं. | मन्त्रालय र निकायको नाम | कार्यालय संख्या |
| --- | --- | --- |
| ८.२ | यातायात पूर्वाधार निर्देशनालय | १ |
| ८.३ | सडक पूर्वाधार विकास कार्यालयहरु | ११ |
| ८.४ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना कार्यान्वियन इकाई, बुटवल | १ |
| **९** | **सहरी विकास तथा खानेपानी मन्त्रालय** | **१६** |
| ९.१ | सहरी विकास तथा खानेपानी मन्त्रालय | १ |
| ९.२ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ९ |
| ९.३ | शहरी विकास तथा भवन कार्यालयहरु | ५ |
| ९.४ | प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वियन इकाइ | १ |
| **१०** | **वन तथा वातावरण मन्त्रालय** | **२१** |
| १०.१ | वन तथा वातावरण मन्त्रालय | १ |
| १०.२ | प्रदेश वन निर्देशनालय | १ |
| १०.३ | डिभिजन वन कार्यालयहरु | १४ |
| १०.४ | भू तथा जलाधार व्यवस्थापन कार्यालय | ४ |
| १०.० | वन अनुसन्धान तथा प्रशिक्षण केन्द | १ |
| **११** | **सामाजिक विकास मन्त्रालय** | **१०** |
| ११.१ | सामाजिक विकास मन्त्रालय | १ |
| ११.२ | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, लुम्बिनी प्रदेश | १ |
| ११.३ | शिक्षा विकास निर्देशनालय | १ |
| ११.४ | शिक्षा तालिम केन्द्र | १ |
| ११.५ | सामाजिक विकास डिभिजन कार्यालय | ६ |
| **१२** | **स्वास्थ्य मन्त्रालय** | **२८** |
| १२.१ | स्वास्थ्य मन्त्रालय | १ |
| १२.२ | स्वास्थ्य निर्देशनालय, राप्ती उपत्यका | १ |
| १२.३ | स्वास्थ्य तालिम केन्द्र, बुटवल | १ |
| १२.४ | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल | १ |
| १२.५ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, भैरहवा | १ |
| १२.६ | स्वास्थ्य कार्यालयहरु | १२ |
| १२.७ | आयुर्वेद स्वास्थ्य केन्द्र | १० |
| १२.८ | लुम्बिनी आयुर्वेद चिकित्सालय, बुटवल | १ |
| **१३** | **प्रदेश योजना आयोग** | **१** |
| **१४** | **प्रदेश लोक सेवा आयोग** | **१** |
| **१५** | **मुख्य न्यायाधिवक्ताको कार्यालय** | **१** |
| | **जम्मा** | **१९०** |

अनुसूची - १(ख)

(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

## लेखापरीक्षण गरिएका समिति र अन्य संस्थाहरुको विवरण

## २०८०।८१

| क्र.सं. | समिति र अन्य संस्थाको नाम | | संख्या |
|---|---|---|---|
| १. | **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** | | **२** |
| | १.१ | प्रदेश सुशासन केन्द्र, नेपालगञ्ज | १ |
| | १.२ | प्रदेश पूर्वाधार विकास प्राधिकरण | १ |
| २. | **आन्तरिक मामिला तथा कानुन मन्त्रालय** | | **१** |
| | २.१ | सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान | १ |
| ३. | **सामाजिक विकास मन्त्रालय** | | **३** |
| | ३.१ | लुम्बिनी प्राविधिक विश्वविद्यालय | १ |
| | ३.२ | प्रदेश युवा परिषद विकास समिति | १ |
| | ३.३ | प्रदेश खेलकुद परिषद, लुम्बिनी | १ |
| ४. | **स्वास्थ्य मन्त्रालय** | | **१५** |
| | ४.१ | लुम्बिनी प्रादेशिक अस्पताल विकास समिति | १ |
| | ४.२ | रोल्पा अस्पताल विकास समिति | १ |
| | ४.३ | रुकुम पूर्व अस्पताल विकास समिति | १ |
| | ४.४ | रामपुर अस्पताल विकास समिति | १ |
| | ४.५ | राप्ती प्रादेशिक अस्पताल, दाङ्ग | १ |
| | ४.६ | भीम अस्पताल विकास समिति | १ |
| | ४.७ | बर्दिया अस्पताल | १ |
| | ४.८ | प्युठान अस्पताल विकास समिति | १ |
| | ४.९ | पृथ्वीचन्द्र अस्पताल विकास समिति | १ |
| | ४.१० | पाल्पा अस्पताल विकास समिति | १ |
| | ४.११ | गुल्मी अस्पताल विकास समिति | १ |
| | ४.१२ | कपिलवस्तु अस्पताल, कपिलवस्तु | १ |
| | ४.१३ | अर्घाखाँची अस्पताल विकास समिति | १ |
| | ४.१४ | राप्ती आयुर्वेद चिकित्सालय, दाङ्ग | १ |
| | ४.१५ | प्रादेशिक आयुर्वेद चिकित्सालय, दाङ्ग | १ |
| | | **कुल जम्मा** | **२१** |

अनुसूची - २

प्रतिवेदनको परिच्छेद १ को दफा १ सँग सम्बन्धित

## प्रदेश कार्यालयको लेखापरीक्षण रकम
## २०८०।८१

(रु.हजारमा)

| क्र.सं | मन्त्रालय/निकाय | विनियोजन | | | | राजस्व | | | | धरौटी | | | | अन्य कारोवार | | | | लेखापरीक्षण सम्पन्न रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लेखापरीक्षण हुनुपर्ने | | सम्पन्न | | लेखापरीक्षण हुनुपर्ने | | सम्पन्न | | लेखापरीक्षण हुनुपर्ने | | सम्पन्न | | लेखापरीक्षण हुनुपर्ने | | सम्पन्न | | |
| . | | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | |
| १ | प्रदेश सभा सचिवालय | १ | २२४६५३ | १ | २२४६५३ | १ | ६९२ | १ | ६९२ | १ | ४४३८ | १ | ४४३८ | १ | १०९७९ | १ | १०९७९ | २४०७६२ |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | २४९६६८ | १ | २४९६६८ | १ | १८७७ | १ | १८७७ | १ | २७३३२ | १ | २७३३२ | २ | ११३७७१ | २ | ११३७७१ | ३९२६४८ |
| ३ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १ | ४१४२९० | १ | ४१४२९० | १ | ८५७ | १ | ८५७ | १ | ३३०५८ | १ | ३३०५८ | १ | २७११६० | १ | २७११६० | ७१९३६५ |
| ४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १४ | ६५०७० | १४ | ६५०७० | १४ | ९५६६३६४ | १४ | ९५६६३६४ | १४ | १४०६८७ | १४ | १४०६८७ | १२ | ६४९२०० | १२ | ६४९२०० | १०४२१३२१ |
| ५ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | १९ | ३०८८७१४ | १९ | ३०८८७१४ | १९ | १०९ | १९ | १०९ | १९ | २६६६ | १९ | २६६६ | ० | ० | ० | ० | ३०९१४८९ |
| ६ | उद्योग, पर्यटन, यातायात तथा सहकारी मन्त्रालय | २९ | ७१६७५८ | २९ | ७१६७५८ | २९ | ३९४८६३४ | २९ | ३९४८६३४ | १८ | ३७९८१ | १८ | ३७९८१ | १३ | ४२८५९५ | १३ | ४२८५९५ | ५१३१९६८ |
| ७ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | ३३ | १२२५३२९ | ३३ | १२२५३२९ | ३० | २८१३९ | ३० | २८१३९ | २७ | १८९७६ | २७ | १८९७६ | ७ | ४३३७६७ | ७ | ४३३७६७ | १७०६२११ |
| ८ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १४ | ६५५५५०० | १४ | ६५५५५०० | १४ | ८०७९५ | १४ | ८०७९५ | १४ | १५६८७९५ | १४ | १५६८७९५ | २ | ३०८९ | २ | ३०८९ | ८२०८१७९ |
| ९ | सहरी विकास तथा खानेपानी मन्त्रालय | १६ | ४६०५८७० | १६ | ४६०५८७० | १६ | ३३२३६ | १६ | ३३२३६ | १६ | ६१५९४५ | १६ | ६१५९४५ | ३ | ८३१ | ३ | ८३१ | ५२५५८८२ |
| १० | वन तथा वातावरण मन्त्रालय | २१ | १२९९००७ | २१ | १२९९००७ | २१ | २४७७१५ | २१ | २४७७१५ | २१ | ३४२४१९ | २१ | ३४२४१९ | १२ | १९६१८३ | १२ | १९६१८३ | २०८५३२४ |
| ११ | सामाजिक विकास मन्त्रालय | १० | १५६३७३२ | १० | १५६३७३२ | ७ | ४९७६६ | ७ | ४९७६६ | ६ | १९५८४ | ६ | १९५८४ | २ | १७६३५९ | २ | १७६३५९ | १८०९४४१ |
| १२ | स्वास्थ्य मन्त्रालय | २८ | ३२५२१३३ | २८ | ३२५२१३३ | २२ | ११८१६ | २२ | ११८१६ | २४ | १४०८४५ | २४ | १४०८४५ | ३५ | ५१४८४१ | ३५ | ५१४८४१ | ३९१९६३५ |
| १३ | प्रदेश योजना आयोग | १ | १६४६२ | १ | १६४६२ | १ | ६ | १ | ६ | ० | ० | ० | ० | १ | २१२ | १ | २१२ | १६६८० |
| १४ | प्रदेश लोकसेवा आयोग | १ | ६९२६९ | १ | ६९२६९ | १ | ६०२२९ | १ | ६०२२९ | १ | ५५४ | १ | ५५४ | ० | ० | ० | ० | १३००५२ |
| १५ | मुख्य न्याधिवक्ताको कार्यालय | १ | ९७३४ | १ | ९७३४ | १ | २ | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ९७३६ |
| | अर्थ विविध | ० | ४४० | ० | ४४० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४४० |
| | **जम्मा** | १९० | २३३५६६२९ | १९० | २३३५६६२९ | १७८ | १४०३०२३७ | १७८ | १४०३०२३७ | १६३ | २९५३२८० | १६३ | २९५३२८० | ९१ | २७९८९८७ | ९१ | २७९८९८७ | ४३१३९१३३ |
| १६ | स्थानीय तह वित्तीय हस्तान्तरण | | ३०८००६४ | | ३०८००६४ | | ० | | ० | १ | ८३ | १ | ८३ | १ | १५८९ | १ | १५८९ | ३०८१७३६ |
| | **कुल जम्मा** | | २६४३६६९३ | १९० | २६४३६६९३ | १७८ | १४०३०२३७ | १७८ | १४०३०२३७ | १६४ | २९५३३६३ | १६४ | २९५३३६३ | ९२ | २८००५७६ | ९२ | २८००५७६ | ४६२२०८६९ |

अनुसूची - ३
(प्रतिवेदनको परिच्छेद १ को दफा १.२ सँग सम्बन्धित)

# समिति तथा अन्य संस्थाको लेखापरीक्षण विवरण
## २०८०।८१

(रु.हजारमा)

| क.सं. | मन्त्रालय र निकायको नाम | लेखापरीक्षण | | प्रतिवेदन | | लेखापरीक्षण सम्पन्न रकम |
|---|---|---|---|---|---|---|
| | | हुनुपर्ने | सम्पन्न | अन्तिम | प्रारम्भिक | |
| १ | अस्पताल विकास समितिहरू | १४ | १३ | ० | १३ | ५८६२५५६ |
| २ | आयुर्वेद चिकित्सालय विकास समितिहरु | २ | २ | ० | २ | १६३९४९ |
| ३ | सुशासन केन्द्र | १ | १ | ० | १ | १००८२४ |
| ४ | प्रतिष्ठान | १ | १ | ० | १ | ४२४२९ |
| ५ | विश्वविद्यालय | १ | १ | ० | १ | १२१८४५ |
| ६ | प्राधिकरण | १ | १ | ० | १ | १४९६६७२ |
| ७ | परिषद् | २ | २ | ० | २ | १५१३०० |
| | जम्मा | २२ | २१ | ० | २१ | ७९३९५७५ |

अनुसूची-३ (क)
(प्रतिवेदनको परिच्छेद ३ को दफा १.३ सँग सम्बन्धित)

## समिति तथा अन्य संस्थाको वक्यौता विवरण
## २०८०।८१

| क्र.स. | समितिको नाम | आर्थिक वर्ष |
|---|---|---|
| १ | रुकुम पूर्व अस्पताल विकास समिति | २०७७।७८ |

अनुसूची–४

(प्रतिवेदनको परिच्छेद १ को दफा १.२ सँग सम्बन्धित)

## समिति तथा अन्य संस्था लेखापरीक्षण रकम, बेरुजु र सञ्चालन नतिजा
## २०८०।८१

(रु.हजारमा)

| क्र. सं | कार्यालयको नाम | लेखापरीक्षण रकम | बेरुजु रकम | वर्षको सुरु मौज्दात | आय | | | | व्यय | | | | | यो वर्षको बचत | वर्षान्तको मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | बिक्री / सेवा शुल्क | अनुदान | अन्य आय | जम्मा | प्रत्यक्ष | सञ्चालन खर्च | कर्मचारी खर्च | अन्य खर्च | जम्मा खर्च | | |
| १ | प्रदेश सुशासन केन्द्र, नेपालगञ्ज | १००८२४ | ३४२ | ० | १२५६ | ४७८३८ | १३१८ | ५०४१२ | ० | ५०४१२ | ० | ० | ५०४१२ | ० | ० |
| २ | प्रदेश पूर्वाधार विकास प्राधिकरण | १४९६६७२ | २३४ | ० | ० | ६३०००० | १३७४२१ | ७६७४२१ | ० | १८७२५ | ० | ७१०५२५ | ७२९२५१ | ३८१७० | ३८१७० |
| ३ | सूचना तथा संचार प्रविधि प्रतिष्ठान | ४२४२९ | ५७ | ० | ० | २०७२४ | ९८१ | २१७०५ | ८५१७ | ० | ८२११ | ३९९६ | २०७२४ | ९८१ | ९८१ |
| ४ | लुम्बिनी प्राविधिक विश्वविद्यालय | १२१८४५ | ३४३ | ० | ५१८५ | ५८२३० | २०० | ६३६१५ | ३३९२५ | ८६९३ | १५६१२ | ० | ५८२३० | ५३८५ | ५३८५ |
| ५ | प्रदेश युवा परिषद विकास समिति | ३१७०० | १९४५ | ० | ० | १५८५० | ० | १५८५० | ० | ६६७० | ० | ९१८० | १५८५० | ० | ० |
| ६ | प्रदेश खेलकुद परिषद, लुम्बिनी | ११९६०० | २०५० | २५ | ० | ५२५०० | ७३०० | ५९८०० | ७३०० | ५१५१५ | ० | ९८५ | ५९८०० | ० | २५ |
| ७ | लुम्बिनी प्रादेशिक अस्पताल विकास समिति | २६५७९२५ | ३७८०२ | ९०५३६ | ८२८०३३ | ४९३४१८ | १२२८६ | १३३३७३७ | ४९३४१८ | ४२४३६२ | ३९१०७६ | १५३३२ | १३२४१८८ | ९५४९ | १०००८५ |
| ८ | रोल्पा अस्पताल विकास समिति | १८२५७९ | ० | २०२१४ | ३०४३७ | ४९०११ | ३६०२ | ८३०५० | १८९६९ | ३८८९४ | १७०८० | २४५८६ | ९९५२९ | -१६४७९ | ३७३५ |
| ९ | रुकुम पूर्व अस्पताल विकास समिति | १५३५७९ | ० | ११२३ | १७६१४ | ६०७०१ | ५४ | ७८३६९ | ६०७०१ | ० | ० | १४५०९ | ७५२१० | ३१५९ | ४२८२ |
| १० | रामपुर अस्पताल विकास समिति | २१६१३२ | ४५३ | १२८६ | १९२०१ | २१९६७ | ६७०५० | १०८२१८ | १९२०१ | ४५२४६ | २१९६७ | २१५०० | १०७९१४ | ३०४ | १५९० |
| ११ | राप्ती प्रादेशिक अस्पताल, दाङ्ग | ५३७००८ | ३८७८ | १८३९४ | १२०७१२ | १४३२०६ | ३९६९ | २६७८८७ | ७२१८० | ३७६५५ | १५६७८ | १४३६०८ | २६९१२१ | -१२३४ | १७१६० |
| १२ | भीम अस्पताल विकास समिति | ४५३७८५ | २६३५१ | ९४२३ | १२५४२६ | ९९७५० | १०८७ | २२६२६३ | ९९७५१ | ७६५५६ | ४९४६० | १७५५ | २२७५२२ | -१२५९ | ८१६४ |
| १३ | बर्दिया अस्पताल | ३३१२८३ | ० | ३२६३ | ६८२९५ | ८०२६७ | १६६६३ | १६५२२५ | १०४३९७ | ७१३८ | ० | ५४५२३ | १६६०५८ | -८३३ | २४३० |
| १४ | प्युठान अस्पताल विकास समिति | ३००६९४ | ७२६५ | १३५४४ | ० | ६३३१९ | ८९२०२ | १५२५२१ | १०३३९५ | १२५९७ | ३२१८१ | ० | १४८१७३ | ४३४८ | १७८९२ |
| १५ | पृथ्वीचन्द्र अस्पताल विकास समिति | २७५४१२ | ७१३९ | ९०६२ | १८८४७ | ६५६९२ | ५२१७७ | १३६७१६ | १९०७८ | ० | ११५४४९ | ४१६९ | १३८६९६ | -१९८० | ७०८२ |
| १६ | पाल्पा अस्पताल विकास समिति | ११४८२३ | ४०१४ | २२३७१ | ४२४५ | ३५७२ | ४८५५३ | ५६३७० | ४३७३ | ५३४५ | १५७६९ | ३२९६६ | ५८४५३ | -२०८३ | २०२८८ |
| १७ | गुल्मी अस्पताल विकास समिति | १९२४१६ | ९३६७ | ३१०७६ | ३४५१० | ५५५८० | ० | ९००९० | ० | १३४६२ | ४९८४४ | ३९०२० | १०२३२६ | -१२२३६ | १८८४० |
| १८ | कपिलवस्तु अस्पताल, कपिलवस्तु | ३३२७८२ | ५०९१ | १७२२१ | ७८४१६ | ७९५४४ | ३२२१ | १६११८१ | ७१७९ | १२२८१४ | ३८३८७ | ३२२१ | १७१६०१ | -१०४२० | ६८०१ |
| १९ | अर्घाखाँची अस्पताल विकास समिति | ११४१३८ | ५२३ | १२२१४ | ५८५७७ | ० | ० | ५८५७७ | ४५२८९ | ० | १०२७२ | ० | ५५५६१ | ३०१६ | १५२३० |
| २० | राप्ती आयुर्वेद चिकित्सालय, दाङ्ग | २४३०६ | ० | ० | ० | १२१५३ | ० | १२१५३ | ७००१ | १०५१ | ४१०१ | ० | १२१५३ | ० | ० |
| २१ | प्रादेशिक आयुर्वेद चिकित्सालय, दाङ्ग | १३९६४३ | ० | ८४२९ | २५४९८ | ४७५९९ | १५५ | ७३२५२ | ० | २३७२४ | २३३३६ | १९३३१ | ६६३९१ | ६८६१ | १५२९० |
| | **जम्मा** | **७९३९५७५** | **१०६८५४** | **२५८१८१** | **१४३६२५२** | **२१००९२१** | **४४५२३९** | **३९८२४१२** | **११०४६७४** | **९४४८५९** | **८०८४२३** | **१०९९२०७** | **३९५७१६३** | **२५२४९** | **२८३४३०** |

अनुसूची –५

(प्रतिवेदनको परिच्छेद २ को दफा ४.६ सँग सम्बन्धित)

## पेस्की बाँकीको विवरण
## २०८०।८१

(रु.हजारमा)

| सि.नं. | मन्त्रालय र निकायको नाम | गत सम्मको बाँकी | यो वर्षको फस्यौंट | गत सम्मको बाँकी | यो वर्ष थप | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| १ | सरकारी कार्यालयतर्फ | १७४७८१६ | ९२७३४९ | ८२०४६६ | १४२२४३९ | २२४२९०५ |
| २ | समिति तथा अन्य संस्थातर्फ | २९५६९ | ० | २९५६९ | ४९६५ | ३४५३४ |
| | **जम्मा** | **१७७७३८५** | **९२७३४९** | **८५००३५** | **१४२७४०४** | **२२७७४३९** |

अनुसूची - ६

(प्रतिवेदनको परिच्छेद २ को दफा ४.७ सँग सम्बन्धित)

# कुल असुली विवरण
# २०८०।८१

(रु.हजारमा)

| क.स. | मन्त्रालय र निकायको नाम | लेखापरीक्षणको दौरानमा | | प्रारम्भिक प्रतिवेदन पठाएपछि | | सम्परीक्षणको क्रममा | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | कार्यालय संख्या | असुली रकम | कार्यालय संख्या | असुली रकम | कार्यालय संख्या | असुली रकम | |
| **१** | **सरकारी कार्यालय तर्फ** | **१८** | **५९५** | **११** | **१२५१७** | **४८** | **२२३१४** | **३५४२६** |
| १.१ | प्रदेश सभा सचिवालय | ० | ० | ० | ० | १ | २१ | २१ |
| १.२ | ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय | २ | ३३ | ३ | २७४ | ६ | ९०७ | १२१४ |
| १.३ | उद्योग, पर्यटन, यातायात तथा सहकारी मन्त्रालय | २ | १५१ | २ | ८४ | ५ | २७७ | ५१२ |
| १.४ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | २ | १५ | ० | ० | १० | ४२८ | ४४३ |
| १.५ | सहरी विकास तथा खानेपानी मन्त्रालय | १ | १३९ | ० | ० | ४ | ५८४ | ७२३ |
| १.६ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १ | ९ | २ | ११८५१ | ६ | १८०४१ | २९९०१ |
| १.७ | वन तथा वातावरण मन्त्रालय | ५ | ८५ | २ | २८९ | ६ | १५७४ | १९४८ |
| १.८ | सामाजिक विकास मन्त्रालय | १ | २० | १ | १३ | ४ | १८८ | २२१ |
| १.९ | स्वास्थ्य मन्त्रालय | ४ | १४३ | १ | ६ | ६ | २९४ | ४४३ |
| **२** | **समिति तथा अन्य संस्था तर्फ** | **३** | **५५८** | **६** | **१०१५** | **४** | **३३९३** | **४९६६** |
| २.१ | गुल्मी अस्पताल विकास समिति | ० | ० | ० | ० | १ | ११ | ११ |
| २.२ | लुम्बिनी प्रादेशिक अस्पताल विकास समिति | ० | ० | १ | ५४६ | ० | ० | ५४६ |
| २.३ | भीम अस्पताल विकास समिति | ० | ० | १ | ३० | १ | ९३८ | ९६८ |
| २.४ | कपिलवस्तु अस्पताल, कपिलवस्तु | ० | ० | १ | ८७ | ० | ० | ८७ |
| २.५ | लुम्बिनी प्राविधिक विश्वविद्यालय | ० | ० | १ | ९५ | ० | ० | ९५ |
| २.६ | अर्घाखाँची अस्पताल विकास समिति | १ | १६० | ० | ० | ० | ० | १६० |
| २.७ | बर्दिया अस्पताल | १ | ३९१ | ० | ० | ० | ० | ३९१ |
| २.८ | पृथ्वीचन्द्र अस्पताल विकास समिति | ० | ० | १ | १९२ | १ | ७६२ | ९५४ |
| २.९ | राप्ती प्रादेशिक अस्पताल, दाङ्ग | १ | ७ | १ | ६५ | १ | १६८२ | १७५४ |
| | **कूल जम्मा** | **२१** | **११५३** | **१७** | **१३५३२** | **५२** | **२५७०७** | **४०३९२** |

अनुसूची -७

(प्रतिवेदनको परिच्छेद १ को दफा ४.८ सँग सम्बन्धित)

## अग्रिम कर कट्टी नगरेको समष्टिगत स्थिति
## २०८०।८१

(रु.हजारमा)

| क्र.सं. | मन्त्रालय/निकाय | असुल गर्नुपर्ने | | असुली | | असुल गर्न बाँकी रकम |
|---|---|---|---|---|---|---|
| | | कार्यालय संख्या | रकम | कार्यालय संख्या | रकम | |
| | **सरकारी कार्यालय तर्फ** | | | | | |
| १ | ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय | ४ | ३२६ | ३ | १७२ | १५४ |
| २ | उद्योग, पर्यटन, यातायात तथा सहकारी मन्त्रालय | ४ | २३२ | २ | ८४ | १४८ |
| ३ | वन तथा वातावरण मन्त्रालय | २ | ८४ | १ | ० | ८४ |
| ४ | सामाजिक विकास मन्त्रालय | १ | २२५ | १ | २१६ | ९ |
| ५ | स्वास्थ्य मन्त्रालय | १ | ३३० | ० | ० | ३३० |
| | **जम्मा** | **१२** | **११९७** | **७** | **४७२** | **७२५** |
| | समिति तथा अन्य संस्था | ५ | १०९४ | २ | ६३३ | ४६१ |
| | **कुल जम्मा** | **१७** | **२२९१** | **९** | **११०५** | **११८६** |

अनुसूची-८

(प्रतिवेदनको परिच्छेद १ को दफा २.४ सँग सम्बन्धित )

# राजस्वको शीर्षकगत आम्दानी विवरण
## २०८०।८१

(रु.हजारमा)

| राजस्व संकेत | राजस्व शीर्षक | अनुमान | यथार्थ असुली |
|---|---|---|---|
| ११११४ | कृषि आयमा लाग्ने कर | ० | ४४ |
| १११३६ | कृषि आयमा लाग्ने आय कर | १००० | ७ |
| ११३१५ | बाँडफाँडबाट प्राप्त हुने घरजग्गा रजिष्टेशन दस्तुर | २०००००० | १२१०३७३ |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ८५१७४०० | ६५९०७१५ |
| ११४२१ | बाँडफाँडभई प्राप्त हुने अन्त शुल्क | २८००००० | २२६५१६६ |
| ११४५६ | बाँडफाँट भई प्राप्त हुने सवारी साधन कर | २०००००० | १७५३८०४ |
| ११४७१ | बाँडफाँटबाट प्राप्त मनोरञ्जन कर | ५०० | ५२२९ |
| ११४७२ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापनकर | २५०० | २७६३ |
| १३३११ | समानीकरण अनुदान | ८१४८३०० | ६०३८७०५ |
| १३३१२ | सशर्त अनुदान | ५८३५९०० | ३८९४१३९ |
| १३३१३ | विशेष अनुदान | ५६०००० | ५३३००४ |
| ३३३१४ | समपुरक अनुदान | ८४०००० | २२६७०५ |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ३००० | १२९६ |
| १४१५३ | बाँडफाँट भई प्राप्त वन रोयल्टी | ७४९२० | ३४५६४ |
| १४१५४ | बाँडफाँट भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | १४०००० | ६८४५६ |
| १४१५६ | बाँडफाँट भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ७५००० | ८७००५ |
| १४१५७ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय | ५००००० | ३२८२१४ |
| १४१५८ | बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टि | ८० | १६ |
| १४१५९ | अन्य स्रोतवाट प्राप्त बाँडफाँट नहुने रोयल्टी | ० | ५२४ |
| १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | २०००० | १७१४५ |
| १४२१२ | सरकारीसम्पतीको बिक्रीबाट प्राप्त रकम | १००० | ९७४ |
| १४२१३ | अन्यबिक्रीबाट प्राप्त रकम | १० | ० |
| १४२१७ | नहर तथा कुलो उपयोग वापतको शुल्क | ३० | २८ |
| १४२१९ | अन्यसेवा शुल्क तथा बिक्री | ७०० | २७ |
| १४२२३ | शिक्षाक्षेत्रको आम्दानी | ३०० | ११४ |
| १४२२४ | परीक्षाशुल्क | २५०००० | ६०५६९ |
| १४२२५ | यातायातक्षेत्रको आम्दानी | २५०००० | १६२३१५ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ४५००० | ५४५४८ |
| १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २५०००० | ७१६१७ |
| १४२५५ | टेलीभिजन सञ्चालन दस्तुर | ४१० | १६० |
| १४२५६ | चालक अनुमति पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर | १०००००० | ७६१५६५ |
| १४२६४ | वन क्षेत्रको अन्य आय | १८००००० | १६७४०३ |
| १४३११ | न्यायिक दण्ड जरीवाना | १५० | ३२२ |
| १४३१२ | प्रशासनिक दण्ड,जरिवाना र जफत | १७५०० | १५३९७ |
| १४३१३ | धरौटी सदरस्याहा | ३००० | १४११० |
| १४५११ | बीमा वापत | ० | २४८ |
| १४५२९ | अन्य राजस्व | २५३००० | १५९० |
| १५१११ | बेरुजु | १९०००० | ७१२५३ |
| १५११२ | निकासा फिर्ता | २५०००० | ८४८६८ |
| १५११३ | अनुदान फिर्ता | ४००००० | १९७८०८ |
| | **जम्मा** | **३६२२९७००** | **२४७२२७९०** |
| | **संघीय अनुदान बाहेकको जम्मा प्राप्ती** | **२०८४५५००** | **१४०३०२३७** |

अनुसूची -९

(प्रतिवेदनको परिच्छेद २ को दफा १, २ र ४.२ सँग सम्बन्धित)

# सरकारी कार्यालयहरूको बेरुजु वर्गीकरण
## २०८०।८१

(रु.हजारमा)

| क सं | मन्त्रालय र निकायको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असूल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | जम्मा पेस्की |
| | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाणका कागजात पेस नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| १ | प्रदेश सभा सचिवालय | १८ | २ | ८८०४ | ० | ० | ० | १८ | २ | ८८०४ | ० | ८८०४ | ० | ० | ० | ८८०४ | ० |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १८ | ० | ० | ० | ० | ० | १८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १५ | १ | ३०६५ | ० | ० | ० | १५ | १ | ३०६५ | ० | ३०६५ | ० | ० | ० | ३०६५ | ० |
| ४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ४५ | ० | ० | १ | ० | ० | ४४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय | २९४ | १५६ | ७३४४२ | १ | १८ | १३४८ | २९३ | १३८ | ७२०९४ | १३२०९ | ३१११६ | २७७६९ | ० | ० | ५८८८५ | ० |
| ६ | उद्योग, पर्यटन यातायात तथा सहकारी मन्त्रालय | १८२ | १३८ | १६१३३ | ० | ११ | ३३६ | १८२ | १२७ | १५७९७ | २०७९ | ३४२१ | ५४२७ | ० | ० | ८८४८ | ४८७० |
| ७ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | २५४ | ११४ | १५३२२ | ० | २ | १४५२ | २५४ | ११२ | १३८७० | १९४३ | ७४९६ | ४४३१ | ० | ० | ११९२७ | ० |
| ८ | भौतिक पूर्वाधार विकास मन्त्रालय | २४० | २०७ | १७४६७० | ० | ११ | १६९५१ | २४० | १९६ | १५७७१९ | ६०४८४ | ११०१७ | ५८४८१ | ० | ० | ६९४९८ | २७७३७ |
| ९ | सहरी विकास तथा खानेपानी मन्त्रालय | २४७ | २१३ | १४९३७१ | ० | ३३ | २५६५ | २४७ | १८० | १४६८०६ | ३७५९४ | ३४०७४ | ६४३३५ | ० | ० | ९८४०९ | १०८०३ |
| १० | वन तथा वातावरण मन्त्रालय | २९३ | २४० | १३१४५१ | ० | ३७ | २३४८८ | २९३ | २०३ | १०७९६३ | ५१९०९ | १५६१९ | ४००५० | ० | ० | ५५६६९ | ३८५ |
| ११ | सामाजिक विकास मन्त्रालय | १०९ | ५४ | १८५८५ | ० | २ | १३ | १०९ | ५२ | १८५७२ | १८०७ | १५४९४ | १२७१ | ० | ० | १६७६५ | ० |
| १२ | स्वास्थ्य मन्त्रालय | १२५ | ३८ | ६३९४ | ० | १ | ६ | १२५ | ३७ | ६३८८ | ६४३ | २४९१ | ३२५४ | ० | ० | ५७४५ | ० |
| १३ | प्रदेश योजना आयोग | १४ | ० | ० | ० | ० | ० | १४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १४ | प्रदेश लोक सेवा आयोग | ७ | ५ | २८४ | ० | ० | ० | ७ | ५ | २८४ | २८४ | ० | ० | ० | ० | ० | ० |
| १५ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ७ | ० | ० | ० | ० | ० | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | **१८६८** | **११६८** | **५९७५२१** | **२** | **११५** | **४६१५९** | **१८६६** | **१०५३** | **५५१३६२** | **१६९९५२** | **१३२५९७** | **२०५०१८** | **०** | **०** | **३३७६१५** | **४३७९५** |

अनुसूची - १०

(प्रतिवेदनको परिच्छेद २ को दफा १, २ र ४.४ सँग सम्बन्धित)

# समिति तथा अन्य संस्थाहरूको बेरुजु बर्गीकरण
# २०८०।८१

(रु.हजारमा)

| क सं | समितिको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असूल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | जम्मा पेस्की |
| | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाणका कागजात पेस नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| | **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** | | | | | | | | | | | | | | | | | |
| १ | प्रदेश सुशासन केन्द्र, नेपालगञ्ज | ९ | २ | ३४२ | ० | ० | ० | ० | ९ | २ | ३४२ | २७ | ० | ० | ० | ० | ० | ३१५ |
| २ | प्रदेश पूर्वाधार विकास प्राधिकरण | १९ | ८ | २३४ | १ | ० | ० | ० | १८ | ८ | २३४ | ० | ० | २३४ | ० | ० | २३४ | ० |
| | **आन्तरिक मामिला तथा कानुन मन्त्रालय** | | | | | | | | | | | | | | | | | |
| ३ | सूचना तथा संचार प्रविधि प्रतिष्ठान | ५ | १ | ५७ | ० | ० | ० | ० | ५ | १ | ५७ | ५७ | ० | ० | ० | ० | ० | ० |
| | **सामाजिक विकास मन्त्रालय** | | | | | | | | | | | | | | | | | |
| ४ | लुम्बिनी प्राविधिक विश्वविद्यालय | १६ | ६ | ६१२ | ० | २ | २७२ | ३ | १६ | ४ | ३४३ | ० | ० | ३४३ | ० | ० | ३४३ | ० |
| ५ | प्रदेश युवा परिषद विकास समिति, रुपन्देही | ३ | १ | १९४५ | ० | ० | ० | ० | ३ | १ | १९४५ | ० | १९४५ | ० | ० | ० | १९४५ | ० |
| ६ | प्रदेश खेलकुद परिषद, लुम्बिनी | ६ | ४ | २०५० | ० | ० | ० | ० | ६ | ४ | २०५० | ० | ५०० | ० | ० | ० | ५०० | १५५० |
| | **स्वास्थ्य मन्त्रालय** | | | | | | | | | | | | | | | | | |
| ७ | लुम्बिनी प्रादेशिक अस्पताल विकास समिति | ३८ | २४ | ३८३४८ | ० | ४ | ५४६ | ० | ३८ | २० | ३७८०२ | १२७४ | २२६६२ | १३८६६ | ० | ० | ३६५२८ | ० |
| ८ | रोल्पा अस्पताल विकास समिति | ११ | ० | ० | ० | ० | ० | ० | ११ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | रुकुम पूर्व अस्पताल विकास समिति | ६ | ० | ० | ० | ० | ० | ० | ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | रामपुर अस्पताल विकास समिति | १५ | ३ | ४५३ | ० | ० | ० | ० | १५ | ३ | ४५३ | ३१ | १४५ | ० | ० | २७७ | ४२२ | ० |
| ११ | राप्ती प्रादेशिक अस्पताल, दाङ्ग | १३ | ६ | ८९०० | २ | ३ | ८८९३ | ३८७१ | ११ | ३ | ३८७८ | ० | ० | ३८७८ | ० | ० | ३८७८ | ० |
| १२ | भीम अस्पताल विकास समिति | १५ | २७ | २६३८२ | ० | १० | ३१ | ० | १५ | १७ | २६३५१ | १४२४ | २४७३३ | १९४ | ० | ० | २४९२७ | ० |
| १३ | बर्दिया अस्पताल विकास समिति | ९ | ० | ० | ० | ० | ० | ० | ९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १४ | प्युठान अस्पताल विकास समिति | २३ | २४ | ७२६५ | ० | ० | ० | ० | २३ | २४ | ७२६५ | ६०४ | ६९७ | ३३६४ | ० | ० | ४०६१ | २६०० |
| १५ | पृथ्वीचन्द्र अस्पताल विकास समिति | १५ | ११ | ७५७८ | १ | ६ | ४३९ | ० | १४ | ५ | ७१३९ | २१ | ६३९२ | ७२६ | ० | ० | ७११८ | ० |
| १६ | पाल्पा अस्पताल विकास समिति | ११ | २ | ४०१४ | ० | ० | ० | ० | ११ | २ | ४०१४ | ० | ४०१४ | ० | ० | ० | ४०१४ | ० |
| १७ | गुल्मी अस्पताल विकास समिति | १८ | ३७ | ९५७५ | ० | २२ | २०८ | ० | १८ | १५ | ९३६७ | ४१७ | ८८५१ | ९९ | ० | ० | ८९५० | ० |
| १८ | कपिलवस्तु अस्पताल, कपिलवस्तु | १२ | १५ | ५१७८ | ० | ३ | ८७ | ० | १२ | १२ | ५०९१ | १७५ | ४०३९ | ८७७ | ० | ० | ४९१६ | ० |
| १९ | अर्घाखाँची अस्पताल विकास समिति | २१ | ३ | ५२३ | ० | ० | ० | ० | २१ | ३ | ५२३ | २३ | ० | ० | ० | ० | ० | ५०० |
| २० | राप्ती आयुर्वेद चिकित्सालय, दाङ्ग | ५ | ० | ० | ० | ० | ० | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २१ | प्रादेशिक आयुर्वेद चिकित्सालय, दाङ्ग | ८ | ० | ० | ० | ० | ० | ० | ८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | २७८ | १७४ | ११३४५६ | ४ | ५० | १०४७६ | ३८७४ | २७४ | १२४ | १०६८५४ | ४०५३ | ७३९७८ | २३५८१ | ० | २७७ | ९७८३६ | ४९६५ |

अनुसूची -११
(प्रतिवेदनको परिच्छेद २ को दफा ३ सँग सम्बन्धित)

# बेरुजु फस्यौंट तथा सम्परीक्षणको अद्यावधिक विवरण
## २०८०।८१

(रु.हजारमा)

| क्र.सं. | मन्त्रालय/ निकायको नाम | गत वर्षसम्मको बाँकी | सम्परीक्षण भएको | सम्परिक्षणबाट थप भएको | गत वर्षसम्मको बाँकी | यो वर्षको थप | सातौं प्रतिवेदन सम्मको बाँकी बेरुजु | सातौं प्रतिवेदन सम्मको बाँकी बेरुजु मध्ये पेस्की |
|---|---|---|---|---|---|---|---|---|
| १ | सरकारी कार्यालयतर्फ | ३५६००९८ | ९७६९६ | १५८१ | ३४६३९८३ | ५५१३६२ | ४०१५३४५ | ४०३०६६ |
| २ | समिति तथा अन्य संस्थातर्फ | ४६०८७१ | ७९३३ | ० | ४५२९३८ | १०६८५४ | ५५९७९२ | ३४६७४ |
| | जम्मा | ४०२०९६९ | १०५६२९ | १५८१ | ३९१६९२१ | ६५८२१६ | ४५७५१३७ | ४३७७४० |

अनुसूची - १२

(प्रतिवेदनको परिच्छेद १ को दफा ४ सँग सम्बन्धित)

# संघीय कार्यालयमा पठाइएको अन्तर सरकारी अख्तियारीको विवरण

## २०८०।८१

(रु.हजारमा)

| क्र.सं. | कार्यालयकफ नाम | अन्तिम बजेट | | निकासा /खर्च | |
|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | चालु | पुँजीगत |
| | **कृषि तथा भूमि व्यवस्था मन्त्रालय** | | | | |
| १ | मालपोत कार्यालय, परासी | ६०० | ० | ५२८ | ० |
| २ | नापी कार्यालय, परासी | ६०० | ९०० | ५६७ | ८८३ |
| ३ | मालपोत कार्यालय, भैरहवा | ६०० | ० | ६०० | ० |
| ४ | मालपोत कार्यालय, बुटवल | ६०० | ० | ५६९ | ० |
| ५ | मालपोत कार्यालय, मझगाँवा | ४०० | ० | २९० | ० |
| ६ | नापी कार्यालय, भैरहवा | ६०० | ० | ३५१ | ० |
| ७ | नापी कार्यालय, बुटवल | ६०० | ० | ६०० | ० |
| ८ | नापी कार्यालय, मझगाँवा | ४०० | ० | ३९४ | ० |
| ९ | मालपोत कार्यालय, तौलिहवा | ६०० | ० | ५५३ | ० |
| १० | मालपोत कार्यालय, चन्द्रौटा | ४०० | ० | ३५१ | ० |
| ११ | नापी कार्यालय, तौलिहवा | ६०० | ९०० | ५४४ | ८१६ |
| १२ | नापी कार्यालय, चन्द्रौटा | ४०० | ९०० | ३८७ | ८१४ |
| १३ | मालपोत कार्यालय, तानसेन | ५०० | ० | ५०० | ० |
| १४ | मालपोत कार्यालय, रामपुर | ४०० | ० | ४०० | ० |
| १५ | नापी कार्यालय, तानसेन | ५०० | ० | ४४३ | ० |
| १६ | नापी कार्यालय, रामपुर | ४०० | ० | २४२ | ० |
| १७ | विशेष नापी कार्यालय, पाल्पा | ६०० | ० | ५६९ | ० |
| १८ | मालपोत कार्यालय, सन्धिखर्क | ५०० | ० | ४१५ | ० |
| १९ | नापी कार्यालय, सन्धिखर्क | ५०० | ० | ४७७ | ० |
| २० | विशेष नापी कार्यालय अर्घाखाँची | ६०० | ० | ५४१ | ० |
| २१ | मालपोत कार्यालय, तम्घास | ५०० | ० | ४५२ | ० |
| २२ | मालपोत कार्यालय, मजुवा | ४०० | ० | ३८४ | ० |
| २३ | नापी कार्यालय, तम्घास | ५०० | ० | ४३३ | ० |
| २४ | नापी कार्यालय, मजुवा | ४०० | ९०० | ३७१ | ७२८ |
| २५ | मालपोत कार्यालय, रुकुमकोट | ४०० | ० | ३७५ | ० |
| २६ | नापी कार्यालय, रुकुमकोट | ४०० | ० | ३७९ | ० |
| २७ | मालपोत कार्यालय, लिवाङ | ५०० | ० | ४०७ | ० |
| २८ | मालपोत कार्यालय, घर्तिगाउँ | ४०० | ० | ३४५ | ० |
| २९ | नापी कार्यालय, लिवाङ | ५०० | ० | ४७७ | ० |
| ३० | नापी कार्यालय, घर्तिगाउँ | ४०० | ० | ३७० | ० |
| ३१ | मालपोत कार्यालय, खलङ्गा | ५०० | ० | ३५८ | ० |
| ३२ | मालपोत कार्यालय, जसपुर | ४०० | ० | ३३६ | ० |
| ३३ | नापी कार्यालय, खलङ्गा | ५०० | ० | ४६५ | ० |
| ३४ | नापी कार्यालय, जसपुर | ४०० | ० | २५२ | ० |
| ३५ | मालपोत कार्यालय, | ६०० | ० | ४७९ | ० |
| ३६ | मालपोत कार्यालय, तुल्सीपुर | ६०० | ० | ५७७ | ० |

| क्र.सं. | कार्यालयकफ नाम | अन्तिम बजेट | | निकासा /खर्च | |
|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | चालु | पुँजीगत |
| ३७ | नापी कार्यालय, दाङ्ग | ६०० | ० | ५२३ | ० |
| ३८ | नापी कार्यालय, तुल्सीपुर | ६०० | ० | ५७३ | ० |
| ३९ | मालपोत कार्यालय, नेपालगंज | ६०० | ० | ४९४ | ० |
| ४० | नापी कार्यालय, नेपालगंज | ६०० | ० | ५९६ | ० |
| ४१ | मालपोत कार्यालय, वर्दिया | ६०० | ० | ५०६ | ० |
| ४२ | मालपोत कार्यालय, राजपुर | ४०० | ० | २८३ | ० |
| ४३ | नापी कार्यालय, बर्दिया | ६०० | ० | ५१९ | ० |
| ४४ | नापी कार्यालय, राजपुर | ४०० | ९०० | २०३ | ३२ |
| ४५ | मालपोत कार्यालय, लमही | ५०० | ० | ४३५ | ० |
| ४६ | नापी कार्यालय, लमही | ५०० | ० | ४६१ | ० |
| | **जम्मा** | **२३२००** | **४५००** | **२०३७४** | **३२७३** |
| | **आन्तरिक मामिला तथा कानून मन्त्रालय** | | | | |
| ४७ | जिल्ला प्रहरी कार्यालय, रोल्पा | ० | १२२०० | ० | ४५०७ |
| ४८ | जिल्ला प्रहरी कार्यालय नवलपरासी | ० | २१५०० | ० | १९१०९ |
| ४९ | ५ नं. प्रदेश प्रहरी तालिम केन्द्र, बुटवल | ० | १८००० | ० | १५६१७ |
| ५० | जिल्ला प्रहरी कार्यालय रुपन्देही | ० | ९००० | ० | ८७८० |
| ५१ | जिल्ला प्रहरी कार्यालय कपिलवस्तु | ० | २४००० | ० | १६४१४ |
| ५२ | जिल्ला प्रहरी कार्यालय, पाल्पा | ० | ६३०० | ० | ५८८० |
| ५३ | जिल्ला प्रहरी कार्यालय प्युठान | ० | १९५०० | ० | १३२०६ |
| ४७ | जिल्ला प्रशासन कार्यालय दाङ्ग | ० | १५०० | ० | १५०१ |
| ४८ | जिल्ला प्रहरी कार्यालय बाँके | ० | २७००० | ० | २४०७५ |
| ४९ | मध्यपश्चिम क्षेत्रीय प्रहरी अस्पताल नेपालगंज | ० | ६९००० | ० | ४४३७६ |
| ५० | जिल्ला प्रहरी कार्यालय वर्दिया | ० | ४७५०० | ० | ४२६३२ |
| | **जम्मा** | **०** | **२५५५००** | **०** | **१९६०९७** |
| | **सामाजिक विकास मन्त्रालय** | | | | |
| ५१ | मदन पोखरा बहुप्राविधिक शिक्षालय | २९१०९ | ६३१० | २३३९८ | ५६८९ |
